# मधेशी आयोगको

## आठौं वार्षिक प्रतिवेदन

(आ.व. २०८२/०८३)




मधेशी आयोग

ज्वागल, ललितपुर, नेपाल

२०८३

# मधेशी आयोगको

## आठौं वार्षिक प्रतिवेदन

(आ.व. २०८२/०८३)

**मधेशी आयोग**

**ज्वागल, ललितपुर, नेपाल**

**२०८३**

# मधेशी आयोगको आठौं वार्षिक प्रतिवेदन

प्रकाशक: मधेशी आयोग, ज्वागल, ललितपुर, नेपाल

फोन नं.: +९७७-०१-५२६९१८५

टोल फ्रि : १६६००११६१८५

अङ्क : आठौं

Website: www.madheshicommission.gov.np

Email: madheshicommission@gmail.com

सर्वाधिकार: मधेशी आयोग, ज्वागल, ललितपुर, नेपाल

कम्प्युटर- मुद्रण - दीप किरण प्रिन्टिङ्ग एण्ड ट्रेडर्स, बिजुलीबजार, काठमाडौं

Email: deepkirantraders12@gmail.com

# नेपाल

संघीय नेपालको प्रादेशिक सिमाङ्कन





# नेपालको राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची-महाकाली ।

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल

ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल

बहुल जाति भाषा धर्म संस्कति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।





सम्माननीय राष्ट्रपतिज्यूसमक्ष सातौं वार्षिक प्रतिवेदन बुझाउनुहुदै आयोगका
मानननीय कार्यवाहक अध्यक्ष जीवछ साहज्यू



सम्माननीय राष्ट्रपतिज्यूसँग आयोग परिवार



सम्माननीय राष्ट्रपतिज्यूसँग आयोगका कर्मचारीहरु

# आयोगका पदाधिकारीहरू




**माननीय जीवछ साह (अधिवक्ता)**
कार्यवाहक अध्यक्ष
०१-५२६९२०६, ९८५२८३३३४४




**माननीय रेणु देवी साह**
सदस्य
०१-५२६९२१०, ९८४२८२०३२७




**माननीय आभा कुमारी**
सदस्य
०१-५२६९२०७, ९८५२८२०७७९



**नरेश राज खरेल**
सचिव
९८४१८१३१०२

# मधेशी आयोग

ज्वागल, ललितपुर

पत्र संख्याः २०८३/८४
चलानी नं. : ३२

फोन नं: ०१-५२६९१८५
टोल फ्रि नं: १६६००११६१८५


मितिः २०८३ भाद्र १७ गते

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
शीतल निवास, काठमाडौं ।

**विषय- आठौ वार्षिक प्रतिवेदन सम्बन्धमा ।**

प्रस्तुत सन्दर्भमा नेपालको संविधानको धारा २९४ एवम् मधेशी आयोग ऐन, २०७४ को दफा २२ बमोजिम मधेशी आयोगले आ.व. २०८२।८३ मा सम्पादन गरेका कार्यको आठौ वार्षिक प्रतिवेदन यसै पत्र साथ संलग्न गरी पेश गरेको छु ।

भवदीय

(जीवछ साह)
कार्यवाहक अध्यक्ष


Email: madheshicommission@gmail.com
Website: www.madheshicommission.gov.np

# मन्तव्य

नेपाल बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक विविधताले भरिपूर्ण एउटा सुन्दर र समृद्ध राष्ट्र हो। यसै व्यापक विविधताभित्र मधेशी समुदायको हक-हितको संरक्षण, संवर्द्धन र समग्र सशक्तीकरणका लागि मधेशी आयोगको स्थापना भएको हो। यो केवल एउटा संस्थागत संरचना मात्र नभई, एक ऐतिहासिक आवश्यकता र न्यायिक उत्तरदायित्वको साकार रूप पनि हो।

यस्तो गरिमामय संस्थाको स्थापना औपचारिकतामा मात्र सीमित रहनु हुँदैन; यसको सार्थकता तब मात्र सम्भव हुन्छ, जब यो स्पष्ट उद्देश्य, सुदृढ नीति, कुशल संगठन, मजबुत संरचना, योग्य मानव स्रोत, आवश्यक भौतिक साधन, प्रभावकारी अनुगमन, निष्पक्ष मूल्याङ्कन र समयसापेक्ष पुनःसञ्चालन जस्ता जीवन्त तत्वहरूद्वारा सुसंस्कृत एवं गतिशील बन्छ।

तर, आजको यथार्थमा यस्तो चेतनायुक्त अभ्यासभन्दा टाढा व्यवहारमा विरोधाभासी प्रवृत्तिहरू छर्लङ्ग देखिन्छन्। मानव अधिकारका आदर्शहरूले "सोऽहम्" को चेतना अर्थात् "**म पनि त्यही परम अस्तित्वकै एउटा अंश हुँ**" भन्ने उच्च बोध गराउँदै समाजवाद हुँदै साम्यवादतर्फको समृद्ध मार्गचित्र प्रस्तुत गर्छन्। तर दुःखको कुरा, व्यवहारमा भने "दासोऽहम्" अर्थात् "म त केवल सेवक वा दास मात्र हुँ" भन्ने आत्मविलोपकारी र हीन मनोवृत्तिले ग्रस्त अवस्था विद्यमान छ।

यदि कुनै कालखण्डमा राज्यले साँचो अर्थमा 'सोऽहम्' को उच्च पथ अवलम्बन गरेको थियो भने, आज ती कमजोरीहरूलाई सुधार्न 'पापोऽहम्'-अर्थात् गम्भीर आत्मग्लानी र गहिरो आत्मचिन्तनको भावनाबाटै राष्ट्रले यथार्थलाई आत्मसात् गर्दै निकास र समाधानतर्फ उन्मुख हुनुपर्थ्यो। त्यो नै मानवता र दायित्वबोधको सच्चा मार्ग हुन्थ्यो, जसले राज्यलाई प्रायश्चित र पुनर्निर्माणको दिशामा अग्रसर गराउँथ्यो।

दुर्भाग्यवश, नेपाली परिप्रेक्ष्यमा यस्ता साँचो भावना र चेतनालाई निषेध गर्ने, दबाउने र अमानवीय मौनताको गर्भमा थुन्ने निरन्तर प्रयासहरू हुँदै आएका छन्। वास्तवमा, व्यक्ति आफैँमा एउटा जीवन्त र समर्थ पात्र हो, जो स्वतन्त्र रूपमा अभिव्यक्त हुन पाउँछ। यही स्वतन्त्रता र आत्मसम्मान नै मानव अधिकारको वास्तविक आधारशिला हो।

आज मधेशी आयोग उच्च कर्मनिष्ठ भावनाले सञ्चालित छ 'कर्मानुबन्ध' र 'तृणानुबन्ध' को पवित्र आदर्शमा रहेर जहाँ राज्यप्रतिको निष्ठापूर्ण कर्तव्यभाव, जनताप्रतिको पारदर्शी उत्तरदायित्व र उज्ज्वल भविष्यप्रतिको दृढ प्रतिबद्धता अटाएका छन्।

नेपालको संविधानको धारा ४२ मा सामाजिक न्यायको स्पष्ट व्यवस्था गरिए तापनि, त्यसको व्यावहारिक कार्यान्वयन भने अझै पनि ओझेलमै परेको छ। पहिचान, पहुँच र प्रतिनिधित्व यी तीन आधारस्तम्भहरूलाई लिखित रूपमा स्वीकार गरिए पनि व्यवहारमा तिनको प्रत्याभूति अझै अभावमै छ। यथार्थ के हो भने, आजको स्थितिमा पहिचानभित्रको पहिचान, पहुँचभित्रको पहुँच र प्रतिनिधित्वभित्रको प्रतिनिधित्वका विषयहरू झनै संकटग्रस्त बन्दै गएका छन्। एउटा अदृश्य संरचनागत असमानताले समाजमा 'वर्गीयता' को दूरीलाई सोच्नै नसकिने गरी फराकिलो बनाइदिएको छ।

सामाजिक न्याय प्रदान गर्ने प्रक्रिया केवल सैद्धान्तिक औषधिले सम्भव हुँदैन; यो त तथ्यमा आधारित रोग पहिचान र सटीक निदानमा निर्भर हुन्छ। तर त्यो *औषधि* अझै अग्नितापी बन्न सकेको छैन शरीर पोल्दैन, सिस्टमनै शिथिल छ। अमावस्यामा पूर्णिमाको खोजी गर्नु झैं यो न्यायको खोज पनि अँध्यारोबाट उज्यालोतर्फको उर्द्धगमन हो, जहाँ आशा थामिएको छ, तर मार्ग अझै धमिलो छ।

जातभित्रको वर्ग र वर्गभित्र रहेका जात-यी तहगत संरचनाहरूको यथार्थ चिनारी बिना अधिकार र कर्तव्यको विमर्श अपूर्ण रहन्छ। सामाजिक न्याय तब मात्र सार्थक हुन्छ, जब समुचित विश्लेषण र गहन अन्तरदृष्टिका साथ नीतिहरूको निर्माण हुन्छ, जसले सबै तहका पीडित र वञ्चित आवाजहरूलाई न्यायको प्रवाहमा समाहित गर्न सक्छ।

यहि दर्शनलाई आत्मसात् गर्दै, मधेशी आयोग निरन्तर तथ्यमा आधारित अध्ययन, पहिचान र समाधानको कार्यमा अहोरात्र लागिपरेको छ। यसले सामाजिक, सांस्कृतिक, आर्थिक, पर्यावरणीय, प्रशासनिक, राजनीतिक, शैक्षिक तथा आरक्षण सम्बन्धी अवस्था अध्ययन गर्दै संविधानले दिएको दायित्वलाई गहिरो विवेकसाथ अघि बढाएको छ।

आजको मधेश केवल एउटा भौगोलिक भूभाग मात्र होइन; यो सांस्कृतिक सजीवता, सामाजिक असमानता र विभेदविरुद्धको अविराम संघर्ष एवं राष्ट्रिय पुनर्संरचनाको मुख्य नाभिकेन्द्र बनेको छ। मधेशका बहुआयामिक मुद्दाहरूलाई मधेशी आयोगले केवल सैद्धान्तिक विश्लेषणमा मात्र

सीमित राखेको छैन, बरु ती समस्याहरूको दिगो र न्यायिक समाधानको यात्रामा सदैव अग्रपंक्तिमा रहेर अभिभावकीय भूमिका निर्वाह गरिरहेको छ।

वर्तमान समयमा सतहमा आएका प्रमुख तथा संवेदनशील विषयहरूमा आयोगले देखाएको सक्रियता र प्रतिबद्धता निम्न बमोजिम रहेका छन्:

### १. भूमिहीनता र पुनःस्थापनाको गम्भीर संकट

मधेशका हजारौं सीमान्तकृत भूमिहीनहरू (विशेष गरी दलित, मुसहर, थारू तथा मधेशी सुकुम्बासीहरू) अझै पनि राज्यबाट कानुनी मान्यता र जमिनको लालपुर्जा (स्वामित्व) पाउनबाट वञ्चित छन्। आयोगले भूमिहीनता र सामाजिक न्यायबीचको गहिरो सम्बन्धलाई वैज्ञानिक ढंगले पुष्टि गर्दै, राज्यसमक्ष उनीहरूको सुरक्षित पुनःस्थापना र स्थायी समाधानका लागि ठोस नीतिको माग अघि सारेको छ।

### २. सीमा नाकामा मर्यादित रोजगारी र आत्मसम्मानको खोजी

नेपाल-भारत खुला सीमा क्षेत्रमा बसोबास गर्ने बहुसंख्यक सीमान्तकृत नागरिकहरू परम्परागत रूपमा सीमापारीको रोजगारी र व्यापारमा निर्भर रहन बाध्य छन्। तर पछिल्लो समय सीमा नाकाहरूमा अनधिकृत सास्ती, शोषण, दुर्व्यवहार तथा मानव तस्करी जस्ता गम्भीर अपराधहरू बढ्दै गएका छन्, जसले मधेशी समुदायको स्वाभिमान र अस्तित्वमाथि प्रत्यक्ष चुनौती थपेको छ। आयोगले संघीय सरकार, स्थानीय प्रशासन र सुरक्षा निकायहरूसँग निरन्तर समन्वय गरी नाकामा सुरक्षित आवागमन, मर्यादित व्यवहार र वैधानिक रोजगारीको वातावरण बनाउन जोड दिइरहेको छ।

### ३. नागरिकतामा अधिकारमुखी र समतामूलक पहुँच

कागजी जटिलता र प्रशासनिक विभेदका कारण धेरै मधेशी समुदाय अझै पनि राज्यको नागरिकता पाउनबाट वञ्चित छन्। विशेष गरी आमाको नामबाट नागरिकता प्राप्त गर्ने सवालमा कायम रहेका विभेदकारी अभ्यासले महिलामाथि दोहोरो अन्याय सिर्जना गरेको छ। आयोगले संवैधानिक प्रत्याभूतिहरूको व्याख्या गर्दै नागरिकताको अधिकारलाई कागजातको प्राविधिक विषय मात्र नभई मौलिक मानव अधिकारको अभिन्न अंगका रूपमा स्थापित गर्न पहल गरिरहेको छ।

## ४. भाषिक अधिकार, सांस्कृतिक पहिचान र संरक्षण

मधेशी समुदायको मुटु मानिने मैथिली, भोजपुरी, अवधी, बज्जीका लगायतका भाषाहरू अझै पनि औपचारिक शिक्षा, स्थानीय प्रशासन र सार्वजनिक सञ्चारमाध्यमहरूमा पूर्ण अधिकारका साथ प्रयोग हुन सकेका छैनन्। आयोगले नेपालको संविधानको धारा ६ (राष्ट्रभाषा) र धारा ७ (सरकारी कामकाजको भाषा) को भावना अनुसार मातृभाषालाई प्रादेशिक तथा स्थानीय निकायहरूमा सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयन गराउन निरन्तर नीतिगत सिफारिस गरिरहेको छ।

## ५. बहुपहिचानको संकटः महिला, दलित र सीमान्तकृत वर्ग

मधेशी समुदायभित्र पनि महिला र दलित समुदाय अझै पनि सम्पत्तिको अधिकार, न्यायिक पहुँच, नीतिगत प्रतिनिधित्व र नेतृत्वको अवसरबाट पछाडि पारिएका छन्। आयोगले यो "पहिचानभित्रको पहिचान" र "पहुँचभित्रको पहुँच" को संकटलाई सम्बोधन गर्दै समावेशी विकासको केन्द्रीय विमर्शमा उनीहरूको मुद्दालाई प्राथमिकताका साथ उठाउँदै आएको छ।

## ६. संघीयताको भावनाअनुरूप समान र समावेशी सहभागिता

संघीयता मधेश आन्दोलन र मधेशी जनताको बलिदानीपूर्ण संघर्षको एउटा प्रमुख ऐतिहासिक उपलब्धि हो। तर, राज्यका प्रशासनिक एवं राजनीतिक संरचनाहरूमा मधेशी समुदायको अनुपातिक र समतामूलक सहभागिता अझै संस्थागत हुन सकेको छैन। आयोगले संविधानको धारा १८ (समानताको हक), धारा ३८ (महिलाको हक), धारा ४२ (सामाजिक न्यायको हक), र धारा २८३ (समावेशी सिद्धान्तका आधारमा नियुक्ति गर्नुपर्ने) को मर्म अनुसार सरकारी सेवा प्रवेश र जनप्रतिनिधित्वमा पूर्ण समावेशी अभ्यास सुनिश्चित गर्न सिफारिस गर्दै आएको छ।

## ७. गुणस्तरीय शिक्षा, स्वास्थ्य र मानव पुँजीको विकास

मधेशका ग्रामीण तथा विपन्न क्षेत्रमा प्राविधिक एवं गुणस्तरीय शिक्षाको अभाव र सर्वसुलभ स्वास्थ्य सेवाको न्यून पहुँचले गर्दा मानव विकास सूचकांकमा मधेश पछाडि परेको छ। बालविवाह, दाइजोजस्ता कुरीतिहरू उन्मूलन गर्दै मधेशी बालबालिका तथा युवाहरूको क्षमता अभिवृद्धि र स्वास्थ्य सुरक्षाका लागि आयोगले विशेष रणनीति र बजेटको वकालत गरिरहेको छ।

## ८. परम्परागत पेशाको आधुनिकता र जलवायु परिवर्तनको जोखिम

मधेशको कृषि क्षेत्र र परम्परागत कुटिर उद्योगहरू (जस्तैः माटोका भाँडा, काठका काम, हस्तकला) आधुनिक प्रविधि र बजारको अभावमा संकटमा परेका छन्। साथै, तराई-मधेशमा निरन्तर हुने बाढी, कटान र डुबान तथा चुरे दोहनका कारण निम्तिएको पानीको संकटले विपन्न वर्गलाई नै बढी असर पारेको छ। आयोगले यस्ता वातावरणीय र आर्थिक चुनौतीहरूबाट मधेशका सीमान्तकृत समुदायलाई जोगाउन ठोस नीतिको खाँचो औंल्याएको छ।

## ९. सुशासन, न्यायमा सहज पहुँच र राज्यप्रतिको अपनत्व

प्रशासनिक निकायहरूमा व्याप्त ढिलासुस्ती, भाषागत बाधा र संरचनागत जटिलताका कारण सर्वसाधारण मधेशी नागरिकहरूले कानुनी न्याय र सार्वजनिक सेवा सहज रूपमा पाउन सकिरहेका छैनन्। आयोगले न्यायिक निकाय तथा प्रशासनिक अड्डाहरूलाई सेवाग्राहीमैत्री बनाउँदै नागरिक र राज्यबीचको दूरी घटाउन, सुशासन कायम गर्न र राज्यप्रति मधेशी समुदायको अपनत्व बढाउन निरन्तर खबरदारी गर्दै आएको छ।

अत्यन्त न्यून स्रोत र साधनका बावजुद, स्थापना कालदेखि नै आयोगले कानुनीरूपमा परिभाषित जिम्मेवारी निर्वाह गर्दै आएको छ। यसलेः

- समस्या पहिचान,
- वर्गीय विश्लेषण,
- 'लोगो' निर्माण,
- पदाधिकारीदेखि कर्मचारीसम्म प्रविधिसम्पन्न संरचना निर्माण,
- पञ्चवर्षीय रणनीतिक योजना निर्माण,
- उजुरी संकलन तथा सिफारिसमार्फत कार्यान्वयन,
- मधेश क्षेत्रको पुर्णपरिभाषा,
- जातजातिको थरको तथ्याङ्क निरुपण,
- खण्डीकृत तथ्याङ्कको प्रकाशन,

- मधेशी समुदायको राज्य संयन्त्रमा पहुँच,
- मधेश प्रोफाइलको अद्यावधिक प्रकाशन
- राजर्षि जनक दर्शन
- मधेशी आयोगको ६ वर्ष (२०७५ देखी २०८१) अवसर तथा चूनौतीहरु,
- नेपालका मधेशी समुदायका भाषा, लिपी, धर्म र संस्कृतिको संरक्षण
- मधेशी समुदायमा रहेको अवधि लोकवार्ताको अध्ययन

र अझ सशक्त कुरा यो हो कि स्थापनाको आठौ वर्षमा समेत आयोगको वेरुजु शून्य रहेको छ। नैतिक उत्तरदायित्व र पारदर्शितामा अडिग रहेर कार्य सम्पादन गर्ने यो आयोग सम्मानीत र पुरस्कृत समेत भइसकेको छ जुन एक निस्तेज प्रणालीमा उज्यालो बन्ने कोशिसको प्रमाण हो।

स्थापनाकालदेखि नै, मधेशी आयोगले आफ्नो संवैधानिक दायित्वप्रति निष्ठावान् भई **विपन्न स्रोत, सीमित साधन र न्यून जनशक्तिका बीच** पनि उल्लेखनीय उपलब्धिहरू हासिल गरेको छ। यस्ता कार्यहरू आयोगको पहिचान मात्र होइन, सामाजिक रूपान्तरणतर्फको मार्गचित्र पनि हुन्।

**आयोगबाट भएका केही मुख्य कार्यहरू निम्नानुसार रहेका छन्:**

१. **संस्थागत ढाँचा र कानुनी आधारको स्थापनाः** आयोगका लागि आवश्यक पर्ने बैठक सञ्चालन नियमावली, कार्यविधि तथा विविध कानुनी दस्तावेजहरू निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिएको छ 'जहाँ प्रक्रिया, पारदर्शिता र जवाफदेहिताको आधार सुनिश्चित गरिएको छ।

२. **रणनीतिक दूरदृष्टिको अवलम्बनः** आयोगको **पञ्चवर्षीय रणनीतिक योजना** तयार गरी नेपाल सरकारसमक्ष पेश गरिएको छ; नदी जस्तै बहिरहने संस्थागत यात्रा स्पष्ट दिशामा निर्देशित गर्नका लागि।

३. **आयोगको प्रतीकात्मक पहिचानः** आयोगको **लोगो** निर्माण गरी कार्यान्वयन गरिएको छ, जसले संस्थाको कार्यसंस्कृति र पहिचानलाई औपचारिकता दिएको छ।

४. **समुदायको वस्तुस्थिति अभिलेखन:** विभिन्न जिल्लाबाट **मधेशी समुदायको वास्तविक वस्तुस्थिति** सङ्कलन गरी सोको आधारमा सिफारिशहरू प्रस्तुत गरिएको छ'नीतिगत सुधारको मेरुदण्डस्वरूप।

५. **प्रविधिमैत्री पहुँच प्रवर्द्धन:** जन—आयोग सम्पर्क सरल र सुलभ बनाउन वेबसाइट, फेसबुक पेज, टोल—फ्री नम्बर आयोगलाई पूर्णतया **प्रविधिमैत्री बनाइएको** छ।

६. **पहिचानको ऐतिहासिक अनुसन्धान:** सिमित बजेट र स्रोतसाधनका बाबजुद नेपालमा पहिलोपटक **"मधेशी को हो?"** भन्ने गहिरो अनुसन्धान गरियो, जसमा **मधेशी समुदायका थरहरूको सुचिकरण अध्ययन** गरी सो प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष सिफारिस गरिएको छ।

७. **पारदर्शिता र वित्तीय अनुशासन:** हालसम्म आर्थिक वर्ष (२०८१/८२) सम्म **आयोगको बेरुजु शून्य** रहेको छ, र संस्थाले **सम्मान र पुरस्कार** समेत प्राप्त गरेको छ; सार्वजनिक संस्थामा एक अनुकरणीय उदाहरणस्वरूप।

८. **जनशक्तिको अभावमा पनि दक्ष कार्य सम्पादन:** यद्यपि आयोगमा दक्ष मानवीय स्रोतको अभाव **रहेको छ, तथापि आयोगले परिभाषित कार्यहरू** सङ्गठित, सटीक र उत्तरदायी ढंगले सम्पन्न गरेको छ।

९. **राज्य सन्दर्भमा पहुँचको विश्लेषण:** विषय विज्ञहरूको सहयोगमा मधेशी समुदायको राज्यसन्दर्भीय पहुँच अध्ययन प्रतिवेदन तयार पारी कार्यान्वयनका लागि नेपाल सरकारमा सिफारिश गरिएको छ।

१०. **प्रदेशस्तरीय अभिमुखीकरण:** युवाहरूलाई लक्षित गर्दै विभिन्न प्रदेशहरूमा **लोकसेवा तयारीसम्बन्धी अभिमुखीकरण कार्यक्रमहरू** संचालन गरिएको छ।

११. **नैतिक शिक्षा प्रवर्द्धन:** स्थापना कालदेखि नै आयोगले मानवीय मूल्यको पुनरुत्थानको लागि **"नैतिकवान् मधेश र सशक्त नैतिक शिक्षा"** कार्यक्रम सञ्चालन गर्दै आएको छ।

१२. **संवैधानिक निकायहरूसँग समन्वय:** विभिन्न संवैधानिक निकायहरूसँग संस्थागत एकता र उद्देश्यमा सहसञ्चालनको भावनासँग सुमधुर समन्वय स्थापित गर्दै सहकार्यमा कार्य सम्पादन गरिएको छ।

१३. **सुरक्षा निकायहरूसँग संवाद र समन्वयः** नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग र नेपाली सेनाका उच्चपदस्थ अधिकारीहरूसँग समय—समयमा समसामयिक विषयमा गहन संवाद र विमर्श गरि नतिजामुखी निष्कर्ष प्रस्तुत गर्दै संवेदनशील विषयमा सिफारिशहरू सरकार समक्ष पेश गरिएको छ।

१४. राष्ट्रिय गौरवका आयोजनासँग सरोकार राख्ने अधिकारीहरूसँग गहिरो संवाद गरी योजनाको प्रभावकारी कार्यान्वयनको लागि सुनिश्चित सुझावहरू प्रस्तुत गरिएको छ।

१५. जनताको विश्वासप्रति आयोगको उत्तरदायित्वको मूर्त रूप दिन आयोगमा प्राप्त उजुरीहरूको कारवाहीको लागि  सम्बन्धित निकायमा सिफारिश गरिएको छ।

१६. आयोगद्वारा गरिएका निर्णयहरूको ९५% भन्दा बढी कार्यान्वयनमा ल्याइएको, जुन कार्य सम्पादन क्षमताको उदाहरण हो।

१७. सामाजिक दुर्व्यवहार, विभेद र उत्पीडनका घटनाहरूमा तुरुन्त सिफारिश र कारबाही गराइने कार्यहरू प्रभावकारी रूपमा सम्पन्न गरिएको छ।

१८. नेपाल सरकारलाई विभिन्न घटना र मुद्दामा गम्भीर ध्यानाकर्षण गराउदै समयसापेक्ष कदम चाल्न प्रेरित गरिएको छ।

१९. सरकारी तथा गैर-सरकारी संस्थाहरूसँग सहकार्य गर्दै लक्षित वर्गलाई समेट्ने विविध कार्यक्रमहरू आयोजना गरिएको छ।

२०. विभिन्न देशका मानवअधिकार संस्थासँग कूटनीतिक स्तरमा सम्बन्ध स्थापना गरी मधेशी समुदायको समस्यालाई अन्तर्राष्ट्रिय मञ्चमा समेत प्रस्तुत गरिएको छ।

२१. "**माटोको सुगन्ध**" लाई अझ सुवासित गर्न कानुनीरूपमा परिभाषित कार्यहरू अत्यन्त प्रभावकारी रूपमा २०८३ साल असार मसान्त सम्म जम्मा १४३ वटा बैठकहरू सर्वसम्मतिपूर्वक सम्पन्न गरिएका छन्।

२२. राष्ट्रको एकता, अखण्डता, र सामीप्यता प्रवर्द्धन गर्ने कालजयी कार्य गरिएको छ'जहाँ एकलव्यी भावना, कानूनको निर्माण र प्रयोगको मेरुदण्डको रूपमा आत्मसात् गरिएको छ।

२३. आयोगको लोकप्रिय नारा "**जहाँ समस्या, त्यही मधेशी आयोग**" अक्षरशः कार्यान्वयनमा ल्याउने निरन्तर प्रयास गरिएको छ; 'विश्वास, पहिचान र पहुँचको जीवित अभिव्यक्ति।

२४. आयोगसँगै बहुआयामिक समृद्धि, सुशासन, पहुँच, रूपान्तरण र सशक्तिकरणको सुप्रस्थान आत्मसात् गरिएको छ, जहाँ न्याय मात्र होइन, संवेदनाको पनि शासन छ।

२५. आयोगले "**राजर्षि जनक दर्शन अध्ययन प्रतिवेदन**" तथा "**मधेशी आयोगको ६ वर्ष (२०७५—८१): अवसर तथा चुनौतीहरू**" शीर्षकमा ऐतिहासिक दस्तावेज प्रकाशन गरेर कार्यको समग्र मूल्याङ्कन प्रस्तुत गरेको छ।

२६. आयोगले **नेपालमा मधेशी समुदायका भाषा, लिपि, धर्म र संस्कृतिको संरक्षण तथा मधेशी समुदायमा रहेको अवधी लोकवार्ताको अध्ययन गरी प्रकाशन गरेको छ ।**

मधेशी आयोग केवल मुद्दा उठाउने संस्था होइन, समाधान खोज्ने अग्रगामी निकाय हो। संस्थागत दूरदृष्टिले अब आयोगको भूमिकालाई नीति निर्माण, कानुनी संशोधन, क्षमता विकास, र अन्तर-सरकारी समन्वयमा थप विस्तार गर्नु पर्ने भएको छ।

**आयोगले आगामी वर्षहरूमा निम्न बृहत कार्यसूचीमा केन्द्रित हुने अठोट लिएको छः**

- मधेशी महिला, मधेशी दलित जस्ता समुदायको लागि लक्षित नीति निर्माण।
- मानव अधिकार कार्यनीति।
- **'मधेशी युवा उद्यम कार्यक्रम'** अन्तर्गत स्वरोजगारको प्रवर्द्धन।
- **'भाषिक समावेशिता कार्ययोजना'** लागू गर्नका लागि स्थानीय तहहरूसँग सहकार्य।
- सङ्घीय शासन प्रणालीमा मधेशी समुदायको प्रभावकारी सहभागिता सुनिश्चित गर्न नीति संवाद।

मधेशी आयोग राष्ट्रिय असमानता र विभेदको अन्धकारबीच न्याय, समता र आशाको निरन्तर प्रज्वलित दीपशिखा बनेर उभिएको छ। संविधानले दस्तावेजमा प्रत्याभूत गरेका अधिकारहरूलाई आम नागरिकको दैनिक जीवनमा रूपान्तरण गर्ने यो महान् अभियान तब मात्र अझ सशक्त र परिणाममुखी बन्नेछ, जब हामी सबै मिलेर मधेशको पावन माटोलाई न्याय, समानता र वास्तविक समावेशिताको सुगन्धले सुवासित बनाउन एकबद्ध भएर लाग्नेछौं।

अन्त्यमा, आयोगको यस गरिमामय आठौं वार्षिक प्रतिवेदनको तयारी र प्रकाशनमा प्रत्यक्ष वा परोक्ष रूपमा अतुलनीय योगदान पुऱ्याउनुहुने सम्पूर्ण पदाधिकारीज्यूहरू, आदरणीय प्राज्ञजन, राष्ट्रसेवक कर्मचारीहरू, सुरक्षाकर्मीहरू तथा सम्पूर्ण सरोकारवाला निकायहरूप्रति हृदयदेखि नै कोटि-कोटि नमन तथा हार्दिक आभार व्यक्त गर्दछु।

हामी सबैको अटूट समर्पण, सुदृढ संकल्प र साझा सपनान्याय, समानता र गरिमापूर्ण पहिचानसहितको समृद्ध मधेश निर्माणका लागि सदैव एउटा चीरस्थायी प्रेरणाको स्रोत बनिरहोस्।

धन्यवाद।

माननीय जीवछ साह (अधिवक्ता)
कार्यवाहक अध्यक्ष
मधेशी आयोग

# प्राक्कथन

हाम्रो देश बहुल जातजाति र भाषाभाषी भएको राज्य हो। यो बहुलपन नै हाम्रो मौलिक पहिचान र राष्ट्रिय गौरव हो। देशमा रहेका विविध जातजाति र भाषाभाषी समुदाय मध्ये मधेशी समुदायको हक, हितको संरक्षण र संवर्द्धन गर्नुका साथै सो समुदायको सर्वाङ्गीण सशक्तीकरणका लागि मधेशी आयोगको स्थापना भएको हो। स्थापनाकालदेखि नै आयोग आफ्नो निर्दिष्ट उद्देश्य र कार्यक्षेत्रमा निरन्तर रूपमा सक्रिय रहँदै आएको छ।

आयोगबाट गरिएका नीतिगत सिफारिसहरू र नियमित अनुगमनका कारण मधेशी समुदायमा हुने गरेका विभेदमा कमी ल्याउन, दोषी उम्कन नपाउने वातावरण सिर्जना गर्न र पीडितले समयमै न्याय पाउने अवस्था सुनिश्चित गर्न महत्त्वपूर्ण योगदान पुगेको छ।

सालवसाली रूपमा सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरिने वार्षिक प्रतिवेदनले मधेशी समुदायको उत्थानका लागि आगामी दिनमा गर्नुपर्ने नीतिगत तथा व्यवहारिक सुधारका विषयहरूलाई दिशानिर्देश गर्दछ। यस **आठौं वार्षिक प्रतिवेदन**मा विगतका कार्यहरूबाट प्राप्त प्रतिफल, परिणाम र आगामी कार्यदिशाका सम्बन्धमा स्पष्ट रूपमा उल्लेख गरिएको हुँदा मधेशी समुदायको बृहत्तर विकास र सशक्तीकरणका लागि यो प्रतिवेदन कोशेढुङ्गा सावित हुने कुरामा दुईमत छैन।

मधेशी आयोगको यस **आठौं वार्षिक प्रतिवेदन** तयारीको कार्यमा अमूल्य सहयोग पुऱ्याउनुहुने सम्पूर्ण प्राज्ञजन, नागरिक समाज, सरोकारवाला निकाय लगायत अहोरात्र खटिने सम्पूर्ण आयोग परिवारलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

नरेश राज खरेल
सचिव
मधेशी आयोग

# कार्यकारी सारांश

मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र मधेशी समुदायको सशक्तीकरण गर्नको लागि स्थापित यस संवैधानिक आयोगले आफ्नो स्थापना काल देखि संवैधानिक परिधि तथा ऐन कानुन भित्र रही कार्यहरु सम्पादन गर्दै आइरहेको छ।

## १. हक हितको संरक्षण

### (क) उजुरी

मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी मधेशी आयोग ऐन, २०७४ को दफा ७ (ठ) अनुसार सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने कानुनी जिम्मेवारी अनुसार प्रतिवेदन अवधिमा कुल २२ वटा उजुरी तथा गुनासाहरु आयोग समक्ष प्राप्त भएका छन्। यस आयोगले पिडितलाई न्याय दिलाउन ती वार्षिक रुपमा प्राप्त भएका उजुरीहरुको आवश्यक छानबिन तथा तहकिकातका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाएको छ।

(अनुसूची २ सँग सम्बन्धित)

### (ख) अनुगमन

आयोगको ऐनको दफा ७ (च) अनुसार मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणका लागि विकासको समग्र अवस्थाको अनुगमनको लागि नीतिगत पृष्ठपोषण लिई आयोगबाट आवश्यक अनुगमन गरी सम्बन्धित निकायमा सिफारिस गर्ने हेतुले प्रदेशगत रुपमा विभिन्न जिल्लाहरुको अनुगमन भएको थियो। जसमा शिक्षा, स्वास्थ्य, रोजगारी, औद्योगिक क्षेत्र, सिँचाई, कृषि तथा प्राकृतिक स्रोत, पर्यटन, सांस्कृतिक सम्पदा, पर्यायवरण, शान्ति सुरक्षा सम्बन्धी समस्या, महिला हिंसा, घरेलु हिंसा, वालविवाह, लागु औषध तथा दुर्व्यसन, धार्मिक द्वन्द्व, पर्यावरणजन्य न्याय/जलवायुजन्य न्याय, बाढि पिडित, सुकुम्वासी समस्या, मानव अधिकारको अवस्था, छुवाछुत, विभेद, मधेशी समुदायका अति विपन्न र विपन्न समुदायको आर्थिक अवस्था र भौतिक पूर्वाधारहरुको अवस्था आदिको बारेमा बुझ्न तथा आगामी दिनमा चालिनु पर्ने कदमको बारेमा सुझाव लिन आयोगबाट विभिन्न समयमा अनुगमन गरिएको थियो।

(परिच्छेद २ र अनुसूची ४ सँग सम्बन्धित)

## २. अध्ययन/अनुसन्धान

### (क) नेपालमा मधेशी समुदायका भाषा, लिपि, धर्म र संस्कृतिको संरक्षण

नेपालका मधेशी समुदायका भाषा, लिपि, धर्म र संस्कृतिको ऐतिहासिक विकास, वर्तमान अवस्था र संरक्षणका विविध पक्षहरूमा केन्द्रित रहेको छ। यो अनुसन्धान मुख्यतः दुई अध्यायमा विभाजित गरी तयार पारिएको छ। पहिलो अध्यायमा तराई मधेशमा बोलिने मैथिली, भोजपुरी, अवधी र बज्जिका जस्ता भाषाहरू तथा तिनका मौलिक लिपिहरूको ऐतिहासिक, वैचारिक र सैद्धान्तिक आधार प्रस्तुत गर्दै संरक्षणको आवश्यकतालाई जोड दिइएको छ। उत्तर भारतीय प्राकृत र अपभ्रंश परम्पराबाट विकसित यी भाषाहरूले मध्यकालदेखि नै साहित्य, दर्शन र लोकसंस्कृतिमा ठूलो योगदान पुऱ्याएका छन्। वि.सं. २०७८ को जनगणना अनुसार तराई मधेशमा करिब ६२ मातृभाषाहरू बोलिन्छन्, जसमा मैथिली (४१.७%), भोजपुरी (१८.८%), बज्जिका (१८.४%), नेपाली (५.८%), र मगही (३.५%) प्रमुख छन्। मधेशी समाजमा दैनिक जीवनमा एकभन्दा बढी भाषा प्रयोग हुने 'कार्यात्मक बहुभाषिकता' (Functional Multilingualism) र 'कोड-स्विचिङ' सामान्य अभ्यासका रूपमा रहेको छ। ऐतिहासिक रूपमा मैथिली भाषा 'तिरहुता' (मिथिलाक्षर) लिपिमा र प्रशासनिक कार्यहरू 'कैथी' लिपिमा गरिन्थे। तर आधुनिक शिक्षा र देवनागरी लिपिको संस्थागत विस्तारका कारण यी मौलिक लिपिहरू ओझेलमा परेका छन्। विश्वव्यापीकरण, शहरीकरण, बसाइँसराइ तथा शिक्षा र प्रशासनमा नेपाली र अङ्ग्रेजीको प्रभुत्वले मातृभाषाको अन्तरपुस्तीय हस्तान्तरण कमजोर भई **'भाषा परिवर्तन'** (language shift) को जोखिम बढाएको छ। संवैधानिक रूपमा बहुभाषिक अधिकार भए पनि व्यवहारमा कार्यान्वयन फितलो रहेकाले युनिकोड र डिजिटल प्रविधिको प्रयोग बढाउँदै मातृभाषामा शिक्षा र सरकारी नीतिमा सुधार गरी भाषा र लिपिको पुनर्जीवन गर्नुपर्ने आवश्यकता औँल्याइएको छ।

दोस्रो अध्यायमा नेपालका मधेशी समुदायमा धर्म र संस्कृतिको संरक्षणबारे विस्तृत विश्लेषण गरिएको छ। तराई-मधेशको धार्मिक तथा सांस्कृतिक जीवन उत्तर भारतीय इन्डो-गङ्गेटिक सभ्यतासँग घनिष्ठ रूपमा जोडिएको छ। यहाँ हिन्दू धर्म मुख्य धार्मिक परम्परा भए पनि बौद्ध र स्थानीय लोकविश्वासहरू ऐतिहासिक रूपमा सहअस्तित्वमा रहेका छन्। जनकपुरधाम, गढीमाई र सिम्रौनगढ जस्ता धार्मिक स्थलहरू तथा छठ, विवाहपञ्चमी, रामनवमी, जितिया, चौरचन र होली जस्ता पर्वहरूले आध्यात्मिक आस्थाका साथै सामाजिक सद्भाव, पारिवारिक

सम्बन्ध र लोककलाको संरक्षणमा महत्त्वपूर्ण भूमिका खेलेका छन्। विशेष गरी छठ पर्वले प्रकृतिप्रति श्रद्धा र सामाजिक ऐक्यबद्धताको उत्कृष्ट उदाहरण प्रस्तुत गर्दछ। तर वर्तमान समयमा तीव्र आधुनिकीकरण, वैदेशिक रोजगारी, बसाइँसराइ, एकल परिवारको विस्तार र प्रविधिको प्रभावका कारण युवा पुस्ता परम्परागत धार्मिक-सांस्कृतिक अभ्यास र मौखिक ज्ञान प्रणालीबाट टाढिँदै जाँदा **'सांस्कृतिक क्षय'** (Cultural Assimilation) को चुनौती थपिएको छ। साथै मन्दिर र पोखरी जस्ता भौतिक सम्पदाहरू ओझेलमा पर्दै गएका छन्। त्यसैले मूर्त र अमूर्त दुवै सम्पदाको एकीकृत संरक्षण, डिजिटल अभिलेखीकरण, स्थानीय पाठ्यक्रममा सांस्कृतिक शिक्षा, गुठी तथा स्थानीय समितिको सशक्तीकरण र राज्य-समुदायको सहकार्यबाट तराई मधेशको समृद्ध बहुलवादी सम्पदालाई भावी पुस्तासम्म सुरक्षित हस्तान्तरण गर्न सकिने निष्कर्ष निकालिएको छ।

(परिच्छेद २ र अनुसूची ५ सँग सम्बन्धित)

### (ख) मधेशी समुदायमा रहेको अवधी लोकवार्ताको अध्ययन

प्रस्तुत अध्ययन मधेशी समुदाय अन्तर्गतको अवधी लोकवार्ता (Awadhi Folklore), यसको पृष्ठभूमि, अध्ययनका उद्देश्यहरू, शोधविधि, प्रमुख प्राप्तिहरू तथा निष्कर्ष एवम् सुझावहरूमा केन्द्रित रहेको छ। लोकसमाजमा मौखिक तथा दृश्य र श्रव्य माध्यमबाट हस्तान्तरण हुँदै आएका ज्ञान, अनुभव र अनुभूति नै लोकवार्ता हुन्। युनेस्कोको अमूर्त सांस्कृतिक सम्पदा संरक्षण सम्बन्धी महासन्धि र नेपाल सरकारको राष्ट्रिय सांस्कृतिक नीति अनुसार लोकवार्ता देशको जातीय, भाषिक, ऐतिहासिक र सांस्कृतिक पहिचान कायम गर्ने आधारभूत तत्त्व हो। यही महत्त्वलाई ध्यानमा राखी अवधी लोकवार्ताको समग्र स्वरूपलाई लिपिबद्ध गर्दै संरक्षण, संवर्धन र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा स्थापित गराउने उद्देश्यका साथ यो अध्ययन तयार पारिएको हो। यस अध्ययनमा वर्णनात्मक र अन्वेषणात्मक दुवै शोधविधिको प्रयोग गर्दै प्रश्नावली, अन्तर्वार्ता, प्रत्यक्ष अवलोकन तथा ऐतिहासिक दस्तावेजहरूको अध्ययन गरी प्राथमिक र द्वितीयक स्रोतबाट आवश्यक सामग्रीहरू सङ्कलन गरिएको छ।

अध्ययनको निष्कर्ष अनुसार अवधी लोकसमाज गङ्गा-यमुनी संस्कृतिमा आधारित र मुख्य रूपमा भारोपेली भाषिक परिवारसँग सम्बन्धित बहुजातीय तथा एकभाषिक समाज हो। यसको ऐतिहासिक पृष्ठभूमि प्राचीन कोशल राज्य, शाक्य गणराज्य र कोलिय गणराज्यसँग जोडिएको छ। अवधी भाषाको विकास वैदिक, पाली, कोशेली प्राकृत र कोशेली अपभ्रंश हुँदै भएको हो।

वि.सं. २०७८ को राष्ट्रिय जनगणना अनुसार नेपालमा कुल अवधी भाषा बोल्नेको जनसङ्ख्या ८,७४,२७६ (२.९६ प्रतिशत) रहेको छ। नेपालमा यसको मुख्य बसोबास लुम्बिनी प्रदेशका रूपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दिया लगायतका जिल्लाहरूमा रहेको छ। भाषा आयोगले अवधी भाषालाई लुम्बिनी प्रदेशमा सरकारी कामकाजको भाषाका रूपमा लागू गर्न सिफारिश गरिसकेको छ भने विश्व भाषा सूचीमा अवधी भाषा २९ औं स्थानमा पर्दछ। पुरातात्त्विक तथा धार्मिक दृष्टिले यो क्षेत्र अत्यन्त महत्त्वपूर्ण छ, जहाँ भगवान् बुद्धको जन्मथलो लुम्बिनी, प्राचीन राजधानी तिलौराकोट, कुदान, निग्लिहवा, गोटीहवा, रामग्राम, ताउलेश्वर महादेव मन्दिर र बागेश्वरी मन्दिर जस्ता ऐतिहासिक स्थलहरू रहेका छन्।

अवधी लोकजीवन परम्परागत कृषि र जातीय पेसामा आधारित छ। यद्यपि आधुनिकतासँगै कुम्हाल, बढई, लोहार जस्ता परम्परागत पेसा, पुराना खपरैल तथा फुसका घरहरू र घरेलु उपचारका परम्परागत विधिहरू बिस्तारै सङ्कटमा पर्दै गएका छन्। यस समाजमा जन्मदेखि मृत्युसम्म गरिने सोह्र वटा संस्कारहरू र अनेकौं पर्वहरू (जस्तै कजरी, नागपञ्चमी/गुडिया, रक्षाबन्धन, फागुवा, खिचडी आदि) धूमधामका साथ मनाइन्छ। अवधी लोकसाहित्य गद्य र पद्य दुवै विधामा समृद्ध छ; जसमा सोहर, कजरी, फागुवा जस्ता लोकगीत, अल्हा र सती जस्ता लोकगाथा, तथा रामलीला र स्वाङ जस्ता लोकनाटकहरू प्रचलित छन्। त्यसैगरी भित्तेचित्र, गोदना, मेहेन्दी र सिस्की/मूँज कला जस्ता लोकचित्रकला यस समाजका मौलिक पहिचान हुन्। निष्कर्षतः, अवधी लोकवार्ताका कतिपय सूचकहरू (जस्तै ढपला र हड्का बाजा, परम्परागत अस्त्रशस्त्र र लोकनाटक) लोप हुने अवस्थामा पुगेकाले यिनको डिजिटल अभिलेखीकरण, मातृभाषामा प्रारम्भिक शिक्षाको व्यवस्था, स्थानीय तहमा लोकसाहित्य महोत्सवको आयोजना तथा धार्मिक पर्यटनलाई सांस्कृतिक पर्यटनसँग जोडेर यसको मौलिकता र गरिमा बचाउनु अत्यावश्यक देखिन्छ।

(परिच्छेद २ र अनुसूची ५ सँग सम्बन्धित)

### (ग) अन्तरक्रिया कार्यक्रम

आ.व. २०८२।८३ मा विभिन्न अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएका छन्। आयोगको ऐनको दफा ७ (ज) अनुसार इतिहास, भाषा, कला, संस्कृति सम्बन्धी काम गर्दै आइरहेका तीनै तहका संघ, प्रदेश र स्थानीय बुद्धिजीवीहरु, नागरिक समाजका अगुवाहरु, राजनीतिक दल, लक्षित क्षेत्रका सांसद र जनप्रतिनिधि, जिल्लास्तरीय कार्यालय प्रमुखहरु एवम् आवश्यक पर्ने

अन्य सरोकारवाला संस्था र व्यक्तिसँग आयोगले मधेशी समुदायको हक हित, संरक्षण, सम्बर्द्धन, सशक्तीकरण र समग्र विकासको लागि अन्तरक्रिया गरी आवश्यक पृष्ठपोषण लिदै आएको छ। सो सन्दर्भमा कार्यपत्रात्मक कार्यक्रमहरु समेत सम्पन्न गरिएको थियो। साथै जितिया पर्वको अवसरमा व्रतिहरुलाई राजपत्रमै प्रकाशित गरी विदा दिन समेत माग भए बमोजिम नेपाल सरकारले राष्ट्रिय विदा घोषणा गरेको छ। पिडितहरुको उजुरीलाई मध्यनजर राखी सबै सरोकारवालाहरुसँग गरिएका कार्यक्रमहरु, छुटेका जातजातिहरुलाई समाविष्ट गर्ने कार्यक्रम आदि रहेका छन्। यस्ता कार्यक्रमबाट मधेशी समुदायको सांस्कृतिक सशक्तीकरणका लागि तत् सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानुनी र संस्थागत सुधारका विषयमा आयोगको मात्र भूमिका नभई सवै सरोकारवालाहरुको उत्तिकै जिम्मेवार र दायित्व रहेको कुरा ती समुदायहरुमा सम्प्रेषण गर्न आयोग सफल भएको छ।

(परिच्छेद २ सँग सम्बन्धित)

## २.१. अधिकार प्रर्वद्धन तथा सशक्तीकरण

समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प नेपालको संविधानले आत्मसात गरेको छ। साथै मधेशी समुदायको आर्थिक, सामाजिक तथा साँस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदाय भित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने राज्यको नीति रहेको छ। त्यसैगरी मधेशी आयोग ऐन, २०७४ मा मधेशी समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्न, भइरहेका कानुनी, नीतिगत तथा संस्थागत व्यवस्थामा सुधार गर्न, सशक्तीकरणका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न, चेतनामूलक कार्यक्रमहरुको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्न नीति निर्माणका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने र कार्यक्रम आयोग स्वयमले गर्ने व्यवस्था रहेको छ।

सोही अनुरुप मधेशी आयोग ऐन, २०७४ को दफा ७ को उपदफा (झ) मा मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम संचालन गर्नलाई यस आयोगको काम, कर्तव्य र अधिकारको रुपमा उल्लेख छ। राष्ट्र निर्माणमा यूवाहरुको भूमिका अहम् हुने हुँदा उनीहरुलाई राज्यको मूलप्रवाहमा ल्याउनुपर्ने आवश्यक हुन्छ।

यही कुरालाई मध्यनजर गर्दै मधेशी आयोगले यूवाहरुका लागि "**नैतिकवान मधेश तथा नैतिक शिक्षा कार्यक्रम** " र लोकसेवा आयोगमा सहज पहुँच होस भन्ने हेतुले "**मधेशी समुदायको सशक्तीकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम** " संचालन गरेको थियो।

**(क) मधेशी समुदायको सशक्तीकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम**

मधेशी समुदायको सशक्तीकरण र पहुँचको लागि राज्यले हरेक निकायमा आरक्षणको व्यवस्था गरेको छ। सोही अनुरुप ती व्यवस्थाहरुको बारेमा जानकारी दिने, निजामती सेवा लगायत अन्य सरकारी सेवाहरुमा प्रवेश कसरी गर्ने, सेवा भित्र के कस्ता अवसरहरु छन। सेवा प्रवेशका लागि के कति योग्यता आवश्यक पर्छ आदि विषयमा प्रशिक्षण दिने तथा सहभागीहरुका जिज्ञासा संवोधन गर्ने ध्येयले मधेश प्रदेशको सिराहा जिल्लाको सिराहा, लुम्विनी प्रदेशको बाँके जिल्लाको नेपालगंज, मधेश प्रदेशको सप्तरी जिल्लाको सप्तकोशी न.पा, कोशी प्रदेशको मोरङ्ग जिल्लाको धनपाल गाउँपालिका, सुदुरपश्चिम प्रदेशको कन्चनपुर जिल्लाको महेन्द्रनगर, कोशी प्रदेशको मोरङ्ग जिल्लाको विराटनगर, मधेश प्रदेशको सप्तरी जिल्लाको राजगढ र सखडामा, वागमती प्रदेशको मकवानपुरको हेटौडा, गण्डकी प्रदेशको तनँहु जिल्लाको दमौलीमा सम्पन्न गरिएको छ।

**(ख) मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम**

परिवार, समाज र मुलुकलाई सहि गति र सहि दिशानिर्देश प्रदान गर्न र सामाजिक व्यवहार सुधार गर्दै नैतिकवान समाज निर्माण गर्न नैतिक शिक्षालाई अनिवार्य विषयको रुपमा पाठ्यक्रममा समावेश गर्नुपर्ने भएकोले मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षाको लागि मधेश प्रदेशको वारा जिल्लाको कलैया, कोशी प्रदेशको मोरङ्ग जिल्लाको सुनवर्षि नगरपालिका, मधेश प्रदेशको धनुषा जिल्लाको जनकपुरधाममा संचालन गरिएको थियो। यसबाट लक्षित वर्गका लागि फलदायी परिणाम देखिएको छ।

**(ग) बार्षिक प्रतिवेदन प्रकाशन**

यस आयोगले आफूले गरेको काम कारबाहीको पहिलो, दोस्रो, तेस्रो, चौँथो, पाँचौ, छैठौ र सातौ वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरिसकेको छ।

संविधानको धारा २९४(२) अनुसार कोशी प्रदेश, मधेश प्रदेश, वागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बीनी प्रदेश र सुदुरपश्चिम प्रदेशका माननीय प्रदेश प्रमुखज्यूहरु समक्ष आयोगको सातौं वार्षिक प्रतिवेदन पेश भएको छ।

## २.२. मधेशी आयोगको सरोकारवालाहरुसँग छलफल

मधेशी आयोगले आफ्नो संवैधानिक दायित्वलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले विभिन्न सरोकारवालाहरूसँग नियमित रूपमा छलफल र अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यी कार्यक्रमहरूको मुख्य लक्ष्य मधेशी समुदायका जमीनी समस्या, आवश्यकता र अपेक्षाहरू संकलन गरी राज्यको नीति निर्माण तहसम्म पुर्‍याउनु हो।

आयोगले मधेश प्रदेशका जिल्लाहरूदेखि काठमाडौंसम्म नागरिक समाजका अगुवा, बुद्धिजीवी, जनप्रतिनिधि, पत्रकार, र युवाहरूसँग "**मधेशी समुदायको समस्या र समाधान**" जस्ता विषयमा विमर्श गरेको छ। यस्ता छलफलहरूमा मधेशी समुदायको हकहित, थर सूचीकरण, सामाजिक-सांस्कृतिक विकृतिहरूको अन्त्य, र समावेशीकरण जस्ता मुद्दाहरूमा केन्द्रित रहेर सुझाव संकलन गरिन्छ।

यसका साथै, आयोगले शान्ति सुरक्षाको अवस्था र सुरक्षा निकायमा मधेशीहरूको पहुँच बढाउने विषयमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा राष्ट्रिय अनुसन्धान विभागका उच्च पदस्थ अधिकारीहरूसँग पनि छलफल गरेको छ। आयोगले आफ्ना कामकारबाही, प्रगति र भावी योजनाबारे सञ्चारकर्मीहरूलाई नियमित रूपमा जानकारी गराउन अन्तरक्रिया कार्यक्रमहरू आयोजना गर्ने गरेको छ।

यी छलफल र अन्तरक्रियाबाट प्राप्त सुझाव र निष्कर्षहरूले आयोगलाई तथ्यपरक वार्षिक प्रतिवेदन तयार गर्न र मधेशी समुदायको बृहत्तर हितका लागि सरकारलाई ठोस नीतिगत सिफारिशहरू गर्न महत्त्वपूर्ण आधार प्रदान गर्दछ। यसमार्फत आयोगले समुदाय र राज्यबीच एक सेतुको रूपमा काम गरिरहेको छ।

(परिच्छेद २ संग सम्बन्धित)

## २.३. आयोगका गतिविधीहरु

### २.३.१. आयोगको बैठकका निर्णयहरु

संविधानको धारा २६२ अनुसार स्थापित यस आयोगले आफ्नो काम कारबाही सुचारु गर्ने क्रममा विभिन्न मितिमा आयोगको बैठक बसी विविध विषयमा निर्णय गरिएको छ। आयोगको बैठकको निर्णयहरु सम्बन्धमा **अनुसूची - ६** मा उल्लेख गरिएको छ।

### २.३.२. आयोगको प्रेस विज्ञप्ति

संविधानको धारा २६२ अनुसार स्थापित यस आयोगले आफ्नो संबैधानिक भूमिका निर्वाह गर्ने क्रममा विभिन्न मितिमा विभिन्न घटना, परिवेश विषयहरुको बारेमा आयोगमा बैठक बसी विभिन्न समयमा प्रेस विज्ञप्तिहरु जारी गरेको छ। उक्त प्रेस विज्ञप्ति सम्बन्धमा **अनुसूची-७** मा उल्लेख गरिएको छ।

## ३. सिफारिस

### (क) आयोगबाट गरिएका सिफारिस

यस आयोगले तराई मधेशमा देखा परेका उखु किसानको भुक्तानी समस्याको स्थाई समाधान, हुलाकी राजमार्ग तथा स्थानीय सडकमा हुने सडक दुर्घटना नियन्त्रण, मिटरब्याज (गैरकानूनी लेनदेन) पिडितको समस्या समाधान, डिजिटल हिंसा, सर्प दंश, दर्ता नगरी निजी अस्पताल संचालन, युवा प्रतिभा पलायन, प्रदेशस्तर साइबर ब्युरोको स्थापना, खानेपानी तथा सिंचाई समस्या, तराई मधेशमा सामाजिक कुरीतिका रुपमा रहेका लैङ्गिक हिंसा, घरेलु हिंसा, वालविवाह, लागु औषध तथा दुर्व्यसन, धार्मिक द्वन्द्व न्युनीकरण, बोक्सी/बोक्साप्रथा, शिक्षा, स्वास्थ्य, रोजगारी, औद्योगिक क्षेत्र, सिँचाई, कृषि तथा प्राकृतिक स्रोत, पर्यटन, सांस्कृतिक सम्पदा, पर्यायवरण, आरक्षण नीतिको प्रभावकारी कार्यान्वयन, वातावरणीय प्रदुषण र चुरे संरक्षण, सीमा क्षेत्रका समस्या, सरकारी सेवामा मधेशी समुदायको पहुँच, शीत लहर र गर्मीको प्रकोप, कृषिमा यान्त्रिकीकरण, नेपालको राष्ट्रिय गौरब आयोजना, विद्युतमा नियमन, शान्ति सुरक्षा सम्बन्धी समस्या, स्थानीय स्वास्थ्य पूर्वाधार तथा जनशक्ति सुदृढिकरण र बाढी, डुवान र नदी कटान लगायत ३४ वटा नेपाल सरकार समक्ष सिफारिस गरिएको छ।

**(परिच्छेद ३ सँग सम्बन्धित)**

# विषयसूची


| | पेज नं. |
|---|---|
| कार्यकारी सारांश | (i-viii) |
| **परिच्छेद-१** | |
| **प्रारम्भिक** | १ |
| १.१ पृष्ठभूमी | १ |
| १.२ आयोगको उद्देश्य | १ |
| १.३ आयोगको काम, कर्तव्य र अधिकार | २ |
| १.४ संगठन | ४ |
| **परिच्छेद-२** | |
| **आयोगबाट सञ्चालित गतिविधि र कार्यक्रम** | ५ |
| २.१ हक हितको संरक्षण | ५ |
| २.१.१ उजुरी | ५ |
| २.१.२ अनुगमनका कार्यक्रमहरु | ५ |
| २.२ अधिकारको प्रबर्द्धन तथा सशक्तीकरण | ६ |
| २.२.१ बार्षिक प्रतिवेदन प्रकाशन | ६ |
| २.२.२ मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम | ७ |
| २.२.३ सशक्तीकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम | ८ |
| २.२.४ नेपालमा मधेशी समुदायका भाषा, लिपि, धर्म र संस्कृतिको संरक्षण | १० |
| २.२.५ मधेशी समुदायमा रहेको अवधी लोकवार्ताको अध्ययन | ११ |
| २.२.६ मधेशी आयोगको सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया | १३ |
| २.३ आयोगका गतिविधिहरु | १६ |
| २.३.१ आयोगको बैठकका निर्णयहरू | १६ |
| २.३.२ आयोगको प्रेस विज्ञप्तिहरू | १६ |

## परिच्छेद-३

३.१ सुझाव तथा सिफारिस १७

३.१.१ आयोगका तर्फबाट प्रस्तुत गरिएका सुझाव तथा सिफारिसहरू १७

## परिच्छेद-४

**भौतिक स्रोत साधन र उपयोगको अवस्था २८**

४.१ आयोगको भौतिक सम्पत्ति २८

## परिच्छेद-५

**उपलब्धी, चुनौती, सुझाव र भावी कदमहरु २९**

५.१ उपलब्धीहरु २९

५.२ समस्या तथा चुनौतिहरु ३०

५.३ आयोगको अपेक्षा तथा भावी कदमहरु ३१

## परिच्छेद-६

**कार्यक्रम र लागत ३७**

६.१ वार्षिक कार्यक्रम र खर्च ३७

## अनुसूचीहरु

**अनुसूची-१:** मधेशी आयोगको संगठन संरचना र कर्मचारी विवरण ३८

**अनुसूची-२:** आयोगमा प्राप्त भएको उजुरी तथा गुनासोहरूको विवरण ४१

**अनुसूची-३:** कार्यक्रमहरु ४४

**अनुसूची-४:** आयोगका पदाधिकारीबाट गरिएका अनुगमन तथा भ्रमणहरू ८२

**अनुसूची-५:** १. नेपालमा मधेशी समुदायका भाषा, लिपि, धर्म र संस्कृतिको संरक्षण (सोधसार) ११९

२. मधेशी समुदायमा रहेको अवधी लोकवार्ताको अध्ययन (सारसंक्षेप) १४१

**अनुसूची-६:** आयोगका बैठकहरु १६४

**अनुसूची-७:** आयोगका प्रेस विज्ञप्तिहरू १८८

**अनुसूची-८:** आयोगको भौतिक सम्पत्ति २२६

**अनुसूची-९:** आयोगका आर्थिक विवरण २३०

**अनुसूची-१०:** विविध क्रियाकलापको फोटो ग्यालरी २३६

**द्वितीय तथ्याङ्कमा आधारीत अध्ययन अनुसार नेपालमा मधेशी समुदाय अन्तर्गत पर्ने जात/जातिहरु** २९६

# परिच्छेद १
# प्रारम्भिक

## १.१ पृष्ठभूमिः

मधेशी समुदायको हक हित प्रबर्द्धन गर्दै उनीहरुलाई राज्यको मूलप्रवाहमा प्रवाहीकरण गर्न नेपालको संविधानको धारा २६२ मा मधेशी आयोगको व्यवस्था गरिएको छ। मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण र सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नको लागि नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिम व्यवस्थापिका-संसदले मधेशी आयोग ऐन, २०७४ बनाई मिति २०७४।०६।२७ गते सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भइ विधिवत रुपमा मधेशी आयोगको गठन भएको हो। नेपाल सरकारको मिति २०७५।०७।२७ गतेको निर्णयबाट मधेशी आयोगको कार्यालय स्थापना भएको हो। यस आयोगका प्रथम अध्यक्षको रुपमा माननीय डा. विजयकुमार दत्तज्यू नियुक्त हुनु भई मिति २०७५।१२।०७ मा सम्माननीय राष्ट्रपतिज्यू समक्ष शपथ ग्रहण पश्चात सोही दिन पदबहाली तथा कार्य प्रारम्भ गर्नु भएको। त्यसैगरी मिति २०७७।१०।२१ मा सदस्यको रुपमा माननीय सदस्य जीवछ साहज्यू, माननीय सदस्य रेणु देवी साहज्यू, माननीय सदस्य विजय कुमार गुप्ताज्यू र मिति २०७८।३।१० मा माननीय सदस्य आभा कुमारीज्यू नियुक्त भई सपथ ग्रहण गरी कार्य प्रारम्भ गरेसँगै यस आयोगले कार्य सुसंचालन गर्दै आएको छ। मिति २०८१ चैत्र ६ गतेबाट माननीय अध्यक्ष डा. विजय कुमार दत्तज्यूको कार्यकाल समाप्त भई मिति २०८१ चैत्र ७ गतेबाट माननीय सदस्य श्री जीवछ साहज्यू कार्यवाहक अध्यक्षज्यूको रुपमा जिम्मेवारी सम्हाल्नुभयो।मिति २०८२ भाद्र २९ गते देखी लागु हुने गरी माननीय सदस्य विजय कुमार गुप्ताज्यूको राजिनामा सम्माननीय राष्ट्रपतिज्यूबाट स्वीकृत भएको ।

## १.२. आयोगको उद्देश्यः

नेपालको संविधानको धारा २६२ तथा मधेशी आयोग ऐन, २०७४ मा व्यवस्था भए बमोजिम मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण र सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नु नै यस आयोगको मुख्य उद्देश्य रहेको छ।

## १.३. आयोगको काम, कर्तव्य र अधिकारः

मधेशी आयोग ऐन, २०७४ (संशोधन सहित) को परिच्छेद ३ को दफा ७ मा मधेशी आयोगको काम, कर्तव्य र अधिकारहरु देहायबमोजिम तोकिएका छन्।

(क) मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,।

(ख) मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ग) मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वयन गर्न चाल्नु पर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(घ) मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भइरहेका कानूनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ङ) मधेशी समुदायसँग सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(च) आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(छ) मधेशी समुदायभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ज) मधेशी समुदायभित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(झ) मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ञ) मधेशी समुदायमा विद्यमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारको शोषणको अन्त्य गर्न र मधेशी समुदायको सशक्तीकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(ट) मधेशी समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने।

(ठ) मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने।

(ड) मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने।

(ढ) मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य सङ्घ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ण) आयोगका अध्यक्ष, सदस्य तथा कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने,

(त) आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने।

**यस बाहेक मधेशी आयोग ऐन, २०७४ को दफा ८,९,१० र ११ मा देहायका थप अधिकारहरु समेत रहेका छनः**

(क) आयोगले आफ्नो काम कारबाहीको सम्बन्धमा अन्य संवैधानिक निकाय, सरकारी कार्यालय वा सार्वजनिक संस्थासँग समन्वय गर्न तथा परामर्श गर्न वा राय लिन सक्ने,

(ख) आयोगले मधेशी आयोग ऐन, २०७४ र प्रचलित सङ्घीय कानून बमोजिम सम्पादन गर्नु पर्ने कुनै काम आयोगमा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने भएमा त्यसको कारण खुलाई प्रचलित सङ्घीय कानून बमोजिम विशेषज्ञको सेवा लिन सक्ने,

(ग) आयोगसँग सम्बन्धित कुनै विशेष प्रकृतिको कार्य सम्पादन गर्ने प्रयोजनको लागि आयोगले कार्यविधि तोकी कुनै समिति वा कार्यदल गठन गर्न सक्ने,

(घ) आयोगले आवश्यकता अनुसार सरकारी निकाय वा सार्वजनिक संस्थासँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्ने,

## १.४. संगठनः

आयोगको कार्य संचालनको लागि काठमाडौं उपत्यकामा आयोगको कार्यालय रहने कानूनी व्यवस्था रहेकोले ललितपुर जिल्लास्थित ज्वागलमा आयोगको कार्यालय स्थापना भएको छ। नेपालको संविधानको धारा २६२ को उपधारा (१) मा व्यवस्था भए बमोजिम आयोगमा १ जना कार्यवाहक अध्यक्ष र २ जना सदस्यहरु कार्यरत रहनुभएको छ। आयोगको काम कारबाही सूचारु गर्नको लागि नेपाल सरकारबाट संशोधित एवम् स्वीकृत संगठन संरचना बमोजिम रा.प. प्रथम श्रेणी (नेपाल प्रशासन सेवा) को सचिव लगायत २६ जना कर्मचारी रहने गरी दरवन्दी स्वीकृत भएको छ। संगठन संरचना र आयोगमा कार्यरत कर्मचारीहरुको विवरण अनुसूची-१ मा दिइएको छ।

# परिच्छेद २
# आयोगबाट सञ्चालित गतिविधि र कार्यक्रम

मधेशी आयोग ऐन, २०७४ मा भएको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था अनुसार मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान हक हितको संरक्षण र सम्वर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नको लागि नेपालको संविधानको धारा २६२ मा व्यवस्था भए बमोजिम मधेशी आयोगको स्थापना गरिएको छ।

मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी सो सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा आयोगबाट तपसिल बमोजिमका गतिविधिहरु सञ्चालन गरियो।

## २.१. हक हितको संरक्षण

### २.१.१. उजुरी

मधेशी आयोग ऐन, २०७४ को दफा ७ मा आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। सो दफाको उपदफा (ठ) मा मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने व्यवस्था रहेको छ। आर्थिक वर्ष २०८२/८३ मा विभिन्न माध्यमबाट प्राप्त भएको पत्र, व्यक्ति, टेलिफोन, विभिन्न संस्थाहरु, सामाजिक सञ्जाल, मौखिक र विद्युतीय माध्यमबाट कुल २२ वटा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा उजुरीहरु प्राप्त भएका छन्। आयोगमा प्राप्त हुन आएका उजुरीहरु विभिन्न माध्यमबाट संकलन गर्ने, दर्ता गर्ने, आवश्यक छलफल गर्नुपरेमा आयोगको बैठक बसी छलफल गर्ने र उजुरीको कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने कार्य सम्पन्न भएको छ। यस सम्बन्धी विस्तृत विवरण यस प्रतिवेदनको उजुरी सहितको वर्गीकरण अनुसूची-२ मा उल्लेख गरिएको छ।

### २.१.२. अनुगमनका कार्यक्रमहरु

मधेशी आयोग ऐन, २०७४ मा भएको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था अनुसार मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी सो सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्न आयोगबाट विभिन्न समयमा पूर्व मेची देखी पश्चिम महाकालीसम्म अनुगमनात्मक कार्य सम्पन्न भएको छ। मधेशी

समुदायको जनजिविकाका सवाल र मधेशी समुदायको समग्र अवस्थाको अनुगमन गर्ने क्रममा विभिन्न धारणाहरु प्राप्त गरी ती विषयहरुलाई आयोगले गम्भिरतापूर्वक मनन गरी सम्बन्धित निकायमा समस्या समाधानको लागि सिफारिस गर्ने गरेको छ।

आयोगको ऐनको दफा ७ (च) अनुसार मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणका लागि आवश्यक अनुगमन गरी सम्बन्धित निकायमा सिफारिस गर्ने हेतुले प्रदेशगत रुपमा विभिन्न जिल्लाहरुको अनुगमन भएको थियो। चुरे संरक्षण, शैक्षिक संस्थाहरुको सशक्तीकरण सम्बन्धी कार्य भएको, विभिन्न जिल्लाहरुमा उत्पन्न शान्ति सुरक्षा सम्बन्धी समस्या समाधानार्थ गरिएका स्थलगत कार्य, महिला हिंसा र दाइजोको कारण उत्पन्न समस्याहरुको बारेमा, थर सूचीकरणमा जातजातिको पहिचान सम्बन्धी समस्या, राज्यमा पहुँच नभएका समुदायमा हुने विभिन्न समस्याहरुको बारेमा अनुगमन गरिएको थियो। त्यसैगरी मधेशी समुदायको राज्यमा पहुँचको अवस्थामा अझ प्रभावकारी सुधार हुनुपर्ने देखिएको जातीय, धार्मिक तथा साम्प्रदायिक विवादहरुको यथार्थपरक जानकारीको लागि कार्यको प्राप्त गर्ने कार्य, साथै आयोगमा दर्ता भएका उजुरीहरु माथि सत्य तथ्य बुझ्ने गरी आयोगबाट अनुगमन भएको थियो। अति विपन्न र विपन्न समुदायको पारस्परिक सीप, सम्बर्द्धनको अवस्थाको जानकारी प्राप्त गरिने कार्य, हिमाल, पहाड र तराई मधेशका धार्मिक तथा पर्यटकीय स्थलहरुको माध्यमबाट आय आर्जनलाई प्रत्यक्ष प्रभावकारी बनाउने सम्बन्धी कार्यहरु, सामुदायिक तथा सांस्कृतिक सम्बन्ध अभिवृद्धि गर्ने हेतुले जनस्तरमै गरिएका कार्य, सो को आधारमा आयोगबाट आवश्यक छानबिन गरी कारबाही गर्नुपर्ने विषयमा सम्बन्धित निकायमा सिफारिस गरी पठाइएको थियो। आयोगबाट भएको अनुगमन सम्बन्धी विवरण अनुसूची-४ मा उल्लेख गरिएको छ।

## २.२. अधिकार प्रर्वद्धन तथा सशक्तीकरण

### २.२.१. बार्षिक प्रतिवेदन प्रकाशन

यस आयोगले आफुले गरेको काम कारबाहीको पहिलो, दोस्रो, तेस्रो, चौंथो, पाँचौं, छैठौ र सातौं वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरिसकेको छ।

संविधानको धारा २९४(२) अनुसार कोशी प्रदेश, मधेश प्रदेश, वागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बीनी प्रदेश र सुदुरपश्चिम प्रदेशका माननीय प्रदेश प्रमुखज्यूहरु समक्ष आयोगको सातौं वार्षिक प्रतिवेदन पेश भएको छ।

### २.२.२. मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम

आजको मानव समाज निहित स्वार्थ, लोभ, क्रोध, झगडा, असहिष्णुता, साम्प्रदायिकता, भाषागत, सामाजिक, धार्मिक तथा जातिय विभेद जस्ता साँघुरो सोचवाट गुज्रिरहेको छ। यस्तो सोचवाट ग्रसित हाम्रो समाजलाई सकारात्मक रुपान्तरण गर्नु एउटा चुनौती हाम्रो लागि रहेको छ।

नैतिक शिक्षाको माध्यमवाट असल व्यक्ति, असल समाज र असल चरित्रको निर्माण तथा व्यक्तिको आफ्नो क्षमता, व्यवहार, उद्देश्य, समाजप्रतिको अवधारणा सम्बन्धी सोंचको विकास तथा क्षमताहरुको अभिबृद्धिका साथै मानिसलाई नैतिकवान बनाउन मद्दत पुर्याउँदछ। मानिस नैतिक रुपमा सफा हुनु पर्दछ, जसले समाजलाई सकारात्मक तरिकावाट अगाडि बढाउदै व्यक्तिमा सदाचार, विनम्रता, सदभाव, प्रेमभाव, श्रद्धा, परोपकार जस्ता सकारात्मक पक्षले स्थान पाउँदछन्। परिवार, समाज र मुलुकलाई सहि गति र सहि दिशानिर्देश प्रदान गर्न र सामाजिक व्यवहार सुधार गर्दै नैतिकवान समाज निर्माण गर्न नैतिक शिक्षालाई अनिवार्य विषयको रुपमा पाठ्यक्रममा समावेश गर्नुपर्ने आवश्यकता बोध गरी मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षाको लागि मधेश प्रदेशको वारा जिल्लाको कलैया, कोशी प्रदेशको मोरङ्ग जिल्लाको सुनवर्षि नगरपालिका, मधेश प्रदेशको धनुषा जिल्लाको जनकपुरधाममा संचालन गरिएको थियो। यसबाट लक्षित वर्गका लागि फलदायी परिणाम देखिएको छ। उक्त कार्यक्रम संचालनको क्रममा सहभागीहरुबाट प्राप्त हुन आएका सुझावहरु निम्नानुसार लिपिबद्ध गरिएको छ। साथै यस सम्बन्धी कार्यक्रमहरु प्रदेशगत रुपमा राखिएको छ।

**सुझावहरुः**

१. मानवजीवनलाई सामाजिक कु-संस्कार कुरीति र अन्धविश्वासबाट उज्यालो दिशातिर उन्मुख गराउनुपर्ने हुँदा विद्यालयको पाठ्यक्रममा समावेश गर्नुपर्ने।
२. समाज र राष्ट्रको विकासका लागि व्यक्तिगत सदाचार, स्वाबलम्बीले ठूलो भूमिका खेलेको हुन्छ भन्ने कुरामा जोड दिएको हुँदा नैतिक शिक्षा कार्यक्रम अझ बढी प्रभावकारी रुपले संचालन हुनुपर्ने।
३. नैतिक शिक्षाको माध्यमबाट समग्र मानव जीवनमा वात्सल्य र माधुर्य भाव, समत्वको उर्द्धगमनतिरको यथार्थता प्राप्त हुने हुँदा नैतिक शिक्षाको उन्नयनमा सरकारले प्रभावकारी भूमिका खेल्नुपर्ने।

४. समाजमा रहेका राम्रा पक्षलाई प्रेरित गर्न यसले महत्वपूर्ण भूमिका खेल्नुपर्ने।

५. व्यक्तिको ब्यबहार, विनम्रता, आदर, संस्कार जस्ता आधारभूत आवश्यक मान्यताहरुमा विशेष जोड दिनुपर्ने। जसवाट वाल—वालिकाहरु भविष्यमा असल र कुशल नागरिक भै देश, समाज र विश्व मै अनुकरणीय उदाहरण बन्न सक्ने।

६. आयोगबाट नै वर्षेनी यस्ता जीवन उपयोगी कार्यक्रमहरु संचालन हुनुपर्ने।

७. सफलतम व्यक्तिहरुलाई समेत अभिमुखीकरणमा सहभागी गराउनुपर्ने।

८. "गाउँघरमा पण्डितजी, मौलाना र भन्सा (अगुवा) हरूको कुरा धेरैले मान्छन्। आयोगले उहाँहरूलाई नै तालिम दिएर मन्दिर र गाउँको भेलामा भ्रष्टाचार, दाइजो, छुवाछुत र भेदभाव गर्नु पाप हो, अनैतिक हो भनेर प्रवचन दिन लगाउनु पर्‍यो। उहाँहरूले बोलेको कुराले छिटो असर गर्छ।"

९. "आजका युवाहरूलाई सही बाटो देखाउन जरुरी छ। युवा क्लबहरू गठन गरेर उनीहरूलाई गाउँको सरसफाइ, वृक्षारोपण, अशक्तलाई सहयोग गर्ने जस्ता सामाजिक काममा लगाउनुपर्ने। जब उनीहरूले आफ्नो समाजप्रति जिम्मेवारी महसुस गर्छन्, तब गलत काम गर्नबाट आफैं रोकिन्छन्।

१०. "यो कार्यक्रम एकपटक गरेर छोड्ने खालको हुनुहुँदैन। यसको निरन्तर अनुगमन हुनुपर्छ। हरेक गाउँबाट केही पढेलेखेका र प्रतिष्ठित युवाहरूलाई 'नैतिकता दूत' (Ethics Ambassador) को रूपमा छानेर उनीहरूलाई आफ्नो समुदायमा यो अभियानलाई जीवित राख्ने जिम्मेवारी दिन सकिन्छ।"

## २.२.३. सशक्तीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम

नेपालको संविधानको भावनाको मूल मर्म अनुसार संवैधानिक निकायको रुपमा स्थापित यस मधेशी आयोगले स्थापनाकाल देखि नै मधेश र मधेशी जनताको हित र रक्षाको निम्ति कार्य गर्दै आईरहेको छ। नेपाल बहुजातिक, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषतायुक्त बहुलतामा आधारित मुलुक भएकोले राजनीतिक आर्थिक, सामाजिक, सांस्कृतिक र प्रशासनिक आदि आयामहरुमा बहिष्करणमा परेका र पारिएका वर्ग, क्षेत्र, लिङ्ग, समुदाय जातजातीलाई शासन विकास र सेवा प्रवाहमा मूलप्रवाहिकरण गरी समावेशी र अपनत्व सहितको राज्य स्थापना गर्ने गरी समावेशीकरण अभ्यास अवलम्वन गरिएको छ। यस सन्दर्भमा मधेशी जनताको हकहित रक्षा गर्न क्षमता विकास सशक्तीकरण गरी प्रशासनिक एवम राजनीतिक प्रक्रियामा पहुँच स्थापना गर्ने एवम मधेश र मधेशी समुदायको सर्वाङ्गिण विकासमा टेवा

पुर्याउनका लागि आयोगले वार्षिक विकास कार्यक्रम अन्तर्गत क्षमता विकास र सशक्तीकरणका लागि कार्य गर्दै आईरहेको छ। यसै अन्तर्गत मधेशी आयोग ऐन, २०७४ को दफा ७ को उपदफा (झ) मा व्यवस्था भए बमोजिम मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम संचालन गर्नलाई आयोगद्वारा अध्ययन गरिएका मधेशी समुदायभित्र आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका अति विपन्न र विपन्न वर्गका नागरिकलाई सशक्तीकरण, रुपान्तरण, सचेतीकरण, संचारीकरण, प्रसारीकरणका माध्यमबाट मुलधारमा ल्याउने ध्येयले मधेश प्रदेशको सिराहा जिल्लाको सिराहा, लुम्विनी प्रदेशको बाँके जिल्लाको नेपालगंज, मधेश प्रदेशको सप्तरी जिल्लाको सप्तकोशी न.पा, कोशी प्रदेशको मोरङ्ग जिल्लाको धनपाल गाउँपालिका, सुदुरपश्चिम प्रदेशको कन्चनपुर जिल्लाको महेन्द्रनगर, कोशी प्रदेशको मोरङ्ग जिल्लाको विराटनगर, मधेश प्रदेशको सप्तरी जिल्लाको राजगढ र सखडामा, वागमती प्रदेशको मकवानपुरको हेटौडा, गण्डकी प्रदेशको तनँहु जिल्लाको दमौलीमा सम्पन्न गरिएको छ।

**प्राप्त सुझावहरुः-**

१. लोक सेवा तयारी कक्षा संचालन तीनै तहको सहकार्य, समन्वयमा प्रभावकारी र फलदायी हुनुपर्ने।
२. लोकसेवा तयारी कक्षा अत्यन्त फलदायी भएकोले यस्ता कार्यक्रमलाई सघनतापूर्वक निरन्तरता प्रदान गर्नुपर्ने।
३. "शहरमा गएर लोकसेवाको तयारी गर्न धेरै खर्च लाग्ने भएकोले आयोगले हरेक पालिका वा वडास्तरमा कम्तीमा हप्ताको केही दिन निःशुल्क तयारी कक्षा चलाउनुपर्ने। त्यहाँ पढाउनका लागि लोकसेवा पास गरेका स्थानीय युवा वा अनुभवी शिक्षकहरूलाई नै बोलाउँदा अझै राम्रो हुन्छ।"
४. सीमित बजेटबाट लोकसेवा तयारी कक्षा संचालन गर्नु पर्ने अवस्थामा आर्थिक रुपले विपन्न मधेशी समुदायका विद्यार्थीलाई समावेश गर्नु उपयुक्त हुने।
५. ग्रामिण भेगमा पनि शहर जस्तो लोकसेवा तयारी कक्षाका संस्थाहरु हुनुपर्ने।
६. सफल निजामती कर्मचारीहरुको "जीवन" सम्बन्धमा प्रत्यक्ष वा अप्रत्यक्ष विचार सम्प्रेषण हुनुपर्ने।
७. एक-दुई दिनको कार्यक्रम गरेर मात्र पुग्दैन। आयोगले तयारी गरिरहेका युवायुवतीहरूको एउटा अनलाइन समूह (जस्तैः WhatsApp/Facebook Group)

बनाइदिनुपर्ने, जहाँ उनीहरूले एक आपसमा छलफल गर्न, नयाँ जानकारी साट्न र एकअर्कालाई सहयोग गर्न सकून्। आयोगले पनि बेलाबेलामा त्यो समूहमा विज्ञहरू पठाएर सहयोग गर्नुपर्छ।"

८. सरकारी सेवामा पहुँच सम्बन्धी नागरिक समाज, बुद्धिजिवी लगायतको संचारमाध्यमसँग प्रचार-प्रसार, अन्तरक्रिया, गोष्ठी जस्ता कार्यक्रमहरु संचालन गर्नुपर्ने।

९. महिलालाई चुलो-चौकोमा मात्र सीमित नराखी गाउँ-समाजको निर्णय प्रक्रियामा सहभागी गराउनुपर्ने। महिला समूह गठन गरेर उनीहरूलाई बोल्न, आफ्नो कुरा राख्न र नेतृत्व गर्न सिकाउनुपर्ने। घरेलु हिंसा भएमा कहाँ उजुरी गर्ने, कसलाई भन्नेबारे विशेष जानकारी दिनुपर्छ।"

१०. "धेरैलाई त कुन पदका लागि के पढ्ने, पाठ्यक्रम कस्तो हुन्छ, प्रश्न कसरी सोधिन्छ भन्ने नै थाहा हुँदैन। आयोगले संघ, प्रदेश र स्थानीय तहको पाठ्यक्रम, परीक्षाको ढाँचा (लिखित, अन्तर्वार्ता), र अंक विभाजनबारे एकदमै सरल तरिकाले बुझाइदिनुपर्छ।"

## २.२.४. नेपालमा मधेशी समुदायका भाषा, लिपि, धर्म र संस्कृतिको संरक्षण

नेपालका मधेशी समुदायका भाषा, लिपि, धर्म र संस्कृतिको ऐतिहासिक विकास, वर्तमान अवस्था र संरक्षणका विविध पक्षहरूमा केन्द्रित रहेको छ। यो अनुसन्धान मुख्यतः दुई अध्यायमा विभाजित गरी तयार पारिएको छ। पहिलो अध्यायमा तराई मधेशमा बोलिने मैथिली, भोजपुरी, अवधी र बज्जिका जस्ता भाषाहरू तथा तिनका मौलिक लिपिहरूको ऐतिहासिक, वैचारिक र सैद्धान्तिक आधार प्रस्तुत गर्दै संरक्षणको आवश्यकतालाई जोड दिइएको छ। उत्तर भारतीय प्राकृत र अपभ्रंश परम्पराबाट विकसित यी भाषाहरूले मध्यकालदेखि नै साहित्य, दर्शन र लोकसंस्कृतिमा ठूलो योगदान पुऱ्याएका छन्। वि.सं. २०७८ को जनगणना अनुसार तराई मधेशमा करिब ६२ मातृभाषाहरू बोलिन्छन्, जसमा मैथिली (४१.७%), भोजपुरी (१८.८%), बज्जिका (१८.४%), नेपाली (५.८%), र मगही (३.५%) प्रमुख छन्। मधेशी समाजमा दैनिक जीवनमा एकभन्दा बढी भाषा प्रयोग हुने 'कार्यात्मक बहुभाषिकता' (Functional Multilingualism) र 'कोड-स्विचिङ' सामान्य अभ्यासका रूपमा रहेको छ। ऐतिहासिक रूपमा मैथिली भाषा 'तिरहुता' (मिथिलाक्षर) लिपिमा र प्रशासनिक कार्यहरू 'कैथी' लिपिमा गरिन्थे। तर आधुनिक शिक्षा र देवनागरी लिपिको संस्थागत विस्तारका कारण यी मौलिक लिपिहरू ओझेलमा परेका छन्। विश्वव्यापीकरण, शहरीकरण, बसाइँसराइ तथा शिक्षा र प्रशासनमा नेपाली र अङ्ग्रेजीको प्रभुत्वले मातृभाषाको अन्तरपुस्तीय हस्तान्तरण कमजोर भई 'भाषा

परिवर्तन' (language shift) को जोखिम बढाएको छ। संवैधानिक रूपमा बहुभाषिक अधिकार भए पनि व्यवहारमा कार्यान्वयन फितलो रहेकाले युनिकोड र डिजिटल प्रविधिको प्रयोग बढाउँदै मातृभाषामा शिक्षा र सरकारी नीतिमा सुधार गरी भाषा र लिपिको पुनर्जीवन गर्नुपर्ने आवश्यकता औंल्याइएको छ।

दोस्रो अध्यायमा नेपालका मधेशी समुदायमा धर्म र संस्कृतिको संरक्षणबारे विस्तृत विश्लेषण गरिएको छ। तराई-मधेशको धार्मिक तथा सांस्कृतिक जीवन उत्तर भारतीय इन्डो-गङ्गेटिक सभ्यतासँग घनिष्ठ रूपमा जोडिएको छ। यहाँ हिन्दू धर्म मुख्य धार्मिक परम्परा भए पनि बौद्ध र स्थानीय लोकविश्वासहरू ऐतिहासिक रूपमा सहअस्तित्वमा रहेका छन्। जनकपुरधाम, गढीमाई र सिम्रौनगढ जस्ता धार्मिक स्थलहरू तथा छठ, विवाहपञ्चमी, रामनवमी, जितिया, चौरचन र होली जस्ता पर्वहरूले आध्यात्मिक आस्थाका साथै सामाजिक सद्भाव, पारिवारिक सम्बन्ध र लोककलाको संरक्षणमा महत्त्वपूर्ण भूमिका खेलेका छन्। विशेष गरी छठ पर्वले प्रकृतिप्रति श्रद्धा र सामाजिक ऐक्यबद्धताको उत्कृष्ट उदाहरण प्रस्तुत गर्दछ। तर वर्तमान समयमा तीव्र आधुनिकीकरण, वैदेशिक रोजगारी, बसाईंसराइ, एकल परिवारको विस्तार र प्रविधिको प्रभावका कारण युवा पुस्ता परम्परागत धार्मिक-सांस्कृतिक अभ्यास र मौखिक ज्ञान प्रणालीबाट टाढिँदै जाँदा 'सांस्कृतिक क्षय' (Cultural Assimilation) को चुनौती थपिएको छ। साथै मन्दिर र पोखरी जस्ता भौतिक सम्पदाहरू ओझेलमा पर्दै गएका छन्। त्यसैले मूर्त (Tangible) र अमूर्त (Intangible) दुवै सम्पदाको एकीकृत संरक्षण, डिजिटल अभिलेखीकरण, स्थानीय पाठ्यक्रममा सांस्कृतिक शिक्षा, गुठी तथा स्थानीय समितिको सशक्तीकरण र राज्य-समुदायको सहकार्यबाट तराई मधेशको समृद्ध बहुलवादी सम्पदालाई भावी पुस्तासम्म सुरक्षित हस्तान्तरण गर्न सकिने निष्कर्ष निकालिएको छ।

(**नेपालमा मधेशी समुदायका भाषा, लिपि, धर्म र संस्कृतिको संरक्षण** सम्बन्धी विस्तृत विवरण अनुसूची ५ (१) मा दिइएको छ)

## २.२.५. मधेशी समुदायमा रहेको अवधी लोकवार्ताको अध्ययन

प्रस्तुत अध्ययन मधेशी समुदाय अन्तर्गतको अवधी लोकवार्ता (Awadhi Folklore), यसको पृष्ठभूमि, अध्ययनका उद्देश्यहरू, शोधविधि, प्रमुख प्राप्तिहरू तथा निष्कर्ष एवम् सुझावहरूमा केन्द्रित रहेको छ। लोकसमाजमा मौखिक तथा दृश्य र श्रव्य माध्यमबाट हस्तान्तरण हुँदै आएका ज्ञान, अनुभव र अनुभूति नै लोकवार्ता हुन्। युनेस्कोको अमूर्त सांस्कृतिक सम्पदा

संरक्षण सम्बन्धी महासन्धि र नेपाल सरकारको राष्ट्रिय सांस्कृतिक नीति अनुसार लोकवार्ता देशको जातीय, भाषिक, ऐतिहासिक र सांस्कृतिक पहिचान कायम गर्ने आधारभूत तत्त्व हो। यही महत्त्वलाई ध्यानमा राखी अवधी लोकवार्ताको समग्र स्वरूपलाई लिपिबद्ध गर्दै संरक्षण, संवर्धन र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा स्थापित गराउने उद्देश्यका साथ यो अध्ययन तयार पारिएको हो। यस अध्ययनमा वर्णनात्मक र अन्वेषणात्मक दुवै शोधविधिको प्रयोग गर्दै प्रश्नावली, अन्तर्वार्ता, प्रत्यक्ष अवलोकन तथा ऐतिहासिक दस्तावेजहरूको अध्ययन गरी प्राथमिक र द्वितीयक स्रोतबाट आवश्यक सामग्रीहरू सङ्कलन गरिएको छ।

अध्ययनको निष्कर्ष अनुसार अवधी लोकसमाज गङ्गा-यमुनी संस्कृतिमा आधारित र मुख्य रूपमा भारोपेली भाषिक परिवारसँग सम्बन्धित बहुजातीय तथा एकभाषिक समाज हो। यसको ऐतिहासिक पृष्ठभूमि प्राचीन कोशल राज्य, शाक्य गणराज्य र कोलिय गणराज्यसँग जोडिएको छ। अवधी भाषाको विकास वैदिक, पाली, कोशेली प्राकृत र कोशेली अपभ्रंश हुँदै भएको हो। वि.सं. २०७८ को राष्ट्रिय जनगणना अनुसार नेपालमा कुल अवधी भाषा बोल्नेको जनसङ्ख्या ८,७४,२७६ (२.९६ प्रतिशत) रहेको छ। नेपालमा यसको मुख्य बसोबास लुम्बिनी प्रदेशका रूपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दिया लगायतका जिल्लाहरूमा रहेको छ। भाषा आयोगले अवधी भाषालाई लुम्बिनी प्रदेशमा सरकारी कामकाजको भाषाका रूपमा लागू गर्न सिफारिश गरिसकेको छ भने विश्व भाषा सूचीमा अवधी भाषा २९ औं स्थानमा पर्दछ। पुरातात्त्विक तथा धार्मिक दृष्टिले यो क्षेत्र अत्यन्त महत्त्वपूर्ण छ, जहाँ भगवान् बुद्धको जन्मथलो लुम्बिनी, प्राचीन राजधानी तिलौराकोट, कुदान, निग्लिहवा, गोटीहवा, रामग्राम, ताउलेश्वर महादेव मन्दिर र बागेश्वरी मन्दिर जस्ता ऐतिहासिक स्थलहरू रहेका छन्।

अवधी लोकजीवन परम्परागत कृषि र जातीय पेसामा आधारित छ। यद्यपि आधुनिकतासँगै कुम्हाल, बढई, लोहार जस्ता परम्परागत पेसा, पुराना खपरैल तथा फुसका घरहरू र घरेलु उपचारका परम्परागत विधिहरू बिस्तारै सङ्कटमा पर्दै गएका छन्। यस समाजमा जन्मदेखि मृत्युसम्म गरिने सोह्र वटा संस्कारहरू र अनेकौं पर्वहरू (जस्तै कजरी, नागपञ्चमी/गुडिया, रक्षाबन्धन, फागुवा, खिचडी आदि) धूमधामका साथ मनाइन्छ। अवधी लोकसाहित्य गद्य र पद्य दुवै विधामा समृद्ध छ; जसमा सोहर, कजरी, फागुवा जस्ता लोकगीत, अल्हा र सती जस्ता लोकगाथा, तथा रामलीला र स्वाङ जस्ता लोकनाटकहरू प्रचलित छन्। त्यसैगरी भित्तेचित्र, गोदना, मेहेन्दी र सिस्की/मूँज कला जस्ता लोकचित्रकला यस समाजका मौलिक पहिचान हुन्। निष्कर्षतः, अवधी लोकवार्ताका कतिपय सूचकहरू (जस्तै ढपला र हड्का बाजा,

परम्परागत अस्त्रशस्त्र र लोकनाटक) लोप हुने अवस्थामा पुगेकाले यिनको डिजिटल अभिलेखीकरण, मातृभाषामा प्रारम्भिक शिक्षाको व्यवस्था, स्थानीय तहमा लोकसाहित्य महोत्सवको आयोजना तथा धार्मिक पर्यटनलाई सांस्कृतिक पर्यटनसँग जोडेर यसको मौलिकता र गरिमा बचाउनु अत्यावश्यक देखिन्छ।

(**मधेशी समुदायमा रहेको अवधी लोकवार्ताको अध्ययन** सम्बन्धी विस्तृत विवरण अनुसूची ५ (२) मा दिइएको छ)

## २.२.६. मधेशी आयोगको सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया

### सरोकारवालाहरुसँगको वैठक

| सि.नं. | मिति | कार्यक्रमको नाम |
|---|---|---|
| १ | २०८२ असोज २७ | शुभ दिपावली, सुक्राति, नेपाल संवत ११४६ र छठ पर्वको शुभकामना आदाप्रदान |
| २ | २०८२ कात्तिक १९ | २०८२ सालमा मधेशी समुदायबाट नवनियुक्त उपसचिव र न्याय सेवाका शाखा अधिकृतहरुको सम्मान कार्यक्रम |
| ३ | २०८२ मंसिर २२ | Visit of UN Human Rights Council Special Rapporteur Prof. Nicholas Levrat सहितको टिम र मधेशी आयोगबीच छलफल |
| ४ | २०८२ पुस २५ | तराई मधेशमा बढ्दै गइरहेको अध्याधिक चिसो र शितलहर सम्बन्धमा सरोकारवालाहरुसँग छलफल |
| ५ | २०८२ माघ २९ | राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य मनोज दुवाडी र मधेशी आयोगबीच नेपालको संविधान संशोधन सम्बन्धमा छलफल |
| ६ | २०८२ बैशाख १४ | सय रुपैयाको मालसामानमा भन्सार तिर्नुपर्दा उत्पन्न समस्याको सम्बन्धमा सरोकारवालहरुसँग छलफल |
| ७ | २०८२ असार २२ | मधेशी समुदायका नवनियुक्त शाखा अधिकृतहरुको सम्मान कार्यक्रम |

## मधेशी आयोग र सरोकारवालहरुसँगको बैठकको फोटोहरु













UN Human Rights Council Special Rapporteur Prof. Nicholas Levrat सहितको टिम र मधेशी आयोगबीच छलफल






तराई मधेशमा बढ्दै गइरहेको अध्याधिक चिसो र शितलहर सम्बन्धमा सरोकारवालाहरुसँग छलफल







२०८२ सालमा मधेशी समुदायबाट नवनियुक्त उपसचिव र न्याय सेवाका शाखा अधिकृतहरुको सम्मान कार्यक्रम




सय रुपैयाको मालसामानमा भन्सार तिर्नुपर्दा उत्पन्न समस्याको सम्बन्धमा सरोकारवालहरुसँग छलफल

## २.३. आयोगका गतिविधिहरु

### २.३.१. आयोगको बैठकका निर्णयहरु

संविधानको धारा २६२ अनुसार संबैधानिक निकायको रुपमा स्थापित यस आयोगले आफ्नो काम कारबाही सुचारु गर्न अपेक्षित नतिजा र उद्देश्य प्राप्त गर्न, विवादित विषयवस्तुहरुको निक्यौल गर्न, सरोकारवालाबीच समन्वय गर्न, समस्याहरुलाई छिटो छरितो तवरबाट समाधान गर्ने क्रममा यस प्रतिवेदन अवधिमा विभिन्न मितिमा १७ (सत्र) वटा आयोगको बैठक बसी विभिन्न विषयमा निर्णय गरेको छ। आयोगको बैठकको निर्णयहरु सम्बन्धमा अनुसूची - ६ मा उल्लेख गरिएको छ।

### २.३.२. आयोगको प्रेस विज्ञप्ति

मधेशी आयोग ऐन, २०७४ को कार्यक्षेत्र भित्र रही मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन, सशक्तीकरण, नीतिगत, कानुनी र संस्थागत सुधारका विषय, मधेशी समुदायभित्रका भाषा, लिपी, संस्कृति, ईतिहास, परम्परा, साहित्य, कलाको संरक्षण, विकासका साथै विभिन्न समयमा सिर्जित समस्याहरुको समाधानका लागि सरकारको भूमिकालाई प्रभावकारी र जनमुखी बनाई दवाव सिर्जना गर्न आयोगले यस प्रतिवेदन अवधिमा विभिन्न मितिमा १४ (चौध) वटा प्रेस विज्ञप्ति जारी गरेको छ। उक्त प्रेस विज्ञप्ती सम्बन्धमा अनुसूची - ७ मा उल्लेख गरिएको छ।

# परिच्छेद ३

## ३.१. सुझाव तथा सिफारिस

### ३.१.१. आयोगको तर्फबाट प्रस्तुत गरिएको सुझाव तथा सिफारिसहरु :-

मधेशी आयोग ऐन, २०७४ को दफा ७ को (झ) र (ञ) लाई विशेष सम्बोधन गर्दै नेपाल सरकारलाई देहाय बमोजिमका सुझावहरु पेश गरिएका छन्।

**सिफारिसहरुः**

**१. खानेपानी संकट तथा जलाधार संरक्षण**

तराई-मधेशमा अनियन्त्रित चुरे दोहन र वन विनाशका कारण भूजलको सतह तीव्र रूपमा घट्दै गई खानेपानीको गम्भीर संकट सिर्जना भएको छ। यसको दिगो समाधानका लागि चुरे क्षेत्रको प्राकृतिक पुनर्भरण (Recharge) क्षमता पुनर्स्थापित गर्न कडा संरक्षण नीति र जलाधार संरक्षण कार्यक्रम तत्काल लागू गरिनुपर्छ। चापाकलको पानीमा आर्सेनिकको जोखिम उच्च रहेकाले डिप बोरिङमार्फत निकालिएको पानीलाई प्रशोधन गरी घर-घरमा पुऱ्याउने **"तराई-मधेश खानेपानी सुधार कार्यक्रम"** लाई तीव्रता दिनुपर्छ। हरेक घर र समुदायमा अनिवार्य रूपमा वर्षाजल संकलन (Water Harvesting) र भू-जल पुनर्भरण प्रणाली प्रवर्द्धन गरिनुपर्छ। साथै, शुद्ध खानेपानीको वैकल्पिक स्रोत पहिचान गरी पर्याप्त बजेट विनियोजन गर्न र स्थानीय तह, समुदाय तथा सम्बन्धित निकायबीच समन्वयात्मक कार्य संस्कृति विकास गर्नुपर्ने देखिन्छ ।

**२. कृषि प्रणाली सुदृढीकरण, रासायनिक मल व्यवस्थापन तथा सिँचाइ प्रवर्द्धन**

तराई-मधेशको प्रमुख आर्थिक आधार मानिने कृषि क्षेत्रमा समयमै रासायनिक मल, उन्नत बीउ र बाह्रै महिना सिँचाइको अभाव हुँदा बाली उत्पादनमा भारी ह्रास आई कृषकहरू गम्भीर आर्थिक संकटमा परेका छन्। यसको दिगो समाधानका लागि बाली लगाउने मुख्य सिजनअघि नै स्थानीय तहमार्फत **मलको पूर्वभण्डारण र पारदर्शी वितरण प्रणाली** लागू गरिनुपर्छ। बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउन सुनकोशी-मरिन जस्ता डाइभर्सन आयोजनाहरूको शीघ्र सम्पन्नता, कृषि विद्युतीकरणमा विशेष छुट र डिप-बोरिङ तथा थोपा सिँचाइ प्रणालीमा व्यापक अनुदान दिनुपर्छ। साथै, भारतीय सीमावर्ती क्षेत्रमा हुने अवैध र गुणस्तरहीन बीउ-मलको आयात रोक्न कडा अनुगमन गर्दै स्थानीय तहमा 'कृषि एम्बुलेन्स' र

सुलभ कृषि ऋणको व्यवस्था गरी कृषकको मनोबल उच्च राख्न नेपाल सरकारसमक्ष सिफारिस गरिन्छ।

### ३. बाढी, डुबान र नदी कटान सम्बन्धमा

तराई मधेशमा प्रत्येक वर्ष हुने बाढी, डुबान तथा नदी कटानबाट हुने जनधनको क्षति न्यूनीकरण गर्न दीर्घकालीन नदी व्यवस्थापन तथा वैज्ञानिक तटबन्ध निर्माणलाई उच्च प्राथमिकता दिन नेपाल सरकारलाई सिफारिस गर्दछ। बाढी पूर्वसूचना प्रणाली, विपद् जोखिम न्यूनीकरण तथा उद्धार क्षमताको सुदृढीकरण गरिनु आवश्यक छ। उच्च जोखिमयुक्त बस्तीहरूको संरक्षण, सुरक्षित पुनर्स्थापना तथा पर्याप्त बजेट व्यवस्थासहित संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय कायम गर्नु आवश्यक देखिन्छ ।

### ४. धार्मिक साम्प्रदायिक हिंसा नियन्त्रण तथा सामाजिक सद्भाव प्रवर्द्धन

तराई-मधेशमा चाडपर्वका समयमा विभिन्न धार्मिक समुदायहरुबीच हुने साम्प्रदायिक झडप रोक्न धार्मिक अगुवासहितको **"अन्तर-धार्मिक एवम् सामाजिक सद्भाव समिति"** गठन गरिनुपर्छ। धार्मिक जुलुस वा र्‍याली निकाल्दा स्थानीय प्रशासनबाट मार्ग (Route) र समयको पूर्व-स्वीकृति लिने व्यवस्था मिलाउनुपर्छ। साम्प्रदायिक उत्तेजना फैलाउने सामाजिक सञ्जालमा घृणास्पद अभिव्यक्ति (Hate Speech) फैलाउनेमाथि कडा अनुगमन र कानुनी कारबाही हुनुपर्छ। संवेदनशील क्षेत्रमा 'क्विक रेस्पोन्स टिम' (QRT) परिचालन गरी हिंसामा संलग्न दोषीलाई राजनीतिक संरक्षणबिना कडा कारबाही गर्नुपर्छ ।

### ५. डिजिटल हिंसा तथा साइबर अपराध नियन्त्रण

तराई-मधेशमा सामाजिक सञ्जालको दुरुपयोग, अनलाइन ठगी, ब्ल्याकमेलिङ, साइबर बुलिङ र गालीगलौज जस्ता डिजिटल हिंसाका घटनाहरू तीव्र रूपमा बढ्दा विशेष गरी महिला, बालबालिका र किशोरीहरू गम्भीर मानसिक तथा सामाजिक मारमा परेका छन्। यसको समाधानका लागि तराई-मधेशका स्थानीय तहसम्म साइबर सुरक्षा र डिजिटल साक्षरता सम्बन्धी सचेतना अभियान चलाउनु आवश्यक छ। साथै, पीडितहरूको सहज पहुँचका लागि विशेष साइबर डेस्क स्थापना गरिनुपर्छ। यस्ता घटनाका दोषीलाई कडा कानुनी कारबाहीको दायरामा ल्याई पीडितलाई निःशुल्क कानुनी तथा मनोवैज्ञानिक परामर्श सेवा उपलब्ध गराउनुपर्छ ।

## ६. मिटरब्याज (गैरकानूनी लेनदेन) पीडितको समस्या समाधान

तराई-मधेशका भूमिहीन, किसान र विपन्न नागरिकहरू गैरकानूनी रुपमा स्थानीय साहु-महाजनको मिटरब्याजको सञ्जालमा फसेर जायजेथा गुमाउनुका साथै विस्थापित हुन बाध्य छन्। यस समस्याको दिगो समाधानका लागि मिटरब्याजीहरूमाथि कडा कानुनी कारबाही गर्दै साहुहरूबाट गैरकानूनी रुपमा हडपिएका जग्गा जमिन वास्तविक धनीलाई फिर्ता गराउने व्यवस्था मिलाउनुपर्छ। साथै, गरिब तथा किसानहरूलाई मिटरब्याजीको भर पर्नुपर्ने बाध्यता अन्त्य गर्न बैङ्किङ प्रणालीबाट विना धितो समेत सरकारी वा स्थानीय तहको संलग्नतामा सहज र सरल रुपमा सहुलियतपूर्ण ऋणको व्यवस्था गर्न नेपाल सरकार समक्ष सिफारिस गरिन्छ।

## ७. हुलाकी राजमार्ग तथा स्थानीय सडकमा हुने सडक दुर्घटना नियन्त्रण

हुलाकी राजमार्ग तथा तराईका भित्री सडकहरूको विस्तार भएसँगै तीव्र गति, अनियन्त्रित सवारी साधन, सडक मापदण्डको अभाव, लागुऔषध तथा मादक पदार्थ सेवन गरी सवारी चलाउने र जनचेतनाको कमीका कारण सडक दुर्घटनामा ज्यान गुमाउनेको संख्या भयावह बन्दै गएको छ। यस समस्यालाई सम्बोधन गर्न प्रविधियुक्त राडार गन (Radar Speed Gun) र ब्रेथलाइजर (Breathalyzer), सडकहरूमा आवश्यकता अनुसार स्पिड ब्रेकर, सडकको गुणस्तर, ट्राफिक संकेत र पर्याप्त सडक बत्तीको व्यवस्था गरिनुपर्छ। साथै, ट्राफिक प्रहरीको उपस्थिति बढाई र छडके निरीक्षणलाई प्रभावकारी बनाई सडक सुरक्षा सम्बन्धी जनचेतना फैलाउन र आपत्कालीन ट्रमा सेन्टरहरूको स्थापना गर्न नेपाल सरकार समक्ष सिफारिस गर्दछ ।

## ८. सीमावर्ती तस्करी, अवैध ओसारपसार र राजस्व चुहावट नियन्त्रण

नेपाल-भारत खुला सीमाको फाइदा उठाउँदै अवैध मालसामान, खाद्यान्न, र लागूऔषधको तस्करी हुनुका साथै राजस्व चुहावट र स्थानीय व्यवसायीहरू मारमा पर्ने समस्या बढ्दो छ। यसले एकातिर स्वदेशी उत्पादन र बजारलाई धराशायी बनाएको छ भने अर्कोतिर राज्यको राजस्वमा ठूलो घाटा पुऱ्याएको छ। यसलाई रोक्न सीमा नाकाहरूमा सशस्त्र प्रहरी र भन्सार प्रशासनको उपस्थिति थप सुदृढ बनाउनुपर्छ। प्रविधिमा आधारित डिजिटल निगरानी (CCTV र स्क्यानर) जडान गरी अवैध व्यापार नियन्त्रण गर्न र वैध व्यापारलाई सहजीकरण गर्नुपर्ने

देखिन्छ । साथै आवश्यकता अनुसार छोटी भन्सारहरु स्थापना गर्न नेपाल सरकार समक्ष सिफारिस गर्दछ ।

## ९. वैदेशिक रोजगारीका ठगी तथा मृत्यु/अङ्गभङ्ग भएका परिवारको व्यवस्थापन

तराई-मधेशका युवाहरू वैदेशिक रोजगारीमा जाँदा म्यानपावर कम्पनी र दलालहरूबाट ठगीमा पर्ने, सम्झौता अनुसार काम र तलब नदिने, विदेशमा अलपत्र पार्ने तथा विदेशमा मृत्यु वा अङ्गभङ्ग हुँदा क्षतिपूर्ति पाउन कठिन हुने गरेको छ। यसको लागि प्रत्येक पालिकामा 'वैदेशिक रोजगार परामर्श तथा सहजीकरण केन्द्र' स्थापना गरी सुरक्षित आप्रवासन सम्बन्धी जानकारी दिनुपर्छ। साथै, ठगी गर्ने एजेन्ट वा संस्थालाई कडा कारबाही गर्ने र पीडित तथा तिनका परिवारलाई समयमै राहत, क्षतिपूर्ति र शव ल्याउने कार्यमा विदेश स्थित नेपाली राजदूतावास मार्फत द्रुत सेवा दिने व्यवस्था मिलाउन नेपाल सरकार समक्ष सिफारिस गर्दछ।

## १०. लागूऔषध दुर्व्यसन सम्बन्धमाः

तराई-मधेशमा खुला सीमाको फाइदा उठाउँदै लागूपदार्थको अवैध कारोबार तीव्र रूपमा फैलिरहेको छ, जसका कारण किशोर-किशोरीहरू दिनदहाडै लागूपदार्थ सेवन गर्ने गम्भीर कुलतमा फस्दै गएका छन्। यसले युवा पुस्ताको शारीरिक र मानसिक स्वास्थ्यमा असर पार्नुका साथै एचआईभी (HIV), हेपाटाइटिस जस्ता घातक सरुवा रोगको जोखिम र आपराधिक क्रियाकलाप बढाएको छ। यस विकराल समस्याको दिगो समाधानका लागि सीमा नाकामा कडा निगरानी, विशेष सुराकी (Surveillance) र लागूपदार्थ तस्करीमा संलग्न गिरोहमाथि कडा कानुनी कारबाही गरिनुपर्छ। साथै, विद्यालय तथा समुदायस्तरमा व्यापक जनचेतना फैलाउँदै कुलतमा फसेका किशोर-किशोरीहरूका लागि प्रत्येक जिल्लामा सुविधायुक्त **पुनःस्थापना केन्द्र (Rehabilitation Center)**, निःशुल्क परामर्श र सुई आदानप्रदान सम्बन्धी जोखिम न्यूनीकरण (Harm Reduction) कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ ।

## ११. नागरिकता प्राप्तिमा देखिएका जटिलता

प्रशासनिक झन्झट र कागजी प्रक्रियाका कारण नागरिकताबाट वञ्चित नागरिकहरूलाई सहजीकरण गर्न विशेष घुम्ती टोली परिचालन गरिनुपर्छ। जन्मसिद्ध नागरिकका सन्तानलाई वंशजको नागरिकता प्रदान गर्ने संवैधानिक प्रावधानको प्रभावकारी कार्यान्वयन गरी शिक्षा, रोजगारी र सम्पत्तिको अधिकार सुनिश्चित गरिनुपर्छ।

## १२. समावेशी र गुणस्तरीय शिक्षा

भौतिक पूर्वाधारको विकास, तहगत र विषयगत शिक्षकको दरबन्दी पूर्ति तथा विद्यार्थी-शिक्षक अनुपात सन्तुलित बनाएर शैक्षिक गुणस्तर सुधार्नुपर्छ। मधेशी, दलित तथा सीमान्तकृत समुदायका अभिभावक र बालबालिकालाई शिक्षा सम्बन्धी सचेतना बढाउदै, विद्यालयमा भर्ना गराउन विशेष छात्रवृत्ति योजना लागु गर्ने र मधेशी समुदायको मातृभाषा, लिपी, इतिहास तथा संस्कृतिमा आधारित पाठ्यक्रममा समावेश गरिनुपर्छ।

## १३. स्थानीय स्वास्थ्य पूर्वाधार तथा जनशक्ति सुदृढीकरण

तराई मधेशको प्रत्येक स्थानीय तहमा कम्तीमा एक सुविधासम्पन्न, आधारभूत अस्पताल र वडा स्तरमा दक्ष जनशक्ति तथा आधुनिक उपकरणसहितको स्वास्थ्य चौकी स्थापना गरिनुपर्छ। नागरिकलाई आफ्नै क्षेत्रमा भरपर्दो र गुणस्तरीय स्वास्थ्य सेवा पहुँच सुनिश्चित गर्न कम्तिमा एमबिबिएस (MBBS) स्तरको डाक्टर, नर्स तथा प्राविधिक कर्मचारीहरूको व्यवस्था गरी २४ सै घण्टा सेवा सञ्चालनको व्यवस्था गर्नुपर्छ। अत्यावश्यक औषधि तथा परीक्षण किटहरूको निरन्तर उपलब्धता, स्थानीय तहमा ब्लड बैंकहरु स्थापना गर्ने र "रक्तदान जीवनदान" बारे जनचेतना वृद्धि गर्ने जस्ता खालका कार्यक्रम संचालन गर्ने तथा जटिल बिरामीका लागि एम्बुलेन्स सेवालाई प्रभावकारी बनाइनुपर्छ। साथै, दूरदराजका बस्तीहरूमा विशेषज्ञ स्वास्थ्य शिविर र टेलिमेडिसिन (Telemedicine) सेवा विस्तार गरी नागरिकको आधारभूत स्वास्थ्य अधिकार ग्यारेन्टी गर्न नेपाल सरकारसमक्ष सिफारिस गरिन्छ।

## १४. लैङ्गिक हिंसा र महिला सशक्तीकरण

तराई-मधेशमा व्याप्त बालविवाह र लैङ्गिक हिंसा जस्ता सामाजिक कुरीतिहरू अन्त्य गर्न गाउँ-गाउँमा कडा कानुनी कारबाही र सचेतनामूलक अभियान सञ्चालन गरिनुपर्छ। महिलाहरूको शिक्षा, स्वास्थ्य र सम्पत्तिमाथिको पहुँच बढाउँदै उनीहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन विशेष सीपमूलक तथा सशक्तीकरणका कार्यक्रमहरू ल्याउनुपर्छ। हिंसामा परेका महिलाहरूको उद्धार, कानुनी सहायता र संरक्षणका लागि स्थानीय तहमा सुरक्षित गृहको व्यवस्था गरिनुपर्छ। साथै, वैदेशिक रोजगारीबाट सिर्जित पारिवारिक समस्याहरू सम्बोधन गर्दै महिलाहरूको निर्णय प्रक्रियामा सहभागिता अभिवृद्धि गर्ने कार्यक्रमहरु ल्याउनुपर्ने देखिन्छ ।

## १५. न्यायोचित र वस्तुनिष्ठ आरक्षण नीतिको कार्यान्वयन

राज्यको मूलप्रवाहमा ल्याउन मधेशी समुदायका पछाडि परेका जातजाती र वर्गको घरदैलो सर्वेक्षण गराई जातजातीको लागि ६० प्रतिशत र वर्गको लागि ४० प्रतिशतमा वर्गिकरण गरी आरक्षण वा पहुँचका लागि राज्यले नीति नियमन गर्नुपर्दछ।

## १६. राज्यका संरचनामा समानुपातिक प्रतिनिधित्व

लोकसेवा आयोग लगायत सरकारी निकायका परीक्षाहरूमा मातृभाषाको प्रयोग गर्न पाउने व्यवस्था मिलाइनुका साथै सूचनाको पहुँच बढाएर सरकारी सेवामा मधेशी समुदायको समानुपातिक र समावेशी सहभागिता सुनिश्चित गर्न नेपाल सरकारसमक्ष सिफारिस गरिन्छ।

## १७. मौसमजन्य विपद् (शीतलहर र अत्यधिक गर्मी) व्यवस्थापन

तराई-मधेशमा हिउँदमा शीतलहर र गर्मीयाममा अत्याधिक तातो हावा (लु) तथा आगलागीबाट बर्सेनि गरिब, विपन्न, दलित र वृद्धवृद्धाहरूको ज्यान जाने गरेको छ। यस्ता मौसमजन्य विपदवाट जनधनको क्षति रोक्न स्थानीय तहमै पूर्वतयारी स्वरूप न्यानो कपडा, दाउरा, विपद् व्यवस्थापन कोष र सुरक्षित खानेपानीको पूर्वप्रबन्ध मिलाउनुपर्छ। शीतलहर र लुको समयमा गाउँ-गाउँमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने तथा आगलागी नियन्त्रणका लागि प्रत्येक पालिकामा दमकल (Fire Brigade) र तालिमप्राप्त जनशक्ति तयारी अवस्थामा राख्नुपर्छ। साथै, प्रभावित नागरिकहरूका लागि विपद्रोधी सुरक्षित आवासको व्यवस्था गर्न र समयमै मौसमसम्बन्धी पूर्वसूचना (Early Warning System) तल्लो तहसम्म पुऱ्याउन नेपाल सरकारसमक्ष सिफारिस गरिन्छ।

## १८. युवा प्रतिभा पलायन (Brain Drain) रोक्ने नीति

तराई-मधेशबाट दक्ष तथा अर्धदक्ष युवा प्रतिभाहरू वैदेशिक रोजगारी र उच्च शिक्षाका नाममा पलायन हुने क्रम रोक्न स्थानीयस्तरमै **"मधेश युवा प्रवर्द्धन तथा उद्यमशीलता कोष"** स्थापना गरी बिनाधितो सहुलियतपूर्ण ऋण र अनुदान उपलब्ध गराउनुपर्छ।

कृषिमा प्रविधि र औद्योगिकीकरण जोड्दै स्थानीय उद्योग, प्रविधि (IT) र व्यापार क्षेत्रमा युवाहरूका लागि रोजगारीका नयाँ अवसरहरू सिर्जना गरिनुपर्छ। गुणस्तरीय शिक्षा र व्यावसायिक तथा प्राविधिक तालिमलाई बजारको मागसँग जोड्दै प्राविधिक शिक्षालयहरूको स्तरोन्नति गर्नुपर्छ। साथै, स्टार्टअप (Startup) संस्कृतिलाई प्रोत्साहन गर्न 'इन्क्युबेशन सेन्टर'

सञ्चालन गर्ने र प्रतिभालाई स्वदेशमै सम्मानपूर्वक काम गर्ने वातावरण निर्माण गर्न नेपाल सरकारसमक्ष सिफारिस गरिन्छ।

## १९. अन्तर्राष्ट्रिय सन्धि-सम्झौताको कार्यान्वयन

नेपालले हस्ताक्षर गरेका मधेशी समुदायको हकहितसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। यी सन्धि-सम्झौताहरूको कार्यान्वयन पक्षमा जोड दिने र अनुगमन गर्ने कार्यको सुनिश्चितता सरकारको तर्फबाट हुनु आवश्यक छ।

## २०. मधेशी आयोगको सुदृढीकरण

मधेशी आयोगलाई संवैधानिक रूपमा अधिकारसम्पन्न बनाउनु आवश्यक छ। अपर्याप्त बजेट र जनशक्तिका कारण आयोगले आफ्ना कामकारबाहीहरू प्रभावकारी रूपमा सञ्चालन गर्न सकेको छैन।सरकारले आयोगलाई आवश्यक स्रोत-साधन उपलब्ध गराई आयोगका सिफारिसहरूको कार्यान्वयनमा गम्भीरता देखाउनुपर्छ, ताकि यसले मधेशी समुदायको हकहितमा योगदान पुऱ्याउन सकोस्।

## २१. रणनीतिक राष्ट्रिय गौरवका आयोजनाहरूको द्रुत कार्यान्वयन

हुलाकी राजमार्ग, काठमाडौं-तराई मधेश द्रुतमार्ग (Fast Track), निजगढ अन्तर्राष्ट्रिय विमानस्थल र सुनकोशी-मरिन डाइभर्सन जस्ता राष्ट्रिय गौरवका आयोजनाहरू तराई-मधेशको आर्थिक रूपान्तरण र प्रादेशिक समृद्धिका मेरुदण्ड हुन्। यी आयोजनाहरूमा निरन्तर देखिएको बजेट अभाव, जग्गा अधिग्रहणको जटिलता र कानुनी अड्चनहरूलाई तत्काल सम्बोधन गरी तोकिएको समयसीमाभित्रै निर्माण सम्पन्न गर्न आवश्यक पूर्वाधार, आधुनिक प्रविधि र दक्ष जनशक्तिको प्रबन्ध गरिनुपर्छ। पूर्वाधार विकासले व्यापार, कृषि र उद्योग क्षेत्रमा पार्ने दीर्घकालीन प्रभावलाई ध्यानमा राख्दै यी आयोजनाहरूलाई स्रोत-साधनको पूर्ण सुनिश्चिततासहित **उच्च प्राथमिकता (Fast-Track Mode)** मा राखी निर्माण कार्यलाई तीव्रता दिन नेपाल सरकारसमक्ष सिफारिस गरिन्छ।

## २२. विद्युतीय सुरक्षा व्यवस्थापन तथा क्षतिपूर्ति नीति

तराई-मधेशमा वर्षैपिच्छे नाङ्गो/जीर्ण तार, होचा पोल र प्राविधिक लापरवाहीका कारण हुने करेन्ट लागेर हुने मृत्यु र दुर्घटना रोकन जीर्ण विद्युतीय पूर्वाधारहरूको तत्काल स्तरोन्नति र

सुरक्षित उपकरणको प्रयोग अनिवार्य गरिनुपर्छ। गाउँ-गाउँमा विद्युतीय सुरक्षासम्बन्धी चेतनामूलक अभियान सञ्चालन गर्दै अनधिकृत विद्युत् चोरी (हुकिङ) र असुरक्षित कृषि सिँचाइ प्रयोगलाई कडा नियन्त्रण गर्नुपर्छ। नेपाल विद्युत् प्राधिकरण वा सम्बन्धित निकायको लापरवाहीका कारण दुर्घटना भएमा पीडित परिवारलाई **तत्काल न्यायोचित क्षतिपूर्ति** उपलब्ध गराउने कानुनी व्यवस्था मिलाउनुपर्छ। साथै, आपतकालीन मर्मतका लागि 'क्विक रेस्पोन्स टिम' (QRT) र एकीकृत गुनासो सुनुवाइ संयन्त्र गठन गर्न नेपाल सरकारसमक्ष सिफारिस गरिन्छ।

## २३. मरुभूमीकरण नियन्त्रण तथा सिँचाइ सुदृढीकरण

चुरे क्षेत्रको अव्यवस्थित दोहन र अनियन्त्रित बालुवा-गिट्टी उत्खननका कारण तराई-मधेशमा बढ्दो मरुभूमीकरण रोक्न वृहत **चुरे तथा जलाधार संरक्षण कार्यक्रम** कडाईका साथ लागू गरिनुपर्छ। बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउन सुनकोशी-मरिन जस्ता डाइभर्सन आयोजनाहरूको शीघ्र सम्पन्नता, पुराना नहर तथा पोखरीहरूको पुनरुत्थान र डिप-बोरिङ प्रणालीको विस्तार गरिनुपर्छ। पानीको बचत र प्रभावकारी उपयोगका लागि थोपा तथा फोहोरा (Drip & Sprinkler) सिँचाइजस्ता आधुनिक प्रविधिलाई कृषकस्तरमा अनुदानसहित प्रवर्द्धन गर्नुपर्छ। साथै, नदी नियन्त्रणका लागि तटबन्ध निर्माण, वृक्षारोपण र कृषियोग्य भूमि बालुवाले पुरिनबाट जोगाउन एकीकृत नदी बेसिन व्यवस्थापन (River Basin Management) नीति लागू गर्न नेपाल सरकारसमक्ष सिफारिस गरिन्छ।

## २४. छठ पर्वमा दुई दिन सार्वजनिक बिदा

नेपालको महत्वपूर्ण चाडपर्वहरु मध्ये छठ पर्वमा नेपाल सरकारले दिदै आएको अस्ताउँदो सूर्य (साझको अर्घ) १(एक) दिनको विदालाई बढाई भोलीपल्ट उदाउँदो सूर्य (पारण) को दिन समेत गरी २ (दुई) दिन सार्वजनिक विदा दिन नेपाल सरकार समक्ष आयोग सिफारिस गर्दछ।

## २५. अव्यवस्थित खाडल तथा पोखरी नियन्त्रण र डुब्ने दुर्घटना रोकथाम

तराई-मधेशमा सडक निर्माण, इट्टाभट्टा, बालुवा-गिट्टी उत्खनन र माटो झिक्ने क्रममा जथाभावी खनिएका असुरक्षित खाल्डाखाल्डी तथा पोखरीमा डुबेर वर्षेनी धेरै बालबालिकाको अकालमै ज्यान जाने गरेको छ। यसको लागि विकास निर्माण तथा उत्खनन कार्य पश्चात् अनिवार्य

रूपमा **खाल्डो पुर्ने वा घेरबार (Fencing) गर्ने कडा कानुनी नियम** लागू गरिनुपर्छ। सार्वजनिक पोखरी तथा जोखिमयुक्त जलाधार क्षेत्रहरूमा चेतनामूलक सङ्केतपाटी (Warning Signs) राख्दै निर्माण व्यवसायी वा ठेकेदारको लापरवाहीका कारण दुर्घटना भएमा कडा कारबाही र क्षतिपूर्तिको व्यवस्था गरिनुपर्छ। साथै, स्थानीय तहमार्फत अभिभावक तथा बालबालिकाहरूमा पौडी र विपद् जोखिमबारे जनचेतना फैलाउँदै आपतकालीन उद्धार टोली तयारी अवस्थामा राख्न नेपाल सरकारसमक्ष सिफारिस गरिन्छ।

## २६. मौसमजन्य महामारी नियन्त्रण तथा स्वास्थ्य पूर्वतयारी

गर्मी तथा वर्षायाममा तराई-मधेशमा तीव्र रूपमा फैलिने डेंगु, मलेरिया, झाडापखाला र हैजा जस्ता सरुवा रोग तथा महामारी रोक्न स्थानीय तहमै **'लार्भा खोज र नष्ट गर'** तथा कीटनाशक औषधि छर्कने अभियानलाई तीव्रता दिनुपर्छ। महामारीको मूल कारण दूषित पानी भएकाले जोखिमयुक्त बस्तीहरूमा शुद्ध तथा स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गरिनुपर्छ। स्थानीय स्वास्थ्य चौकी तथा प्राविधिक केन्द्रहरूमा आवश्यक परीक्षण किट (Testing Kits), जीवनजल, स्लाइन र अत्यावश्यक औषधिको पूर्वभण्डारण अनिवार्य गरिनुपर्छ। साथै, स्वास्थ्य स्वयंसेविकामार्फत गाउँ-गाउँमा जनचेतना फैलाउँदै आपतकालीन स्वास्थ्य टोली (Quick Response Health Team) २४ सै घण्टा तयारी अवस्थामा राख्न नेपाल सरकारसमक्ष सिफारिस गरिन्छ।

## २७. उखु किसानको भुक्तानी समस्याको स्थायी समाधान

उखु खरिद गर्दा कै समयमा किसानलाई भुक्तानी दिने कानुनी बाध्यता सिर्जना गरिनुपर्छ। समयमै भुक्तानी नदिने चिनी मिलहरूलाई कडा कारबाही गर्ने र किसान, उद्योगी तथा सरकारी प्रतिनिधि सम्मिलित स्थायी अनुगमन संयन्त्र गठन गरिनुपर्छ।

## २८. जीर्ण ग्रामीण सडक सुदृढीकरण तथा स्तरोन्नति

तराई-मधेशका अधिकांश ग्रामीण सडकहरू धुलाम्मे र हिलाम्मे भई वर्षायाममा सदरमुकामसँग सम्पर्कविच्छेद हुने समस्याले आवागमन, स्वास्थ्य सेवा, शिक्षा र कृषि उपजको बजेट व्यवस्थापनमा गम्भीर बाधा पुऱ्याएको छ। यसको दिगो समाधानका लागि तीनै तहका सरकारको समन्वयमा **'एक पालिका, एक मुख्य पक्की सडक'** को अवधारणासहित एकीकृत योजना बनाई ग्रामीण सडकहरूलाई बाह्रै महिना चल्ने गरी कालोपत्रे, ढलान गरिनुपर्छ।

सडक निर्माणमा हुने भ्रष्टाचार र गुणस्तरहीन काम रोक्न निर्माणस्थलमै **सार्वजनिक सुनुवाइ र प्राविधिक परीक्षण** गरिनुपर्छ। बजेटको दोहोरोपना हटाउँदै मुख्य कृषि तथा व्यापारिक मार्गहरूलाई पहिलो प्राथमिकतामा राखेर पूर्वाधार विकास गर्न नेपाल सरकारसमक्ष सिफारिस गरिन्छ।

## २९. प्रदेशस्तरमा साइबर ब्यूरोको स्थापना तथा विस्तार

नेपाल प्रहरीको साइबर ब्यूरो हाल केन्द्रमा मात्र सीमित रहेकाले तराई-मधेश लगायत दूरदराजका जिल्लाबाट नागरिकहरूलाई उजुरी दिन र कानुनी उपचार खोज्न केन्द्रमै धाउनुपर्ने बाध्यता छ। यसले गर्दा ढिलासुस्ती हुने, प्रमाण नष्ट हुने र धेरै पीडितहरू न्यायको पहुँचबाट वञ्चित हुने गरेका छन्। तसर्थ, डिजिटल अपराधको तत्काल अनुसन्धान र पीडितलाई पहुँचयोग्य न्याय सुनिश्चित गर्न प्रत्येक प्रदेशमा स्रोत-साधन र प्रविधियुक्त **"प्रदेशस्तरीय साइबर ब्यूरो"** तत्काल स्थापना गर्न नेपाल सरकारसमक्ष सिफारिस गरिन्छ।

## ३०. दर्ता नगरी निजी अस्पताल संचालन सम्बन्धमाः

तराई मधेशमा निजी अस्पतालहरु दर्ता नै नगरी संचालन हुने गरेका छन् । यसमा अनुगमन गरी कानुन बमोजिम दर्ता गराउन प्रकृया अघि बढाउनुपर्छ । साथै, स्वास्थ्य सेवालाई सुरक्षित र विश्वसनीय बनाउन प्रभावकारी अनुगमन संयन्त्रको विकास गर्दै सरकारी अस्पतालहरूको सेवा सुदृढीकरण गर्न र पीडित परिवारलाई न्याय तथा उचित क्षतिपूर्ति दिलाउन नीतिगत व्यवस्था गर्न समेत नेपाल सरकार सक्षम सिफारिस गर्दछ।

## ३१. औद्योगिक क्षेत्रको धराशायी अवस्थाः

विगतमा नेपालको औद्योगिक मेरुदण्ड मानिने तराई मधेशका ठूला उद्योगहरू जस्तै चिनी मिल, जुट मिल र चुरोट कारखानाहरू राजनीतिक हस्तक्षेप र कमजोर व्यवस्थापनका कारण पूर्ण रूपमा धराशायी भएका छन् जसले गर्दा हजारौं मजदुरले रोजगारी गुमाएका छन् । नयाँ लगानीका लागि सुरक्षा र उपयुक्त वातावरणको अभावले गर्दा निजी क्षेत्र आकर्षित हुन सकेको छैन, जसले गर्दा युवा शक्ति वैदेशिक रोजगारीमा पलायन हुन बाध्य छ। औद्योगिक विकास ठप्प हुँदा स्थानीय उत्पादनको साटो दैनिक उपभोग्य वस्तुका लागि समेत छिमेकी मुलुकहरूसँगको आयातमा पूर्ण निर्भर रहनुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको छ। **यसका समाधानको लागि** सरकारी-निजी साझेदारीमा बन्द उद्योगहरूको पुनरुत्थान र कृषिलाई आधुनिकीकरण एवं औद्योगिकीकरण गर्नु आवश्यक देखिन्छ ।

## ३२. सर्प दंश सम्बन्धमाः

तराई मधेशमा गर्मी याममा सर्पदंशको कारण बर्सेनि सयौं जनाले अनाहकमा मृत्युवरण गर्नुपरेको छ। समयमै उपचार नपाउदा सर्पदंशबाट मृत्यु हुनेको संख्या बर्सेनि बढ्दै गएको छ। तराई मधेशमा सर्पदंश उपचार केन्द्रहरु थप स्थापना गरी अकालमा मृत्यू हुनबाट बचाउन र आवश्यक Anti-snake venom पर्याप्त मौज्दातमा राख्न समेत नेपाल सरकार समक्ष सिफारिस गर्दछ ।

## ३३. बालबालिका, गर्भवती तथा महिलाको कुपोषण सम्बन्धमाः

तराई मधेसमा चेतनाको कमी, गरिबी र अस्वस्थकर खानपानका कारण बालबालिका, गर्भवती तथा महिलाहरूमा तीव्र रूपमा कुपोषणको समस्या बढ्दै गएको छ। यसको समाधानका लागि समुदायस्तरमा बृहत् जनचेतना अभिवृद्धि गर्दै विपन्न वर्गलाई लक्षित गरी निःशुल्क पौष्टिक आहार कार्यक्रम सञ्चालन गर्नुपर्छ। साथै, स्थानीयस्तरमा उपलब्ध पोषक तत्त्वले भरपूर रैथाने बालीको संरक्षण र प्रवर्द्धन गरी तिनीहरूको नियमित प्रयोगमा जोड दिन आवश्यक नीति तथा कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गरिन्छ।

## ३४. जंगली जनावरहरुको सम्बन्धमा

बाँदर तथा अन्य जनावरले पुऱ्याउने नोक्सानीको सम्बन्धमा जंगल र गाउँवीच तारवार गर्ने, जंगलभित्रै बाँदरले खाने फलफुल, बोटविरुवा रोप्ने कार्य गर्ने, जंगलको छेउछेउमा बाँदरले नोक्सान नगर्ने खालको नगदेवाली, जडिबुटी र बोटविरुवा रोप्ने तथा बाँदरले कृषि तथा फलफुलजन्य नोक्सानी गरेमा कृषकलाई उचित क्षतिपुर्ति उपलब्ध गराउनुको साथै अन्य जनावरहरुको हकमा मानविय, पशुजन्य र वालीनालीमा पुऱ्याउने नोक्सानीलाई रोक्न उचित व्यवस्था तथा सहज र सरल रुपमा क्षतिपुर्ति उपलब्ध गराउन नेपाल सरकार समक्ष सिफारिस गरिन्छ ।

# परिच्छेद ४

# भौतिक स्रोत साधन र उपयोगको अवस्था

## ४.१ आयोगको भौतिक सम्पत्ति

आयोगको आफ्नो घर-जग्गा छैन र ललितपुरको ज्वागलमा कार्यालयको लागि घर भाडामा लिई कामकाज गर्दै आइरहेको छ। भाडामा लिइएको घर सानो र साँघुरो भएको हुँदा आयोगका माननीय सदस्यहरुको निजी सहायकहरुको लागि कार्यकक्ष व्यवस्थापनमा कठीनाइ भएको छ।

आयोगमा हाल भएको सवारी साधन, मेसिनरी औजार, फर्निचर लगायतका भौतिक स्रोत साधनको विस्तृत विवरण अनुसूची-८ मा उल्लेख गरिएको छ।

# परिच्छेद ५
# उपलब्धी, चुनौती, सुझाव र भावी कदमहरु

## ५.१ उपलब्धीहरु

मधेशी आयोग ऐन, २०७४ को दफा ८, ९, १०, र ११ माथि उल्लेखित कार्यहरुको आधारमा आयोगले आफ्नो कामकारवाहीको सम्बन्धमा बिभिन्न सरोकारवाला र विज्ञहरुसँग सल्लाह सुझाब लिई कार्य गरेको छ। विभिन्न संबैधानिक आयोगहरुसँग बैठक बसी आगामी दिनमा कसरी जान सकिन्छ भन्ने बारेमा छलफल गरिएको छ। त्यसैगरी नागरिक समाजको अगुवासँग बैठक गरिएको छ।

१. नेपालमा मधेशी समुदायका भाषा, लिपि, धर्म र संस्कृतिको संरक्षण सम्बन्धी अध्ययन।
२. मधेशी समुदायमा रहेको अवधी लोकवार्ताको अध्ययन ।
३. **मधेशी समुदायको सशक्तीकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रमः** मधेश प्रदेशको सिराहा जिल्लाको सिराहा, लुम्विनी प्रदेशको बाँके जिल्लाको नेपालगंज, मधेश प्रदेशको सप्तरी जिल्लाको सप्तकोशी न.पा, कोशी प्रदेशको मोरङ्ग जिल्लाको धनपालथान गाउँपालिकामा, सुदुरपश्चिम प्रदेशको कन्चनपुर जिल्लाको महेन्द्रनगरमा, कोशी प्रदेशको मोरङ्ग जिल्लाको विराटनगरमा, मधेश प्रदेशको सप्तरी जिल्लाको राजगढ र सखडामा, वागमती प्रदेशको मकवानपुरको हेटौडामा, गण्डकी प्रदेशको तनँहु जिल्लाको दमौलीमा सम्पन्न गरिएको छ।
४. **मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रमः** मधेश प्रदेशको बारा जिल्लाको कलैयामा, कोशी प्रदेशको मोरङ्ग जिल्लाको सुनवर्षि नगरपालिकामा, मधेश प्रदेशको धनुषा जिल्लाको जनकपुरधाममा संचालन गरिएको थियो। यसबाट लक्षित वर्गका लागि फलदायी परिणाम देखिएको छ।
५. विभिन्न माध्यमबाट आयोगमा प्राप्त उजुरीहरूको सम्बन्धमा सिफारिस गरी सम्बन्धित निकायमा पठाउने कार्य तथा केही विषयमा सरोकारवाला र उजुरीकर्ता समेत राखी आयोगमा छलफल गरिएको छ। जसबाट पीडितहरुलाई केही सहजता भएको छ।
६. विभिन्न प्रदेशका विभिन्न जिल्लाहरूमा समन्वय र सहकार्य गरी विषयगत कार्यक्रम तथा अनुगमन गरिएको छ।यसबाट अपेक्षित वर्गहरु लाभान्वित भएका छन्।

७. राजनीतिककर्मी र विज्ञहरुसँग विभिन्न सामाजिक र साँस्कृतिक विषयमा छलफल गरिएको छ। जसबाट उठाइएका समस्याहरु समाधान गर्न सहज भएको छ।
८. सामाजिक अभियन्ता तथा नागरिक संगठनहरूसँग छलफल अन्तरक्रिया गरिएको छ। यसमा छुट भएका जातजातिहरु समावेश गरिएका छन्।
९. मधेशका ऐतिहासिक, साँस्कृतिक, पुरातात्विक तथा धार्मिक स्थलहरूको अध्ययन गरी विश्वसम्पदा सूचीमा सूचीकृत गर्न पहल गरिएको छ।
१०. मधेशी समुदायको विविध पक्षहरूलाई सशक्तीकरण गर्नका लागि विज्ञहरूसँग सामुहिक परामर्श गरी प्राप्त समस्या समाधानार्थ सहज भएको छ।
११. महिला हिंसा, घरेलु हिंसा, धार्मिक द्वन्द्व, वालविवाह तथा जातिय विभेदका घटनाको स्थलगत अनुगमन गरिएको छ, जसबाट समस्याको समाधान गर्न सहज भएको छ।

## ५.२ समस्या तथा चुनौतीहरु

आयोगले मानव स्रोत र जनशक्तिमा पूर्णता नपाउनु, आयोगको दायित्व पूरा गर्नका लागि स्रोत साधन सीमित हुनु, संवैधानिक र कानुनी जिम्मेवारी पूरा गर्न वित्तीय साधन अभाव रहनु मुख्य चुनौतीको रुपमा रहेका छन्। आयोगका अन्य चुनौतीहरु यसप्रकार रहेका छन्।

१. बालविवाह, बहुविवाह तथा दाइजोप्रथा अन्त्यका लागि कानुन भएतापनि सो सम्बन्धमा नागरिक सचेतनाको अभावमा तराई मधेशका जिल्लाहरुमा वालविवाह, बहुविवाह तथा दाइजोप्रथा उन्मुलन हुन नसकेको कारणले यसका लागि जनचेतनामूलक कार्यक्रमहरु सरोकारवालाहरुले गर्नुपर्ने देखिन्छ। जसबाट वालविवाह, बहुविवाह तथा दाइजोप्रथा जस्ता कुरीति तथा अपराधहरुमा वन्देज लाग्नेछ।
२. मधेशी समुदायको शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक अवस्थामा गर्नुपर्ने सुधार सम्बन्धी अध्ययनको लागि प्रर्याप्त वजेटको अभाव रहनु।
३. आयोगको आफ्नो जग्गा र उपयुक्त भवन नहुँदा कार्यालय सहजतापूर्वक सञ्चालन गर्न कठिनाई हुनु।
४. आयोगको काम बढी जसो अध्ययन, अनुसन्धान र विश्लेषणमूलक भएकोले कर्मचारी र विशेषज्ञको उपलब्धता कम हुनु तथा विज्ञ र विशेषज्ञको दरवन्दी नहुनु।
५. मधेशी समुदायसँग सम्बन्धित एकिकृत तथ्यांकको विश्लेषणका लागि पर्याप्त बजेट नहुनु।

६. मधेशी समुदायको अपेक्षित माग र आयोगबाट प्रवाहित सेवा बीच तालमेलको कमी हुनु।
७. सीमित जनशक्ति, अपर्याप्त बजेट र स्रोतसाधनका बाबजुद मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरण गर्न सरकारलाई विश्लेषणात्मक र अनुसन्धानमूलक सुझाव दिन कठिनाई हुनु।
८. मधेशी समुदायमा रहेको कुरीति, अन्धविश्वास, कुप्रथा र दाईजोप्रथा उन्मूलन गर्न नेपाल सरकारले आयोगलाई प्रभावकारी समन्वय गर्न सक्ने गरी क्षमता विकास गर्ने कार्य चुनौतीको रुपमा रहनु।
९. मधेशी समुदायको हक, हित र अधिकारको संरक्षण, सम्बर्द्धन र सशक्तीकरण गरी त्यस्तो समुदायमाथि हुने सबै प्रकारका भेदभावको अन्त्य गरी समानुपातिक सहभागिता, पहुँच अभिवृद्धि र हिंसाको प्रभावकारी रुपमा निराकरण गरी मधेशी समुदायको उत्थान र विकास गर्नु।
१०. पिडितमैत्री, जनमैत्री, समाज र समुदायमैत्री वातावरणको आवश्यकता अनुसार व्यवस्थापन गर्न कठिनाई हुनु।
११. आयोगका कामलाई प्रभावकारी बनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सम्पर्क तथा समन्वयको कार्यालय बनाउनुपर्नेमा आयोगले सिफारिस गरेता पनि अझै सम्म सो व्यवस्था हुन नसक्नु।
१२. संविधानद्वारा प्रदत्त समानुपातिक-समावेशी आरक्षित पदसंख्याहरुमा विगत पाँच वर्षदेखी सुरक्षा निकायहरु लगायतका निकायहरुमा पदपूर्ति हुन नसक्नुले समुदायमा विश्वासको संकट उत्पन्न हुनु।
१३. मधेशी आयोग लाई **“राष्ट्रिय”** शब्द थपि राष्ट्रिय मधेशी आयोग अझैसम्म राज्यले नामांकरण गर्न नसक्नु।

## ५.३ आयोगको अपेक्षा तथा भावी कदमहरुः-

१. मधेशी आयोग ऐन, २०७४ अनुसार **“मधेशी समुदाय”** भन्नाले मधेशी आयोगको सिफारिसमा नेपाल सरकारले परिभाषित गरेको समुदाय सम्झनु पर्छ भनी परिभाषित गरेकोले यस आयोगले मधेशी समुदायको सम्बन्धमा अध्ययन अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने हुन्छ। मधेशी आयोग ऐन, २०७४ को दफा ७ ले यस आयोगलाई विभिन्न काम, कर्तव्य र अधिकारहरु प्रदान गरेको छ। सो ऐनको

दफा ७ (ड) मा उल्लेखित कार्य मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने भन्ने व्यवस्था रहेको छ। मधेशी समुदायको स्पष्ट पहिचान र थर सूचीकरण हुन नसक्दा मधेशी समुदाय इतरका व्यक्तिहरुले, राज्यले मधेशी समुदायलाई भनि दिएको सुविधा उपभोग गरिरहेको अवस्था एकातिर छ भने अर्कोतिर वास्तविक मधेशी समुदायका व्यक्तिहरु उक्त सुविधाबाट वञ्चित हुनु परेको छ। तसर्थ मधेशी समुदायको स्पष्ट पहिचानका आधारहरु तोकि थर सूचीकरण गर्नु अति आवश्यक र कानुनी रुपमा बाध्यकारी समेत भएको कुरालाई आत्मसात गर्दै आयोगलाई बजेट विनियोजन भएमा प्रथम तथ्याङ्कको आधारमा थर सूचीकृत गर्ने कार्य सम्पन्न हुन सक्ने आयोगको अपेक्षा रहेको छ।

२. मधेशी आयोग ऐन, २०७४ को प्रस्तावनामै मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण, सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नको लागि मधेशी आयोगको आवश्यकता भएको विषयलाई जोड दिएको छ। मधेशी आयोग ऐन, २०७४ को दफा ७ ले यस आयोगलाई विभिन्न काम, कर्तव्य र अधिकारहरु प्रदान गरेको छ। सो ऐनको दफा ७ (क) मा मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने व्यवस्था रहेको छ। तदअनुरुप यस आयोगबाट अध्ययन, अनुसन्धान गर्न पञ्चवर्षिय रणनीतिक योजना अन्तर्गत विभिन्न २० वटा कार्यदल गठन गरी काम गर्ने लक्ष्य रहेको सन्दर्भमा प्रथम तथ्याङ्कको आधारमा मधेश पार्श्वचित्र (प्रोफाइल) निर्माण सम्बन्धी कार्यदल पनि एक रहेकोले सोही बमोजिम मधेश प्रोफाईल निर्माणको कार्यक्रम सम्पन्न गरिनेछ। आधाजसो जनसंख्या बसोवास गर्ने मधेशमा अझै पनि आर्थिक, सामाजिक, सांस्कृतिक रुपान्तरण अपेक्षित रुपमा हुन नसकेको सन्दर्भमा त्यहाँको भूगोल, जनसंख्या, भू-उपयोग, प्रमुख पेशा, उत्पादन, प्राकृतिक श्रोत साधन, शिक्षा, स्वास्थ्य र खानेपानी तथा सरसफाईको अवस्था, धार्मिक सम्पदा, सडक संजाल, उद्योगधन्दा, कलकारखाना, सञ्चारमा पहुँच लगायतका विषयहरुमा केन्द्रित भई वास्तविक चित्र समेटेर अर्थविद, योजनाविद, भूगोलविद, जनसंख्याविद लगायत क्षेत्रगत विषयविज्ञहरु, बुद्धिजिवी, नागरिक समाजका अगुवाहरु, राजनीतिक दल, लक्षित क्षेत्रका प्रतिनिधि तथा राष्ट्रिय सभाका सदस्य, प्रदेश सभाका

सदस्य र स्थानीय तहहरुसँग अन्तरक्रिया तथा छलफल गरी विज्ञको सहायतामा सबै स्थानीय तहको लागि प्रोफाईलमा समेटिने विषयवस्तुको आधारमा नमूना प्रोफाइलको विकास गरिनेछ। आयोगलाई बजेट विनियोजन भएमा नमूना प्रोफाइल तयार गर्ने कार्य सम्पन्न हुन सक्ने आयोगको अपेक्षा रहेको छ।

३. मधेशी आयोग ऐन, २०७४ को दफा ९ मा आयोगले यो ऐन र प्रचलित कानुन बमोजिम सम्पादन गर्नुपर्ने कुनै काम आयोगमा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने भएमा त्यसको कारण खुलाई प्रचलित संघीय कानुन बमोजिम विशेषज्ञको सेवा लिन सक्नेछ भन्ने व्यवस्था रहेको छ। मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी नीतिगत कानुनी र संस्थागत सुधारको विषयमा, मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भइरहेको कानुनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारको सम्बन्धमा र मधेशी समुदायको अधिकार उलंघन गर्ने व्यक्ति वा संस्थाको विरुद्ध उजुरी संकलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने कार्यको लागि यस आयोगमा कार्यरत जनशक्तिबाट मात्र सम्पादन हुन नसक्ने भएकोले कानुनी विशेषज्ञको आवश्यकता भएकोले राजपत्राङ्कित द्वितीय श्रेणीको शुरु तलब पाउने गरी एक जना कानुन विज्ञ व्यवस्था गर्न साथै सोही ऐनको दफा ७ मा व्यवस्था भए बमोजिम मधेशी समुदाय भित्र आर्थिक वा सामाजिक रुपमा पछाडी परेका व्यक्तिको विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न, मधेशी समुदाय भित्रका विभिन्न भाषा लिपी, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपी, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गर्न, मधेशी समुदायको विद्यमान कुरीति, अन्धविश्वास तथा सवै प्रकारको शोषणको अन्त्य गर्न वा मधेशी समुदायको सशक्तीकरणको लागि यस आयोगमा कार्यरत जनशक्तिबाट मात्र सम्पादन हुन नसक्ने भएकोले सामाजिक तथा संस्कृति विज्ञ आवश्यकता भएकोले राजपत्राङ्कित द्वितीय श्रेणीको शुरु तलब पाउने गरी एक जना सामाजिक तथा सांस्कृतिक विज्ञ व्यवस्था गर्न र उल्लेखित कार्यहरुका लागि आयोगमा वजेट विनियोजन भएमा कार्य सम्पन्न हुन सक्ने आयोगको अपेक्षा रहेको छ।

४. मधेशी समुदायको गौरवपूर्ण भाषा संस्कृति परम्पराको संरक्षण र प्रवर्द्धनका रचनात्मक कार्यक्रमहरू तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्न आवश्यक मानवीय वित्तीय र भौतिक स्रोत साधन नेपाल सरकारबाट प्राप्त गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने।

५. मधेशी आयोग ऐन, २०७४ ले निर्दिष्ट गरेका कार्यहरु सम्पन्न गर्नका लागि निर्माण गरिएको पञ्चवर्षिय रणनीतिक योजना-अनुसार विविध क्षेत्रका विज्ञहरुको राय सुझाव अनुसार क्रमशः कार्यान्वयन गर्दै जाने।

६. आयोगलाई सूचना प्रविधीमैत्री गराउदै काम कारवाहीमा सूचना प्रविधिको प्रयोग बढाउदै लैजाने।

७. मधेशी समुदाय भित्रका लक्षित वर्गको उत्थान तथा सशक्तीकरणको लागि प्रभावकारी रुपमा विविध कार्यक्रम संचालन गरिने।

८. मधेशी समुदायको हक हित संरक्षण गर्दै अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्था विरुद्धको उजुरी संकलन, सिफारिस तथा अनुगमनलाई स्वस्फूर्तरुपमा सञ्चालन गर्दै लगिनेछ। कानुनी सल्लाहका लागि एकजना कानुन विशेषज्ञको सेवा आयोगले नेपाल सरकारबाट अपेक्षा गरेको छ। यसका साथै, मधेशी आयोग ऐन २०७४ को दफा ७ को (ठ) मा संशोधन गरी "उजुरी माथी छानविन गर्ने" अधिकारको प्रत्याभूति गर्नुपर्ने।

९. मधेशी समुदाय सम्बन्धमा नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धी सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि सिफारिस गरिनेछ वा सुझाव दिईनेछ।

१०. आयोगको संस्थागत विकास अन्तर्गत पर्ने भवन तथा भौतिक संरचना निर्माण वा प्राप्तिको लागि आवश्यक पहल गरिने छ।

११. सरोकारवाला सरकारी तथा गैरसरकारी निकायहरुसंग समन्वय, सहकार्य गरी आयोगका क्रियाकलापहरुमा गुणात्मक सहभागिता वृद्धि गर्ने।

१२. संवैधानिक मर्म अनुसार आयोगको कार्यक्षेत्र भित्रका विषयहरुमा निरन्तर रुपमा अनुगमन, मूल्याङ्कन र समीक्षा गर्दै लैजाने।

१३. सम्बन्धित क्षेत्रका ख्यातिप्राप्त विज्ञहरुको राय सुझावको आधारमा संविधानले तोकेका आयोगको काम, कर्तव्य साथै अधिकारका विषयहरुमा आयोगको कार्य सम्पादनलाई थप प्रभावकारी पार्दै लैजाने।

१४. मधेशी समुदायसँग सम्बन्धित एकीकृत तथ्याङ्कलाई सरल, एकिकृत र व्यवस्थित रुपमा राखी वहुउपयोगी बनाउदै लैजाने र मधेश प्रोफाइललाई २०७८ को जनगनणाको प्राथमिक तथ्याङ्क अनुसार अद्यावद्यिक गर्ने।

१५. प्राप्त थर सूचीकरणको प्रतिवेदनलाई प्राथमिक तथ्याङ्कको आधारमा स्वरुप प्रदान गर्न कार्यक्रम कार्यान्वयका लागि नेपाल सरकारमा सिफारिस गर्ने।

१६. मधेशी समुदायको राज्यमा पहुँचको अवस्था सम्बन्धी अध्ययन, अनुसन्धान कार्य द्वितीय तथ्याङ्कको आधारमा भएतापनि प्राथमिक तथ्याङ्कको आधारमा तयार गर्न थप बजेटको अपेक्षा गरेको छ।

१७. आयोगले निरन्तर समस्याहरुका समाधानका लागि सिफारिस गरेतापनि अझैसम्म राज्य संवेदनशिल हुन नसकेको अवस्था रहेको छ।

१८. संघीय संसदका प्रतिनिधसभा र राष्ट्रियसभाका समितिहरुले संसदमा नीति निर्माण भन्दा पहिले आयोगसँग मधेशी समुदायको चुनौती र अवसरहरु के के रहेका छन् भन्ने कुराको आयोगको स्थापना भएको आठौ वर्षसम्म गहन छलफल हुन नसकेकोले आगामी आर्थिक वर्षमा संसदमा प्रस्तुत हुने नीति तथा कार्यक्रम भन्दा पूर्व अनिवार्य रुपमा आयोगको सल्लाहकारी भूमिकालाई स्वीकार र अंगिकार गर्नुपर्ने देखिन्छ।

१९. पर्यावरण संरक्षणका लागि नेपाल सरकारले पर्यावरणमैत्री अवस्थाको सृजना गर्नुपर्ने जसबाट वन तथा वातावरण, नदीजन्य व्यवस्थापन तथा जलचरको यथोचित व्यवस्थापन हुनेछ। यसका साथै आपत, विपदलाई अवसरमा रुपान्तरण हुनेछ।

२०. शिक्षाको आधारभुत तहसम्म अनिवार्य रुपमै मातृभाषामा पठनपाठनको व्यवस्थापन गर्नुपर्ने।

२१. शिक्षा ऐनलाई समाज उपयोगी बनाई शिक्षामा गुणस्तरीय परिवर्तन गरी यूवाशक्ति आय आर्जन तथा समाजमा जिम्मेवारीपूर्ण वातावरण बनोस् जसबाट मुलुक विकासको अग्रगतितिर लम्किनमा सहजता प्रदान हुनेछ। यसका लागि विद्यालयमा मानविय

जनशक्ति, भौतिक पूर्वाधार, शैक्षिक सामाग्री विद्यार्थी अनुसारका दरबन्दी र दरबन्दी अनुसारका शिक्षक अविलम्ब व्यवस्था हुनुपर्नेछ।

२२. लक्षित कक्षासम्मका विद्यार्थीहरुलाई दिवाखाजाको कार्यक्रम रहेता पनि सो अनुसारका सम्भव भएसम्म रैथाने/स्थानीय रुपमा उत्पादित वस्तुहरुको प्रयोग गरी गुणस्तरीय तथा स्वास्थ्यवर्द्धक खाजाको व्यवस्थापन अनिवार्य गर्नुपर्दछ।

२३. विद्यालयमा सवै वालवालिकाहरुको पहुँच हुनुपर्ने, नामांकित गरिएका विद्यार्थीहरुको उपस्थिति सकेसम्म सत प्रतिशत हुनुपर्ने, विद्यार्थीको अध्ययनलाई अविरल रुपमा संचालनका लागि व्यवस्था गरिएका छात्रवृतिलाई प्रभावकारी रुपमा वितरण गर्नुपर्ने। एउटै विद्यालयमा विद्यार्थीहरुलाई उपस्थितिको लागि अनिवार्यता गर्ने,

२४. प्रभावकारी सुशासनको माध्यमले शिक्षा, यातायातका संशाधन, स्वास्थ्य, खानेपानी सहितका सामाजिक सूचकहरुमा सकारात्मकता ल्याई मुलुकलाई समृद्धितिर डोर्याउनुपर्ने। यसका साथै समाजका अति महत्वपूर्ण वर्ग ज्येष्ठ नागरिकका ज्ञान, सिप र क्षमतालाई सदुपयोग गरी मुलुकको विकासलाई द्रुतगतिमा अगाडि बढाउनुपर्ने तथा ज्येष्ठ नागरिक र सामाजिक सुरक्षा प्राप्त गर्ने वर्गहरुले प्राप्त गर्दै गरेका सामाजिक सुविधाहरुलाई तीनै तहका सरकारले समयमै नियमित रुपमा उपलब्ध गराउदा ती व्यक्तित्वहरुलाई सम्मानको भावनामा वृद्धि हुनेछ तथा जीवनयापनमा सहजता प्राप्त हुनेछ।

२४. तराई मधेशमा विकराल रहेका विवाहदर्ता, जन्मदर्ता र मृत्युदर्ताको समयावधि ३५ दिन रहेता पनि व्यवहारतः सो समयावधि भित्र घटना दर्ता गरेको देखिदैन। यो अवस्थाको निर्मुलीकरण गर्न स्थानीय सरकारका वडा कार्यालयले स्थलगत वा परिवारगत रुपमा दर्ता हुने गरी व्यवस्था गरेमा घटना दर्ता सम्बन्धी समस्या न्यून हुने देखिन्छ। घटना दर्तालाई प्रभावकारी बनाउनका लागि सरोकारवाला सवैले आवश्यक व्यवस्थापनमा ध्यान दिन आयोगको ठम्याई रहेको छ। साथै, प्रविधिको माध्यमबाट तोकिएका म्यादभित्र निशुल्क पञ्जिकरण हुने कानुनी व्यवस्था रहेकोले सो कानुनी व्यवस्थालाई अक्षरसः अंगिकार गर्न तीनै तहका सरकार तथा सरोकारवालाहरुले सामाजिक तथा कानुनी सचेतनाका लागि प्रभावकारी प्रयास गर्नुपर्ने देखिन्छ।

# परिच्छेद ६

## कार्यक्रम र लागत

### ६.१ वार्षिक कार्यक्रम र खर्च

यस आयोगको लागि आ.व. २०८२/८३ को निमित्त विनियोजन भएको बजेट र खर्चको आर्थिक विवरण अनुसूची-९ मा समावेश गरिएको छ।

# अनुसूची १: (परिच्छेद १ सँग सम्बन्धित)

## मधेशी आयोगको संगठन संरचना र कर्मचारी विवरण



## कर्मचारी संख्या

| सि.नं | पद | श्रेणी | सेवा | समूह/ उपसमूह | स्थायी दरबन्दी | हाल कार्यरत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प. प्रथम | प्रशासन | सा.प्र. | १ | १ | |
| २ | उपसचिव | रा.प. द्वितीय | प्रशासन | सा.प्र. | १ | १ | |
| ३ | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सा.प्र. | २ | २ | |
| ४ | नायव सुब्बा | रा.प. अनं. प्रथम | प्रशासन | सा.प्र. | २ | २ | |
| ५ | लेखापाल | रा.प. अनं. प्रथम | प्रशासन | लेखा | १ | १ | |
| ६ | कम्प्युटर अपरेटर | रा.प. अनं. प्रथम | विविध | | १ | १ | |
| ७ | निजी सहायक | रा.प. अनं. प्रथम सरह | | | ५ | ३ | करार |
| ८ | ह.स.चा. | श्रेणीविहिन | | | २ | ५ | ५ जना मध्ये २ जना स्वीकृत दरबन्दीमा र करारमा ३ जना |
| ९ | कार्यालय सहयोगी (स्वीपर १ समेत) | श्रेणीविहिन | | | ३ | ५ | ५ जना मध्ये ३ जना स्वीकृत दरबन्दीमार २ जना करारमा |
| **जम्मा** | | | | | १८ | २१ | |

आयोगमा २०८२।८३ मा कार्यरत कर्मचारीहरुको विवरण

| सि.नं. | कर्मचारीको नाम | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | नरेश राज खरेल | सचिव | ९८४१८१३१०२ | |
| २ | सविता डंगोल | उपसचिव | ९८४१२९८४७५ | |
| ३ | रमेश कुमार दास | शाखा अधिकृत | ९८५११७९९३६ | |
| ४ | अखिलेश्वर कर्ण | | ९८४१६६७६१५ | |
| ५ | अनुप बहादुर खड्का | ना.सु. | ९८४१४२४८५५ | |
| ६ | अमित कुमार साह | क.अ. | ९८४११५३३७३ | |
| ७ | चन्द्रा कुमारी विष्ट | लेखापाल | ९८५८७७७७९७ | |
| ८ | सुन्दर प्रसाद निरौला | ना.सु. | ९८४२५६०३५८ | |
| ९ | खगेन्द्र नेपाली | ना.सु. | ९८४७१८४१५३ | |
| १० | रोबिन साह | निजि सहायक | ९८५१०८०८४४ | |
| ११ | अमन कुमार साह | निजि सहायक | ९८६६४५७०५७ | |
| १२ | राजिब ढकाल | निजि सहायक | ९८६६२१२४९६ | |
| १३ | राजहंस सिह | निजि सहायक | ९८६२८३३१०० | |
| १४ | ईश्वर प्रसाद गुनी | ह.स. चालक | ९८४११२६७४४ | |
| १५ | भुवल भण्डारी | ह.स. चालक | ९८४१९६७५९८ | |
| १६ | तिलक बहादुर तामाङ | ह.स. चालक | ९८४१५०६६३३ | |
| १७ | मणी कुमार शिवाकोटी | ह.स. चालक | ९८४१५७५२०६ | |
| १८ | डम्बर ब. बि.क | ह.स. चालक | ९८४३५५४३२५ | |
| १९ | शम्भु तामाङ | ह.स. चालक | ९८०३५५४९०७ | |
| २० | सिता थापा | का. सहयोगी | ९८४४९३९४४५ | |
| २१ | गिरिजेश कोइरी | का. सहयोगी | ९८६७२११८७८ | |
| २२ | शारदा अधिकारी | का. सहयोगी | ९८६१८१८७०१ | |
| २३ | कृतिवान मौर्य | का. सहयोगी | ९८६३५९१४४८ | |
| २४ | माया पोडे पुजारी | स्वीपर | ०१-५१३७३३० | |

# अनुसूची २

## आयोगमा प्राप्त भएको उजुरी तथा गुनासोहरुको विवरण (२०८२/०८३)

| दर्ता नं. | उजुरीको मिति | उजुरी कर्ता | माध्यम | उजुरीको विषय |
|---|---|---|---|---|
| १. | २०८२।४।२६ | संगिता अहिर यादव | प्रत्यक्ष | आवश्यक कारवाही गरी पाउँ |
| २. | २०८२।५।६ | पत्रिका (गोरखापत्र) | अप्रत्यक्ष | समावेशीको संख्या खुल्लामा जाँदा कतिको उचित |
| ३. | २०८२।६।५ | स्वरनिभा सिंह | अप्रत्यक्ष | Urgent complaint regarding assault false allegation and unlawful action against my father |
| ४. | २०८२।६।७ | विम्मि सिंह | अप्रत्यक्ष | जानकारी गराइएको सम्बन्धमा |
| ५. | २०८२।६।७ | सुवास महतो, अनिल कुमार यादव, आषुतोष झा | अप्रत्यक्ष | Request for fair investigation into reservation for madheshi candidates in Nepal army. |
| ६ | २०८२।७।१३ | मनोज कुमार यादव | इमेल | Issue of proportion representation |
| ७ | २०८२।७।१९ | मिथिलेश महतो | इमेल | आमालाई खोजतलास गराई, जिउ ज्यानको सुरक्षा एवम् अपहरण कार्यमा संलग्न दोषीलाई आवश्यक कारवाही गराई पाउँ |
| ८ | २०८२।७।२१ | खजान्ती महतो नुनिया नेपाल निषाद | | सिफारिस गरि पाउँ |

| दर्ता नं. | उजुरीको मिति | उजुरी कर्ता | माध्यम | उजुरीको विषय |
|---|---|---|---|---|
| | | एकता समाज फतुवा विजयपुर-११ रौतहट | | |
| ९ | २०८२।७।२८ | अधिवक्ता राजकिशोर मेहता | प्रत्यक्ष | ध्यानाकर्षण सम्बन्धमा |
| १० | २०८२।८।२ | संतोष कुमार सिंह कुशवाहा | प्रत्यक्ष | कानुन बमोजिमको कारवाही गरी न्याय दिलाई पाउँ |
| ११ | २०८२।१०।८ | अभिषेक गुप्ता | प्रत्यक्ष | कारवाही गरी पाउँ सम्बन्धमा |
| १२ | २०८२।१०।९ | अनुराग झा | प्रत्यक्ष | मधेशी समुदाय तथा मैथिली भाषाको सामाजिक परिहास तथा अपमान गरेको सम्बन्धमा |
| १३ | २०८२।१०।११ | नीलम पासवान प्रदेश सभा सदस्य (लुम्बिनी प्रदेश) | प्रत्यक्ष | मधेशी कोटामा गैर मधेशीको नियुक्ती सम्बन्धमा |
| १४ | २०८२।१०।१५ | राम कुमार साह | इमेल | पञ्चाङ्गमा गणीनाथ पुजनोत्सव उल्लेख गर्ने व्यवस्थाका लागि सिफारिस गरी पाउँ भन्ने बारे । |
| १५ | २०८३।२।१ | असन कुमार साह | इमेल | उजुरी सम्बन्धमा |

| दर्ता नं. | उजुरीको मिति | उजुरी कर्ता | माध्यम | उजुरीको विषय |
|---|---|---|---|---|
| १६ | २०८३।२।१ | रमेश कुमार दास | प्रत्यक्ष | राजश्व समूहको परीक्षामा हाललाई सामेल गराई दिनुहुन |
| १७ | २०८३।२।६ | झोटन मेहता (अपन स्वर्ग नेपाल कला संस्कृति, अध्यक्ष) | अप्रत्यक्ष | ज्ञापन पत्र |
| १८ | २०८३।२।८ | हेल्लो सरकार | अप्रत्यक्ष | सत्य तथ्य छानविन गरी आवश्यक कारवाही गरि पाउँ |
| १९ | २०८३।२।२१ | सुनिता मण्डल | अप्रत्यक्ष | जातीय विभेद सम्बन्धमा |
| २० | २०८३।२।२९ | रणजित कुमार मेहता | प्रत्यक्ष | मधेशी आरक्षण कोटाको दुरुपयोग सम्बन्धमा छानविन गरी न्याय दिलाइ पाउँ |
| २१ | २०८२।३।३० | नरेन्द्र नारायण साहु | प्रत्यक्ष | विद्यावरिधि तहको शुल्क व्यवस्थापन गरी पाउँ भन्ने सम्बन्धमा । |
| २२ | २०८२।३।३० | अमित कुमार साह | प्रत्यक्ष | अनलाइन ठगी गर्ने उपर कानुनी कारवाही गरी पाउँ । |

# अनुसूची ३

## कार्यक्रमहरु

आ.व. २०८२।८३ मा आयोगमा स्वीकृत वार्षिक कार्यक्रम र विनियोजित वजेट रकम भित्र रही सम्पादन गरिएका कार्यक्रमहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

## माननीय कार्यवाहक अध्यक्ष श्री जीवछ साहज्यूको कार्यक्रमहरु

(१) माननीय कार्यवाहक अध्यक्ष श्री जीवछ साहज्यूको अध्यक्षता एवम् प्रमुख आतिथ्यतामा मिति २०८३ जेठ २७ गते मधेश प्रदेशको सिराहा जिल्लामा जिल्ला समन्वय समितिको हलमा स्थानीय तहमा रहेका विवाद समाधानको निम्ती जिल्ला समन्वय समितिका प्रमुखज्यूको प्रमुख आतिथ्यता एवम् सिराहा जिल्ला अदालतका माननीय न्यायाधिश डा. श्रीप्रसाद उप्रेती (१ नम्बर) र प्रमुख जिल्ला अधिकारी, जि.स.स. उपप्रमुखज्यूको विशिष्ट आतिथ्यतामा एवम् जिल्लाभरीका स्थानीय तहका न्यायिक समितिका संयोजक (उपप्रमुख/उपाध्यक्ष), प्रमुख प्रशासकिय अधिकृत, न्यायिक समितिका कर्मचारीहरु, सवै स्थानीय तहमा रहेका नेपाल प्रहरीका प्रमुखज्यूहरु र संचारकर्मीहरुको सहभागितामा प्रशिक्षक प्रशिक्षण (TOT) कार्यक्रम सम्पन्न।

## कार्यक्रमका उद्देश्यहरू

- स्थानीय तहका न्यायिक समितिका संयोजक, सदस्य तथा कर्मचारीहरूको कानुनी ज्ञान र विवाद निरूपण सम्बन्धी क्षमतामा सुधार ल्याउनु।
- मधेशी समुदाय तथा सर्वसाधारणका मुद्दा-मामिला र विवादहरूलाई अदालतसम्म पुग्न नदिई स्थानीय स्तरमै मेलमिलाप र न्यायोचित ढङ्गले समाधान गर्ने वातावरण बनाउनु।
- सिराहा जिल्लाका स्थानीय तहका न्यायिक समिति, सिराहा जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय सिराहा, जिल्ला प्रहरी कार्यालय सिराहा र सञ्चारकर्मीहरूबीच प्रभावकारी समन्वय र सहकार्य स्थापित गर्नु।
- मधेशी समुदायका गरिब, विपन्न तथा पहुँचविहीन नागरिकहरूलाई आफ्नै पायक पर्ने स्थानमा छिटो, छरितो र निष्पक्ष न्याय दिलाउनु।

- सहभागीहरूलाई प्रशिक्षित गरी उनीहरूका माध्यमबाट स्थानीय तहका अन्य सरोकारवाला तथा समुदाय स्तरसम्म कानुनी साक्षरता र सचेतना विस्तार गर्नु।

**कार्यक्रमका उपलब्धीहरू**

- न्यायिक समितिका संयोजक तथा कर्मचारीहरूले विवाद निरूपणका कानुनी प्रक्रिया र क्षेत्राधिकारबारे व्यावहारिक ज्ञान प्राप्त गरेका छन्।
- नेपाल प्रहरी र स्थानीय न्यायिक समितिबीच विवाद समाधानमा हुनसक्ने द्विविधा हटी आपसी सहयोग र समन्वयमा अभिवृद्धि भएको छ।
- स्थानीय स्तरमै अन्य सरोकारवालाहरूलाई तालिम र कानुनी परामर्श दिन सक्ने दक्ष प्रशिक्षकहरू (TOT) तयार भएका छन्।
- स्थानीय तहका विवादहरू स्थानीय स्तरमै समाधान हुने वातावरण बनेकाले जिल्ला अदालतमा पर्ने मुद्दाको चाप घट्न सहयोग पुगेको छ।
- स्थानीय स्तरमा हुने न्याय सम्पादन प्रक्रिया पारदर्शी र प्रभावकारी बन्दा सर्वसाधारण नागरिकको कानुनी सुरक्षा र अधिकारको प्रत्याभूति बढेको छ।

**आगामी दिनमा गर्नुपर्ने सुधारहरू**

- तालिम प्राप्त प्रशिक्षक तथा न्यायिक समितिहरूले स्थानीय तहमा कसरी काम गरिरहेका छन् भनी आयोग र जिल्ला समन्वय समितिले नियमित अनुगमन गर्नुपर्ने।
- स्थानीय तहका न्यायिक समितिहरूलाई व्यवस्थित कार्यकक्ष, कानुनी सहजकर्ता (इजलास अधिकृत) र पर्याप्त बजेटको प्रबन्ध गर्नुपर्ने।
- न्यायिक समितिको अधिकार र पहुँचबारे गाउँ-गाउँका मधेशी समुदाय तथा लक्षित वर्गसम्म पुग्ने गरी चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने।
- न्यायिक समितिमा आएका विवाद, समाधान भएका मुद्दा र मेलमिलाप भएका घटनाहरूको डिजिटल वा व्यवस्थित अभिलेखीकरण गर्ने परिपाटी बसाल्नुपर्ने।
- कानुनी प्रावधानहरूमा हुने संशोधन र व्यवहारमा आउने जटिलताहरूलाई सम्बोधन गर्न समय-समयमा पुर्नताजगी तालिमको आयोजना गर्नुपर्ने।

२. मिति २०८३ असार १६ गते मधेशी आयोगका कार्यवाहक अध्यक्ष माननीय जीवछ साहज्यूको अध्यक्षता एवम प्रमुख आतिथ्यतामा तथा श्री राम राजा वहुमुखी क्याम्पसका

क्याम्पस प्रमुख निवेश कुमार तिमिल्सिनाज्यू लगायत उपप्रमुख, प्राध्यापक, सह-प्राध्यापक, जिल्ला प्रशासन कार्यलय बाराका प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय बाराका प्रतिनिधि, स्थानीय प्रतिनिधी नागरिक समाज, संघ संस्थाका प्रतिनिधि, संचारकर्मी र क्याम्पसका छात्र छात्राहरुहरुको सहभागितामा मधेश प्रदेशको बारा जिल्लाको श्री राम राजा वहुमुखी क्याम्पसमा "**मधेशी आयोगको इच्छाः नैतिकवान मधेश तथा सशक्त नैतिक शिक्षा**" कार्यक्रम सम्पन्न भयो।

## कार्यक्रमका उद्देश्यहरू

- क्याम्पस तहका छात्र-छात्रा तथा युवाहरूमा इमान्दारिता, अनुशासन र सामाजिक उत्तरदायित्व सम्बन्धी नैतिक शिक्षाको विकास गर्नु।
- समाजमा विद्यमान दाइजो प्रथा, बालविवाह, लागूऔषध दुर्व्यसनी तथा भ्रष्टाचारजस्ता सामाजिक कुरीतिहरू विरुद्ध युवाहरूलाई सचेत गराउनु।
- नैतिक समाज निर्माणका लागि शैक्षिक संस्था (क्याम्पस), जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, नागरिक समाज र सञ्चारकर्मीहरूबीच साझा दृष्टिकोण र सहकार्य कायम गर्नु।
- विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षाका साथै नैतिकवान् र समाजप्रति जिम्मेवार नागरिक बन्न प्रेरित गर्नु।
- मधेशी आयोगले अघि सारेको "**नैतिकवान मधेश**" को दीर्घकालीन अवधारणालाई शैक्षिक क्षेत्र र स्थानीय समुदाय स्तरसम्म पुऱ्याउनु।

## कार्यक्रमका उपलब्धीहरू

- क्याम्पसका छात्र-छात्राहरूमा नैतिक शिक्षाको महत्त्व र आफ्नो सामाजिक भूमिकाबारे स्पष्टता आएको छ।
- श्री राम राजा बहुमुखी क्याम्पस, स्थानीय प्रशासन र प्रहरी निकायले आयोगको अभियानमा सहकार्य र सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।
- युवाहरू स्वयं आफ्ना घर-परिवार र समुदायमा व्याप्त विकृति विरुद्ध बोल्न र सचेतना फैलाउन प्रेरित भएका छन्।

- आयोगका नीति तथा प्राथमिकताहरूबारे नागरिक समाज, बुद्धिजीवी र सञ्चारकर्मीहरूलाई सुसूचित गराउन सहयोग पुगेको छ।
- शैक्षिक क्षेत्रमार्फत नैतिकवान् मधेश निर्माण गर्ने आयोगको संकल्पले स्थानीय स्तरमा सकारात्मक सन्देश प्रवाह गरेको छ।

**आगामी दिनमा गर्नुपर्ने सुधारहरू**

- क्याम्पस तथा विद्यालय स्तरका अतिरिक्त क्रियाकलाप वा पाठ्यक्रममै नैतिक शिक्षा सम्बन्धी व्यावहारिक विषयवस्तु नियमित रूपमा समावेश गर्नुपर्ने।
- एक पटकको कार्यक्रममा मात्र सीमित नभई विद्यार्थीहरू सम्मिलित "**नैतिकता प्रवर्धन क्लब**" वा सञ्जाल गठन गरी निरन्तर गतिविधि सञ्चालन गर्नुपर्ने।
- विद्यार्थीका साथसाथै अभिभावकहरूलाई पनि यस्ता सचेतनामूलक कार्यक्रमहरूमा समेटेर लैजानुपर्ने।
- सञ्चालित नैतिक शिक्षा अभियानले विद्यार्थीको व्यवहार र समाजमा पारेको प्रभावको आवधिक मूल्याङ्कन गर्ने परिपाटी बसाल्नुपर्ने।
- युवा पुस्तामाझ नैतिक सन्देशहरू छिटो पुर्‍याउन छोटो भिडियो, पोस्टर र सामाजिक सञ्जालमार्फत रचनात्मक अभियान चलाउनुपर्ने।

३. मिति २०८३ असार ०३ गते मधेशी आयोगका कार्यवाहक अध्यक्ष माननीय जीवछ साह ज्यूको अध्यक्षता एवं प्रमुख आतिथ्यतामा तथा बाँके जिल्लाको प्रमुख जिल्ला अधिकारी दिल कुमार तामाङ ज्यू, जिल्ला प्रहरी कार्यालय, बाँकेका प्रहरी उपरीक्षक अंगुर जि.सी. ज्यू, मंगल प्रसाद महिला क्याम्पसका क्याम्पस प्रमुख सुवास चन्द्र मिश्र ज्यू, मंगल माध्यमिक विद्यालयका प्रधानाध्यापक श्री सन्ध्या गुप्ता ज्यू को विशिष्ट आतिथ्यतामा एवं स्थानीय जनप्रतिनिधिहरु, कर्मचारीहरु, शिक्षक एवं शिक्षिका ज्यूहरु, सञ्चारकर्मी ज्यू आदिको आतिथ्यतामा तथा मंगल प्रसाद माध्यमिक विद्यालयका महिला कलेजका छात्राहरुको सहभागितामा एवं प्रशिक्षकको रुपमा बाँकेका प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत श्री विनिता यादव र मधेशी आयोगका शाखा अधिकृत श्री अखिलेश्वर कर्णको प्रशिक्षणमा लुम्बिनी प्रदेशको बाँके जिल्ला नेपालगंज उपमहानगरपालिका स्थित श्री मंगल माध्यमिक विद्यालयमा मधेशी समुदायको सशक्तिकरणका लागि लोक सेवा परीक्षा तयारी अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो ।

**कार्यक्रमका उद्देश्यहरू**

- मधेशी समुदायका छात्राहरूलाई निजामती सेवा (लोक सेवा) तर्फ आकर्षित गरी राज्यको संयन्त्रमा समावेशी प्रतिनिधित्व बढाउनु।
- लोक सेवा आयोगको परीक्षा ढाँचा, अध्ययन रणनीति, पाठ्यक्रम र तयारी गर्ने तरिकाबारे व्यावहारिक ज्ञान र मार्गदर्शन प्रदान गर्नु।
- शैक्षिक रूपमा अघि बढ्दै गरेका छात्राहरूमा प्रशासनिक नेतृत्वमा पुग्ने आत्मविश्वास र प्रेरणा जगाउनु।
- प्रमुख जिल्ला अधिकारी, प्रशासकीय अधिकृत तथा आयोगका शाखा अधिकृतजस्ता अनुभवी राष्ट्रसेवकहरूबाट प्रत्यक्ष अनुभव र सुझाव उपलब्ध गराउनु।
- क्याम्पस, विद्यालय, स्थानीय प्रशासन र समुदायको सहकार्यमा निजामती परीक्षा तयारीको सकारात्मक माहोल तयार पार्नु।

**कार्यक्रमका उपलब्धीहरू**

- सहभागी छात्राहरूले निजामती सेवाको महत्त्व र लोक सेवा परीक्षा तयारी गर्ने तरिकाबारे स्पष्ट दिशा पाएका छन्।
- जिल्लाका उच्च प्रशासक तथा शाखा अधिकृतहरूबाट अध्ययन सामग्री संकलन, उत्तर लेखन शैली र समय व्यवस्थापन सम्बन्धी उपयोगी टिप्स प्राप्त भएका छन्।
- मधेशी आयोग, जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, शैक्षिक संस्था र स्थानीय जनप्रतिनिधिहरूबीच मधेशी समुदायको सशक्तिकरणका लागि साझेदारी बनेको छ।
- विद्यालय र क्याम्पस स्तरका छात्राहरूलाई रोजगारी र प्रशासनिक नेतृत्वमा जोड्ने आधार तयार भएको छ।
- दूरदराज वा पहुँच बाहिर रहेका छात्राहरूले आफ्नै अध्ययन थलोमा आधिकारिक मार्गदर्शन प्राप्त गर्ने अवसर पाएका छन्।

**आगामी दिनमा गर्नुपर्ने सुधारहरू**

- १ दिने अभिमुखीकरणमा मात्र सीमित नभई इच्छुक छात्राहरूका लागि निःशुल्क वा सहुलियतपूर्ण ३ देखि ६ महिने सघन (Intensive) तयारी कक्षा सञ्चालन गर्नुपर्ने।

- क्याम्पस तथा माध्यमिक विद्यालयको पुस्तकालयमा लोक सेवा तयारी सम्बन्धी अद्यावधिक पुस्तक, पत्रपत्रिका र सामग्रीहरू उपलब्ध गराउनुपर्ने।
- छात्राहरूको तयारी स्तर जाँच्न आवधिक रूपमा नमूना परीक्षा सञ्चालन गर्ने र उत्तर लेखन सुधारका लागि पृष्ठपोषण दिने परिपाटी बसाल्नुपर्ने।
- नेपालगन्ज बाहिरका अन्य दुर्गम क्षेत्रका छात्राहरूलाई समेट्न अनलाइन वा रेकर्डेड भिडियो कक्षाको पहुँच पुर्‍याउनुपर्ने।
- आर्थिक रूपमा विपन्न तथा प्रतिभावान् छात्राहरूलाई लोक सेवा परीक्षा फाराम शुल्क वा अध्ययनका लागि विशेष प्रोत्साहन/छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने।

## माननीय सदस्य श्री रेणु देवी साहज्यूको कार्यक्रमहरु

१. मिति २०८३ वैशाख ०८ गते मधेशी आयोगका माननीय सदस्य रेणु देवी साहज्यूको प्रमुख आतिथ्यता तथा सप्तकोशी नगरपालिकाको वडा नं. ८ को वडा अध्यक्ष जाहिर हुसेनज्यूको अध्यक्षतामा र सप्तरी जिल्ला प्रशासन कार्यालयको प्रमुख जिल्ला अधिकारीज्यू, सप्तकोशी नगरपालिकाको उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतज्यू, प्रहरी नायव निरीक्षकज्यूहरुको विशिष्ट आतिथ्यतामा एवम् वडा अध्यक्षज्यूहरु, नगरपालिकाका कर्मचारीहरु, गोवर्धन माध्यमिक विद्यालयका प्रधानाध्यापकज्यू, शिक्षकज्यूहरु, स्थानीय प्रतिनिधिज्यूहरु, संघ संस्थाका प्रतिनिधिज्यूहरु, संचारकर्मीज्यूहरुको आतिथ्यतामा एवम् गोवर्धन माध्यमिक विद्यालयका विद्यार्थीहरुको सहभागितामा प्रशिक्षकहरु प्र.जि.अ. श्री टुवराज पोखरेलज्यू, प्रहरी उपरीक्षक राजन रायमाझीज्यू र शा.अ. सम्राट थापा मगरज्यूको प्रशिक्षणमा मधेशी समुदायको सशक्तिकरणका लागि लोक सेवा आयोग परीक्षा तयारी सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो ।

२. मिति २०८३ वैशाख १० गते मधेशी आयोगको माननीय सदस्य रेणु देवी साहज्यूको प्रमुख आतिथ्यतामा र कोशी प्रदेशको मोरङ्ग जिल्लाको धनपाल गाउँपालिकामा गा. पा. अध्यक्ष श्री जीवछ प्रसाद गच्छदारज्यू, उपाध्यक्ष नसिमा बानो, मोरङ्ग जिल्लाका प्र. जि. अ. युवराज कट्टेलज्यू, प्रमुख प्रशासकीय अधिकृत श्री रिता खतिवडाज्यू, प्रहरी निरीक्षक श्री नरेन्द्र कुमार बोगटी तथा धनपाल गाउँपालिकाका श्री सरस्वती माध्यमिक विद्यालयका प्रधानाध्यापकज्यू, शिक्षकज्यूहरु, स्थानीय जनप्रतिनिधिज्यूहरु,

वडा अध्यक्षज्यूहरु, संचारकर्मीज्यूहरुको आतिथ्यतामा एवम् श्री सरस्वती माध्यमिक विद्यालयका विद्यार्थीहरुको सहभागिता तथा प्रमुख जिल्ला अधिकारी श्री युवराज कट्टेलज्यू र रंगेली नगरपालिकाका प्र. प्र. अ. श्री प्रदिप साहज्यू र प्रहरी निरीक्षक श्री नरेन्द्र कुमार बोगटीको प्रशिक्षणमा मधेशी समुदायको सशक्तिकरणका निम्ति लोक सेवा परीक्षा तयारी अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो ।

३. मिति २०८३ असार १६ गते मधेशी आयोगका माननीय सदस्य रेणु देवी साहज्यूको अध्यक्षतामा सुदुर पश्चिम प्रदेशका प्रदेश प्रमुख माननीय नजिर मियाँज्यूको प्रमुख आतिथ्यतामा सुदुर पश्चिम विश्वविद्यालयका उपकुलपति प्रा. डा. यज्ञराज पाठक, रजिष्ट्रार प्रा. डा. गोविन्द सिंह बिष्ट, प्र. जि. अ. श्री मदन कोइराला, भिमदत्त नगरपालिकाका उपप्रमुख श्री निलम लेखक जोशी, जि. प्र. का. प्रमुख श्री नेत्रमणि गिरीज्यूहरुको विशिष्ट आतिथ्यतामा र निमित्त क्याम्पस प्रमुख, उपनिर्देशक, वडा अध्यक्षज्यूहरु, सुदुर पश्चिम विश्वविद्यालयका विभागिय प्रमुखज्यूहरु, वरिष्ठ वन अधिकृतज्यू, इन्सेक प्रतिनिधिज्यू, संचारकर्मीज्यूहरुको आतिथ्यतामा तथा केन्द्रिय क्याम्पसका विद्यार्थीहरुको सहभागिता एवम् प्रशिक्षक प्र.जि.अ. श्री मदन कोइरालाज्यू, लमकीचुहा न. पा. का. प्रमुख प्रशासकीय अधिकृत श्री सुष्मा महता केसी, जि. प्र. का. प्रहरी उपरीक्षक श्री नेत्र मणी गिरी, वन अधिकृत श्री दिनेश कुमार यादवज्यूको प्रशिक्षणमा कञ्चनपुर जिल्लाको महेन्द्रनगरमा सुदुरपश्चिम विश्वविद्यालय केन्द्रीय कार्यालयको सभाहलमा मधेशी समुदायको सशक्तिकरण सम्बन्धी लोकसेवा परीक्षा तयारी अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो ।

**कार्यक्रमका उद्देश्यहरूः**

- निजामती सेवा र सुरक्षा निकायमा प्रवेश गर्न चाहने मधेशी समुदायका युवाहरूलाई लोक सेवा आयोगको पाठ्यक्रम र परीक्षा प्रणालीबारे यथार्थ जानकारी दिनु।
- निजामती सेवा र सुरक्षा निकायमा मधेशी समुदायका युवाहरूको पहुँच, आकर्षण र समानुपातिक प्रतिनिधित्व बढाउनु।
- लोक सेवा आयोगको परीक्षा प्रणाली, पाठ्यक्रम, अध्ययन विधि र उत्तर लेख्ने शैलीबारे विद्यार्थीहरूलाई विस्तृत जानकारी गराउनु।

- उच्च पदस्थ प्रशासकहरू प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षक लगायतसँग प्रत्यक्ष अन्तर्क्रिया गराई विद्यार्थीहरूमा सरकारी सेवाप्रतिको आत्मविश्वास र प्रेरणा जगाउनु।
- स्थानीय तह, प्रशासन, सुरक्षा निकाय र विद्यालयबीच समन्वय गरी युवा सशक्तिकरणका लागि साझा मञ्च निर्माण गर्नु।
- प्रतिस्पर्धात्मक परीक्षाका सम्बन्धमा ग्रामीण भेगका विद्यार्थीहरूमा रहेका द्विविधा र डरलाई न्यूनीकरण गरी स्पष्टता ल्याउनु।

**कार्यक्रमका उपलब्धीहरूः**

- प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षक र शाखा अधिकृतजस्ता अनुभवी व्यक्तिहरूबाटै लोकसेवा परीक्षा तयारी अभिमुखीकरण कार्यक्रममा सहभागी विद्यार्थीहरूले प्रत्यक्ष प्रशिक्षण र व्यावहारिक ज्ञान प्राप्त गरेका।
- मधेशी आयोगको पहलमा स्थानीय जनप्रतिनिधि, प्रशासन, प्रहरी र शिक्षकहरूको एकै ठाउँमा उपस्थिति भई युवा विकासमा साझा प्रतिबद्धता देखिएको।
- स्थानीय विद्यार्थी तथा युवाहरूमा लोक सेवा तयारी कसरी गर्ने र यसको महत्त्व के हो भन्ने विषयमा चेतनास्तर फराकिलो भएको।
- मधेशी आयोगका माननीय सदस्य, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्षदेखि स्थानीय जनप्रतिनिधि र शिक्षकहरूसम्मको उपस्थितिमा युवा विकासप्रति साझा ऐक्यबद्धता देखिएको।
- मधेशी समुदायका युवा र विद्यार्थीहरूको उल्लेखनीय सहभागिता भई आयोगको सशक्तिकरणको लक्ष्य तल्लो तहसम्म पुगेको।
- विद्यार्थीहरूले आफ्ना जिज्ञासाहरू सीधै प्रशासकहरूसँग राख्न पाएकोले परीक्षासम्बन्धी प्राविधिक पक्षहरूमा उनीहरूको बुझाइ स्पष्ट भएको।
- काठमाडौं वा सहरकेन्द्रित हुने यस्ता तयारी कक्षाहरू आफ्नै वडा र विद्यालयमा सञ्चालन हुँदा स्थानीय स्तरमा ठूलो उत्साह र ऊर्जा थपिएको।

**आगामी दिनमा गर्नुपर्ने सुधारहरूः**

- एकदिने अभिमुखीकरण कार्यक्रमलाई मात्र सीमित नराखी, निश्चित अवधिसम्म (जस्तैः ३ महिना) चल्ने निःशुल्क नियमित तयारी कक्षा सञ्चालन गर्नुपर्ने।

- सहभागी विद्यार्थीहरूलाई लोक सेवा तयारीका लागि आवश्यक पर्ने पुस्तक, पाठ्यक्रम र नमुना प्रश्नपत्रहरू निःशुल्क उपलब्ध गराउनुपर्ने।
- विद्यार्थीहरूको सिकाइ र क्षमताको मूल्याङ्कन गर्न समय-समयमा लोक सेवाको ढाँचामा नमुना परीक्षा सञ्चालन गरी पृष्ठपोषण दिने व्यवस्था मिलाउनुपर्ने।
- यस्ता कार्यक्रमहरू एउटा मात्र विद्यालय वा वडामा सीमित नराखी पालिकाका अन्य वडाहरू र तराई मधेश प्रदेशका अन्य विकट गाउँहरूमा पनि विस्तार गर्नुपर्ने।
- स्थानीय विद्यालय वा वडा कार्यालयमा लोक सेवा र अन्य प्रतिस्पर्धात्मक परीक्षाका पुस्तकहरू समावेश गरी एउटा छुट्टै **'स्रोत केन्द्र' वा पुस्तकालय** स्थापना गर्नुपर्ने।
- आगामी दिनमा कार्यक्रम गर्दा मधेशी महिला, दलित र अति सीमान्तकृत वर्गका छात्रछात्राहरूको सहभागिता सुनिश्चित गर्न विशेष प्रोत्साहनका कार्यक्रमहरू ल्याउनुपर्ने।

४. मिति २०८३ जेठ २८ गते मधेशी आयोगको माननीय सदस्य रेणु देवी साहज्यूको प्रमुख आतिथ्यतामा र मोरङ्ग जिल्लाको सुनवर्षी नगरपालिकाका नगर प्रमुख श्री श्याम प्रसाद राजवंशीज्यूको अध्यक्षतामा, उपप्रमुख श्री मिरा देवी दास केबरतज्यू, प्र. जि. अ. श्री युवराज कट्टेलज्यू, सुनवर्षी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री हिमालय बरालज्यूको विशिष्ट आतिथ्यतामा, वडा अध्यक्ष, एवम् जनप्रतिनिधिहरु, कर्मचारीहरु, नागरिकसमाज, ज्येष्ठ नागरिक, अधिकारकर्मी, सुरक्षाकर्मी एवम् संचारकर्मीज्यूहरुको आतिथ्यतामा एवम् युवाहरुको समावेशी एवम् सक्रिय सहभागितामा तथा प्रशिक्षकहरु प्र. जि. अ. श्री युवराज कट्टेलज्यू, रंगेली नगरपालिकाका प्र. प्र. अ. श्री प्रदिप साहज्यू र प्रेस काउन्सिलका निवर्तमान सदस्य श्री निमा काफ्लेज्यूको प्रशिक्षणमा "**मधेशी आयोगको इच्छा : नैतिकवान मधेश तथा सशक्त नैतिक शिक्षा**" कार्यक्रम सम्पन्न भयो।

**कार्यक्रमका उद्देश्यहरू:**

- मधेशी समुदायका युवा तथा आम नागरिकमा सकारात्मक सोच, उच्च नैतिक मूल्य-मान्यता र सुसंस्कारको विकास गराउनु।
- ज्येष्ठ नागरिकप्रतिको आदरभाव बढाउनु र समाजका विभिन्न वर्ग (युवा, नागरिक समाज, अधिकारकर्मी) बीच आपसी सद्भाव तथा सहिष्णुता प्रवर्द्धन गर्नु।

- युवा तथा नागरिकहरूलाई आफ्नो कर्तव्य, अधिकार र समाजप्रतिको नैतिक दायित्वबारे सचेत गराउँदै भ्रष्टाचारमुक्त र उत्तरदायी समाज निर्माणमा सघाउनु।
- सैद्धान्तिक ज्ञानलाई मात्र नभई व्यावहारिक जीवनमा लागू गर्न सकिने नैतिक शिक्षाको महत्त्वलाई स्थानीय स्तरमा उजागर गर्नु।
- मधेशी आयोग, स्थानीय सरकार (सुनवर्षी नगरपालिका), प्रशासन र नागरिक समाजको संयुक्त पहलमा नैतिक शिक्षालाई समाज सुधारको अभियानका रूपमा अगाडि बढाउनु।

**कार्यक्रमका उपलब्धीहरू:**

- युवा, ज्येष्ठ नागरिक, जनप्रतिनिधि, अधिकारकर्मी र सुरक्षाकर्मीलगायत समाजका सबै तह र तप्काको एकै ठाउँमा उपस्थिति भई नैतिक शिक्षाको बहसमा साझा मञ्च निर्माण भएको।
- प्रमुख जिल्ला अधिकारी, प्रमुख प्रशासकीय अधिकृत र प्रेस काउन्सिलका पूर्व सदस्यजस्ता अनुभवी व्यक्तित्वहरूबाट सहभागीहरूले प्रशासनिक, सामाजिक र सञ्चार नैतिकताको व्यावहारिक ज्ञान प्राप्त गरेका।
- नगर प्रमुख, उपप्रमुख र वडा अध्यक्षहरूको सक्रिय सहभागिताले सुनवर्षी नगरपालिकाभित्र नैतिक शिक्षा र सुशासनलाई प्राथमिकतामा राख्ने संस्थागत प्रतिबद्धता व्यक्त भएको।
- कार्यक्रममा युवाहरूको समावेशी र सक्रिय सहभागिताले उनीहरूमा समाजप्रतिको जिम्मेवारीबोध र नैतिक रूपमा अघि बढ्ने प्रेरणा मिलेको।
- ज्येष्ठ नागरिक र युवाहरू एउटै कार्यक्रममा सहभागी हुँदा अनुभवको आदानप्रदान हुनुका साथै अन्तरपुस्ता सम्मानको भावना मजबुत भएको।
- अधिकारको मात्र खोजी गर्ने प्रवृत्तिको सट्टा कर्तव्य र नैतिकताको पालना गर्नुपर्छ भन्ने सन्देश स्थानीय तहसम्म प्रभावकारी रूपमा प्रवाह भएको।

**आगामी दिनमा गर्नुपर्ने सुधारहरू:**

- एकदिने कार्यक्रमलाई मात्र पर्याप्त नठानी, स्थानीय विद्यालयहरूको पाठ्यक्रम वा नियमित अतिरिक्त क्रियाकलापमा 'नैतिक शिक्षा'लाई अनिवार्य विषयका रूपमा समावेश गर्न नगरपालिकासँग समन्वय गर्नुपर्ने।

- "**नैतिकवान मधेश**" अभियानलाई पालिकाका सबै वडाहरू र टोल-टोलमा निरन्तर सचेतना अभियानका रूपमा सञ्चालन गर्नुपर्ने।
- प्रशिक्षणलाई केवल भाषण वा प्रवचनमा मात्र सीमित नराखी, युवाहरूका लागि व्यावहारिक कार्यशाला, भूमिका निर्वाह र सामुदायिक सेवाका कार्यहरू सञ्चालन गर्नुपर्ने।
- नैतिक शिक्षाको पहिलो पाठशाला घर नै भएकाले आगामी दिनमा बालबालिका र युवाहरुसँगै उनीहरूका अभिभावकहरूलाई समेत लक्षित गरी अभिमुखीकरण कार्यक्रम ल्याउनुपर्ने।
- यस नैतिक अभियानलाई समाजमा विद्यमान दाइजो प्रथा, छुवाछूत, लागुऔषध दुर्व्यसनजस्ता विकृतिहरू न्यूनीकरण गर्ने ठोस कार्ययोजनासँग जोड्नुपर्ने।
- कार्यक्रमपश्चात समाज, विद्यालय र युवाहरूको व्यवहारमा कस्तो सकारात्मक परिवर्तन आयो भनी मूल्याङ्कन गर्न स्थानीय तहमै एक अनुगमन संयन्त्र बनाउनुपर्ने।

**माननीय सदस्य श्री आभा कुमारीज्यूको कार्यक्रमहरु**

**विषयः नैतिकवान मधेश तथा सशक्त नैतिक शिक्षा कार्यक्रम अन्तर्गत प्रशासनिक आचरण, उत्तरदायित्व र सुशासित समृद्ध मधेश निर्माणमा सरोकारवालाहरूको भूमिका**

मितिः २०८३ वैशाख १७ गते

स्थानः मधेश प्रदेशको जनकपुरधाम ।

**१. कार्यक्रमको संक्षिप्त विवरण**

मितिः २०८३ वैशाख १७ गते मधेशी आयोगको आयोजनामा माननीय सदस्य आभा कुमारी सिंहज्यूको अध्यक्षतामा "**नैतिकवान मधेश तथा सशक्त नैतिक शिक्षा**" अन्तर्गत प्रशासनिक आचरण, उत्तरदायित्व र सुशासित तथा समृद्ध मधेश निर्माणमा सरोकारवालाहरूको भूमिका कार्यक्रम सम्पन्न भयो। प्रमुख अतिथि माननिय प्रदेश प्रमुख डा. सुरेन्द्रलाल कर्ण लाभज्यूले गमलामा जल अर्पण गरी कार्यक्रमको उद्घाटन गर्नुभएको थियो। राष्ट्रिय गानबाट सुरु भएको कार्यक्रममा प्रदेशका विभिन्न आयोग तथा निकायका पदाधिकारी, प्रदेश योजना आयोग, जिल्ला समन्वय समिति, प्रशासन तथा सुरक्षा निकाय, सञ्चार क्षेत्र, नागरिक समाज, मानवअधिकारकर्मी, बुद्धिजीवी, महिला अधिकारकर्मी तथा पत्रकारसहितको उल्लेख्य सहभागिता रहेको थियो।

## २. कार्यपत्र प्रस्तुति

कार्यक्रममा तीनवटा कार्यपत्र प्रस्तुत भएका थिए।

नैतिकवान मधेस र सशक्त नैतिक शिक्षामा नागरिक समाजको भूमिका इन्सेक मधेश प्रदेश संयोजक राजु पासवान।

नैतिकवान मधेस तथा सशक्त नैतिक शिक्षाको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा पत्रकारको भूमिका प्रेस काउन्सिल मधेश प्रदेशका अध्यक्ष सुरेश कुमार यादव।

प्रशासनिक आचरण, उत्तरदायित्व तथा सुशासित समृद्ध मधेस निर्माणमा सरोकारवालाहरूको भूमिका मधेशी आयोगका माननीय सदस्य आभा कुमारी सिंह।

## ३. प्रमुख धारणा तथा निष्कर्ष

कार्यक्रममा नैतिक शिक्षा मानवता, सदाचार र जिम्मेवार नागरिक निर्माणको आधार भएकोमा साझा धारणा व्यक्त भयो। नयाँ पुस्तामा घट्दै गएको नैतिक मूल्य—मान्यतालाई पुनःस्थापित गर्न परिवार, विद्यालय, समुदाय, राज्य, सञ्चारमाध्यम तथा नागरिक समाजको संयुक्त भूमिका आवश्यक रहेको औँल्याइयो।

प्रदेश प्रमुखज्यूले व्याख्यानमुखी शिक्षण पद्धतिको सट्टा संवादमा आधारित शिक्षा प्रणाली विकास गर्नुपर्नेमा जोड दिनुभयो। प्रदेशस्तरीय पाठ्यक्रम निर्माण गरी स्थानीय भूगोल, भाषा र सामाजिक आवश्यकताअनुसार नैतिक शिक्षा लागू गर्नुपर्ने, शिक्षकलाई आवश्यक तालिम दिनुपर्ने तथा सीमान्तीकृत, दलित र पिछडिएका समुदायमा नैतिक शिक्षालाई विशेष प्राथमिकता दिनुपर्ने सुझाव प्राप्त भयो।

दाइजो, बालविवाह, जातीय विभेद, सामाजिक द्वन्द्व तथा अन्य सामाजिक विकृति न्यूनीकरणका लागि विद्यालय तहदेखि नै सदाचार र नैतिक आचरणको संस्कार विकास गर्नुपर्नेमा जोड दिइयो। प्रशासनिक आचरण, जनउत्तरदायित्व र भ्रष्टाचार न्यूनीकरणका लागि प्रदेशमा सदाचार नीति तथा आवश्यक कानुनी व्यवस्था निर्माण गर्नुपर्ने धारणा प्रस्तुत भयो।

## ४. संघीय सरकारलाई प्रमुख सुझाव

- सदाचार नीति तथा ऐनलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।

- प्रदेशस्तरमा नैतिक शिक्षा पाठ्यक्रम निर्माण गरी स्थानीय भाषा, भूगोल र सामाजिक परिवेशअनुसार लागू गर्नुपर्ने ।
- नैतिक शिक्षालाई केवल सैद्धान्तिक नभई जीवनोपयोगी, व्यवहारमुखी र संवादमा आधारित बनाउनुपर्ने।
- शिक्षकहरूलाई नैतिक शिक्षा तथा सदाचारसम्बन्धी नियमित तालिम प्रदान गर्नुपर्ने।
- बालविवाह, जातीय विभेद र सामाजिक विकृतिविरुद्ध नैतिक शिक्षालाई प्रभावकारी अभियानका रूपमा अघि बढाउने।
- भ्रष्टाचार तथा प्रशासनिक अनियमितता न्यूनीकरणका लागि सदाचार, पारदर्शिता र जनउत्तरदायित्व सुदृढ गर्ने।
- नागरिकका गुनासा प्रभावकारी रूपमा सम्बोधन गर्न **'हेल्लो मुख्यमन्त्री गुनासो व्यवस्थापन डेस्क'** स्थापना गरी व्यवस्थित, पहुँचयोग्य र उत्तरदायी बनाउनुपर्ने ।

## ५. प्रमुख उपलब्धि

कार्यक्रमले नैतिक शिक्षा नै मानवता, सदाचार, उत्तरदायित्व र सुशासनको आधार हो भन्ने साझा निष्कर्ष स्थापित गरेको छ। नैतिक शिक्षालाई पाठ्यक्रम, व्यवहार र सार्वजनिक नीतिसँग जोडेर संस्थागत गर्नुपर्ने, प्रदेश सदाचार नीति तथा कानुनी व्यवस्था निर्माण गर्नुपर्ने र प्रभावकारी गुनासो व्यवस्थापन प्रणाली विकास गर्नुपर्ने विषयमा सहभागीहरूबीच व्यापक सहमति कायम भएको छ।

यसबाट नैतिक, उत्तरदायी, भ्रष्टाचारमुक्त, समावेशी तथा सुशासित मधेस निर्माणका लागि शिक्षा, प्रशासन र सामाजिक व्यवहारमा एकीकृत सुधार आवश्यक रहेको स्पष्ट सन्देश मधेस प्रदेश सरकारसमक्ष पुगेको छ।

## २ (क) राज्यको मूलप्रवाहीकरणमा मधेशी दलित र पिछडा वर्गको सहभागितासम्बन्धी प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रमको संक्षिप्त प्रतिवेदन

मितिः २०८३ असार ११ गते

स्थानः उद्योग व्यापार संघ मोरङको सभाहल, विराटनगर, कोशी प्रदेश

आयोजकः मधेशी आयोग, ज्वागल, ललितपुर

अध्यक्षताः माननीय आभाकुमारीज्यू, सदस्य, मधेशी आयोग

प्रमुख अतिथिः तत्कालिन माननीय मन्त्री श्री भीम पराजुलीज्यू, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश

विशिष्ट अतिथिः श्री युवराज कट्टेल, प्रमुख जिल्ला अधिकारी मोरङ्ग

सहभागिताः निजामती कर्मचारी, नागरिक समाज, लक्षित समुदायका अगुवा, सञ्चारकर्मी लगायतको उल्लेख्य सहभागिता ।

## १. पृष्ठभूमि तथा उद्देश्य

मधेशी समुदायको सशक्तीकरणअन्तर्गत मधेशी दलित र पिछडा वर्गको राज्यको मूलप्रवाहीकरण, प्रतिनिधित्व, पहुँच र अवसरमा वास्तविक सहभागिता सुनिश्चित गर्ने उद्देश्यले विराटनगरमा प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो।

नेपालको संविधानले समानता, सामाजिक न्याय, समावेशिता तथा समानुपातिक सहभागिताको संवैधानिक आधार सुनिश्चित गरे पनि लक्षित समुदायको राज्यका संरचना, सार्वजनिक सेवा, निर्णय प्रक्रिया, रोजगारी तथा विकासका अवसरमा प्रभावकारी प्रतिनिधित्व अझै अपेक्षित स्तरमा पुग्न नसकेको विषय कार्यक्रमको मूल सरोकारका रूपमा उठान भयो।

कार्यक्रमको मुख्य उद्देश्य विद्यमान संवैधानिक तथा नीतिगत व्यवस्थाको कार्यान्वयन अवस्था समीक्षा गर्नु, लक्षित समुदायको प्रतिनिधित्व तथा पहुँचमा रहेका संरचनागत अवरोध पहिचान गर्नु र राज्यलाई कार्यान्वयनयोग्य नीतिगत सिफारिस उपलब्ध गराउनु रहेको थियो।

## २. कार्यपत्र तथा छलफल

कार्यक्रमको उद्घाटन राष्ट्रियगान पछि प्रमुख अतिथिज्यूबाट पानसमा दीप प्रज्वलन गरी गरिएको थियो। तत्पश्चात् कार्यपत्र प्रस्तुतीकरण सत्रमा तीनवटा विषयगत कार्यपत्र प्रस्तुत गरिएका थिए।

भोला पासवानः राज्यको मूलप्रवाहीकरणमा मधेशी दलितको अवस्था तथा सहभागिता

पञ्चदेव खङ्गः नेपालमा राज्यका हरेक निकायमा मधेशी दलितको पहुँचको अवस्था

निशा मेहताः समावेशी नीति कार्यान्वयनमा पिछडा वर्गको सहभागिता : समीक्षा र आगामी कार्यदिशा

खुला छलफलमा नीतिगत तथा कानुनी व्यवस्था सकारात्मक भए पनि कार्यान्वयन तहमा अपेक्षित गुणात्मक सुधार हुन नसकेको, लक्षित वर्गसम्म राज्यका सेवा, सुविधा तथा अवसरको पहुँच कमजोर रहेको र स्थानीय सरकार, प्रशासन तथा सम्बन्धित आयोगबीच समन्वय अपर्याप्त रहेको विषय प्रमुखताका साथ उठ्यो।

निजामती सेवा तथा राज्यका अन्य संरचनामा मधेशी दलित र पिछडा वर्गको पहुँच न्यून रहेको उल्लेख गर्दै सहभागीहरूले लक्षित वर्गका लागि विशेष कार्यक्रम तथा प्रभावकारी सकारात्मक विभेदका उपाय आवश्यक रहेको धारणा राखे।

## ३. पहिचान भएका प्रमुख सवाल

अन्तरक्रियाबाट निम्न महत्वपूर्ण संरचनागत सवालहरू पहिचान भएका छन्‘

क. तथ्याङ्कीय पहिचानको अभावः

मधेशी दलित, मधेशी अल्पसंख्यक, मधेशी आदिवासी जनजाति तथा पिछडा वर्गको वास्तविक जनसांख्यिक, सामाजिक तथा आर्थिक अवस्थाको पृथक् र विश्वसनीय तथ्याङ्कको अभावले लक्षित नीति तथा कार्यक्रम निर्माणमा कठिनाइ उत्पन्न गरेको।

ख. प्रतिनिधित्वमा संरचनागत न्यूनताः

राज्यका प्रशासनिक, सुरक्षा, संवैधानिक, सार्वजनिक तथा अन्य निकायमा लक्षित समुदायको प्रतिनिधित्व जनसंख्या तथा सामाजिक अवस्थाको अनुपातमा पर्याप्त नरहेको।

ग. समावेशी नीतिको कार्यान्वयन अन्तरः

संविधान तथा कानुनमा समावेशीकरणका प्रावधान भए पनि कार्यान्वयन, अनुगमन तथा परिणाम मापन कमजोर हुँदा अपेक्षित प्रतिफल प्राप्त हुन नसकेको।

घ. सेवा तथा अवसरमा पहुँचको समस्याः

शिक्षा, रोजगारी, सार्वजनिक सेवा, सीप विकास, उद्यमशीलता तथा सामाजिक सुरक्षाका अवसरमा लक्षित समुदायको समान पहुँच सुनिश्चित हुन नसकेको।

ङ. संस्थागत समन्वयको कमजोरीः

स्थानीय तह, प्रदेश सरकार, प्रशासन तथा आयोगबीच प्रभावकारी सूचना आदानप्रदान, समन्वय र कार्यान्वयन संयन्त्रको अभाव रहेको।

## ४. प्रमुख मन्तव्य

प्रमुख जिल्ला अधिकारी श्री युवराज कट्टेलले राज्यको मूलप्रवाहीकरणमा लक्षित वर्गको सहभागिता सुनिश्चित गर्न स्थानीय प्रशासन प्रतिबद्ध रहेको उल्लेख गर्दै कानुन तथा नीतिको प्रभावकारी कार्यान्वयनका लागि नागरिक समाज र सरकारी निकायबीच निरन्तर संवाद आवश्यक रहेको बताउनुभयो। कार्यक्रममा उठेका निष्कर्ष कार्यान्वयनका लागि प्रशासनिक तहबाट आवश्यक सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो।

प्रमुख अतिथि तत्कालिन मन्त्री तथा प्रदेश सभा सदस्य माननीय श्री भीम पराजुलीज्यूले कोशी प्रदेश सरकार मधेशी दलित, अल्पसंख्यक तथा पिछडा वर्गको अधिकार र सशक्तीकरणप्रति संवेदनशील रहेको उल्लेख गर्नुभयो। मधेशी आयोगद्वारा आयोजित अन्तरक्रियाबाट प्राप्त सुझावले प्रदेश सरकारको आगामी नीति, कार्यक्रम तथा योजना तर्जुमाका लागि महत्वपूर्ण पृष्ठपोषण प्रदान गरेको धारणा व्यक्त गर्नुभयो।

कार्यक्रमको अध्यक्ष माननीय आभाकुमारीज्यूले संविधानप्रदत्त अधिकार लक्षित समुदायको घरदैलोसम्म प्रभावकारी रूपमा नपुगेसम्म वास्तविक सशक्तीकरण सम्भव नहुने उल्लेख गर्नुभयो। मधेशी दलितको पहिचान, पहुँच र प्रतिनिधित्व सुनिश्चित गर्न आयोगले निरन्तर नीतिगत पैरवी गरिरहेको तथा कार्यक्रममा प्राप्त सुझावलाई आधार बनाई सरकारसमक्ष ठोस सिफारिस प्रस्तुत गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

## ५. प्रमुख उपलब्धि

कार्यक्रमबाट निम्न महत्वपूर्ण उपलब्धि हासिल भएका छन्‘

लक्षित समुदायको राज्यमा सहभागितासम्बन्धी नीति र कार्यान्वयनबीच रहेको अन्तर पहिचान भएको।

मधेशी दलित, मधेशी अल्पसंख्यक, मधेशी आदिवासी जनजाति तथा पिछडा वर्गको वास्तविक अवस्था पहिचान गर्न पृथक् तथ्याङ्क आवश्यक रहेको साझा धारणा निर्माण भएको।

आगामी जनगणनामा लक्षित समुदायको पृथक् तथा विश्वसनीय तथ्याङ्क सङ्कलनका लागि छुट्टै वर्गीकरण/कोलमको व्यवस्था गर्नुपर्ने माग औपचारिक रूपमा उठाइएको।

राज्यका निकायमा लक्षित समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न संवैधानिक तथा कानुनी सीमाभित्र सकारात्मक विभेद तथा लक्षित समावेशी उपायको आवश्यकता पहिचान भएको।

सहभागीहरूबाट प्रस्तुत मागसहितको ज्ञापनपत्र प्रमुख अतिथिलाई हस्तान्तरण गरिएको तथा सार्वजनिक अपिलसमेत जारी गरिएको।

प्रदेश सरकार तथा प्रशासनिक नेतृत्वसमक्ष लक्षित समुदायको सहभागिता र मूलप्रवाहीकरणका सवाल प्रत्यक्ष रूपमा प्रस्तुत भएको।

सरोकारवालाहरूको सहभागिताबाट कार्यक्रमले प्रदेशस्तरीय नीति संवादको संस्थागत आधार निर्माण गरेको।

## ६. राज्यलाई नीतिगत तथा कार्यगत सिफारिस

कार्यक्रमबाट प्राप्त तथ्य, कार्यपत्र, सहभागीहरूको धारणा तथा मागका आधारमा मधेशी आयोगले नेपाल सरकार, प्रदेश सरकार तथा सम्बन्धित निकायलाई देहायका विषयमा आवश्यक नीतिगत सिफारिस गर्न उपयुक्त देखिन्छः

१. पृथक् तथ्याङ्कको व्यवस्थाः

आगामी राष्ट्रिय जनगणना तथा अन्य आधिकारिक सर्वेक्षणमा मधेशी दलित, मधेशी अल्पसंख्यक, मधेशी आदिवासी जनजाति तथा पिछडा वर्गको पहिचान, जनसंख्या, सामाजिक–आर्थिक अवस्था र राज्यमा पहुँच मापन हुने गरी वैज्ञानिक तथा विश्वसनीय तथ्याङ्क सङ्कलनको व्यवस्था गरिनुपर्ने।

२. प्रतिनिधित्वको सुनिश्चितताः

राज्यका प्रशासनिक, सार्वजनिक सेवा, सुरक्षा, शिक्षा तथा अन्य निकायमा लक्षित समुदायको न्यून प्रतिनिधित्व पहिचान गरी संवैधानिक समानता, समावेशिता र सामाजिक न्यायको सिद्धान्तअनुरूप प्रभावकारी प्रतिनिधित्व सुनिश्चित गर्ने व्यवस्था गरिनुपर्ने।

३. आरक्षणको प्रभावकारी कार्यान्वयनः

कानुनले अनुमति दिएको सीमाभित्र लक्षित समुदायको ऐतिहासिक तथा संरचनागत वञ्चितीकरण सम्बोधन गर्न लक्षित आरक्षण, अवसर तथा क्षमता विकासका विशेष कार्यक्रम सञ्चालन गरिनुपर्ने।

४. समावेशी नीतिको परिणाममुखी अनुगमनः

समावेशीकरणसम्बन्धी नीतिको कार्यान्वयनको नियमित अनुगमन, मूल्याङ्कन र परिणाम मापनका लागि स्पष्ट सूचकसहितको अनुगमन तथा जवाफदेहिता संयन्त्र स्थापना गरिनुपर्ने।

५. पहुँच अभिवृद्धि कार्यक्रमः

लक्षित समुदायका युवाका लागि शिक्षा, छात्रवृत्ति, सीप विकास, लोकसेवा तयारी, उद्यमशीलता तथा नेतृत्व विकाससम्बन्धी लक्षित क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनुपर्ने।

६. संघ, प्रदेश र स्थानीय तहबीच समन्वयः

लक्षित समुदायको मूलप्रवाहीकरणसम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहबीच संस्थागत समन्वय, सूचना आदानप्रदान र संयुक्त अनुगमनको व्यवस्था सुदृढ गरिनुपर्ने।

**७. निष्कर्ष**

विराटनगरमा सम्पन्न प्रदेशस्तरीय अन्तरक्रियाले मधेशी दलित, मधेशी अल्पसंख्यक, मधेशी आदिवासी जनजाति तथा पिछडा वर्गको राज्यमा पहुँच र प्रतिनिधित्वको सवाललाई तथ्य, नीति र कार्यान्वयनको दृष्टिले स्पष्ट रूपमा पहिचान गरेको छ। संवैधानिक तथा कानुनी अधिकारको वास्तविक प्रत्याभूति केवल कानुनी प्रबन्धबाट नभई तथ्यमा आधारित नीति, पर्याप्त प्रतिनिधित्व, लक्षित कार्यक्रम, प्रभावकारी अनुगमन र जवाफदेही कार्यान्वयनबाट मात्र सम्भव हुने निष्कर्ष प्राप्त भएको छ।

**२ (ख) मधेशी समुदायको सशक्तीकरण अन्तर्गत खुला सीमाना क्षेत्रमा महिला तथा बालबालिकाको सुरक्षा विषयक नेपाल प्रहरी, सशस्त्र प्रहरी एवं नागरिक समाजसँग अन्तरक्रिया कार्यक्रमको संक्षिप्त प्रतिवेदन**

खुला सीमाना क्षेत्रमा महिला तथा बालबालिकाको सुरक्षा विषयक नेपाल प्रहरी, सशस्त्र प्रहरी र नागरिक समाजसँग अन्तरक्रिया कार्यक्रमको संक्षिप्त वार्षिक प्रतिवेदन

मितिः २०८३ साल असार १२ गते, शुक्रबार

स्थानः झिट्की चौक, राजगढ गाउँपालिका-३, सप्तरी

आयोजकः मधेसी आयोग

अध्यक्षता तथा प्रमुख अतिथीः माननीय सदस्य आभाकुमारीज्यू

व्यवस्थापनः नेपाल प्रहरी, झिट्की

समन्वयः सशस्त्र प्रहरी निरीक्षक श्री विनोद खत्री

## १. पृष्ठभूमि तथा उद्देश्य

मधेसी समुदायको सशक्तीकरण तथा मानव अधिकारको संरक्षणअन्तर्गत मधेसी आयोगको आयोजनामा सप्तरी जिल्लाको राजगढ गाउँपालिका—३, झिट्की चौकमा **"खुला सीमाना क्षेत्रमा महिला तथा बालबालिकाको सुरक्षा"** विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा नेपाल प्रहरी, सशस्त्र प्रहरी, नागरिक समाज, महिला अधिकारकर्मी, पत्रकार, विद्यार्थी, सेवाग्राही, किसान तथा मजदुरलगायत लगायतको उल्लेख्य सहभागिता रहेको थियो।

खुला सीमाना मधेसको ऐतिहासिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक जीवनसँग अभिन्न रूपमा जोडिएको भएतापनि यसको दुरुपयोगबाट महिला तथा बालबालिका मानव बेचबिखन, ओसारपसार, हिंसा, शोषण तथा अन्य आपराधिक गतिविधिको जोखिममा पर्न सक्ने अवस्थालाई मध्यनजर गरी कार्यक्रम आयोजना गरिएको हो।

कार्यक्रमका प्रमुख उद्देश्यहरू खुला सीमाका कारण महिला तथा बालबालिकामा सिर्जना हुने सुरक्षा जोखिम पहिचान गरी न्यूनीकरणका उपाय खोज्नु, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा नागरिक समाजबीच समन्वय र सहकार्य सुदृढ गर्नु तथा मानव बेचबिखन, ओसारपसार र लैङ्गिक हिंसाविरुद्ध स्थानीयस्तरमा कानुनी तथा सामाजिक सचेतना अभिवृद्धि गर्नु रहेका थिए।

## २. अन्तरक्रियाबाट प्राप्त प्रमुख विषयवस्तु

कार्यक्रममा सीमा सुरक्षा, अपराध नियन्त्रण, महिला तथा बालबालिकाको संरक्षण, सुरक्षित आवागमन तथा सामाजिक सचेतनाका विषयमा सरोकारवालाबीच गहन छलफल भएको थियो।

नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका प्रतिनिधिहरूले खुला सीमाबाट सिर्जना हुने चुनौतीलाई सम्बोधन गर्न सीमाक्षेत्रमा गस्ती तथा निगरानीलाई प्रभावकारी बनाउने, संवेदनशील नाकामा सुरक्षा सतर्कता बढाउने तथा महिला तथा बालबालिकासम्बन्धी अपराधप्रति शून्य सहनशीलताको नीति अवलम्बन गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

नागरिक समाजका प्रतिनिधिहरूले समुदायस्तरमा लुकेर रहेका अपराध तथा पीडितका समस्या राज्यका निकायसम्म पुऱ्याउन नागरिक समाजले सहजीकरण तथा निगरानीकारी पुलको भूमिका निर्वाह गर्न तयार रहेको धारणा व्यक्त गरेका थिए। पीडितले सहज रूपमा कानुनी उपचार र सुरक्षा प्राप्त गर्न नसक्ने अवस्थाको अन्त्यका लागि स्थानीय तहमा प्रभावकारी सहजीकरण संयन्त्र आवश्यक रहेको विषयमा समेत जोड दिइएको थियो।

## ३. प्रमुख अतिथि तथा अध्यक्षको धारणा

कार्यक्रमका प्रमुख अतिथि तथा अध्यक्ष माननीय सदस्य आभाकुमारीज्यूले "**महिला तथा बालबालिकाको सुरक्षा मधेसी आयोगको प्राथमिक शर्त हो**" भन्ने धारणा व्यक्त गर्नुभयो। उहाँले खुला सीमा नेपालको ऐतिहासिक तथा सांस्कृतिक विशेषता भएतापनि यसको दुरुपयोग गरी महिला तथा बालबालिकामाथि हुने शोषण, हिंसा तथा बेचबिखन कुनै पनि अवस्थामा स्वीकार्य नहुने स्पष्ट गर्नुभयो।

उहाँले सीमा क्षेत्रमा सुरक्षित वातावरण निर्माण गर्न सुरक्षा निकायको सक्रियता, नागरिक समाजको पहरेदारी र मधेसी आयोगको नीतिगत पैरवीबीच त्रिकोणात्मक समन्वय आवश्यक रहेको उल्लेख गर्नुभयो। महिला तथा बालबालिकाको अधिकार संरक्षणलाई सीमासुरक्षा तथा समुदाय सशक्तीकरणसँग एकीकृत रूपमा सम्बोधन गर्नुपर्नेमा जोड दिइयो।

## ४. कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धीहरु

अन्तरक्रियाबाट निम्न प्रमुख उपलब्धीहरु हासिल भएका छन्‘

- खुला सीमाना क्षेत्रमा महिला तथा बालबालिकामाथि पर्न सक्ने सुरक्षा तथा मानव अधिकारसम्बन्धी जोखिम पहिचान भएको।
- सीमा अपराध नियन्त्रणमा नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा नागरिक समाजबीच समन्वय र सहकार्यको आवश्यकता स्पष्ट भएको।
- मानव बेचबिखन, ओसारपसार तथा लैङ्गिक हिंसाविरुद्ध स्थानीयस्तरमा निरन्तर सचेतना आवश्यक रहेको तथ्य स्थापित भएको।
- सीमाक्षेत्रमा सुरक्षा गस्ती तथा निगरानी थप प्रभावकारी बनाउनुपर्ने विषय सम्बन्धित सुरक्षा निकायको ध्यानाकर्षणमा आएको।
- पीडितलाई कानुनी उपचार तथा सुरक्षा सेवामा पहुँच पुऱ्याउन नागरिक समाजको सहजीकरणकारी तथा निगरानीकारी भूमिका आवश्यक रहेको पहिचान भएको।
- सीमावर्ती समुदायका वास्तविक समस्या तथा राज्यको सेवा र सुरक्षा संयन्त्रसँग सम्बन्धित स्थानीय अपेक्षा प्रत्यक्ष रूपमा संकलन भएको।
- सरोकारवालाहरूको सक्रिय सहभागिताबाट कार्यक्रमले समुदायमा आधारित नीति संवादको प्रभावकारी आधार निर्माण गरेको।

## ५. आगामी कार्यदिशा तथा राज्यका लागि सुझाव

कार्यक्रमबाट प्राप्त सुझाव तथा स्थानीय आवश्यकतालाई आधार मानी मधेसी आयोगले आगामी वार्षिक कार्ययोजनामा निम्न विषयलाई प्राथमिकताका साथ समावेश गरी सम्बन्धित निकायलाई आवश्यक सिफारिस तथा समन्वय गर्नुपर्ने देखिन्छः

### १. छोटी भन्सार कार्यालयको स्थापनाः

स्थानीय आवागमन तथा व्यापारिक गतिविधिलाई व्यवस्थित र नियमन गर्न आवश्यकताको आधारमा सम्बन्धित निकायबाट छोटी भन्सार कार्यालय स्थापनाको सम्भाव्यता अध्ययन तथा आवश्यक प्रक्रिया अघि बढाइनुपर्ने।

### २. समन्वय संयन्त्रको गठनः

सीमाक्षेत्रमा महिला तथा बालबालिकाको सुरक्षा सुनिश्चित गर्न नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय तह तथा नागरिक समाजका प्रतिनिधि सम्मिलित स्थायी समन्वय तथा सहजीकरण संयन्त्र गठन गरिनुपर्ने।

### ३. निरन्तर कानुनी तथा सामाजिक सचेतनाः

सीमावर्ती गाउँ तथा विद्यालयमा मानव बेचबिखन, ओसारपसार, लैङ्गिक हिंसा तथा सुरक्षित बसाईंसराइसम्बन्धी निरन्तर सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनुपर्ने।

### ४. प्रविधिमैत्री सीमा निगरानीः

सम्बन्धित कानुनी तथा संस्थागत प्रबन्धअनुसार संवेदनशील सीमा नाकामा CCTV लगायतका प्रविधिको प्रयोग विस्तार गरी निगरानी प्रणालीलाई प्रभावकारी बनाइनुपर्ने। साथै परामर्श तथा सहायता केन्द्रको क्षमता अभिवृद्धि गरिनुपर्ने।

### ५. पीडितमैत्री सेवा प्रणालीः

महिला तथा बालबालिका हिंसा, बेचबिखन वा अन्य जोखिममा पर्दा तत्काल संरक्षण, उद्धार, कानुनी सहायता तथा आवश्यक मनोसामाजिक परामर्श प्राप्त गर्न सक्ने पीडितमैत्री तथा पहुँचयोग्य सेवा प्रणाली सुदृढ गरिनुपर्ने।

## ६. निष्कर्ष

झिट्की चौकमा सम्पन्न अन्तरक्रिया कार्यक्रमले खुला सीमाना क्षेत्रमा महिला तथा बालबालिकाको सुरक्षा, मानव अधिकार संरक्षण तथा मधेसी समुदायको सशक्तीकरणका

विषयमा स्थानीय तहदेखि सुरक्षा निकायसम्म नीति संवादको महत्वपूर्ण आधार तयार गरेको छ। कार्यक्रमबाट प्राप्त तथ्य, समस्या र सुझावलाई अभिलेखीकरण गरी मधेसी आयोगले सम्बन्धित मन्त्रालय तथा नेपाल सरकारसमक्ष नीतिगत सिफारिस, समन्वय तथा आवश्यक पैरवी गर्नु उपयुक्त देखिन्छ।

समग्रमा, कार्यक्रमले सुरक्षा निकायको सक्रियता, नागरिक समाजको खबरदारी, स्थानीय समुदायको सचेत सहभागिता र आयोगको नीतिगत पैरवीलाई एकीकृत गरी खुला सीमाना क्षेत्रमा महिला तथा बालबालिकाको सुरक्षित, सम्मानजनक र अधिकारसम्पन्न वातावरण निर्माण गर्ने दिशामा महत्वपूर्ण योगदान पुऱ्याएको छ।

## २ (ग) मितिः २०८३ साल असार १२ गते, दिउँसो ३ बजे, शुक्रबार

स्थानः जिल्ला सप्तरी छिन्नमस्ता गाउँपालिका, प्रावि मोहनपुर गोविन्दपुर।

आयोजकः मधेशी आयोग

अध्यक्षता तथा प्रमुख आतिथीः माननीय सदस्य आभाकुमारीज्यू

सहजीकरणः नेपाल प्रहरी सखडाको प्रहरी सहायक निरीक्षक डम्बर बहादुर क्षेत्री, सशस्त्र प्रहरी बलनिरीक्षक ऋषिराम खत्री।

जनता प्रावी मोहनपुर छिनमस्ता- ३ प्र.अ. बद्री नारायण शाह

मानव अधिकार कर्मी तथा पत्रकार कारी सदाय

स्थान-श्री जनता प्रावी मोहनपुर गाउँपालिका छिन्नमस्ता ३

## १. उद्देश्य

मधेशी समुदायको सशक्तीकरण तथा मानव अधिकार संरक्षणअन्तर्गत खुला सीमाना क्षेत्रमा महिला तथा बालबालिकाको सुरक्षा अवस्था, सीमावर्ती नागरिकको आवागमन, किसान तथा मजदुरले भोग्ने समस्या र राज्यका सुरक्षा तथा सेवा संयन्त्रको प्रभावकारिताबारे सरोकारवालाबीच प्रत्यक्ष संवाद स्थापित गर्नु कार्यक्रमको प्रमुख उद्देश्य रहेको थियो। साथै, सीमा अपराध, महिला तथा बालबालिकामाथि हुने हिंसा, शोषण, बेचबिखन तथा प्रलोभनजन्य जोखिमको न्यूनीकरणका लागि राज्य, सुरक्षा निकाय र नागरिक समाजको भूमिकाबारे साझा धारणा निर्माण गर्नु कार्यक्रमको उद्देश्य थियो।

## २. कार्यक्रमको प्रमुख विषयवस्तु

नेपाल प्रहरी, सशस्त्र प्रहरी, नागरिक समाज, महिला अधिकारकर्मी, पत्रकार, विद्यार्थी तथा स्थानीय सेवाग्राहीको सहभागितामा सम्पन्न अन्तरक्रियामा सीमावर्ती क्षेत्रमा महिला तथा बालबालिकाको सुरक्षा, शंकास्पद गतिविधिको सूचना प्रणाली, नागरिकको सुरक्षा सचेतना, हेल्प डेस्कको प्रभावकारिता, कानुनी साक्षरता तथा सीमावर्ती नागरिकका सामाजिक–आर्थिक चुनौतीबारे छलफल भएको थियो।

सुरक्षा निकायले सीमित स्रोतसाधनका बाबजुद सीमा क्षेत्रमा निरन्तर निगरानी भइरहेको जानकारी दिँदै सीमा अपराध नियन्त्रणमा सुरक्षा निकायको प्रयाससँगै स्थानीय नागरिक र नागरिक समाजको सहकार्य अपरिहार्य रहेको धारणा व्यक्त गरेको थियो। शंकास्पद गतिविधि वा जोखिमपूर्ण अवस्था देखिएमा तत्काल सुरक्षा निकायलाई सूचना उपलब्ध गराउन नागरिकलाई आग्रह गरिएको थियो।

नागरिक समाज तथा महिला अधिकारकर्मीहरूले सीमावर्ती क्षेत्रमा छोटी भन्सार कार्यालयको स्थापना, हेल्प डेस्कको प्रभावकारी सञ्चालन, स्थानीय तहसम्म कानुनी साक्षरता विस्तार तथा महिला तथा बालबालिकाका लागि विशेष सुरक्षा र संरक्षण संयन्त्र सुदृढ गर्नुपर्ने सुझाव दिएका थिए। गरिबी तथा चेतनाको अभावका कारण महिला तथा बालबालिका विभिन्न प्रलोभनमा पर्न सक्ने जोखिमप्रति समेत राज्यको ध्यानाकर्षण गराइएको थियो।

## ३. माननीय सदस्य आभाकुमारीज्यूको धारणा

कार्यक्रमको अध्यक्ष तथा प्रमुख अतिथि माननीय सदस्य आभाकुमारीज्यूले खुला सीमाको सामाजिक तथा आर्थिक संवेदनशीलतालाई सम्मान गर्दै महिला तथा बालबालिकाको जीवन, स्वतन्त्रता, मर्यादा र सुरक्षामा कुनै पनि प्रकारको सम्झौता हुन नहुने धारणा व्यक्त गर्नुभयो।

उहाँले मधेशी समुदायको वास्तविक सशक्तीकरण महिला तथा बालबालिकाले सुरक्षित, सम्मानित र भयमुक्त वातावरणमा जीवनयापन गर्न पाउने अवस्थासँग अभिन्न रूपमा सम्बन्धित रहेको उल्लेख गर्दै सीमा सुरक्षामा राज्यको सक्रियता, स्थानीय समुदायको सचेतना र नागरिक समाजको खबरदारीबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताउनुभयो।

## ४. प्रमुख उपलब्धि

कार्यक्रमबाट निम्न महत्वपूर्ण उपलब्धि हासिल भएका छन्‘

खुला सीमाना क्षेत्रमा महिला तथा बालबालिकाले सामना गर्न सक्ने सुरक्षा जोखिम तथा संरक्षणसम्बन्धी चुनौती पहिचान भएको।

सुरक्षा निकाय, स्थानीय समुदाय तथा नागरिक समाजबीच प्रत्यक्ष संवाद, सूचना आदानप्रदान र सहकार्यको आधार सुदृढ भएको।

सीमा अपराध नियन्त्रणमा सुरक्षा निकायको प्रयाससँगै समुदायमा आधारित निगरानी तथा सूचना प्रणाली आवश्यक रहेको तथ्य स्थापित भएको।

सीमावर्ती क्षेत्रमा छोटी भन्सार, प्रभावकारी हेल्प डेस्क र कानुनी साक्षरता विस्तारको आवश्यकता औपचारिक रूपमा उठान भएको।

महिला तथा बालबालिकालाई प्रलोभन, हिंसा, शोषण तथा बेचबिखनबाट संरक्षण गर्न स्थानीयस्तरमा पूर्वरोकथाममुखी सुरक्षा संयन्त्र आवश्यक रहेको पहिचान भएको।

किसान, मजदुर तथा सेवाग्राहीको सीमावर्ती आवागमनसँग सम्बन्धित व्यावहारिक समस्या राज्यका सम्बन्धित निकायको ध्यानाकर्षणमा आएको।

सरोकारवालाहरूको सहभागिताबाट कार्यक्रमले समुदायस्तरमा व्यापक जनसहभागिता र सरोकार अभिव्यक्त गर्ने प्रभावकारी मञ्चको भूमिका निर्वाह गरेको।

## ५. राज्यका लागि नीतिगत सुझाव

अन्तरक्रियाबाट प्राप्त तथ्य, सरोकारवालाको धारणा तथा स्थानीय आवश्यकताका आधारमा राज्यका सम्बन्धित निकायलाई देहायबमोजिमका नीतिगत तथा कार्यगत सुझाव प्रस्तुत गरिन्छः

१. खुला सीमाना क्षेत्रमा महिला तथा बालबालिकाको विशेष सुरक्षा तथा संरक्षण संयन्त्रलाई संस्थागत र प्रभावकारी बनाइनुपर्ने।

२. सीमावर्ती क्षेत्रमा कार्यरत हेल्प डेस्कलाई पर्याप्त जनशक्ति, स्रोतसाधन र आवश्यक कानुनी तथा मनोसामाजिक सहयोगसहित सुदृढ गरिनुपर्ने।

३. महिला तथा बालबालिकाको बेचबिखन, हिंसा, शोषण तथा प्रलोभनजन्य जोखिम न्यूनीकरणका लागि स्थानीय तहसम्म निरन्तर कानुनी साक्षरता तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनुपर्ने।

४. सीमा अपराध नियन्त्रणमा सुरक्षा निकाय र स्थानीय समुदायबीच संस्थागत सूचना आदानप्रदान तथा समुदायमा आधारित निगरानी प्रणाली विकास गरिनुपर्ने।

५. सीमावर्ती नागरिकको सामाजिक तथा आर्थिक आवश्यकतालाई दृष्टिगत गरी सम्बन्धित निकायले छोटी भन्सार तथा आवश्यक सेवा संरचनाको सम्भाव्यता अध्ययन गरी उपयुक्त व्यवस्था गर्नुपर्ने।

६. महिला तथा बालबालिकाको सुरक्षा र अधिकार संरक्षणका विषयलाई स्थानीय, जिल्ला तथा केन्द्रीय तहका नीति, योजना र सुरक्षा रणनीतिमा प्राथमिकताका साथ समावेश गरिनुपर्ने।

## ६. निष्कर्ष

उक्त अन्तरक्रिया कार्यक्रमले खुला सीमाना क्षेत्रमा महिला तथा बालबालिकाको सुरक्षा केवल सुरक्षा निकायको दायित्व नभई राज्यका सम्बन्धित निकाय, स्थानीय तह, नागरिक समाज र समुदायको साझा उत्तरदायित्व भएको तथ्यलाई स्पष्ट गरेको छ। कार्यक्रमबाट प्राप्त सुझाव तथा पहिचान गरिएका चुनौतीलाई सम्बन्धित निकायको नीति, योजना तथा कार्यान्वयन प्रक्रियामा समावेश गर्न सकेमा सीमा अपराध न्यूनीकरण, महिला तथा बालबालिकाको अधिकार संरक्षण र मधेशी समुदायको वास्तविक सशक्तीकरणमा ठोस योगदान पुग्ने देखिन्छ।

## ३ (क) राज्यको मूलप्रवाहमा मधेशी दलित, अल्पसंख्यक, लोपोन्मुख तथा पिछडा वर्गको सहभागितासम्बन्धी प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रमको प्रतिवेदन

स्थानः जिल्ला समन्वय समितिको सभाहल, हेटौंडा, मकवानपुर, बागमती प्रदेश

मितिः २०८३ साल असार १९ गते, शुक्रबार

आयोजकः मधेशी आयोग, ज्वागल, ललितपुर

सहकार्यः इन्सेक बागमती प्रदेश तथा गैरसरकारी संस्था महासंघ, बागमती प्रदेश

अध्यक्षताः माननीय आभाकुमारी सिंह, सदस्य, मधेशी आयोग

प्रमुख अतिथिः माननीय दीपक प्रसाद देवकोटा, प्रदेश प्रमुख, बागमती प्रदेश

## १. पृष्ठभूमि तथा उद्देश्य

मधेशी आयोगको "मधेशी समुदायको सशक्तीकरण" कार्यक्रमअन्तर्गत बागमती प्रदेशमा बसोबास गर्ने मधेशी समुदाय, विशेषतः मधेशी दलित, अल्पसंख्यक, लोपोन्मुख तथा पिछडा वर्गको राज्यको मूलप्रवाहमा पहुँच, प्रतिनिधित्व र सहभागिताको अवस्था पहिचान गर्ने उद्देश्यले उक्त प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको हो।

रोजगारी, शिक्षा तथा बसाइँसराइका कारण बागमती प्रदेशमा छरिएर रहेका मधेशी समुदायको राज्यका संरचना तथा सार्वजनिक सेवामा पहुँचका सम्बन्धमा पर्याप्त तथ्याङ्क र संस्थागत अभिलेखको अभाव देखिएको सन्दर्भमा कार्यक्रमले "समावेशीकरणभित्रको समावेशीकरण" लाई प्रमुख सरोकारका रूपमा उठान गरेको थियो।

कार्यक्रमका मुख्य उद्देश्यहरू छरिएर रहेका मधेशी समुदायबीच सम्बन्ध तथा संगठन सुदृढ गर्नु, मधेशी आयोगको संवैधानिक भूमिका, काम, कर्तव्य र अधिकारबारे जानकारी प्रवाह गर्नु, लक्षित वर्गको राज्यमा पहुँचको लेखाजोखा गर्नु तथा प्राप्त तथ्य र सुझावका आधारमा सरकारसमक्ष नीतिगत पैरवी र सिफारिस गर्नु रहेका थिए।

## २. कार्यक्रमको सञ्चालन तथा विषयगत छलफल

कार्यक्रमको उद्घाटन प्रमुख अतिथि प्रदेश प्रमुख माननीय दीपक प्रसाद देवकोटाज्यूबाट गरिएको थियो। राष्ट्रिय गान तथा ज्ञात-अज्ञात शहीदप्रति श्रद्धाञ्जलीपछि अतिथिहरूलाई मधेशको सांस्कृतिक पहिचान झल्काउने गम्छाबाट सम्मान गरिएको थियो। अध्यक्ष माननीय आभाकुमारी सिंहज्यूले स्वागत मन्तव्यसहित कार्यक्रमको उद्देश्य स्पष्ट पार्नुभएको थियो।

कार्यक्रममा दुईवटा विषयगत कार्यपत्र प्रस्तुत भएका थिए।

पहिलो कार्यपत्रः "**राज्यको मूलप्रवाहमा दलितको सहभागिता**" 'गैरसरकारी संस्था महासंघ बागमती प्रदेशका संयोजक कमलकुमार विश्वकर्माबाट प्रस्तुत गरिएको थियो। कार्यपत्रले राज्यका सबै निकायमा दलितको समानुपातिक तथा सार्थक प्रतिनिधित्व, विद्यमान कानुनी व्यवस्थाको कार्यान्वयन अवस्था र सुधारका उपायलाई केन्द्रमा राखेको थियो।

दोस्रो कार्यपत्रः "**राज्यको मूलप्रवाहमा मधेशी दलित, मधेशी अल्पसंख्यक, मधेशी पिछडा वर्ग र मधेशी लोपोन्मुख समुदायको पहुँच**" 'मधेशी आयोगका सदस्य माननीय आभाकुमारी सिंहज्यूले प्रस्तुत गर्नुभएको थियो। कार्यपत्रमा मधेशी समुदायभित्रको विविधता, वर्गीय तथा संरचनागत वञ्चितीकरण, तथ्याङ्कको अभाव, राज्यका निकायमा प्रतिनिधित्व तथा नीति निर्माणमा सहभागिताको अवस्थाबारे विश्लेषण गरिएको थियो।

खुला सत्रमा सहभागीहरूले संविधानप्रदत्त समावेशी अधिकारको प्रभावकारी कार्यान्वयन, जनसंख्याका आधारमा न्यायोचित प्रतिनिधित्व, लक्षित समुदायको पृथक् तथ्याङ्क, जिल्ला तहमा

सशक्तीकरण संयन्त्र तथा मधेशी आयोगका कामबारे व्यापक जनचेतना आवश्यक रहेको धारणा व्यक्त गरेका थिए।

## ३. पहिचान भएका प्रमुख सवाल

अन्तरक्रियाबाट मधेशी समुदायको मूलप्रवाहीकरणमा निम्न संरचनागत समस्या पहिचान भएका छन्

- मधेशी दलित, अल्पसंख्यक, लोपोन्मुख तथा पिछडा वर्गको पृथक् तथा विश्वसनीय तथ्याङ्कको अभाव।
- समावेशीकरणसम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्थाको कार्यान्वयनमा रहेको अन्तर।
- राज्यका निकायमा लक्षित समुदायको सार्थक तथा अनुपातिक प्रतिनिधित्वको कमी।
- संघ, प्रदेश तथा स्थानीय तहका कार्यक्रमहरूमा लक्षित समुदायको सहभागिता र पहुँचका लागि संस्थागत समन्वयको कमी।
- मधेशी समुदायभित्र रहेका विभिन्न सीमान्तकृत समूहको विशिष्ट आवश्यकता एउटै नीतिगत दृष्टिकोणबाट सम्बोधन गर्दा "**समावेशीकरणभित्रको समावेशीकरण**" कमजोर हुने अवस्था।

## ४. कार्यक्रमका प्रमुख उपलब्धि

१. बागमती प्रदेशमा बसोबास गर्ने मधेशी समुदाय, विशेषतः दलित, अल्पसंख्यक, लोपोन्मुख तथा पिछडा वर्गको राज्यमा पहुँच र प्रतिनिधित्वसम्बन्धी वास्तविक सवाल प्रत्यक्ष रूपमा पहिचान तथा अभिलेखीकरण भएको।

२. लक्षित समुदायको सामाजिक, आर्थिक तथा राजनीतिक अवस्था मूल्याङ्कन गर्न पृथक् र विश्वसनीय तथ्याङ्क आवश्यक रहेको विषयलाई नीतिगत प्राथमिकताका रूपमा स्थापित गरिएको।

३. संविधानको समावेशीकरणको मर्मअनुरूप सार्थक, समानुपातिक तथा परिणाममुखी प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने विषयमा सरोकारवालाबीच साझा धारणा निर्माण भएको।

४. प्रदेश प्रमुख, प्रशासन, नागरिक समाज, सामाजिक अभियन्ता तथा लक्षित समुदायका प्रतिनिधिबीच प्रत्यक्ष संवाद स्थापित भई सरकारका नीति तथा कार्यक्रमलाई तथ्यमा आधारित बनाउन आवश्यक पृष्ठपोषण प्राप्त भएको।

५. मधेशी समुदायको संगठनात्मक सशक्तीकरण तथा जिल्ला तहमा संस्थागत समन्वयका लागि मधेशी सशक्तीकरण समिति गठनको आवश्यकता पहिचान भएको।

६. मधेशी आयोगको संवैधानिक भूमिका, काम, कर्तव्य तथा अधिकारबारे समुदायमा सूचना तथा संस्थागत पहुँच विस्तार भएको।

७. प्राप्त माग, सुझाव र कार्यपत्रका आधारमा सरकारसमक्ष नीतिगत सिफारिस तथा पैरवी गर्ने ठोस आधार तयार भएको।

## ५. राज्यलाई गरिनुपर्ने प्रमुख सिफारिस

१. पृथक् तथ्याङ्कको व्यवस्था

बागमती प्रदेश तथा स्थानीय तहले मधेशी दलित, मधेशी अल्पसंख्यक, लोपोन्मुख तथा पिछडा वर्गको जनसंख्या, सामाजिक-आर्थिक अवस्था, शिक्षा, रोजगारी, सार्वजनिक सेवामा पहुँच तथा प्रतिनिधित्वसम्बन्धी पृथक् र प्रमाणमा आधारित तथ्याङ्क संकलन गरी नियमित रूपमा अद्यावधिक गर्नुपर्ने।

२. समावेशी प्रतिनिधित्वको सुनिश्चितता

संविधान तथा प्रचलित कानुनको मर्मअनुरूप प्रदेशका सार्वजनिक निकाय, सेवा, संस्थान तथा निर्णय प्रक्रियामा लक्षित समुदायको सार्थक र न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्न विद्यमान व्यवस्थाको  प्रभावकारी कार्यान्वयन गर्नुपर्ने।

३. लक्षित बजेट तथा कार्यक्रम

बागमती प्रदेशको वार्षिक नीति तथा कार्यक्रममा मधेशी दलित, अल्पसंख्यक, लोपोन्मुख तथा पिछडा वर्गको शिक्षा, रोजगारी, सीप, उद्यमशीलता, नेतृत्व विकास र सामाजिक सशक्तीकरणका लागि स्पष्ट बजेट तथा मापनयोग्य कार्यक्रम समावेश गर्नुपर्ने।

४. जिल्ला तहमा समन्वय संयन्त्र

प्रत्येक जिल्लामा स्थानीय प्रशासन, स्थानीय तह, नागरिक समाज तथा मधेशी समुदायका प्रतिनिधिको सहभागितामा कानुनी हैसियत र स्पष्ट कार्यदिशसहितको सशक्तीकरण तथा समन्वय संयन्त्र विकास गर्नुपर्ने, जसले लक्षित समुदायका समस्या पहिचान, सहजीकरण तथा सम्बन्धित निकायमा सिफारिस गर्न सकोस्।

५. समावेशी नीतिको अनुगमन तथा जवाफदेहिता

प्रदेश तथा स्थानीय तहका समावेशी नीति र कार्यक्रमको नियमित अनुगमन, परिणाम मूल्याङ्कन तथा सार्वजनिक प्रतिवेदन प्रणाली विकास गरी लक्षित वर्गका लागि छुट्याइएको स्रोत तथा अवसर वास्तविक लाभग्राहीसम्म पुगे/नपुगेको सुनिश्चित गर्नुपर्ने।

६. आयोगको सिफारिस कार्यान्वयन

मधेशी आयोगबाट सरकारसमक्ष प्रस्तुत गरिएका सिफारिसको कार्यान्वयन अवस्थाबारे सम्बन्धित निकायले समयबद्ध जवाफदेहिता तथा प्रगति प्रतिवेदनको व्यवस्था गर्नुपर्ने, जसबाट संवैधानिक आयोगका सिफारिसलाई प्रभावकारी कार्यान्वयनमा लैजान सकियोस्।

७. निष्कर्ष

हेटौंडामा सम्पन्न अन्तरक्रियाले बागमती प्रदेशमा बसोबास गर्ने मधेशी समुदाय राज्यको मूलप्रवाहमा समान पहुँच, पहिचान र प्रतिनिधित्वका लागि सचेत र संगठित हुन इच्छुक रहेको स्पष्ट गरेको छ। विशेषतः मधेशी समुदायलाई एकरूप समूहका रूपमा मात्र हेर्नुभन्दा त्यसभित्र रहेका दलित, अल्पसंख्यक, लोपोन्मुख तथा पिछडा वर्गको विशिष्ट अवस्था र आवश्यकता पहिचान गरी लक्षित नीति निर्माण गर्नुपर्ने आवश्यकता कार्यक्रमबाट स्पष्ट भएको छ।

## ३ (ख) नेपाल प्रहरीमा कार्यरत मधेशी समुदायका प्रहरीसँग अन्तरक्रिया कार्यक्रमको संक्षिप्त प्रतिवेदन

विषयः राज्यको मूल प्रवाहमा मकवानपुर जिल्लाभित्र नेपाल प्रहरी अन्तर्गत मधेशी दलित, पिछडा वर्ग, अल्पसंख्यक र लोपोन्मुख समुदायको पहुँच

मितिः २०८३ साल असार २० गते

स्थानः सामुदायिक सेवा प्रहरी केन्द्रको सभाहल, मकवानपुर

आयोजकः मधेशी आयोग, ज्वागल, काठमाडौं ।

समन्वयः जिल्ला प्रहरी कार्यालय, मकवानपुर तथा सामुदायिक सेवा प्रहरी केन्द्र

सहभागिताः मधेशी समुदायका प्रहरी कर्मचारीहरु

## १. उद्देश्य तथा औचित्य

मधेशी आयोगद्वारा आयोजित उक्त अन्तरक्रियाको उद्देश्य नेपाल प्रहरी संगठनमा कार्यरत मधेशी समुदायका प्रहरी कर्मचारीको संस्थागत अनुभव, कार्यपरिवेश, सांस्कृतिक तथा पारिवारिक आवश्यकता, सेवा-सुविधा र समावेशी सहभागिताको अवस्थाबारे प्रत्यक्ष जानकारी प्राप्त गर्नु तथा प्राप्त सुझावका आधारमा राज्यलाई नीतिगत सिफारिस गर्नु रहेको थियो।

कार्यक्रमले राज्यको मूलप्रवाहीकरण केवल नियुक्ति वा प्रतिनिधित्वमा सीमित नभई कार्यस्थलमा समान व्यवहार, सांस्कृतिक पहिचानको सम्मान, अवसरमा समान पहुँच, गुनासो सुनुवाइ र कर्मचारीको मनोबल तथा कार्यक्षमता अभिवृद्धिसँग समेत सम्बन्धित रहेको विषयलाई उजागर गरेको छ।

## २. प्रमुख रूपमा पहिचान भएका सवालहरु

अन्तरक्रियामा सहभागी प्रहरी कर्मचारीहरूले चाडपर्वको बिदा, पर्वपूर्व तलब भुक्तानी, सरुवा प्रणाली तथा पारिवारिक जीवनसँग सम्बन्धित बिदाको व्यवस्थालाई प्रमुख सरोकारका रूपमा प्रस्तुत गरेका थिए। विशेषतः छठ पर्वको सांस्कृतिक महत्वलाई दृष्टिगत गरी उपयुक्त सामुदायिक बिदाको व्यवस्था, पर्वअघि तलब भुक्तानी, सरुवामा पारिवारिक तथा सांस्कृतिक संवेदनशीलताको सम्बोधन र नियमित घर बिदाको कानुनी व्यवस्था गर्नुपर्ने माग उठेको थियो।

यी मागलाई केवल सुविधा प्राप्तिको विषय नभई कर्मचारीको सांस्कृतिक अधिकार, पारिवारिक दायित्व, मनोबल, सेवाप्रतिको प्रतिबद्धता तथा कार्यक्षमतासँग सम्बन्धित संस्थागत सवालका रूपमा सम्बोधन गर्नुपर्ने आवश्यकता देखिएको छ।

## ३. प्रमुख उपलब्धि

१. नेपाल प्रहरीमा कार्यरत मधेशी समुदायका प्रहरी कर्मचारीको संस्थागत तथा सांस्कृतिक सरोकार प्रत्यक्ष रूपमा अभिलेखीकरण भएको।

२. चाडपर्व, तलब भुक्तानी, सरुवा तथा घर बिदासम्बन्धी समस्यालाई समावेशी प्रशासन तथा कर्मचारी कल्याणको नीतिगत सवालका रूपमा पहिचान गरिएको।

३. सुरक्षा निकायभित्रको आन्तरिक समावेशिता सुदृढ नगरी नागरिक सेवामा पूर्ण समावेशिता हासिल गर्न नसकिने विषय स्पष्ट भएको।

४. मधेशी प्रहरी कर्मचारी र मधेशी आयोगबीच प्रत्यक्ष संवाद तथा गुनासो सुनुवाइको संस्थागत आधार निर्माण भएको।

५. प्राप्त सुझावलाई आधार बनाई गृह मन्त्रालय, नेपाल प्रहरी तथा सम्बन्धित निकायसमक्ष कानुनी, नीतिगत तथा प्रशासनिक सुधारका लागि सिफारिस गर्ने आधार तयार भएको।

## ४. राज्यलाई प्रमुख नीतिगत सिफारिस

### १. सामुदायिक बिदाको व्यवस्थाः

नेपाल सरकारले राष्ट्रिय सेवा प्रभावित नहुने गरी समुदायको प्रमुख सांस्कृतिक तथा धार्मिक पर्वलाई सामुदायिक बिदा व्यवस्थापनको उपयुक्त कानुनी तथा प्रशासनिक प्रणाली विकास गरी सम्बन्धित कर्मचारीलाई पर्व मनाउने अवसर सुनिश्चित गर्नुपर्ने।

### २. सरुवा प्रणालीमा सांस्कृतिक तथा पारिवारिक संवेदनशीलताः

नेपाल प्रहरीको सरुवा व्यवस्थामा सेवाको आवश्यकता र संगठनात्मक हितसँगै कर्मचारीको पारिवारिक अवस्था, भौगोलिक पहुँच तथा सांस्कृतिक संवेदनशीलतालाई समेत वस्तुनिष्ठ आधारका रूपमा समावेश गर्नुपर्ने।

### ३. समावेशिता तथा गुनासो सुनुवाइ संयन्त्रः

नेपाल प्रहरीका जिल्ला तथा सम्बन्धित तहमा समावेशिता, विभेदसम्बन्धी गुनासो तथा कर्मचारीका सांस्कृतिक सरोकार सुनुवाइ गर्ने संस्थागत संयन्त्र स्थापना गरी प्राप्त गुनासाको निष्पक्ष र समयबद्ध सम्बोधन सुनिश्चित गर्नुपर्ने।

## ५. निष्कर्ष

उक्त अन्तरक्रियाले सुरक्षा निकायभित्रको समावेशिता केवल प्रतिनिधित्वको संख्यात्मक विषय नभई समान व्यवहार, सांस्कृतिक सम्मान, सेवा-सुविधामा न्यायोचित पहुँच र संस्थागत मनोबलसँग जोडिएको विषय भएको स्पष्ट गरेको छ। प्राप्त सुझावलाई सम्बन्धित कानुन, नियमावली तथा संगठनात्मक नीतिको पुनरावलोकनसँग आबद्ध गरी कार्यान्वयन गर्न सकेमा सुरक्षा निकायमा समावेशी कार्यसंस्कृति विकास हुनुका साथै कर्मचारीको मनोबल र कार्यसम्पादनमा समेत सकारात्मक प्रभाव पर्ने देखिन्छ।

**३ (ग) मधेशी समुदायको सशक्तीकरण कार्यक्रम अन्तर्गत मधेशी दलित मधेशी अल्पसंख्यक मधेशी आदिवासी जनजाति मधेशी लोपन्मुख तथा पिछडा वर्गको राज्यको मूल प्रवाहमा सहभागितासम्बन्धी अन्तरक्रिया कार्यक्रमको संक्षिप्त प्रतिवेदन**

स्थानः कर्मचारी मिलन केन्द्र, व्यास नगरपालिका, तनहुँ, गण्डकी प्रदेश

मितिः २०८३ साल असार २१ गते, आइतबार

आयोजकः मधेशी आयोग, ज्वागल, ललितपुर

अध्यक्षताः श्री शिवलाल तिवारी, प्रमुख जिल्ला अधिकारी, तनहुँ

प्रमुख अतिथिः माननीय आभाकुमारी सिंह, सदस्य, मधेशी आयोग

सहकार्यः जिल्ला प्रशासन कार्यालय, तनहुँ

मधेशी आयोगको "मधेशी समुदायको सशक्तीकरण" कार्यक्रमअन्तर्गत गण्डकी प्रदेशमा छरिएर बसोबास गरिरहेका मधेशी समुदायको पहिचान, संगठन, राज्यका निकायमा पहुँच तथा मधेशी दलित, अल्पसंख्यक, लोपोन्मुख र पिछडा वर्गको मूलप्रवाहीकरणका विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। कार्यक्रमको प्रमुख उद्देश्य मधेशी आयोगको संवैधानिक भूमिका तथा कार्यसम्पादनबारे जानकारी प्रवाह गर्नु, लक्षित समुदायको राज्यमा पहुँचको अवस्था पहिचान गर्नु तथा प्राप्त समस्याका आधारमा नीतिगत पैरवी र सिफारिसका लागि आधार तयार गर्नु रहेको थियो।

कार्यक्रममा कार्यपत्र प्रस्तुतिसहित खुला छलफल भएको थियो। सहभागीहरूले विशेषतः छरिएर रहेका मधेशी समुदायको संगठनात्मक एकता, सांस्कृतिक पहिचानको संरक्षण, राज्यका सार्वजनिक कार्यक्रममा सहभागिता तथा संविधानप्रदत्त समावेशी प्रतिनिधित्व र आरक्षणको प्रभावकारी कार्यान्वयनको आवश्यकता औँल्याएका थिए। व्यास नगरपालिकाका नगरप्रमुखले सामूहिक छठ पर्वका लागि उपयुक्त स्थान पहिचान गरी छठ घाट निर्माणमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। प्रमुख जिल्ला अधिकारीले मधेशी समुदायको संगठन निर्माण तथा दर्तामा आवश्यक सहजीकरण गर्ने प्रतिबद्धता जनाउनुभएको थियो। सुरक्षा निकायका प्रमुखहरूले विभेदरहित सुरक्षा सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

## कार्यक्रमका पाँच प्रमुख उपलब्धि

१. राज्यको मूलप्रवाहीकरणसम्बन्धी अवस्था पहिचानः गण्डकी प्रदेशमा बसोबास गर्ने मधेशी समुदाय, विशेषतः दलित, अल्पसंख्यक, लोपोन्मुख तथा पिछडा वर्गको राज्यका निकायमा पहुँच र प्रतिनिधित्वसम्बन्धी समस्या प्रत्यक्ष रूपमा पहिचान भएको।

२. समुदायको संगठनात्मक सशक्तीकरणः छरिएर रहेका मधेशी समुदायलाई संगठित गरी अधिकार, पहिचान र प्रतिनिधित्वका सवालमा संस्थागत रूपमा अघि बढ्नुपर्ने आवश्यकता स्थापित भएको तथा जिल्ला प्रशासनबाट संस्था दर्तामा सहजीकरण गर्ने प्रतिबद्धता प्राप्त भएको।

३. सांस्कृतिक अधिकारको सम्बोधनः सामूहिक रूपमा छठ पर्व मनाउन आवश्यक छठ घाट निर्माणको माग सम्बन्धित स्थानीय तहसमक्ष औपचारिक रूपमा उठाइएको र व्यास नगरपालिकाबाट आवश्यक स्थान पहिचान तथा सहयोगको प्रतिबद्धता प्राप्त भएको।

४. सुरक्षा तथा समान सहभागिताको प्रत्याभूतिः जिल्ला प्रशासन तथा सुरक्षा निकायबाट मधेशी समुदायलाई विभेदरहित सेवा, सुरक्षा तथा सार्वजनिक गतिविधिमा समान सहभागिता सुनिश्चित गर्ने प्रतिबद्धता प्राप्त भएको।

५. नीतिगत पैरवीका लागि आधार निर्माणः कार्यपत्र, सहभागीका धारणा तथा प्राप्त मागका आधारमा मधेशी आयोगलाई प्रदेशमा लक्षित समुदायको वास्तविक अवस्था अभिलेखीकरण गरी सरकारसमक्ष ठोस नीतिगत सिफारिस गर्ने आधार तयार भएको।

## सरकारलाई गरिनुपर्ने पाँच प्रमुख सिफारिस

१. तथ्याङ्कीय पहिचानः गण्डकी प्रदेश तथा स्थानीय तहले मधेशी दलित, मधेशी अल्पसंख्यक, लोपोन्मुख तथा पिछडा वर्गको पृथक्, विश्वसनीय र अद्यावधिक तथ्याङ्क संकलन गरी नीति, बजेट तथा कार्यक्रम निर्माणमा प्रयोग गर्नुपर्ने।

२. समावेशी प्रतिनिधित्व सुनिश्चितताः संविधान तथा प्रचलित कानुनको मर्मअनुरूप राज्यका प्रशासनिक, सार्वजनिक तथा सेवा प्रदायक निकायमा मधेशी समुदाय, विशेषतः लक्षित वर्गको समानुपातिक तथा सार्थक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्न आवश्यक सुधार गर्नुपर्ने।

३. सांस्कृतिक अधिकारको संरक्षणः व्यास नगरपालिकाले मधेशी समुदायको सांस्कृतिक अधिकार तथा धार्मिक आस्थाको सम्मान गर्दै उपयुक्त स्थानमा छठ घाट निर्माण तथा आवश्यक पूर्वाधारका लागि बजेट तथा व्यवस्थापन गर्नुपर्ने।

४. सार्वजनिक सहभागिता र पहुँचः प्रदेश तथा स्थानीय तहका सार्वजनिक कार्यक्रम, नीति निर्माण, परामर्श तथा विकास प्रक्रियामा स्थानीय मधेशी समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न संस्थागत संयन्त्र विकास गर्नुपर्ने।

५. संस्था तथा अधिकार सशक्तीकरणः जिल्ला प्रशासन कार्यालयले मधेशी समुदायको वैधानिक संस्था निर्माण तथा दर्तामा आवश्यक सहजीकरण गर्नुपर्ने र प्रदेश तथा स्थानीय तहले कानुनी साक्षरता, नेतृत्व विकास तथा अधिकारसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने।

समग्र निष्कर्षः उक्त कार्यक्रमले गण्डकी प्रदेशमा बसोबास गर्ने मधेशी समुदायको पहिचान, सांस्कृतिक अधिकार, संगठनात्मक सशक्तीकरण तथा राज्यमा समान पहुँचका सवाललाई संस्थागत रूपमा उठान गर्दै स्थानीय प्रशासन, सुरक्षा निकाय र समुदायबीच समन्वय तथा नीतिगत संवादको आधार निर्माण गरेको छ।

**मधेशी आयोगको सातौं वार्षिकोत्सवः**

मधेशी आयोगको सातौं वार्षिकोत्सव भव्यताका साथ सम्पन्न भएको छ। मिति २०८२ साल चैत्र ७ गते राष्ट्रपतिको कार्यालय, महाराजगञ्ज शितलनिवासमा आयोजित उक्त समारोह सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूको प्रमुख आतिथ्यता तथा आयोगका माननीय कार्यवाहक अध्यक्ष श्री जीवछ साहज्यूको अध्यक्षतामा सुसम्पन्न भयो।

कार्यक्रममा तत्कालीन उधोग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयका माननीय मन्त्री अनिल कुमार सिन्हाज्यू र राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष तपबहादुर मगरज्यूको विशिष्ट अतिथीको रुपमा उपस्थिति रहेको थियो। साथै, अन्य आयोगका माननीय अध्यक्षज्यूहरु, माननीय सदस्यज्यूहरू, सुरक्षा निकायका प्रमुखज्यूहरू, प्रबुद्ध बुद्धिजीवीहरू तथा सामाजिक अभियन्ताहरूको समुपस्थितिले समारोहलाई थप गरिमामय बनाएको थियो।

समारोहलाई सम्बोधन गर्दै माननीय कार्यवाहक अध्यक्षज्यूले मधेशी समुदायभित्र विद्यमान विभिन्न प्रकारका विभेद अन्त्यका लागि आयोगले गरेका सकारात्मक प्रयासहरूबारे प्रकाश पार्नुभयो। सीमित स्रोत-साधनका बाबजुद पनि आयोग मधेशी समुदायको समग्र उत्थान, हक-हितको संरक्षण र संवर्द्धनका लागि निरन्तर क्रियाशील रहेको धारणा उहाँले व्यक्त गर्नुभयो।

उक्त कार्यक्रममा मधेशी समुदायको कला र संस्कृति झल्किने झिझिया र कजरी गीतमा नृत्य समेत प्रस्तुत भएको थियो ।

यस गरिमामय वार्षिकोत्सवले आयोगका कार्यसम्पादनलाई अझ प्रभावकारी बनाउनुका साथै कर्मचारीहरूको मनोबल उच्च राख्न महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिइएको छ। संवैधानिक दायित्व अनुसार मधेशी समुदायको हितका निम्ति अझ सशक्त र नतिजामुखी ढंगले अघि बढ्ने दृढ संकल्पका साथ कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको थियो।

## मधेशी आयोगको सातौं वार्षिकोत्सवको फोटाहरु










मधेशी आयोगको
सातौं
वार्षिक
उत्सव
कार्यक्रम
२०८२ चैत्र ७ गते शनिबार
स्थान:
राष्ट्रपतिको कार्यालय
महाराजगंज, काठमाडौं

यस आयोगका माननीय सदस्य विजय कुमार गुप्ताज्यूले मिति २०८२/०५/२९ गते राजीनामा स्वीकृत गरीपाउँ भनी दिनुभएको निवेदनको सम्बन्धमा राष्ट्रपतिको कार्यालय शितलनिवास, महाराजगन्जको पत्र संख्या २०८२/८३ मिति २०८२/०५/३० च.नं. ५६ को पत्र अनुसार २०८२/०५/२९ गते देखि लागु हुने गरी राजीनामा स्वीकृत भएको छ।




आयोगका माननीय सदस्य विजय कुमार गुप्ताज्यूको विदाई गर्नुहुदै आयोगका माननीय कार्यवाहक अध्यक्ष श्री जीवछ साहज्यू




आयोगका नायब सुब्बा श्री खगेन्द्र नेपालीको शाखा अधिकृतमा नियुक्ति पछि विदाई गर्नुहुदै आयोगका माननीय कार्यवाहक अध्यक्ष श्री जीवछ साहज्यू

# अनुसूची ४

## मधेशी आयोगका माननीय कार्यवाहक अध्यक्ष जीवछ साहज्यूले आ.व. २०८२/२०८३ मा विभिन्न जिल्लामा गर्नु भएको अनुगमन तथा भ्रमणहरु

| क्र. स. | अनुगमन अवधि | अनुगमन गरिएको स्थान र सहभागिता | अनुगमन तथा भ्रमणका उद्देश्य एवम् विषयहरु | उपलब्धी |
|---|---|---|---|---|
| १. | २०८२।४।१३ देखि २०८२।४।१६ सम्म | बाँके जिल्लाको नेपालगंजमा। प्रमुख अतिथीको रुपमा मधेशी आयोगका माननीय का.वा. अध्यक्षज्यू, नेपाल तथा भारतका अवधी भाषाका कबिहरुका साथै स्थानीय सरोकारवालाहरु | ५२८ औं तुल्सीदास जयन्ती एवम् २६ औं अवधी महोत्सव २०८२ कार्यक्रम | उक्त कार्यक्रममा आयोगको तर्फवाट प्रमुख अतिथिको रुपमा सहभागिता। कार्यक्रममा सम्मान अर्पण तथा पुस्तक विमोचनः लोकगीत गायन (महिला मात्र) बहुभाषिक काब्य गोष्टि र विचार गोष्टि अवधी भाषामा सम्पन्न भएको थियो जसवाट अवधी भाषाको प्रचार प्रसार र संरक्षणको चर्चा समेत गरिएको थियो । |

| क्र.स. | अनुगमन अवधि | अनुगमन गरिएको स्थान र सहभागिता | अनुगमन तथा भ्रमणका उद्देश्य एवम् विषयहरु | उपलब्धी |
|---|---|---|---|---|
| २. | २०७८।४।१८ देखि २०७८।४।१९ सम्म | पर्सा जिल्लाको बिरगंजमा नेपाल सरकारको कानुन, न्याय तथा संसदीय मामिला मन्त्री, मधेश प्रदेश सभा सदस्यहरु, बिभिन्न क्षेत्रवाट आउनु भएका सरोकारवालाहरु, उद्योगी, व्यापारीहरु, राष्ट्रिय अग्रवाल प्रज्ञा प्रतिष्ठानका पदाधिकारीहरु तथा संचारकर्मीहरु | राष्ट्रिय अग्रवाल प्रज्ञा प्रतिष्ठानको प्रथम पदस्थापन कार्यक्रम | उक्त प्रथम पदस्थापना कार्यक्रममा आयोगको तर्फवाट सहभागिता भई उद्योगी ब्यवसायीवीच आयोगले गर्ने र गरेका कार्यहरुवारे जानकारी दिने कार्य र आगामी दिनमा सहकार्य गर्नेवारे छलफल। |
| ३. | २०७८।४।१८ देखि २०७८।४।१९ सम्म | जिल्ला प्रशासन कार्यालय, पर्सा। मधेशी आयोगका माननीय का.वा. अध्यक्षज्यू, प्रमुख जिल्ला अधिकारी लगायत जिल्ला सुरक्षा निकायका प्रमुखहरु | पर्सा जिल्लामा भएको दुई समुदायबीचको द्वन्द सम्बन्धमा | अब उपरान्त हुने दुई समुदायबीचको समन्वय, सद्भाव राख्ने प्रयास |

| क्र. स. | अनुगमन अवधि | अनुगमन गरिएको स्थान र सहभागिता | अनुगमन तथा भ्रमणका उद्देश्य एवम् विषयहरु | उपलब्धी |
|---|---|---|---|---|
| ४. | २०८२।६।७ देखी २०८२।६।१२ गते सम्म | बुढ्यौली साहित्य समाज ससरी, त्यस समाजको पदाधिकारीहरु, स्थानीयहरु | काव्यशतक विमोचन कार्यक्रम | यसवाट समाजमा रहेको जेष्ठ नागरिकहरुको सम्मान, सहकार्य उक्त प्रतिष्ठानले समाज र परिवारमा सम्मान जनक जीवनयापनका प्रयास गरेको |
| ५. | २०८२।६।२७ देखी २०८२।७।२ सम्म | मधेशी आयोगका माननीय का.वा. अध्यक्षज्यू र कोशी प्रदेशको पूर्व मन्त्री माननीय कला घले | प्रदेशमा मधेशी समुदायको अवस्थाबारे छलफल | प्रदेशका विभिन्न समस्याहरुबारे मधेशी आयोग र सरोकारवालाहरुसँग समेत सहकार्य गर्ने |
| ६. | २०८२।७।२५ देखी २०८२।८।१ सम्म | तातोपानी भन्सारका कर्मचारीहरु र स्थानीयहरु | नेपाल र चीनको सीमाको अवलोकन | तातोपानी भन्सारको अवलोकनका साथै स्थानीयहरुसँगको छलफल |

| क्र. स. | अनुगमन अवधि | अनुगमन गरिएको स्थान र सहभागिता | अनुगमन तथा भ्रमणका उद्देश्य एवम् विषयहरु | उपलब्धी |
|---|---|---|---|---|
| ७. | २०७९।८।१५ देखि २०७९।८।२२ सम्म | मधेश प्रदेशको जनकपुरधाममा बिभिन्न सरकारी निकाय, मधेशी आयोगको सहकार्यमा NGO, INGO र बिभिन्न संघ संस्थाहरुको प्रतिनिधिहरुको उपस्थिति | लैङ्गिक समानता मेलामा सवै सरोकारवालाहरुको सहभागिता | उक्त कार्यक्रममा सवै सरोकारवालाहरुको उपस्थितीमा लैंगिक समानतावारे साझा प्रतिवद्धता हस्ताक्षर |
| ८. | २०७९।९।१४ देखि २०७९।९।२० सम्म | जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु। मधेशी आयोगका माननीय का.वा. अध्यक्षज्यू, प्रमुख जिल्ला अधिकारी लगायत जिल्ला सुरक्षा निकायका प्रमुखहरु | जिल्लामा घटेका विभिन्न खालका घटनाहरुका साथै मुद्दाका प्रकृतिहरु र मधेशी समुदायको अवस्था बारे छलफल | कपिलवस्तु जिल्लाका विभिन्न समस्याहरु तथा घटनाहरुको सन्दर्भमा सरोकारवालाहरु र मधेशी आयोगबीच सहकार्य गर्ने |

| क्र. स. | अनुगमन अवधि | अनुगमन गरिएको स्थान र सहभागिता | अनुगमन तथा भ्रमणका उद्देश्य एवम् विषयहरु | उपलब्धी |
|---|---|---|---|---|
| ९. | २०७९।१०।०४ देखि २०७९।१०।१० सम्म | जिल्ला प्रशासन कार्यालय, सिराहा। मधेशी आयोगका माननीय का.वा. अध्यक्षज्यू, प्रमुख जिल्ला अधिकारी लगायत जिल्ला सुरक्षा निकायका प्रमुखहरु | प्रतिनिधि सभा चुनावको प्रशासनिक लगायत सुरक्षा तयारी सम्बन्धमा छलफल | प्रतिनिधि सभा निर्वाचनलाई स्वच्छ, निष्पक्ष र सुरक्षित वातावरणमा सम्पन्न गराउन मधेशी आयोगका माननीय का.वा. अध्यक्षज्यू, प्रमुख जिल्ला अधिकारी तथा जिल्लाका सुरक्षा निकायका प्रमुखहरूबीच सिराहामा प्रशासनिक एवम् सुरक्षा तयारी सम्बन्धी छलफल सम्पन्न भयो। |
| १०. | २०७९।१०।०४ देखि २०७९।१०।१० सम्म | सिराहा वार एशोसिएशनको साधारण सभा, सिराहा। मधेशी आयोगका माननीय का.वा. अध्यक्षज्यू र सिराहा जिल्लाका अधिवक्ताहरु | सिराहा जिल्ला अदालत बार एशोसिएशन सिरहाको भवन उदघाटन समारोह तथा ३४ औ साधारण सभा | बार एशोसिएशनको भवन उदघाटन सम्पन्न तथा नियमित साधारण सभा सम्पन्न |

| क्र. स. | अनुगमन अवधि | अनुगमन गरिएको स्थान र सहभागिता | अनुगमन तथा भ्रमणका उद्देश्य एवम् विषयहरु | उपलब्धी |
| --- | --- | --- | --- | --- |
| ११. | २०८२।१०।२१ देखी २०८२।१०।२७ सम्म | मधेश प्रदेशको जनकपुरधाममा मधेश प्रदेशका माननीय प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णज्यू समक्ष आयोगको २०८१/०८२ को वार्षिक प्रतिवेदन मधेशी आयोगका माननीय का.वा. अध्यक्षज्यूबाट पेश | मधेशी आयोगको सातौ वार्षिक प्रतिवेदन पेश | नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम २०८१/०८२ मा आयोगले सम्पादन गरेको काम कार्यवाहीहरु समेटेर तयार गरिएको सातौ वार्षिक प्रतिवेदन समयमा नै पेश गर्ने काम सम्पन्न |
| १२. | २०८२।११।१४ देखी २०८२।११।१२ सम्म | जिल्ला प्रशासन कार्यालय, रौतहट। मधेशी आयोगका माननीय का.वा. अध्यक्षज्यू, प्रमुख जिल्ला अधिकारी लगायत जिल्ला सुरक्षा निकायका प्रमुखहरु | जिल्लामा घटेका घटनाहरु, लैङ्गिक हिंसा, धार्मिक द्वन्द्व लगायतका बारे छलफल | धार्मिक शान्ति सद्भाव र द्वन्द्व न्यूनीकरण गर्न सरोकारवालाहरुसँग सहकार्य गर्ने |

| क्र. स. | अनुगमन अवधि | अनुगमन गरिएको स्थान र सहभागिता | अनुगमन तथा भ्रमणका उद्देश्य एवम् विषयहरु | उपलब्धी |
|---|---|---|---|---|
| १३. | २०८१।११।४ देखी<br>२०८१।११।८ सम्म | जिल्ला प्रशासन कार्यालय, ससरी। मधेशी आयोगका माननीय का.वा. अध्यक्षज्यू, प्रमुख जिल्ला अधिकारी लगायत जिल्लाका सुरक्षा निकायका प्रमुखहरु | जिल्लामा घटेका घटनाहरु जस्तै लैङ्गिक हिंसा, घरेलु हिंसा, लागु औषध, बालविवाह, धार्मिक सदभाव, सामाजिक कुरिती लगायतका विषयमा छलफल | जिल्लामा घटेका घटनाहरु जस्तै लैङ्गिक हिंसा, घरेलु हिंसा, लागु औषध, बालविवाह, धार्मिक सदभाव, सामाजिक कुरिती लगायतका विषयमा न्यूनीकरण गर्न विभिन्न सरोकारवालाहरुको प्रतिवद्धता |
| १४. | २०८१।११।७ देखी<br>२०८१।११।९ सम्म | सिराहा जिल्लाको मिर्चैयामा परम्परादेखी होली महोत्सव मनाउने कार्यक्रम अन्तर्गत स्थानीयहरुको सहभागितामा होली मिलन समारोह | परम्परादेखी बडो धुमधामका साथ मनाइने होली मिलन समारोहमा सहभागिता भएको | स्थानीय, नागरिक समाज, साथीभाईहरु, आफन्तहरुसंग होली मिलन समारोहमा सहभागिता जनाई धर्म, संस्कृतिको जगेर्ना गर्नुको साथै सामुहिक सहअस्तित्व अपनत्व सद्भाव कायम हुने गरेको |

| क्र. स. | अनुगमन अवधि | अनुगमन गरिएको स्थान र सहभागिता | अनुगमन तथा भ्रमणका उद्देश्य एवम् विषयहरु | उपलब्धी |
|---|---|---|---|---|
| १५. | २०७४।११।२५ देखि २०७४।१२।१ सम्म | धनुषा, सिराहा र सप्तरी लगायतका जिल्लाहरु । मधेशी आयोगका माननीय का.वा. अध्यक्षज्यूका साथै सुरक्षा निकायको उपस्थितिमा अनुगमन | प्रतिनिधि सभा निर्वाचनको अनुगमन | प्रतिनिधि सभा निर्वाचनका क्रममा मधेशी आयोगका माननीय का.वा. अध्यक्षज्यू तथा सुरक्षा निकायका प्रतिनिधिहरूको सहभागितामा शान्तिपुर्ण भयरहित निर्वाचन हुन अनुगमन सम्पन्न भयो। |
| १६. | २०७४।१२।१८ देखि २०७४।१२।२५ सम्म | कानु एकता महाअभियान नेपाल केन्द्रीय कार्य समिति, पर्सा, बिरगंज। प्रमुख अतिथीको रुपमा मधेशी आयोगका माननीय का.वा. अध्यक्षज्यू लगायत कानु समाजका स्वजातियहरुको उपस्थिति | प्रमुख अतिथिको रुपमा कानु एकता महाअभियान नेपालको राष्ट्रिय महासम्मेलन | सनातनको रक्षा गर्दै, सामुहिक सह-अस्तित्व र भाइचाराको सुसम्बन्ध विस्तार |

| क्र.स. | अनुगमन अवधि | अनुगमन गरिएको स्थान र सहभागिता | अनुगमन तथा भ्रमणका उद्देश्य एवम् विषयहरु | उपलब्धी |
|---|---|---|---|---|
| १७. | २०८२।१२।२७ गते | लुम्बिनी प्रदेशको रुपन्देही जिल्लाको बुटवलमा । लुम्बिनी प्रदेशका माननीय प्रदेश प्रमुख श्री कृष्णबहादुर घर्तीमगरज्यू समक्ष मधेशी आयोगको सातौं वार्षिक प्रतिवेदन आयोगका माननीय कार्यवाहक अध्यक्ष जीवछ साहज्यूबाट पेश । | मधेशी आयोगको सातौ वार्षिक प्रतिवेदन पेश | नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम आ.व. २०८१/०८२ मा आयोगले सम्पादन गरेका काम कारवाही तथा सिफारिसहरु समेटेर तयार गरेको सातौ वार्षिक प्रतिवेदन पेश गर्ने काम सम्पन्न |

| क्र. स. | अनुगमन अवधि | अनुगमन गरिएको स्थान र सहभागिता | अनुगमन तथा भ्रमणका उद्देश्य एवम् विषयहरु | उपलब्धी |
| --- | --- | --- | --- | --- |
| १८. | २०७९।१।१२ देखि २०७९।१।१७ सम्म | सिरहा जिल्लाको भन्सार कार्यालय। मधेशी आयोगका माननीय का.वा. अध्यक्षज्यू, सिराहा भन्सार कार्यालयका प्रमुख एवम् कर्मचारीहरु, सुरक्षा निकाय, नागरिक समाज, सिराहा जिल्लाका कानुन व्यवसायी र स्थानीयवासीहरु | घरायसी तथा निजि प्रयोजनका सामानहरुमा समेत नेपाल सरकारले लगाएको १०० (एक सय) रुपैयाको सामानमा पनि भन्सार कडाइ गरेकोमा तराई मधेशबाट जनगुनासो एवम् लिखित उजुरी समेत आएकोले सो जनगुनासोलाई कानून सम्मत ढंगबाट समाधान गर्न सरोकारवालाहरुसँग समन्वय, सहकार्य र सहयोगका लागी स्थानीय भंसार प्रमुख, स्थानीय जनसमुदाय, कानुन व्यवसायी र बुद्धिजिवीहरुसँग छलफल। | सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्दै भन्सार प्रशासन, सुरक्षा निकाय र स्थानीय समुदायबीच आपसी समझदारी कायम गरी घरायसी सामान ओसारपोसारमा हुने अनावश्यक सास्ती कम गर्न समन्वय भएको |

| क्र. स. | अनुगमन अवधि | अनुगमन गरिएको स्थान र सहभागिता | अनुगमन तथा भ्रमणका उद्देश्य एवम् विषयहरु | उपलब्धी |
|---|---|---|---|---|
| १९. | २०८०।३।१ देखि २०८०।३।७ सम्म | डडेल्धुरा जिल्लाको जिल्ला प्रशासन कार्यालय। मधेशी आयोगका माननीय का.वा. अध्यक्षज्यू, प्रमुख जिल्ला अधिकारी र जिल्लाका सुरक्षा निकायका प्रमुखहरु | डडेल्धुरा जिल्लामा मधेशी समुदायका कर्मचारीहरु, व्यवसायीहरु लगायतको बसोबास एवम् उपस्थिती वा घरबनाई बसोबास गर्नेहरुको धर्म संस्कृति, चाडपर्वमा उनीहरुको सहभागिता सम्बन्धमा छलफल | विभिन्न समस्याहरुलाई मधेशी आयोगको सहकार्यमा न्यूनीकरण तथा समाधान गर्ने |
| | | दार्चुला जिल्ला प्रशासन कार्यालयमा। मधेशी आयोगका माननीय का.वा. अध्यक्षज्यू, प्रमुख जिल्ला अधिकारी र जिल्लाका सुरक्षा निकायका प्रमुखहरु | जिल्लामा घटेका घटनाहरु जस्तै सीमा सुरक्षा, लैंगिक हिंसा, घरेलु हिंसा, लागु औषध, बालविवाह, धार्मिक सदभाव, सामाजिक कुरिती लगायतका बारे छलफल | जिल्लामा घट्ने अवाञ्छित घटना तथा अपराधलाई पूर्णतः न्यूनीकरण गर्दै शान्ति-सुरक्षा कायम गर्न सम्पूर्ण सरोकारवालाहरूले एकताबद्ध भई साझा प्रतिबद्धता जनाएका |

| क्र. स. | अनुगमन अवधि | अनुगमन गरिएको स्थान र सहभागिता | अनुगमन तथा भ्रमणका उद्देश्य एवम् विषयहरु | उपलब्धी |
|---|---|---|---|---|
| | | बैतडी जिल्ला प्रशासन कार्यालयमा। मधेशी आयोगका माननीय का.वा. अध्यक्षज्यू, प्रमुख जिल्ला अधिकारी र जिल्लाका सुरक्षा निकायका प्रमुखहरु | जिल्लामा शान्तिसुरक्षाको अवस्था साथै मधेशी समुदायहरुको समस्याहरु तथा जिल्लामा घटेका घटनाहरु सम्बन्धमा छलफल | आगामी दिनमा आयोग र स्थानिय प्रशासनको सहकार्यमा घटना न्युनिकरण र जनचेतनामूलक कार्यक्रम गर्ने |
| | | डोटी जिल्लाको सदरमुकाम सिलगढी मा अवस्थित शैलेश्वरी मन्दिर प्राङ्गनमा। मधेशी आयोगका माननीय का.वा. अध्यक्षज्यू, जि.स.स. प्रमुख, प्रमुख जिल्ला अधिकारी, जिल्लाका सुरक्षा निकायका प्रमुख, मन्दिरका पुजारी र स्थानीयहरु | जिल्लामा घटेका घटनाहरु जस्तै लैङ्गिक हिंसा, घरेलु हिंसा, लागु औषध, बालविवाह, धार्मिक सदभाव, सामाजिक कुरिती र शैलेश्वरी मन्दिरलाई धार्मिक सर्किटमा आबद्ध गर्ने बारे छलफल | जिल्लामा घट्ने अवाञ्छित घटना तथा अपराधलाई पूर्णतः न्यूनीकरण गर्दै शान्ति-सुरक्षा कायम गर्न सम्पूर्ण सरोकारवालाहरूले एकताबद्ध भई साझा प्रतिबद्धता एवम् शैलेश्वरी मन्दिरलाई धार्मिक सर्किटमा आवद्ध गर्ने प्रयास। |

| क्र. स. | अनुगमन अवधि | अनुगमन गरिएको स्थान र सहभागिता | अनुगमन तथा भ्रमणका उद्देश्य एवम् विषयहरु | उपलब्धी |
|---|---|---|---|---|
| | | अछाम जिल्लाको सदरमुकाम मंगलसेनमा अछाम जिल्लाको जिल्ला प्रशासन कार्यालयमा। मधेशी आयोगका माननीय का.वा. अध्यक्षज्यू, प्रमुख जिल्ला अधिकारी र जिल्लाका सुरक्षा निकायका प्रमुखहरु | जिल्लामा घटेका विभिन्न खालका घटनाहरु साथै मुद्दाका प्रकृतिहरु तथा मधेशी समुदायको अवस्था बारे छलफल | जिल्लाका विभिन्न समस्याहरुमा मधेशी आयोग र सरोकारवालाहरुबीच सहकार्य गर्ने |
| २०. | २०७९।३।१ देखि २०७९।३।१४ सम्म | चितवन जिल्लाको तराई सामुदायिक सेवा समिति भवन, न्युरोड, नारायणगढ । प्रमुख अतिथीको रुपमा मधेशी आयोगका माननीय का.वा. अध्यक्षज्यू, तराई सामुदायिक सेवा समितिको पधाधिकारी, सदस्यहरु र सरोकारवालाहरु | तराई सामुदायिक सेवा समितिको १८ औं साधारण सभा तथा १६ औं अधिबेशनको प्रमुख अतिथीको रुपमा सहभागी | चितवन जिल्लामा रहेका मधेशी समुदायका व्यक्तिहरुले तराई सामुदायिक सेवा समिति दर्ता गरी भवन समेत निर्माण गरेको र उक्त समितिको नियमित साधारण सभा सम्पन्न भएको । |

| क्र.स. | अनुगमन अवधि | अनुगमन गरिएको स्थान र सहभागिता | अनुगमन तथा भ्रमणका उद्देश्य एवम् विषयहरु | उपलब्धी |
|---|---|---|---|---|
| २१. | २०८२।३।१५ देखि २०८२।३।१९ सम्म | मनाङ जिल्लाको सदरमुकाम चामेमा जिल्ला प्रशासन कार्यालयमा। मधेशी आयोगका माननीय का.वा. अध्यक्षज्यू, प्रमुख जिल्ला अधिकारी र जिल्लाका सुरक्षा निकायका प्रमुखहरु | जिल्लामा घटेका घटना जस्तै मानव वेचविखन, लागु औषध, आत्महत्या, सामाजिक कुरीतीबारे छलफल | जिल्लाको शान्ति-सुरक्षा कायम राख्न र आपराधिक घटना न्यूनीकरण गर्न आयोगको प्रत्यक्ष समन्वय तथा छलफलमा रही कार्य गर्न सम्पूर्ण सरोकारवालाहरूको प्रतिबद्धता |
| २२. | | काभ्रेपलाञ्चोक जिल्लाको सदरमुकाम धुलिखेल, जिल्ला प्रशासन कार्यालयमा। मधेशी आयोगका माननीय का.वा. अध्यक्षज्यू, प्रमुख जिल्ला अधिकारी र जिल्लाका सुरक्षा निकायका प्रमुखहरु | जिल्लामा घटेका घटनाहरु जस्तै लैंगिक हिंसा, घरेलु हिंसा, लागु औषध, बालविवाह, सामाजिक कुरीती बारे छलफल | सुरक्षित र भयरहित जिल्ला निर्माणका लागि अपराध न्यूनीकरण र शान्ति-सुरक्षा कायम गर्न सबै सरोकारवालाहरूको ऐक्यबद्धता र साझा संकल्प |

## मधेशी आयोगका माननीय सदस्य रेणुदेवी साहज्यूले आ.ब. २०८२।८३ मा विभिन्न जिल्लामा गर्नुभएको अनुगमन तथा भ्रमणहरू

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको विषय | उपलब्धी |
|---|---|---|---|---|
| १ | २०८२-०५-१८ देखि २०८२-०५-२४ गते सम्म | लुम्बिनी प्रदेश-रुपन्देही र नवलपरासी पश्चिम जिल्ला | लुम्बिनी सांस्कृतिक नगरपालिकाको समस्या बारे छलफल र मिथिला समाजद्वारा आयोजित जितिया पर्व कार्यक्रममा विशिष्ट अतिथीको रुपमा सहभागिता | ➢ स्थानीय समस्याहरूको पहिचान र समाधानको साझा प्रतिबद्धता<br>➢ सांस्कृतिक संरक्षण र सामाजिक सद्भाव अभिवृद्धि<br>➢ महिला सहभागिता र सशक्तिकरणको प्रवर्द्धन |
| २ | २०८२-०६-०७ देखि २०८२-०६-१२ गते सम्म | मधेश प्रदेशको बारा जिल्ला | GEN-Z पुस्ताद्वारा संचालित सामाजिक तथा राजनीतिक आन्दोलनको प्रभाव बारे अनुगमन तथा दशै, तिहार र छठ पर्वको शुभकामना आदान-प्रदान कार्यक्रम | ➢ Gen-Z युवाका माग नीतिगत तहमा पुगेको।<br>➢ युवाहरूलाई विचार व्यक्त गर्ने आधिकारिक मञ्च प्राप्त।<br>➢ चाडपर्वमार्फत युवा र आयोगबीच संवाद र एकता कायम। |
| ३ | २०८२-०७-११ देखि २०८२-०७-१७ गते सम्म | मधेश प्रदेश, धनुषा जिल्ला | जनकपुर उपमहानगरपालिका देबपुरा रुपैठामा हिन्दु तथा मुस्लिम समुदायबीच भएको पूर्वाधारको सफल समाधान प्रक्रिया र सद्भावपूर्ण सहअस्तित्व सम्बन्धी अनुगमन | ➢ विवादको स्थायी समाधानः पूर्वाधार सम्बन्धी असमझदारी आपसी संवादबाट समाधान।<br>➢ हिन्दु-मुस्लिम समुदायबीच सहअस्तित्व र भाइचारा कायम। |

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको विषय | उपलब्धी |
|---|---|---|---|---|
| | | | | ➢ स्थानीय सामाजिक विवाद शान्तिपूर्ण रूपमा सुल्झाउने उदाहरण स्थापित। |
| ४. | २०८२-०८-०३ देखि २०८२-०८-२६ गते सम्म | कोशी प्रदेशको मोरङ जिल्ला | कोशी प्रदेशका माननीय प्रदेश प्रमुखज्यू समक्ष आयोगको सातौं वार्षिक प्रतिवेदन पेश | ➢ संवैधानिक दायित्व र पारदर्शिताः वार्षिक कामकारबाहीको आधिकारिक पेश र सुशासन कायम।<br>➢ नीतिगत ध्यानाकर्षणः प्रदेश तहमा मधेसी समुदायका हकहित र मुद्दाहरू पुगेको।<br>➢ संस्थागत समन्वयः सिफारिस कार्यान्वयनका लागि प्रदेश सरकारसँग समन्वय मजबुत। |
| ५. | २०८२-०९-११ देखि २०८२-०९-१७ गते सम्म | कोशी प्रदेश-सुनसरी र मोरङ जिल्ला | कोशी प्रदेशको मोरङ जिल्लाको हिन्दु तथा मुस्लिम समुदायको समसामयिक समस्या र प्रमुख समस्याहरू जस्तै नागरिकता प्रमाणपत्रको अभाव, लागु औषधको दुरुपयोग, रासायनिक मलको वितरणमा अनियमितता, शिक्षा, स्वास्थ्य, रोजगारी, र सामाजिक समावेशीकरण सम्बन्धी अनुगमन | ➢ धार्मिक सद्भाव र सहअस्तित्वः साझा मुद्दामा हिन्दु-मुस्लिम संवादमार्फत एकता सुदृढ।<br>➢ समस्याको पहिचान र ध्यानाकर्षणः नागरिकता, रासायनिक मल र लागुऔषध जस्ता विषय नीतिगत तहमा पुगेको।<br>➢ सेवा र अधिकारमा पहुँचः शिक्षा, स्वास्थ्य, रोजगारी र समावेशीकरणका लागि ठोस सिफारिस तयार। |

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको विषय | उपलब्धी |
|---|---|---|---|---|
| ६. | २०८२-१०-२८ देखि २०८२-११-०५ गते सम्म | कोशी प्रदेश, उदयपुर जिल्ला | आठौं ऐतिहासिक बेटी सम्मेलन महिला अधिकार, महिला सुरक्षा तथा लैङ्गिक समानताको प्रवर्द्धन गर्ने सामाजिक तथा नीतिगत कार्यक्रम | ➢ कुप्रथाविरुद्ध नीतिगत दबाबः बालविवाह, दाइजो र हिंसा अन्त्यका लागि कडा कानुन र नीतिको प्रतिबद्धता।<br>➢ राज्यका निर्णय प्रक्रिया र हरेक तहमा महिलाको अर्थपूर्ण प्रतिनिधित्व।<br>➢ सशक्तीकरणमा जोडः छोरीहरूको शिक्षा, स्वास्थ्य सुरक्षा र आर्थिक आत्मनिर्भरतामा विशेष ध्यान। |
| ७ | २०८२-११-२५ देखि २०८२-१२-०१ गते सम्म | कोशी प्रदेश सुनसरी जिल्ला | प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को अवलोकन तथा सुनसरी जिल्लामा जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायका पदाधिकारीहरूसँगको अन्तरक्रिया तथा होली पर्वको शुभकामना आदान-प्रदान कार्यक्रम | ➢ निर्वाचन अवलोकन मार्फत मधेसी मतदाताहरूको हक-अधिकार संरक्षण गर्दै सुरक्षित र निष्पक्ष मतदानको वातावरण निर्माणमा सहयोग पुगेको।<br>➢ स्थानीय प्रशासन र सुरक्षा अधिकारीहरूसँगको अन्तरक्रियाले शान्ति-सुरक्षा सुदृढ बनाउन र मधेसी समुदायका स्थानीय समस्या सम्बोधन गर्न सहजता मिलेको।<br>➢ होली मिलन कार्यक्रम मार्फत आयोग र |

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको विषय | उपलब्धी |
|---|---|---|---|---|
| | | | | स्थानीय मधेसी समुदायबीचको सम्बन्ध प्रगाढ भई सांस्कृतिक प्रवर्द्धन तथा सामाजिक सद्भाव कायम भएको |
| ८. | २०८२-१२-२४ देखि २०८२-१२-३० गते सम्म | गण्डकी प्रदेश कास्की जिल्ला | राष्ट्रिय मानवअधिकार आयोग र मधेसी आयोगको विषयवस्तुमा विद्यार्थीहरूसँग अन्तरक्रिया कार्यक्रम र अनुगमन | ➢ अधिकार र क्षेत्राधिकारसम्बन्धी सचेतनाः RHEST मा अध्ययनरत विद्यार्थीहरूमा मानव अधिकारको संरक्षण, न्याय प्राप्ति प्रक्रिया र मधेसी आयोगको भूमिका तथा कार्यक्षेत्रबारे स्पष्टता र सचेतना अभिवृद्धि भएको छ।<br>➢ कास्की जिल्लामा मधेसी समुदायले नागरिकता, राहदानी, जन्मदर्ताजस्ता प्रशासनिक सेवा लिंदा भोग्नुपरेका भाषिक तथा व्यवहारिक कठिनाइहरू पहिचान गरिएका छन्।<br>➢ मधेसी समुदायविरुद्ध हुन सक्ने भेदभाव र हिंसा रोक्न, कानूनी सहायताको पहुँच बढाउन र स्थानीय स्तरमा सामुदायिक सद्भाव सुदृढ बनाउन जिल्ला प्रशासनसँग समन्वय कायम भएको छ। |

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको विषय | उपलब्धी |
|---|---|---|---|---|
| ९. | २०८३-०२-०४ देखि २०८३-०२-१० | कोशी प्रदेश, सुनसरी जिल्ला | वन संरक्षण, नयाँ बिरुवा नर्सरी, उपभोक्ता समूह, काठ आपूर्ति तथा गर्मीयाममा बढ्दो लू (Heat Wave) नियन्त्रणका लागि तराईको हरियाली वन संरक्षण सम्बन्धी अनुगमन | ➢ गर्मीयाममा तराईमा बढ्दो लू र अत्यधिक गर्मीको प्रभाव कम गर्न वृक्षारोपण तथा हरियाली प्रवर्द्धनलाई प्राथमिकता दिन सरोकारवालाहरूको ध्यान केन्द्रित गरिएको छ।<br>➢ नयाँ बिरुवा उत्पादनका लागि नर्सरीहरूको स्तरोन्नति गर्ने र तराईका खुला तथा सार्वजनिक क्षेत्रमा वृक्षारोपण अभियान सञ्चालन गर्न निर्देशन/सिफारिस गरिएको छ।<br>➢ सामुदायिक वन उपभोक्ता समूहहरूको कार्यशैलीलाई व्यवस्थित, पारदर्शी र सर्वसाधारणको हितअनुकूल बनाउन अनुगमन गरी आवश्यक मार्गदर्शन प्रदान गरिएको छ।<br>➢ स्थानीय बासिन्दाका लागि काठ-दाउराको न्यायोचित र सहज आपूर्ति व्यवस्था मिलाउन तथा कालोबजारी/अवैध फँडानी नियन्त्रण |

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको विषय | उपलब्धी |
|---|---|---|---|---|
| | | | | गर्न जिल्ला वन कार्यालयहरूसँग समन्वय गरिएको छ।<br>➢ वन क्षेत्रको अतिक्रमण रोक्दै प्राकृतिक स्रोतको दिगो उपयोग र वातावरणीय सन्तुलन कायम राख्न स्थानीय प्रशासन, वन निकाय र सर्वसाधारणबीच समन्वय सुदृढ भएको छ। |

## मधेशी आयोगका माननीय सदस्य आभा कुमारीज्यूले आ.ब. २०८२।८३ मा विभिन्न जिल्लामा गर्नुभएको अनुगमन तथा भ्रमणहरू

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको उद्देश्य र बिषय | उपलब्धीहरु |
|---|---|---|---|---|
| १ | २०८२/०४/११ देखि २०८२/०४/२१ सम्म | मधेश प्रदेशको सप्तरी र सिराहा जिल्लाहरुमा नागरिक समाज तथा बुद्धिजिवीहरुसँग सामुहिक र व्यक्तिगत छलफल | विवाहको उमेर घटाउने तयार गरिएको संशोधित विधयेक माथी आम नागरिकको धारणा संकलन, | **कानुनी उमेरसम्बन्धी व्यवस्थाबीच देखिएको असंगतिबारे अध्ययनः-**<br>१८ वर्षमा व्यक्ति बालिग तथा कानुनी रूपमा सक्षम हुने व्यवस्था र विवाहका लागि २० वर्षको न्यूनतम उमेर तोकिएको व्यवस्थाबीच व्यवहारमा देखिने अन्तरलाई अध्ययनले पहिचान गरेको छ। यसले १८-२० वर्ष उमेर समूहका व्यक्तिको वैयक्तिक स्वतन्त्रता, पारिवारिक निर्णय र विवाहसम्बन्धी अधिकारको प्रयोगमा व्यावहारिक जटिलता सिर्जना गरेको देखिन्छ। त्यसैले सम्बन्धित कानुनहरूबीच आवश्यक सामञ्जस्यता र स्पष्टता कायम गर्न कानुनी पुनरावलोकन आवश्यक देखिन्छ।<br>**कानुन र सामाजिक यथार्थबीचको दूरी पहिचानः-**<br>अध्ययनका क्रममा सरोकारवालाहरु, अभिभावक, बुद्धिजीवी तथा सम्बन्धित निकायबाट प्राप्त धारणा र प्रहरी तथा अदालतका मुद्दा अभिलेखको अध्ययनबाट किशोर—किशोरीसँग सम्बन्धित |

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको उद्देश्य र बिषय | उपलब्धीहरु |
|---|---|---|---|---|
| | | | | यौनजन्य अपराध, जबरजस्ती, अपहरण तथा अन्य विवादका घटना महत्वपूर्ण सामाजिक समस्या बनेको देखिएको छ। यसबाट केवल कानुनी निषेध पर्याप्त नभई यौन तथा प्रजनन स्वास्थ्य शिक्षा, परिवारको परामर्श, किशोरमैत्री सेवा र प्रभावकारी कानुनी सचेतना आवश्यक रहेको निष्कर्ष निकाल्न सकिन्छ।<br>**मानवअधिकारको संरक्षण र बालबालिकाको सुरक्षाबीच सन्तुलन आवश्यकः-**<br>विवाहको उमेरसम्बन्धी कानुन संशोधन गर्दा वयस्क व्यक्तिको स्वतन्त्रता र मानवअधिकारलाई सम्मान गर्नुका साथै बालबालिकालाई बालविवाह, यौन शोषण, जबरजस्ती तथा हिंसाबाट संरक्षण गर्ने राज्यको दायित्वलाई कमजोर पार्न नहुने अध्ययनले देखाउँछ। त्यसैले कुनै पनि संशोधन संविधान, बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता र बाल संरक्षणको सिद्धान्तसँग सामञ्जस्यपूर्ण हुनुपर्छ।<br>**सरकारलाई नीतिगत सुझावः-**<br>नेपाल सरकारले विवाहको न्यूनतम उमेर, बालिग हुने उमेर र सम्बन्धित फौजदारी कानुनबीचको अन्तरसम्बन्धबारे समग्र कानुनी तथा सामाजिक अध्ययन गरी आवश्यक संशोधनको |

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको उद्देश्य र बिषय | उपलब्धीहरु |
|---|---|---|---|---|
| | | | | प्रस्ताव अघि बढाउनुपर्छ। विशेषगरी १८—२० वर्ष उमेर समूहका व्यक्तिको अधिकार, सहमति, विवाह, यौन तथा प्रजनन स्वास्थ्य, बाल संरक्षण र अपराधसम्बन्धी कानुनी व्यवस्थालाई एकीकृत रूपमा पुनरावलोकन गरी स्पष्ट, व्यवहारिक, मानवअधिकारमैत्री र सामाजिक यथार्थसँग मेलखाने कानुनी व्यवस्था निर्माण गर्न सरकारलाई सुझाव दिन आवश्यक देखिन्छ। |
| २ | मिति २०८२/०५/०८ देखि २०८२/०५/१४ गते सम्म | मधेश प्रदेशका सप्तरी जिल्लामा १८ वटा पालिकाको प्रशासकीय अधिकृत प्रमुख जिल्ला अधिकारी, सेना प्रमुख, प्रहरी उपरीक्षक, राष्ट्रिय अनुसन्धान प्रमुखहरूसँग छलफल | नेपाल सरकारको कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय सिंहदरबार मार्फत कानुन न्याय तथा मानव अधिकार समितिले विवाह सम्बन्धी उमेर | १. **व्यापक सरोकारवालासँग छलफल**ः सप्तरीका १८ वटै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत, प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान तथा नेपाली सेनाका सम्बन्धित प्रमुखहरूसँग विवाहको उमेर र बहुविवाहसम्बन्धी कानुन संशोधनबारे छलफल भएको ।<br>२. **कानुन र सामाजिक यथार्थको अध्ययन**ः प्रचलित कानुनसँगै सामाजिक परम्परा, जनसांख्यिक अवस्था, शारीरिक परिपक्वता, व्यवहारिक पक्ष, शिक्षामा पर्ने प्रभाव तथा अन्तर्राष्ट्रिय अभ्यासलाई समेत सूक्ष्म रूपमा अध्ययन गर्नुपर्ने निष्कर्ष प्राप्त भएको ।<br>३. **१८ वर्षको उमेरसम्बन्धी अधिकारमा बहस**ः १८ वर्षमा नागरिकता, मतदान तथा अन्य नागरिक अधिकार प्राप्त हुने अवस्थामा विवाहसम्बन्धी अधिकारबारे पनि पुनर्विचार गर्नुपर्ने |

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको उद्देश्य र बिषय | उपलब्धीहरु |
|---|---|---|---|---|
| | | | र बहुविवाह सम्बन्धी ल्याएको कानुन संशोधन गर्ने विषयमा छलफल | धारणा सरोकारवालाबाट प्राप्त भएको ।<br>४. **कम उमेरका प्रेम विवाहबारे व्यवहारिक दृष्टिकोणः** कम उमेरमा प्रेम सम्बन्धका कारण विवाह गर्ने किशोर—किशोरीलाई केवल दण्डात्मक दृष्टिले हेर्नुभन्दा परामर्श, अभिभावकीय जिम्मेवारी र बाल संरक्षणलाई प्राथमिकता दिने व्यवहारिक कानुनी व्यवस्था आवश्यक रहेको धारणा आएको ।<br>५. **बहुविवाह र सन्तानको अधिकारः** बहुविवाहबाट जन्मिएका सन्तानको अधिकार पूर्ण रूपमा सुनिश्चित गर्दै आमाबुबाको कानुनी दायित्व र कारबाहीका विषयमा स्पष्ट व्यवस्था आवश्यक रहेको सुझाव प्राप्त भएको ।<br>६. **राष्ट्रियस्तरीय छलफलको आवश्यकताः** स्थानीय तहबाट प्राप्त सुझावलाई आधार बनाई मधेशी आयोगले प्रतिनिधिसभा सदस्य, पत्रकार, मानवअधिकारकर्मी, कानुनविद् तथा अन्य सरोकारवालासँग राष्ट्रियस्तरमा थप छलफल गरी सरकारलाई तथ्य र प्रमाणमा आधारित सुझाव दिनुपर्ने निष्कर्ष प्राप्त भएको। |
| ३ | मिति २०८२/०६ /०७ गते देखि २०८२/०६/१३ | बागमती र मधेश प्रदेशका विभिन्न जिल्लाहरु | १) घरेलु हिंसा, विवाहको उमेर, अपहरण, बेपत्ता तथा शरीर | नेपाली समाजमा संयुक्त परिवारबाट एकल परिवारतर्फ स्पष्ट रूपान्तरण भइरहेको पहिचान भएको।<br>शहरीकरण, बसाईंसराइ, शिक्षा र आर्थिक स्वतन्त्रताले पारिवारिक संरचनामा गहिरो प्रभाव पारेको देखिएको। |

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको उद्देश्य र बिषय | उपलब्धीहरु |
|---|---|---|---|---|
| | गते सम्म | | बन्धक जस्ता मुद्दाहरूको विषयवस्तु सम्बन्धमा छलफल २) समय परिस्थिति अनुसार कानुन व्यवस्था परिमार्जित गर्ने वा यथावत राख्ने अपरिहार्य प्रक्षेपण गरी जनता र राज्यबीच सहजीकरण गर्दै उपयुक्त सुझाव दिने । | पारिवारिक संरक्षण, हेरचाह र मध्यस्थताको परम्परागत भूमिका कमजोर हुँदै गएको निष्कर्ष निकालिएको।<br>विवाह, सम्बन्धविच्छेद र प्रेम विवाहसम्बन्धी सामाजिक व्यवहारमा उल्लेखनीय परिवर्तन देखिएको।<br>व्यक्तिगत स्वतन्त्रता र पारिवारिक उत्तरदायित्वबीच सन्तुलनको आवश्यकता स्पष्ट भएको।<br>सामाजिक सञ्जालले युवा सम्बन्ध, व्यवहार र पारिवारिक सम्बन्धमा महत्वपूर्ण प्रभाव पारिरहेको पहिचान गरिएको।<br>महिला, पुरुष र बालबालिकाको सामाजिक भूमिका तथा अधिकारमा परिवर्तन भइरहेको विश्लेषण गरिएको।<br>बालबालिका तथा किशोर—किशोरीको संरक्षणका लागि राज्यको जिम्मेवारी अझ स्पष्ट रूपमा आवश्यक रहेको देखिएको।<br>पारिवारिक तथा सामाजिक मुद्दामा कानुनी र नीतिगत सुधारको आवश्यकता पहिचान गरिएको।<br>प्रहरी, न्याय र सामाजिक सुरक्षा प्रणालीमा पारिवारिक तथा बाल संरक्षणसम्बन्धी स्पष्ट प्रोटोकल आवश्यक रहेको निष्कर्ष निकालिएको। |

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको उद्देश्य र बिषय | उपलब्धीहरु |
|---|---|---|---|---|
| ४ | २०८२/०६/२१ देखि २० ८२/०६/२७ गते सम्म | मधेश प्रदेश र बागमती प्रदेश को विभिन्न जिल्लाहरु | पारिवारिक द्वन्द व्यवस्थापनका लागि सन्तुलित पारिवारिक कानुन निर्माणबारे सरोकारवालाहरू सँग छलफल | १. **परिवार, समाज र कानुनबीचको सम्बन्धः** परिवारवाद, सामाजिक संरचना र व्यक्तिवादबीच बढ्दै गएको दूरीबारे सरोकारवालासँग छलफलबाट पारिवारिक तथा सामाजिक सम्बन्धलाई सुदृढ गर्ने आवश्यकता देखियो।<br>२. **कानुनको दुरुपयोगबारे गुनासोः** करिब ५० जना महिला तथा पुरुष र कानुन व्यवसायीसँगको छलफलमा लैङ्गिक तथा अधिकारसम्बन्धी कानुनको दुरुपयोग हुन नदिन अधिकारसँगै कर्तव्य र जिम्मेवारीलाई पनि समान रूपमा स्थापित गर्नुपर्ने सुझाव प्राप्त भएको ।<br>३. **शिक्षामा अधिकारसँगै कर्तव्य र नैतिकताः** विद्यालयको पाठ्यक्रममा अधिकार तथा यौनिकतासँगै नैतिक शिक्षा, आचरण, कर्तव्य, पारिवारिक मूल्य, जीवनोपयोगी सीप तथा सामाजिक जिम्मेवारीलाई पर्याप्त स्थान दिनुपर्ने सुझाव प्राप्त भएको ।<br>४. **पारिवारिक मूल्य र व्यवहारिक शिक्षाको आवश्यकताः** अभिभावक तथा ज्येष्ठ नागरिकहरूले विद्यालय शिक्षामा बागवानी, पाककला, श्रम तथा व्यवहारिक जीवन सीपजस्ता विषयको अभ्यास घट्दै गएकोमा चिन्ता व्यक्त गर्दै पुनः समावेश गर्नुपर्ने धारणा राखेको । |

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको उद्देश्य र बिषय | उपलब्धीहरु |
|---|---|---|---|---|
| | | | | ५. **जनचेतना तथा पैरवीः** पारिवारिक, सामाजिक र कानुनी व्यवस्थाबीचको अन्तरसम्बन्धबारे समुदायमा बहस, पैरवी र जनवकालत सञ्चालन गर्नुपर्ने आवश्यकता पहिचान भएको ।<br>६. **मधेसी आयोगलाई सिफारिसः** परिवार, समाज र व्यक्तिको अधिकार तथा कर्तव्यबीच सन्तुलन कायम हुने गरी सन्तुलित पारिवारिक कानुन निर्माणका लागि राष्ट्रियस्तरमा अध्ययन गरी नेपाल सरकारलाई आवश्यक सिफारिस गर्न मधेशी आयोगलाई समुदायबाट सुझाव प्राप्त भएको । |
| ५ | २०८२/०८/०७ देखि २०८२/०८/१३ सम्म | बागमती प्रदेशको काभ्रेपलाञ्चोक जिल्ला | २० वर्षीय सुनिता नेपालीको कविता सङ्ग्रह, **सुनिताको अनुभवहरू लोकार्पण र विश्व साहित्यकार शैलेन्द्र साकारको** | सिर्जनाको सामाजिक महत्व स्थापित गर्दै साहित्यलाई समाज परिवर्तन र मार्गदर्शनको माध्यमका रूपमा प्रस्तुत भएको ।<br>युवा सर्जकको प्रतिभा पहिचान र प्रोत्साहन भएको ।<br>२० वर्षको उमेरमै कृति प्रकाशन गर्ने सुनिताको प्रयास उदाहरणीय बनेको ।<br>नयाँ र स्थापित पुस्ताबीच साहित्यिक अन्तरसम्बन्ध र अनुभव हस्तान्तरणको वातावरण बनेको ।<br>महिला तथा युवा सर्जकको सहभागितालाई प्रोत्साहन गर्दै साहित्यमा नयाँ पुस्ताको उपस्थिति बलियो भएको ।<br>व्यक्तिगत अनुभवलाई सामाजिक विमर्शमा रूपान्तरण गर्ने सिर्जनाको भूमिकालाई उजागर गरिएको । |

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको उद्देश्य र बिषय | उपलब्धीहरु |
|---|---|---|---|---|
| | | | **जन्मोत्सव** कार्यक्रममा सहभागिता र अवलोकन। | साहित्य, समाज र राष्ट्र निर्माणबीचको सम्बन्धबारे गम्भीर चिन्तनको आधार तयार भएको ।<br>स्थानीय स्तरको साहित्यिक गतिविधिलाई राष्ट्रिय विमर्शसँग जोड्ने महत्वपूर्ण अवसर सिर्जना भएको ।<br>सर्जकको सम्मान र सिर्जनाको संरक्षण गर्नुपर्ने सन्देश प्रवाह भएको ।<br>भविष्यका लागि सिर्जनात्मक चिन्तन र मार्गदर्शन आवश्यक रहेको विषय स्थापित गरिएको ।<br>समग्रमा, कार्यक्रमले सिर्जनालाई केवल अभिव्यक्ति नभई सामाजिक चेतना, इतिहास निर्माण र परिवर्तनको साधनका रूपमा स्थापित गरेको । |
| ६ | २०८२/०९/२८ देखि २०८२/१०/४ गतेसम्म | मधेश प्रदेशको धनुषा र सप्तरी जिल्लाहरु | धार्मिक द्वन्द्वको कारण समुदायको मनोभाव अध्ययन र अनुगमन स्थान-मधेस | अध्ययनले धर्मनिरपेक्षता आफैंमा समस्या नभई यसको प्रभावकारी व्यवस्थापन, नियमन र कार्यान्वयनको कमजोरी नै धार्मिक द्वन्द्वको प्रमुख कारणमध्ये एक रहेको देखाएको छ। विशेषतः जबरजस्ती धर्म परिवर्तन, हिन्दू धर्मावलम्बी तथा अन्य धार्मिक समुदायको धार्मिक आस्था, संस्कृति र परम्परामाथि हुने निरन्तर हस्तक्षेप तथा आक्रमणलाई राज्यले समयमै पहिचान गरी प्रभावकारी रूपमा नियमन गर्नुपर्ने। |

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको उद्देश्य र बिषय | उपलब्धीहरू |
|---|---|---|---|---|
| | | | प्रदेश जिल्ला धनुषा को जनकपुर सप्तरीको कृष्णा सावरम गाउँपालिका मोहली बजार। | संविधान तथा प्रचलित कानुनले प्रत्येक समुदायको धर्म, संस्कृति र आस्थाको संरक्षण तथा धार्मिक स्वतन्त्रताको प्रत्याभूति गरेअनुसार प्रहरी तथा प्रशासनबाट अनुसन्धान र कारबाही गर्नुपर्ने ।<br>धार्मिक द्वन्द्व समाधानका लागि स्थानीय समुदायबाट आएका अभिव्यक्ति र सुझावलाई आधार बनाउँदा निम्न उपलब्धि तथा उपायहरू पहिचान भएका छन्ः-<br>• निरन्तर धार्मिक द्वन्द्व भइरहेका क्षेत्रमा सर्वपक्षीय तथा अन्तरधार्मिक भेला आयोजना गरी साझा समस्या पहिचान र साझा समाधान खोज्ने अभ्यासलाई संस्थागत गर्नुपर्ने।<br>• विवाद समाधानमा बाह्य हस्तक्षेपभन्दा सम्बन्धित समुदाय, धार्मिक अगुवा, स्थानीय तह, प्रशासन तथा अन्य सरोकारवालालाई नै समस्या समाधान प्रक्रियामा प्रत्यक्ष सहभागी गराउनुपर्ने।<br>• धार्मिक आस्था, धर्म तथा संस्कृतिमाथि आक्रमण वा जबर्जस्ती धर्म परिवर्तनसम्बन्धी गतिविधि गर्ने व्यक्तिको तथ्यगत पहिचान गरी प्रचलित कानुनबमोजिम अनुसन्धान तथा कारबाहीका लागि सम्बन्धित निकायलाई सक्रिय र जिम्मेवार बनाउनुपर्ने। |

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको उद्देश्य र बिषय | उपलब्धीहरु |
|---|---|---|---|---|
| | | | | • विवाद उत्पन्न भएपछि मात्र मध्यस्थता गर्नेभन्दा द्वन्द्वको सम्भावित क्षेत्र पहिचान गरी पूर्वरोकथाम, संवाद र निरन्तर निगरानीको संयन्त्र विकास गर्नुपर्ने।<br>• धर्मनिरपेक्ष राज्यको मर्मलाई धार्मिक आस्था विरोधी नभई सबै धर्म र समुदायप्रति समान व्यवहार, संरक्षण र कानुनी उत्तरदायित्व सुनिश्चित गर्ने व्यवस्थाका रूपमा कार्यान्वयन गर्नुपर्ने।<br>समग्रमा, अध्ययन र अनुगमनले धार्मिक द्वन्द्वको दीर्घकालीन समाधानका लागि कानुनको निष्पक्ष कार्यान्वयन, धार्मिक स्वतन्त्रताको संरक्षण, जबर्जस्ती धर्म परिवर्तन तथा धार्मिक आस्थामाथिको आक्रमणको प्रभावकारी नियमन, सर्वपक्षीय संवाद र स्थानीय समुदायको सहभागितालाई मुख्य आधार बनाउनुपर्ने। |
| ७ | २०८२/१०/५ गते देखि २०८२/१०/१२ सम्म | मधेस प्रदेशको सप्तरी जिल्लाको क्षेत्र नम्बर १, क्षेत्र नम्बर २ र क्षेत्र नम्बर ३। | २०८२ साल फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्यको चुनावको उम्मेदवारी मनोनयन | १. जिल्लाका निर्वाचन क्षेत्र नं. १, २ र ३ मा स्थलगत अवलोकन गरी उम्मेदवारी मनोनयन दर्ताको अवस्थाबारे प्रत्यक्ष अध्ययन सम्पन्न गरेको ।<br>२. विगतको तुलनामा यस निर्वाचनको मनोनयन दर्ता कार्यको दिन तामझाम, भीडभाड न्यून रहेको ।<br>३. निर्वाचन आयोगको आचारसंहिता कार्यान्वयनको स्थलगत |

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको उद्देश्य र बिषय | उपलब्धीहरु |
|---|---|---|---|---|
| | | | दर्ताको स्थलगत भ्रमण । | अवस्था अध्ययन गरी निर्वाचन प्रक्रिया तुलनात्मक रूपमा शान्तिपूर्ण र व्यवस्थित रहेको । |
| ८ | २०८२/११/०४ गतेदेखि २०८२/११/१० गतेसम्म | सुदुरपश्चिम प्रदेशको कैलाली जिल्ला | मधेशी आयोगको सातौं वार्षिक प्रतिवेदन सुदूरपश्चिम प्रदेश प्रमुख माननीय नजिर मियाज्यू समक्ष पेश। | १. प्रदेशगत सुझाव तथा सिफारिस प्रदेश सरकारबाट कार्यान्वयन गराउन माननीय प्रदेश प्रमुखज्यूबाट आवश्यक प्रतिबद्धता र सहजीकरण भएको ।<br>२. प्रादेशिक परिवेशअनुकूल विषयगत सुझाव प्रतिवेदनमा समावेश गर्दा सम्बन्धित मन्त्रालयलाई कानुन निर्माण, कार्यनीति तर्जुमा तथा कार्यान्वयनमा सक्रिय चासो लिन सक्ने आधार पहिचान भएको ।<br>३. आयोगको वार्षिक प्रतिवेदन समयमै माननीय प्रदेश प्रमुखज्यू समक्ष प्रस्तुत गर्ने अभ्यासले प्रदेश सरकारलाई नीति तथा कार्यक्रम निर्माण गर्दा प्रतिवेदनमा उल्लेखित सुझावहरू सम्बोधन गर्न आवश्यक आधार र अवसर सिर्जना हुने अवस्था पहिचान भएको । |
| ९ | भ्रमण मिति- २०८२/११/१४ गते देखि २०८२/११/२० | मधेस प्रदेशको सप्तरी जिल्ला | होली महोत्सव मनाउने । | • मधेशी समुदायको मौलिक भाषा, संस्कृति, परम्परा र सामाजिक पहिचानको संरक्षण तथा प्रवर्धनमा योगदान पुर्‍याउँदै होली पर्वलाई राष्ट्रिय सांस्कृतिक सम्पदाका रूपमा स्थापित गर्ने आधार सुदृढ भएको ।<br>• मधेसी संस्कृतिको राष्ट्रियकरण तथा सांस्कृतिक |

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको उद्देश्य र बिषय | उपलब्धीहरु |
|---|---|---|---|---|
| | गतेसम्म | | | एकीकरणलाई प्रवर्धन गर्दै विविधताबीचको एकता, पारस्परिक सम्मान र सामाजिक सद्भाव अभिवृद्धि गर्ने अवसर सिर्जना भएको ।<br>• पत्रकार, नागरिक समाज, बुद्धिजीवी तथा विभिन्न सरोकारवालाको सहभागिताले मधेसी समुदायका सामाजिक, सांस्कृतिक तथा आर्थिक उन्नतिका सवालमा संवाद र सहकार्यको वातावरण निर्माण भएको ।<br>• सप्तरी जिल्लाको राजविराजमा आयोजित कार्यक्रमले स्थानीय मौलिक संस्कृति, कला, परम्परा र सांस्कृतिक पर्यटनको प्रवर्धन गर्दै मधेशको सांस्कृतिक पहिचानलाई व्यापक राष्ट्रिय तहमा उजागर गर्न योगदान पुऱ्याएको।<br>• कार्यक्रमले मधेशी आयोग ऐन, २०७४ मा उल्लेखित मधेशी समुदायको भाषा, लिपी र संस्कृति संरक्षणसम्बन्धी भूमिका र समुदायसँगको संस्थागत सम्बन्धलाई थप प्रभावकारी बनाउँदै आगामी दिनमा सांस्कृतिक संरक्षण तथा प्रवर्धनका कार्यक्रम सञ्चालन गर्न महत्वपूर्ण आधार तयार भएको । |
| १० | २०८२/१२/२३ गते देखि | गण्डकी प्रदेश को कास्की | गण्डकी प्रदेशको | • कार्तिक मसान्तभित्र प्रतिवेदन उपलब्ध गराउन सके प्रदेश सरकारको वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माणमा |

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको उद्देश्य र बिषय | उपलब्धीहरु |
|---|---|---|---|---|
| | २०८२/१२/२९ गते सम्म | जिल्ला | माननीय प्रदेश प्रमुख डिल्लीराज भट्टज्यूलाई मधेशी आयोगको सातौं वार्षिक प्रतिवेदन पेश। | आयोगका सुझाव र सिफारिस समावेश गर्न सहज हुने माननीय प्रदेश प्रमुखज्यूबाट सुझाव प्राप्त भएको ।<br>• प्रतिवेदनको संस्थागत उपयोगिता अभिवृद्धि गर्ने मार्गदर्शन प्राप्त भयो'प्रदेश सभामा प्रतिनिधित्वको अनुपातअनुसार प्रतिवेदनका प्रतिहरू उपलब्ध गराई प्रदेश सभा सदस्यहरूलाई अध्ययन तथा नीति निर्माणमा उपयोग गर्ने व्यवस्था गर्न सुझाव प्राप्त भयो।<br>• प्रदेशगत खण्डीकरणसहित सुझाव तथा सिफारिस प्रस्तुत गर्ने आवश्यकता पहिचान भयो'राष्ट्रिय विषयसँगै प्रत्येक प्रदेशका विशिष्ट सवाल, समस्या र समाधानका उपायलाई छुट्टाछुट्टै प्रस्तुत गर्दा प्रदेश सरकारलाई आफ्नो क्षेत्राधिकारभित्रका विषय सम्बोधन गर्न सहज हुने सुझाव प्राप्त भएको ।<br>• मधेशी आयोग र प्रदेश सरकारबीच समन्वय तथा सहकार्य सुदृढ गर्ने आधार बनेको छ ।माननीय प्रदेश प्रमुखज्यूबाट आयोगका सिफारिस कार्यान्वयनका लागि प्रदेश सरकारसँग नियमित संवाद, सहकार्य र समन्वयलाई थप प्रभावकारी बनाउने । |

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको उद्देश्य र बिषय | उपलब्धीहरु |
|---|---|---|---|---|
| ११ | २०८२/१२/३० गते देखि २०८३/०१/६ गते सम्म | मधेस प्रदेशको पर्सा जिल्ला | बिरांगना फाउन्डेसन नेपालद्वारा आयोजित घरेलु हिंसाका परिवर्तित स्वरूप बारे छलफल कार्यक्रमको प्रमुख अतिथिको रुपमा कार्यक्रम उदघाटन तथा सम्बोधन। | **१. घरेलु हिंसाको बदलिँदो स्वरूप पहिचान**<br>कार्यक्रमले परम्परागत रूपमा महिलाहरुमाथी केन्द्रित घरेलु हिंसाको स्वरूपमा परिवर्तन आएको र अहिले परिवारका विभिन्न सदस्यहरू एक-अर्काबाट प्रताडित हुने नयाँ अवस्था देखिएको विषयलाई उजागर भएको ।<br>**२. सम्बन्ध विच्छेदको बढ्दो प्रवृत्ति**<br>विवाहपछिको सम्बन्धमा बढ्दो असमझदारी र वैवाहिक सम्बन्ध विच्छेदका कारणबारे छलफल भएको । विशेषगरी विवाहको प्रारम्भिक चरणमै सम्बन्ध विच्छेद हुने प्रवृत्तिलाई अनुसन्धान र नीतिगत बहसको विषय बनाउनुपर्ने आवश्यकता देखिएको ।<br>**३. लैङ्गिक न्यायसँगै पारिवारिक न्यायको अवधारणा अघि बढाउनुपर्ने**<br>घरेलु हिंसा न्यूनीकरणका लागि पीडितको लिङ्ग मात्र नभई हिंसाको वास्तविक अवस्था र पक्षलाई आधार मानेर न्यायपूर्ण दृष्टिकोण अपनाउनुपर्ने ।<br>**४. बदलिँदो सामाजिक अवस्थाअनुसार कानुन पुनरावलोकनको आवश्यकता**<br>समाजमा घरेलु हिंसाको स्वरूप परिवर्तन भइरहेकाले विद्यमान |

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको उद्देश्य र बिषय | उपलब्धीहरु |
|---|---|---|---|---|
| | | | | कानुनी व्यवस्था, कार्यान्वयन प्रक्रिया तथा संरक्षणका संयन्त्रलाई समयानुकूल पुनरावलोकन र परिमार्जन गर्नुपर्ने आवश्यकता देखिएको ।<br>**५. नीति निर्माणका लागि सरोकारवालाबीच संवादको आधार तयार**<br>मधेसी आयोग, विराङ्गना फाउन्डेसन तथा सहभागी सरोकारवालाहरुबीच भएको छलफलले घरेलु हिंसा नियन्त्रण, परिवार संरक्षण, वैवाहिक सम्बन्ध सुदृढीकरण र न्यायपूर्ण कानुनी व्यवस्थाका लागि आगामी दिनमा अध्ययन, अनुसन्धान तथा नीतिगत सुझाव तयार गर्ने आधार निर्माण भएको । |
| १२ | २०८३/०२/२१ गते देखि २०८३/०१/२७ गते सम्म | कोशी प्रदेशको मोरङ्ग जिल्ला | विराट मैथिली नाट्य कला परिषद् विराटनगरद्वारा आयोजित विराट मैथिली साहित्य गोष्ठीमा विशिष्ट अतिथि भई मैथिली भाषाको | **१. विराट मैथिली प्रतिष्ठान स्थापनाको मागलाई संस्थागत रूपमा उठान**<br>कोशी प्रदेशमा मैथिली भाषाको संरक्षण, प्रवर्द्धन र विकासका लागि विराट मैथिली प्रतिष्ठान स्थापना गर्नुपर्ने मागलाई प्रमुखताका साथ अघि बढाइएको।<br>**२. मैथिली भाषाको राज्यस्तरीय पहिचानमा जोड**<br>मैथिली भाषा ठूलो समुदायको मातृभाषा हुँदाहुँदै पनि राज्यस्तरका संस्थागत संरचना अभाव रहेको विषयमा प्रदेश सरकारको ध्यानाकर्षण गराइएको। |

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको उद्देश्य र बिषय | उपलब्धीहरु |
|---|---|---|---|---|
| | | | विकास तथा मैथिली नाटकमा सामाजिकीकरण सम्बन्धी कार्यपत्र प्रस्तुत | **३. कामकाजको भाषाका रूपमा मैथिली भाषा तथा लिपी प्रयोगबारे पहल**<br>मैथिली भाषा तथा लिपीलाई कोशी प्रदेशमा आवश्यक क्षेत्र तथा तहमा कामकाजको भाषाका रूपमा प्रयोग गर्ने कानुनी तथा नीतिगत व्यवस्थाका लागि छलफल भइरहेको जानकारी प्राप्त भएको।<br>४. कोशी **प्रदेश सरकारको प्रतिबद्धता अभिव्यक्त**<br>कार्यक्रमका प्रमुख अतिथि संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रीज्यूबाट विराट मैथिली प्रतिष्ठान स्थापनालगायत मैथिली भाषा संरक्षणका विषयमा कोशी प्रदेश सरकार सजग र सकारात्मक रहेको प्रतिबद्धता व्यक्त गर्नुभएको।<br>**५. भाषिक अधिकार र सांस्कृतिक संरक्षणका लागि सहकार्यको आधार निर्माण**<br>मैथिली भाषाको संरक्षण, विकास र प्रयोग विस्तार गर्न कोशी प्रदेश सरकार, भाषा-साहित्य क्षेत्र तथा सम्बन्धित सरोकारवालाबीच संवाद, सहकार्य र नीतिगत पहल अघि बढाउने आधार तयार भएको । |

| सि.नं. | मिति | प्रदेश/जिल्ला | अनुगमनको उद्देश्य र बिषय | उपलब्धीहरु |
|---|---|---|---|---|
| १३ | २०८३/०२/२८ गतेदेखि २०८३/०२/२९ गते सम्म | बागमती प्रदेश को मकवानपुर जिल्ला | बागमती प्रदेश प्रमुख माननीय दीपक प्रसाद देवकोटाज्यूलाई मधेसी आयोगको सातौं वार्षिक प्रतिवेदन पेश । | १. **माननीय प्रदेश प्रमुखज्यू समक्ष आयोगका सातौ वार्षिक प्रतिवेदन पेश भएको सम्बन्धमा**<br>मधेशी समुदायका समस्या, अवसर, अधिकार तथा राज्यको पहुँचसम्बन्धी विषयलाई माननीय प्रदेश प्रमुखज्यू समक्ष औपचारिक रूपमा प्रस्तुत गर्ने अवसर प्राप्त भयो।<br>२. **नीतिगत सुधारका लागि सुझाव**<br>अध्ययन तथा अनुगमनबाट प्राप्त तथ्य र निष्कर्षका आधारमा प्रदेश सरकार तथा सम्बन्धित निकायले कार्यान्वयन गर्न सक्ने सुझाव र सिफारिसहरू वार्षिक प्रतिवेदनमार्फत प्रस्तुत गरिएको।<br>३. **प्रदेश तहमा आयोगको भूमिका सुदृढिकरण**<br>माननीय प्रदेश प्रमुखज्यू समक्ष प्रतिवेदन बुझाउने कार्यले आयोग र प्रदेश सरकारबीच समन्वय, संवाद तथा सहकार्यलाई थप प्रभावकारी बनाउने आधार तयार भएको ।<br>४. **आगामी नीति तथा कार्यक्रमका लागि आधार निर्माण**<br>प्रतिवेदनमा समेटिएका अध्ययनका निष्कर्ष, समस्या र सिफारिसलाई प्रदेशको आगामी नीति, कार्यक्रम तथा बजेट निर्माणमा समावेश गर्न सकिने आधार तयार भएको । |

# अनुसूची ५

## १. नेपालमा मधेशी समुदायका भाषा, लिपि, धर्म र संस्कृतिको संरक्षण (शोधसार)

**नेपालमा मधेशी समुदायका भाषा, लिपि, धर्म र संस्कृतिको** संरक्षण शीर्षकमा केन्द्रीत भएर गरिएको प्रस्तुत अनुसन्धानलाई सुव्यवस्थित गर्नका लागि विभिन्न **दुईवटा** अध्यायहरूमा विभाजन गरिएको छ। पहिलो अध्यायमा **नेपालमा मधेशी समुदायका भाषा र लिपिहरूको हकमा संरक्षण** र दोस्रो अध्यायमा **नेपालका मधेशी समुदायमा धर्म र संस्कृतिको संरक्षण** शीर्षकमा आधारित भई अनुसन्धान गरिएको छ । यहाँ यसै अध्ययनको निष्कर्ष तथा शोधसारलाई क्रमशः प्रस्तुत गरिएको छ ।

### अध्याय १

### नेपालमा मधेशी समुदायका भाषा र लिपिहरूको संरक्षण

प्रस्तुत अनुसन्धानको पहिलो अध्यायमा **नेपालमा मधेशी समुदायका भाषा र लिपिहरूको संरक्षण** शीर्षकका सामग्रीले नेपालका मधेशी समुदायका भाषा र लिपिहरूको ऐतिहासिक, वैचारिक तथा सैद्धान्तिक आधार प्रस्तुत गर्दै तिनको संरक्षणको आवश्यकतालाई जोड दिएको छ । नेपालको बहुभाषिक संरचनामा मैथिली, भोजपुरी, अवधी, बज्जिका जस्ता भाषाहरू मधेशी समुदायका प्रमुख भाषिक र सांस्कृतिक पहिचान हुन् । यी भाषाहरूले मध्यकालदेखि नै साहित्य, दर्शन र लोकसंस्कृतिमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् । विश्वव्यापीकरण, शहरीकरण, बसाइँसराइ तथा शिक्षा र प्रशासनमा नेपाली र अङ्ग्रेजी भाषाको प्रभुत्वका कारण मधेशी समुदायका भाषाहरूमा 'भाषा परिवर्तन' (language shift) को जोखिम बढेको छ । संवैधानिक रूपमा बहुभाषिक अधिकारको व्यवस्था भए पनि व्यवहारमा कार्यान्वयन फितलो छ । दैनिक जीवनमा 'कार्यात्मक बहुभाषिकता' र "भाषा परिवर्तन(कोड-स्विचिङ) सामान्य रहे पनि औपचारिक क्षेत्रमा मातृभाषाको प्रयोग घट्दो छ ।

भाषा ध्वनिमा आधारित सञ्चार माध्यम हो भने लिपि त्यसको दृश्य रूप हो । ऐतिहासिक रूपमा मैथिली तिरहुता (मिथिलाक्षर) मा र प्रशासनिक कार्यहरू कैथी लिपिमा गरिन्थ्यो भने उर्दू पर्सो-अरबीमा लेखिन्थ्यो । तर, आधुनिक शिक्षा र देवनागरी लिपिको एकछत्र विस्तारले यी मौलिक लिपिहरू ओझेलमा परेका छन् । २०७८ को जनगणना अनुसार तराई मधेसमा ६२ भाषा बोलिने भए पनि मातृभाषाको अन्तरपुस्तीय हस्तान्तरण कमजोर बनेको छ। भाषा

र लिपिको संरक्षण केवल भाषिक विषय नभई सांस्कृतिक अधिकार, सामाजिक न्याय र राष्ट्रिय समावेशिताको अभिन्न अङ्ग हो। परम्परागत लिपिहरूको पुनरुत्थानका लागि युनिकोड, डिजिटल फन्ट र प्रविधिको प्रयोग बढाउनुका साथै मातृभाषामा शिक्षा र सरकारी नीतिमा सुधार हुनु आवश्यक छ। भाषा संरक्षणमा सरकार, समुदाय र शैक्षिक संस्थाको संयुक्त पहल हुनुपर्छ ।

## नेपालमा मधेशी समुदायका भाषा र लिपिहरूको संरक्षण

प्रस्तुत अध्ययनले नेपालको मधेशी समुदायका भाषा र लिपिहरूको संरक्षणसम्बन्धी अध्ययनको वैचारिक, ऐतिहासिक तथा सैद्धान्तिक आधार तयार गरेको छ । अध्यायको सुरुवातमा भाषालाई मानव समाजको आधारभूत सञ्चार माध्यमका रूपमा मात्र नभई ज्ञान, संस्कृति, परम्परा, सामाजिक मूल्य र सामूहिक स्मृतिलाई एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्ने प्रमुख माध्यमका रूपमा व्याख्या गरिएको छ । नेपालजस्तो बहुभाषिक र बहुसांस्कृतिक राष्ट्रमा भाषिक विविधता केवल विभिन्न भाषाहरूको अस्तित्वमा सीमित छैन; यसले सामाजिक पहिचान, सांस्कृतिक सम्पदा, राजनीतिक प्रतिनिधित्व तथा राष्ट्रिय समावेशितालाई पनि प्रतिविम्बित गर्दछ । तराई मधेशमा मुख्य रूपमा बसोबास गर्ने मधेशी समुदाय नेपालका सबैभन्दा भाषिक रूपमा समृद्ध समुदायहरूमध्ये एक हो । यस समुदायमा मैथिली, भोजपुरी, अवधी, बज्जिका लगायतका भाषाहरू बोलिन्छन्, जसले यस क्षेत्रको ऐतिहासिक विकास, साहित्यिक परम्परा, धार्मिक अभ्यास तथा सांस्कृतिक जीवनलाई समृद्ध बनाएका छन् ।

वर्तमान समयमा यी भाषाहरूले सामना गरिरहेका चुनौतीहरूलाई विशेष गरी यस अध्ययनको केन्द्रमा राखेर विस्तृत अध्ययन गरिएको छ । विश्वव्यापीकरण, आधुनिकीकरण, शहरीकरण, बसाइँसराइ तथा नेपाली र अङ्ग्रेजी भाषाको बढ्दो प्रभावका कारण मधेशी समुदायका भाषाहरूको प्रयोग क्रमशः घट्दै गएको छ । विशेषगरी शिक्षा, प्रशासन, सञ्चार माध्यम तथा औपचारिक संस्थाहरूमा नेपाली भाषाको प्रभुत्व स्थापित भएकाले स्थानीय भाषाहरूको प्रयोग सीमित बन्दै गएको छ । फलस्वरूप नयाँ पुस्ताले मातृभाषाभन्दा नेपाली वा अङ्ग्रेजीलाई बढी उपयोगी ठान्न थालेका छन् । यसले अन्तरपुस्तीय भाषिक हस्तान्तरणलाई कमजोर बनाउँदै भाषा परिवर्तन (language shift) को प्रक्रिया तीव्र बनाएको छ । परम्परागत लिपिहरू विद्यालय, सरकारी दस्तावेज तथा सार्वजनिक प्रयोगबाट क्रमशः हट्दै गएकाले भाषाको मौखिक अस्तित्व कायम रहे पनि लिखित परम्परा कमजोर बन्दै गएको अवस्था अध्यायले स्पष्ट पारेको छ ।

यस अध्ययनको प्रमुख उद्देश्य मधेशी समुदायका भाषा र तिनका परम्परागत लिपिहरूको वर्तमान अवस्था, संरक्षणका चुनौतीहरू तथा सम्भावित समाधानहरूको अध्ययन गर्नु रहेको छ। नेपालको संविधानले नेपाललाई बहुभाषिक राष्ट्रका रूपमा स्वीकार गर्दै प्रत्येक नागरिकलाई आफ्नो मातृभाषाको संरक्षण, विकास र प्रयोग गर्ने अधिकार प्रदान गरेको भए पनि व्यवहारमा ती संवैधानिक व्यवस्थाहरू पूर्ण रूपमा कार्यान्वयन हुन सकेका छैनन् । विद्यालयहरूमा मातृभाषा शिक्षाको सीमित व्यवस्था, सरकारी कार्यालयहरूमा स्थानीय भाषाको न्यून प्रयोग तथा सञ्चार माध्यममा प्रभुत्वशाली भाषाको प्रभावले मधेशी समुदायका भाषाहरूलाई औपचारिक क्षेत्रबाट क्रमशः विस्थापित गरिरहेको छ । यस कारण भाषाको संरक्षण केवल भाषिक विषय नभई सांस्कृतिक अधिकार, सामाजिक न्याय तथा समावेशी विकाससँग सम्बन्धित राष्ट्रिय मुद्दाका रूपमा प्रस्तुत गरिएको छ ।

तराई मधेश नेपालको दक्षिणी सीमामा अवस्थित भएकाले उत्तर भारतसँग यसको ऐतिहासिक, सांस्कृतिक तथा आर्थिक सम्बन्ध रहँदै आएको छ । यही कारण यस क्षेत्रमा बोलिने अधिकांश भाषाहरू इन्डो–आर्य भाषिक परिवारका सदस्य हुन् । मैथिलीलाई सबैभन्दा समृद्ध साहित्यिक परम्परा भएको भाषा मानिएको छ । यस भाषाले मध्यकालदेखि नै साहित्य, दर्शन, धर्म तथा प्रशासनमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । भोजपुरी र अवधी पनि व्यापक रूपमा प्रयोग हुने भाषाहरू हुन्, जसले लोकसाहित्य, लोकगीत, धार्मिक परम्परा तथा जनजीवनमा गहिरो प्रभाव पारेका छन् । बज्जिका मैथिली र भोजपुरीबीचको भाषिक निरन्तरताको प्रतिनिधित्व गर्ने भाषा हो । यी सबै भाषाहरूले मिलेर तराई मधेशको बहुआयामिक सांस्कृतिक पहिचान निर्माण गरेका छन् ।

मधेशी समुदायको अर्को महत्त्वपूर्ण विशेषता बहुभाषिकता हो । अधिकांश व्यक्तिहरूले दैनिक जीवनमा एकभन्दा बढी भाषा प्रयोग गर्ने गर्छन् । घरपरिवार, गाउँ तथा सामाजिक कार्यक्रममा स्थानीय मातृभाषाहरू प्रयोग गरिन्छ भने प्रशासन, सरकारी कार्यालय तथा औपचारिक शिक्षामा नेपाली भाषाको प्रयोग हुन्छ । त्यसैगरी सीमापारको व्यापार, मनोरञ्जनमा हिन्दीको समेत प्रभाव रहेको छ भने उच्च शिक्षा, विज्ञान, सूचना–प्रविधि तथा व्यावसायिक क्षेत्रमा अङ्ग्रेजीको प्रयोग निरन्तर बढिरहेको छ । विभिन्न सामाजिक सन्दर्भअनुसार भाषा छनोट गर्ने यस्तो प्रवृत्तिलाई समाजभाषाविज्ञानमा कार्यात्मक बहुभाषिकता (Functional Multilingualism) भनिन्छ । अध्यायले मधेशी समाजमा कोड–स्विचिङ अर्थात् एउटै संवादमा

विभिन्न भाषाहरू प्रयोग गर्ने अभ्यास पनि अत्यन्त सामान्य रहेको उल्लेख गरेको छ । यस्तो भाषिक व्यवहारले मधेशी समाजको लचकता, भाषिक क्षमता तथा सांस्कृतिक अन्तरक्रियालाई प्रतिबिम्बित गर्दछ ।

अतः प्रस्तुत अध्यायमा मधेशी समुदायका भाषाहरूको ऐतिहासिक विकासलाई पनि विस्तृत रूपमा व्याख्या गरिएको छ । यी भाषाहरूको विकास उत्तर भारतीय प्राकृत र अपभ्रंश भाषिक परम्पराबाट भएको मानिन्छ । मैथिलीले मध्यकालमा साहित्यिक तथा प्रशासनिक भाषाका रूपमा विशेष प्रतिष्ठा प्राप्त गरेको थियो । विद्यापति जस्ता महान् कविहरूले मैथिली साहित्यलाई उच्च स्थानमा पुऱ्याएका थिए । भोजपुरी र अवधीले पनि लोकसाहित्य, धार्मिक आख्यान तथा मौखिक परम्पराको विकासमा महत्वपूर्ण भूमिका खेलेका छन् । यसरी मधेशी समुदायका भाषाहरू केवल बोलिचालीका भाषा नभई समृद्ध साहित्यिक, धार्मिक तथा ऐतिहासिक परम्पराका संवाहकको मुख्य आधारका रूपमा रहेका छन् ।

अध्ययनले मधेशी समुदायका भाषाहरूसँग सम्बन्धित परम्परागत लिपिहरूको ऐतिहासिक महत्त्वलाई पनि विशेष जोड दिएको छ। मैथिली भाषा ऐतिहासिक रूपमा तिरहुता (मिथिलाक्षर) लिपिमा लेखिन्थ्यो। कैथी लिपि प्रशासनिक तथा कानुनी कार्यमा व्यापक रूपमा प्रयोग हुन्थ्यो। तर आधुनिक शिक्षा प्रणाली, मुद्रण प्रविधि तथा राज्यद्वारा देवनागरी लिपिलाई प्राथमिकता दिइएपछि तिरहुता र कैथी जस्ता लिपिहरू क्रमशः प्रयोगबाट बाहिरिँदै गए। यसले भाषाको लिखित परम्परा, ऐतिहासिक अभिलेख तथा सांस्कृतिक सम्पदामा प्रतिकूल प्रभाव पारेको छ । नयाँ पुस्ताले आफ्ना मातृभाषा बोल्न सके पनि तिनका मौलिक लिपिहरू पढ्न र लेख्न नसक्ने अवस्था सिर्जना भएको छ, जसले भाषिक निरन्तरतामा चुनौती उत्पन्न गरेको छ।

अन्त्यमा, यस अध्यायले भाषा र लिपिलाई सांस्कृतिक पहिचान, ऐतिहासिक निरन्तरता तथा सामूहिक स्मृतिको आधारका रूपमा प्रस्तुत गर्दछ । मधेशी समुदायका भाषाहरू र तिनका परम्परागत लिपिहरूको संरक्षण केवल भाषिक सम्पदाको रक्षा गर्ने प्रयास मात्र होइन, नेपालको बहुभाषिक तथा बहुसांस्कृतिक चरित्रलाई सुदृढ बनाउने कार्य पनि हो । यस अध्ययनले मधेशी समुदायका भाषाहरूको वर्तमान अवस्था अभिलेखीकरण गर्ने, लिपिको प्रयोगको विश्लेषण गर्ने, संरक्षणसम्बन्धी चुनौतीहरू पहिचान गर्ने तथा भाषा नीति निर्माणका लागि उपयोगी सुझाव प्रस्तुत गर्ने उद्देश्य राखेको छ । समुदायको सक्रिय सहभागिता,

प्रभावकारी सरकारी नीति, मातृभाषा शिक्षा, डिजिटल प्रविधिको प्रयोग तथा अनुसन्धानको विस्तारमार्फत मात्र मधेशी समुदायका भाषाहरू र तिनका लिपिहरूलाई भावी पुस्तासम्म सुरक्षित रूपमा हस्तान्तरण गर्न सकिन्छ। यसरी पहिलो अध्यायले सम्पूर्ण अनुसन्धानको वैचारिक तथा ऐतिहासिक आधार निर्माण गर्दै भाषा र लिपि संरक्षणलाई नेपालको सांस्कृतिक विविधता र समावेशी विकाससँग जोडेको छ।

**भाषा, लिपि, सांस्कृतिक पहिचान, भाषिक सम्पदा, भाषा लोपोन्मुखता तथा बहुभाषिकता**

पहिलो अध्यायको दोस्रो भागमा भाषा र लिपिको सैद्धान्तिक अवधारणा, तिनको सांस्कृतिक महत्त्व, तराई मधेशको भाषिक अवस्था तथा भाषा संरक्षणका आधारभूत पक्षहरूको विस्तृत चर्चा गरिएको छ। भाषा र लिपि एउटै अवधारणा होइनन्। भाषा ध्वनि, अर्थ, व्याकरण तथा सामाजिक प्रयोगमा आधारित सञ्चार प्रणाली हो भने लिपि भाषाको दृश्यात्मक वा लिखित रूप हो। भाषा मौखिक रूपमा अस्तित्वमा रहन सक्छ, तर लिपिले त्यसलाई स्थायित्व प्रदान गर्छ। लिपिमार्फत ज्ञान, साहित्य, धार्मिक ग्रन्थ, कानुनी अभिलेख तथा ऐतिहासिक दस्तावेजहरू पुस्तौँसम्म सुरक्षित राख्न सकिन्छ । एउटै भाषा विभिन्न लिपिमा लेख्न सकिने र एउटै लिपि विभिन्न भाषाहरूले प्रयोग गर्न सक्ने भएकाले भाषा र लिपिबीच गहिरो सम्बन्ध भए पनि तिनीहरू समान अवधारणा होइनन् । मधेशी समुदायको सन्दर्भमा मैथिली, भोजपुरी तथा अवधी भाषाहरू विगतमा तिरहुता र कैथी लिपिमा लेखिन्थे भने अहिले मुख्यतः देवनागरी लिपिमा लेखिने अवस्था विकसित भएको छ । यस परिवर्तनले भाषाको प्रयोगलाई निरन्तरता दिए पनि मौलिक लिपिसँग जोडिएको सांस्कृतिक सम्पदामा उल्लेखनीय प्रभाव पारेको छ ।

प्रस्तुत अध्ययनले भाषा र लिपिको सम्बन्धलाई कार्यात्मक मात्र नभई सांस्कृतिक र प्रतीकात्मक दृष्टिले पनि व्याख्या गरेको छ। कुनै समुदायको भाषा त्यस समुदायको पहिचान, इतिहास, धार्मिक विश्वास, सामाजिक मूल्य र सामूहिक स्मृतिसँग प्रत्यक्ष रूपमा जोडिएको हुन्छ। त्यसैगरी लिपिले ती सबै पक्षलाई दृश्यात्मक तथा ऐतिहासिक रूप प्रदान गर्दछ । उदाहरणका रूपमा तिरहुता लिपि मैथिली समुदायको सांस्कृतिक गौरवको प्रतीक हो । लिपिको संरक्षण केवल लेखन प्रणालीको संरक्षण मात्र नभई सांस्कृतिक निरन्तरता र ऐतिहासिक चेतनाको संरक्षण पनि हो । यदि कुनै भाषा जीवित रहे पनि त्यसको मौलिक लिपि हरायो भने त्यस भाषासँग सम्बन्धित हजारौं वर्ष पुराना ग्रन्थ, पाण्डुलिपि, अभिलेख तथा ऐतिहासिक सामग्रीहरू नयाँ पुस्ताका लागि पहुँचबाहिर हुन सक्छन् । यसैले भाषा र लिपि दुवैको समान रूपमा संरक्षण आवश्यक रहेको अध्यायले स्पष्ट पारेको छ ।

भाषा र लिपिलाई सांस्कृतिक पहिचानसँग जोड्दै अध्यायले समाजभाषिक दृष्टिकोण प्रस्तुत गरेको छ। कुनै व्यक्तिको भाषा केवल सञ्चारको माध्यम मात्र नभई उसको सांस्कृतिक अस्तित्वको आधार पनि हो। भाषा मार्फत समुदायले आफ्नो इतिहास, धार्मिक विश्वास, सांस्कृतिक परम्परा, लोकसाहित्य तथा सामाजिक अनुभवलाई निरन्तरता दिन्छ। लिपिले यस सांस्कृतिक सम्पदालाई लिखित रूपमा सुरक्षित राख्ने भएकाले यसको महत्त्व अझ बढी हुन्छ। नेपालजस्तो बहुभाषिक समाजमा प्रभुत्वशाली भाषाहरूले सरकारी संरक्षण, शिक्षा तथा प्रशासनमा प्राथमिकता पाउँछन् भने साना भाषाहरू औपचारिक क्षेत्रबाट क्रमशः बाहिरिन पुग्छन्। यस अवस्थाले भाषिक असमानता सिर्जना गर्नुका साथै सामाजिक प्रतिनिधित्व र सांस्कृतिक अधिकारका प्रश्न पनि उठाउँछ। त्यसैले भाषा संरक्षणलाई सामाजिक न्याय, सांस्कृतिक समानता तथा समावेशी विकाससँग जोडेर हेर्नुपर्ने आवश्यकता लेखकले औँल्याएका छन्।

अध्यायमा २०७८ (२०२१) को राष्ट्रिय जनगणनाको आधारमा तराई मधेश क्षेत्रको भाषिक अवस्थाको विश्लेषण गरिएको छ। जनगणना अनुसार तराई मधेशमा करिब ६२ मातृभाषाहरू बोलिन्छन्, जसले यस क्षेत्रलाई नेपालको सबैभन्दा बहुभाषिक क्षेत्रमा स्थापित गरेको छ। सबैभन्दा धेरै बोलिने भाषा मैथिली हो, जसका वक्ता कुल जनसंख्याको करिब ४१.७ प्रतिशत छन्। त्यसपछि भोजपुरी (१८.८ प्रतिशत), बज्जिका (१८.४ प्रतिशत), नेपाली (५.८ प्रतिशत), मगही (३.५ प्रतिशत) तथा अन्य भाषाहरू रहेका छन्। यद्यपि नेपाली प्रशासन र औपचारिक क्षेत्रमा प्रमुख भाषा भए पनि घरपरिवार र स्थानीय समुदायमा मातृभाषाहरूको प्रयोग अझै व्यापक रहेको तथ्य प्रस्तुत गरिएको छ। साथै हिन्दीको प्रभाव सीमाक्षेत्र र मनोरंजन क्षेत्रमा तथा अङ्ग्रेजीको प्रभाव व्यापार, सञ्चार, शिक्षा तथा मनोरञ्जनका क्षेत्रमा निरन्तर बढिरहेको उल्लेख गरिएको छ। यस तथ्याङ्कले तराई मधेशमा भाषिक विविधता, बहुभाषिकता तथा सांस्कृतिक सहअस्तित्वको दृष्टिले अत्यन्त महत्वपूर्ण क्षेत्र भएको पुष्टि गर्दछ।

भाषिक सम्पदा भन्नाले कुनै समुदायले पुस्तौँदेखि प्रयोग गर्दै आएको भाषा, बोली, लिपि, मौखिक परम्परा, लोकगीत, लोककथा, धार्मिक संस्कार तथा सांस्कृतिक ज्ञान प्रणालीलाई जनाउँछ । UNESCO ले यसलाई अमूर्त सांस्कृतिक सम्पदाको महत्वपूर्ण अंश मानेको छ । मधेशी समुदायको भाषिक सम्पदामा मैथिली, भोजपुरी, अवधी, बज्जिका भाषाका मौखिक र लिखित परम्पराहरू समावेश छन् । धार्मिक ग्रन्थ, लोकगीत, विवाह संस्कार, लोककथा तथा सामाजिक

व्यवहारमा यी भाषाहरूको प्रयोगले समुदायको सांस्कृतिक निरन्तरतालाई कायम राखेको छ। तर आधुनिक शिक्षा प्रणाली, राज्यद्वारा देवनागरी लिपिको संस्थागत प्रयोग तथा विश्वव्यापीकरणका कारण तिरहुता, कैथी तथा अन्य परम्परागत लिपिहरूको प्रयोग घट्दै गएको छ । यसले भाषिक सम्पदाको संरक्षणमा नयाँ चुनौती सिर्जना गरेको छ ।

भाषा लोपोन्मुखता सम्बन्धी खण्डमा लेखकले भाषाको क्रमिक पतनका कारणहरूको विश्लेषण गरेका छन्। कुनै भाषा एकैपटक समाप्त हुँदैन; यसको प्रयोग क्षेत्र, वक्ताको सङ्ख्या तथा पुस्तान्तरण क्रमशः कमजोर हुँदै जान्छ । विश्वव्यापीकरण, शहरीकरण, बसाइँसराइ, औपचारिक शिक्षामा मातृभाषाको अभाव तथा प्रभुत्वशाली भाषाहरूको बढ्दो प्रभाव भाषा लोपोन्मुखताका प्रमुख कारण मानिएका छन् । मधेशी समुदायका धेरै भाषाहरू अझै बोलिने भए पनि तिनको लिखित परम्परा कमजोर हुँदै गएको छ । शिक्षा, प्रशासन तथा सञ्चार माध्यममा नेपाली र अङ्ग्रेजीको प्रयोग बढेसँगै स्थानीय भाषाहरू औपचारिक क्षेत्रबाट बाहिरिएका छन् । नयाँ पुस्ताले आर्थिक तथा शैक्षिक अवसरका लागि नेपाली र अङ्ग्रेजीलाई प्राथमिकता दिन थालेकाले मातृभाषाको प्रयोग सीमित हुँदै गएको निष्कर्ष अध्यायले प्रस्तुत गर्दछ ।

भाषा पुनर्जीवन सम्बन्धी विषयमा भाषा संरक्षणका सम्भावित उपायहरू प्रस्तुत गरिएका छन्। Fishman को *Reversing Language Shift* सिद्धान्तलाई आधार मानी समुदायको सक्रिय सहभागिता, मातृभाषामा शिक्षा, स्थानीय भाषामा पाठ्यपुस्तक विकास तथा सन्दर्भ सामाग्री, रेडियो, टेलिभिजन तथा डिजिटल माध्यममा भाषाको प्रयोग विस्तार, अभिलेखीकरण तथा सार्वजनिक प्रयोगलाई भाषा पुनर्जीवनका मुख्य आधारका रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै तिरहुता र कैथी जस्ता परम्परागत लिपिहरूलाई पुनर्जीवित गर्न युनिकोड, डिजिटल फन्ट, अनलाइन सामग्री तथा आधुनिक सूचना–प्रविधिसँग जोड्ने प्रयासहरू भइरहेका छन् । यस्ता प्रविधिगत पहलहरूले भाषाको मौलिक लिपिलाई आधुनिक पुस्तासम्म पुऱ्याउने सम्भावना बढाएको निष्कर्ष प्रस्तुत गरिएको छ।

अन्ततः अध्यायको अन्तिम भागमा मधेशी समुदायको बहुभाषिकताको विश्लेषण गरिएको छ। यहाँका अधिकांश मानिसहरूले घरपरिवारमा मातृभाषा, सरकारी कामकाजमा नेपाली, व्यापार तथा सीमापार सम्पर्कमा हिन्दी र उच्च शिक्षा तथा व्यावसायिक क्षेत्रमा अङ्ग्रेजी प्रयोग गर्ने भएकाले मधेश बहुभाषिक समाजको उत्कृष्ट उदाहरण बनेको छ। यद्यपि सबै भाषाले समान अवसर नपाएकाले भाषिक प्रतिष्ठामा असन्तुलन देखिएको छ। प्रभुत्वशाली भाषाहरू

औपचारिक क्षेत्रमा बलियो बन्दै जाँदा स्थानीय भाषाहरू केवल घरायसी तथा अनौपचारिक क्षेत्रमा सीमित हुने खतरा बढिरहेको छ। यस अवस्थाले भाषाप्रतिको सामाजिक दृष्टिकोण, भाषिक आत्मविश्वास तथा अन्तरपुस्तीय हस्तान्तरणमा नकारात्मक प्रभाव पार्न सक्छ । त्यसैले प्रभावकारी भाषा नीति, समुदायको सक्रिय सहभागिता, मातृभाषामा शिक्षा तथा संस्थागत संरक्षणमार्फत मात्र मधेशी समुदायका भाषाहरूको दीर्घकालीन संरक्षण सम्भव हुने निचोड प्रस्तुत गरिएको छ ।

## साहित्य समीक्षा, सैद्धान्तिक आधार, मधेशी समुदायका भाषा तथा लिपिहरूको ऐतिहासिक विकास र निष्कर्ष

अध्यायको अन्तिम भागमा लेखकले अध्ययनको सैद्धान्तिक आधार, साहित्य समीक्षा तथा मधेशी समुदायका भाषा र लिपिहरूको ऐतिहासिक विकासलाई विस्तृत रूपमा प्रस्तुत गरेका छन्। अनुसन्धानको आधार तयार गर्न विभिन्न भाषावैज्ञानिक, समाजभाषिक तथा सांस्कृतिक अध्ययनहरूको समीक्षा गरिएको छ। लेखकका अनुसार भाषा संरक्षणसम्बन्धी अधिकांश अनुसन्धानहरूले भाषा, संस्कृति, पहिचान तथा सामाजिक समावेशिताबीचको सम्बन्धलाई स्पष्ट पारेका छन्। नेपालमा भएका अध्ययनहरूले मातृभाषा शिक्षा, भाषिक अधिकार, भाषा नीति तथा सांस्कृतिक संरक्षणका विभिन्न पक्षहरूको विश्लेषण गरे पनि मधेशी समुदायका भाषा र विशेषगरी तिनका परम्परागत लिपिहरूको संरक्षणलाई केन्द्रमा राखेर गरिएका समग्र अध्ययन अत्यन्त सीमित छन्। यही अनुसन्धानगत अभावलाई सम्बोधन गर्न वर्तमान अध्ययन अघि बढाइएको छ। मधेशी समुदायका भाषाहरूको संरक्षण केवल भाषिक विषय नभई सामाजिक, सांस्कृतिक, शैक्षिक तथा राजनीतिक दृष्टिले पनि अत्यन्त महत्वपूर्ण विषय हो।

साहित्य समीक्षामा विभिन्न विद्वान्हरूका विचारलाई समेट्दै भाषा संरक्षणमा राज्य, समुदाय तथा शैक्षिक संस्थाहरूको संयुक्त भूमिकामाथि जोड दिइएको छ। भाषिक विविधताको संरक्षणका लागि संविधानमा भाषिक अधिकारको व्यवस्था मात्र पर्याप्त नहुने, त्यसको प्रभावकारी कार्यान्वयन आवश्यक हुने तर्क प्रस्तुत गरिएको छ। मातृभाषामा प्रारम्भिक शिक्षा, स्थानीय भाषामा पाठ्यसामग्री र सन्दर्भ सामाग्रीको विकास, भाषाको अभिलेखीकरण तथा सार्वजनिक जीवनमा भाषाको प्रयोग बढाउन नसकेसम्म संरक्षणका प्रयास प्रभावकारी नहुने निष्कर्ष प्रस्तुत गरिएको छ । यस सन्दर्भमा नेपालका विभिन्न विश्वविद्यालय, भाषा आयोग, नेपाल प्रज्ञा–प्रतिष्ठान तथा स्थानीय संस्थाहरूले गरेका अनुसन्धान र प्रकाशनहरूको पनि उल्लेख गरिएको छ ।

यद्यपि मधेशी समुदायका भाषाका लिपिहरूको संरक्षण, डिजिटल रूपान्तरण तथा व्यावहारिक प्रयोगका सम्बन्धमा अझै पर्याप्त अनुसन्धान आवश्यक रहेको कुरा औंल्याएको छ ।

प्रस्तुत अध्ययनले मधेशी समुदायका भाषाहरूको ऐतिहासिक विकासलाई पनि विस्तारपूर्वक विश्लेषण गरेको छ । मैथिली, भोजपुरी, अवधी, बज्जिका तथा मगहीजस्ता भाषाहरू इन्डो–आर्य भाषा परिवारअन्तर्गत विकसित भएका हुन् । यी भाषाहरूको विकास उत्तर भारतीय प्राकृत तथा अपभ्रंश भाषाबाट भएको मानिन्छ । मध्यकालमा मिथिला क्षेत्र शिक्षा, दर्शन, धर्म तथा साहित्यको प्रमुख केन्द्र भएकाले मैथिलीले अत्यन्त समृद्ध साहित्यिक परम्परा विकास गर्न सफल भयो । विशेषगरी कवि विद्यापतिका काव्यकृतिहरूले मैथिलीलाई अन्तर्राष्ट्रिय स्तरसम्म परिचित गराएका छन् । त्यसैगरी भोजपुरी र अवधीले लोकसाहित्य, लोकगीत, लोकवार्ता, धार्मिक कथा तथा सामाजिक जीवनमा गहिरो प्रभाव पारेका छन् । यी भाषाहरू आज पनि लाखौं मानिसहरूको मातृभाषाका रूपमा प्रयोग भइरहेका छन् र मधेशको सांस्कृतिक जीवनको अभिन्न अङ्ग बनेका छन् ।

प्रस्तुत अनुसन्धान कार्यमा मधेशी समुदायसँग सम्बन्धित प्रमुख लिपिहरूको विकासक्रमलाई पनि विशेष महत्त्व दिइएको छ । मैथिली भाषाको मौलिक लिपि तिरहुता (मिथिलाक्षर) हो, जसको प्रयोग प्राचीन कालदेखि धार्मिक ग्रन्थ, साहित्य तथा विद्वत् लेखनमा हुँदै आएको थियो। तिरहुता लिपिले मिथिला सभ्यताको सांस्कृतिक तथा बौद्धिक विकासलाई अभिव्यक्त गरेको छ । त्यसैगरी कैथी लिपि प्रशासनिक, कानुनी तथा व्यापारिक प्रयोजनका लागि उत्तर भारत र नेपालको तराई मधेश क्षेत्रमा व्यापक रूपमा प्रयोग हुन्थ्यो । यो लिपि विशेषतः सरकारी अभिलेख, राजस्व, अदालत तथा व्यापारिक कागजातहरूमा प्रयोग गरिन्थ्यो । तर आधुनिक शिक्षा प्रणाली तथा देवनागरी लिपिको संस्थागत विस्तारपछि तिरहुता र कैथीको प्रयोग उल्लेखनीय रूपमा घट्दै गयो । फलस्वरूप नयाँ पुस्ता आफ्ना परम्परागत लिपिसँग क्रमशः अपरिचित बन्दै गएको अवस्था अध्यायले स्पष्ट रूपमा प्रस्तुत गरेको छ ।

देवनागरी लिपिको विस्तारलाई द्वैध दृष्टिकोणबाट विश्लेषण गरेका छन्। एकातर्फ देवनागरीले नेपालको शिक्षा, प्रशासन तथा मुद्रण प्रणालीलाई एकरूप बनाउन महत्वपूर्ण योगदान दिएको छ। यसले साक्षरता विस्तार, पाठ्यपुस्तक निर्माण तथा सरकारी कामकाजलाई सहज बनाएको छ। अर्कोतर्फ यसको प्रभुत्वका कारण तिरहुता, कैथी तथा अन्य परम्परागत लिपिहरू क्रमशः सार्वजनिक प्रयोगबाट हराउँदै गएका छन्। विद्यालयहरूमा परम्परागत लिपिको शिक्षाको

अभाव, मुद्रण सामग्रीको कमी तथा सरकारी मान्यताको न्यूनताले यी लिपिहरूलाई केवल धार्मिक वा सांस्कृतिक समारोहमा सीमित बनाइदिएको छ। यस अवस्थाले भाषिक विविधताको एउटा महत्वपूर्ण पक्षलाई कमजोर बनाएको लेखकको निष्कर्ष छ।

अध्यायले पछिल्ला वर्षहरूमा परम्परागत लिपिको पुनर्जीवनका लागि भएका प्रयासहरूको पनि चर्चा गरेको छ । सूचना–प्रविधिको विकाससँगै तिरहुता र कैथी लिपिका युनिकोड फन्ट विकास, डिजिटल अभिलेखीकरण, अनलाइन सामग्री निर्माण तथा सामाजिक सञ्जालमार्फत लिपि सिकाउने अभियानहरू सञ्चालन भइरहेका छन् । विभिन्न सांस्कृतिक संस्था, विश्वविद्यालय तथा समुदाय-आधारित सङ्गठनहरूले पुराना पाण्डुलिपिहरूको संरक्षण, लिपि प्रशिक्षण तथा अनुसन्धानलाई प्रोत्साहन दिइरहेका छन् । यद्यपि यी प्रयासहरू अझै सीमित रहेकाले सरकारी नीति, आर्थिक सहयोग तथा शैक्षिक संस्थाको सक्रिय सहभागिताविना दीर्घकालीन सफलता सम्भव हुँदैन ।

अध्यायको अन्त्यमा सम्पूर्ण छलफललाई समेट्दै मधेशी समुदायका भाषा र लिपिको संरक्षणलाई नेपालको बहुभाषिक र बहुसांस्कृतिक चरित्रसँग प्रत्यक्ष रूपमा जोडिएको छ । भाषा र लिपिको संरक्षणले केवल सांस्कृतिक सम्पदाको रक्षा गर्दैन, यसले सामाजिक समावेशिता, भाषिक समानता, लोकतान्त्रिक सहभागिता तथा राष्ट्रिय एकतालाई पनि सुदृढ बनाउँछ । संविधानले प्रदान गरेका भाषिक अधिकारहरूलाई व्यवहारमा कार्यान्वयन गर्न मातृभाषामा शिक्षा, स्थानीय भाषाको सरकारी प्रयोग, अनुसन्धानको विस्तार, डिजिटल प्रविधिको उपयोग तथा समुदायको सक्रिय सहभागिता अपरिहार्य रहेको निष्कर्ष अध्यायले प्रस्तुत गरेको छ । भाषाको संरक्षण केवल सरकारको दायित्व होइन; समुदाय, शैक्षिक संस्था, अनुसन्धानकर्ता, सञ्चारमाध्यम तथा नागरिक समाज सबैको साझा दायित्व हो ।

समग्र रूपमा पहिलो अध्यायले मधेशी समुदायका भाषा र लिपिहरूको ऐतिहासिक विकास, वर्तमान अवस्था, संरक्षणसम्बन्धी चुनौती, सैद्धान्तिक आधार तथा अनुसन्धानको आवश्यकता स्पष्ट रूपमा स्थापित गरेको छ । यसले भाषा र लिपिलाई केवल सञ्चारका साधनका रूपमा नभई सांस्कृतिक पहिचान, ऐतिहासिक निरन्तरता, सामाजिक समावेशिता तथा राष्ट्रिय सम्पदाका रूपमा व्याख्या गरेको छ । साथै आगामी अध्यायहरूमा प्रस्तुत गरिने अनुसन्धानका लागि आवश्यक सैद्धान्तिक, ऐतिहासिक तथा वैचारिक आधार निर्माण गर्दै मधेशी समुदायका भाषाहरूको संरक्षण नेपालको सांस्कृतिक विविधता र दिगो विकासका लागि अनिवार्य रहेको निष्कर्षमा पुगेको छ ।

### पहिलो अध्यायको निचोड तथा अध्ययनका उपलब्धीहरू

पहिलो अध्यायको अध्ययन र विश्लेषणबाट प्राप्त प्रमुख निचोड तथा उपलब्धीहरूलाई निम्न बुँदाहरूमा प्रस्तुत गरिएको छः

- **सैद्धान्तिक तथा ऐतिहासिक आधार निर्माणः** अध्ययनले मधेशी समुदायका भाषा र लिपिहरूलाई सञ्चारको माध्यम मात्र नभई ज्ञान, संस्कृति, सामूहिक स्मृति र पहिचानको प्रमुख संवाहकका रूपमा स्थापित गरेको छ ।

- **भाषिक समृद्धिको पहिचानः** तराई मधेसमा ६२ मातृभाषा बोलिने एक अत्यन्त समृद्ध बहुभाषिक क्षेत्र भएको र यहाँ मैथिली (४१.७%), भोजपुरी (१८.८%), बज्जिका (१८.४%) लगायतका इन्डो-आर्य भाषाहरूको मुख्य उपस्थिति रहेको तथ्य पुष्टि भएको छ ।

- **मौलिक लिपिहरूको सङ्कट र चुनौतीको पहिचानः** देवनागरी लिपिको संस्थागत प्रयोगका कारण तिरहुता (मिथिलाक्षर) र कैथी जस्ता ऐतिहासिक र प्रशासनिक लिपिहरू सार्वजनिक प्रयोगबाट विस्थापित भई लोपोन्मुख अवस्थामा पुगेको निष्कर्ष निकालिएको छ ।

- **कार्यात्मक बहुभाषिकताको विश्लेषणः** मधेशी समुदायको घरमा मातृभाषा, सरकारी काममा नेपाली, व्यापारमा हिन्दी र उच्च शिक्षामा अङ्ग्रेजी प्रयोग हुने 'कार्यात्मक बहुभाषिकता' (Functional Multilingualism) र 'कोड-स्विचिङ' को जीवन्त अभ्यास रहेको पाइएको छ ।

- **संवैधानिक कार्यान्वयनमा कमीः** नेपालको संविधानले भाषिक अधिकार दिए पनि विद्यालयमा मातृभाषा शिक्षा, सरकारी कार्यालयमा स्थानीय भाषाको प्रयोग र प्रविधिमा समावेशिताको व्यावहारिक कार्यान्वयन कमजोर रहेको देखाइएको छ ।

- **डिजिटल पुनर्जीवनको सम्भावनाः** परम्परागत लिपिहरूलाई आधुनिक प्रविधि (युनिकोड, डिजिटल फन्ट, अनलाइन सामग्री) सँग जोडेर र फिसम्यान (Fishman) को 'Reversing Language Shift' सिद्धान्त अपनाएर भाषा पुनर्जीवन गर्न सकिने मार्गचित्र प्रस्तुत गरिएको छ ।

# अध्याय २

# नेपालका मधेशी समुदायमा धर्म र संस्कृति को संरक्षण

प्रस्तुत अध्ययनले नेपालको तराई-मधेश क्षेत्रमा बसोबास गर्ने मधेशी समुदायको धार्मिक तथा सांस्कृतिक विविधता, तिनको ऐतिहासिक महत्त्व र संरक्षणका बहुआयामिक चुनौतीहरूको गहन विश्लेषण गरेको छ । उत्तर भारतीय इन्डो-गङ्गेटिक सभ्यतासँग घनिष्ठ सम्बन्ध रहेको मधेशी समुदायमा धर्म र संस्कृति जीवनशैलीका अभिन्न अङ्ग हुन् । हिन्दू धर्म यहाँको मुख्य धार्मिक परम्परा भए पनि बौद्ध तथा स्थानीय धर्म-विश्वासहरूले यहाँको सांस्कृतिक स्वरूपलाई समृद्ध बनाएका छन् । जनकपुरधाम, गढीमाई, सिम्रौनगढ जस्ता धार्मिक स्थलहरू र छठ, विवाह पञ्चमी, रामनवमी, होली जस्ता पर्वहरूले आध्यात्मिक आस्थासँगै सामाजिक सद्भाव र सांस्कृतिक ऐक्यबद्धतालाई बलियो बनाएका छन् ।

आधुनिक समयमा विश्वव्यापीकरण, तीव्र शहरीकरण, वैदेशिक रोजगारी, आन्तरिक बसाइँसराइ र प्रविधिको बढ्दो प्रभावका कारण युवा पुस्ता परम्परागत धार्मिक-सांस्कृतिक अभ्यास, मौखिक ज्ञान प्रणाली र लोकपरम्पराबाट टाढिँदै गएका छन् । यसले 'सांस्कृतिक क्षय' (Cultural Assimilation) को जोखिम बढाएको छ । साथै, भौतिक सम्पदाहरू (मन्दिर, पोखरी आदि) को पर्याप्त संरक्षण नहुनु र धर्मनिरपेक्षताको सन्दर्भमा सांस्कृतिक संरक्षण र धार्मिक स्वतन्त्रताबीच सन्तुलन मिलाउनुपर्ने चुनौती खडा भएको छ ।

सांस्कृतिक र धार्मिक सम्पदाको संरक्षण केवल परम्परा जोगाउनु मात्र नभई सामाजिक न्याय, सामुदायिक पहिचान र राष्ट्रिय समावेशिताको आधार हो । यसका लागि मूर्त र अमूर्त (मौखिक परम्परा, लोकगीत) सम्पदाको एकीकृत संरक्षण, युनिकोड र डिजिटल माध्यमबाट अभिलेखीकरण, स्थानीय पाठ्यक्रममा समावेशी शिक्षा, तथा गुठी र स्थानीय समुदायको सक्रिय सहभागिता अपरिहार्य छ । राज्य र समुदायको संयुक्त पहलबाट मात्र तराई मधेशको यो समृद्ध बहुलवादी सम्पदालाई भावी पुस्तासम्म सुरक्षित रूपमा हस्तान्तरण गर्न सकिन्छ । यिनै विषयमा आधारित भएर दोस्रो अध्यायको अध्ययन गरिएको छ ।

## नेपालका मधेशी समुदायमा धर्म र संस्कृतिको संरक्षण

प्रस्तुत अध्ययनको प्रारम्भमा नेपाललाई धार्मिक, भाषिक तथा सांस्कृतिक विविधताले सम्पन्न राष्ट्रका रूपमा चित्रण गरिएको छ । इतिहासदेखि नै नेपाल विभिन्न सभ्यता, धर्म तथा जातीय

समुदायहरूको साझा बसोबासस्थल रहँदै आएको छ, जसले देशको सामाजिक तथा सांस्कृतिक स्वरूपलाई बहुआयामिक बनाएको छ । नेपालको संविधानले धार्मिक स्वतन्त्रताको प्रत्याभूति दिनुका साथै सांस्कृतिक सम्पदाको संरक्षणलाई राष्ट्रिय पहिचानको महत्त्वपूर्ण आधारका रूपमा स्वीकार गरेको छ । धर्मले नेपाली समाजमा केवल आध्यात्मिक आस्थाको प्रतिनिधित्व मात्र गर्दैन, यसले सामाजिक संस्था, नैतिक मूल्य, पारिवारिक सम्बन्ध, सामुदायिक जीवन तथा सांस्कृतिक निरन्तरताको आधार पनि निर्माण गर्दछ । यसै सन्दर्भमा मधेशी समुदाय नेपालको धार्मिक तथा सांस्कृतिक विविधताको महत्वपूर्ण प्रतिनिधिका रूपमा प्रस्तुत गरिएको छ ।

मधेशी समुदाय मुख्यतः नेपालको तराई–मधेश क्षेत्रमा बसोबास गर्ने विभिन्न भाषिक, जातीय तथा धार्मिक समूहहरूको साझा पहिचान हो । यस समुदायको ऐतिहासिक विकास उत्तर भारतको इन्डो–गङ्गेटिक सभ्यतासँग घनिष्ठ रूपमा सम्बन्धित रहेको छ । त्यसैले यहाँको धार्मिक जीवन, सामाजिक संरचना, सांस्कृतिक व्यवहार तथा भाषिक परम्परामा उत्तर भारतीय सभ्यताको स्पष्ट प्रभाव देखिन्छ । मधेशी समुदायमा धर्म दैनिक जीवनको अभिन्न अङ्गका रूपमा रहेको छ । जन्मदेखि मृत्यु सम्मका संस्कार, विवाह, व्रत, पूजा, यज्ञ, पर्व, तीर्थयात्रा तथा मौखिक परम्पराहरू धार्मिक विश्वाससँग प्रत्यक्ष रूपमा गाँसिएका छन् । हिन्दू धर्म यहाँको प्रमुख धार्मिक परम्परा भए पनि बौद्ध धर्म तथा स्थानीय धार्मिक विश्वासहरूले पनि मधेशको सांस्कृतिक स्वरूपलाई समृद्ध बनाएका छन् । श्री कृष्णाजन्माष्टमी, चौठचन्द्र(चौरचन), जितिया, छठ, भरदुतिया, समा–चकेवा, विवाहपञ्चमी, रामनवमी, होली, जस्ता पर्वहरूले धार्मिक आस्थासँगै सामुदायिक ऐक्यबद्धता र सांस्कृतिक निरन्तरतालाई पनि बलियो बनाउने कार्य गरेका छन् ।

धर्म र संस्कृतिबीचको सम्बन्धलाई अत्यन्त घनिष्ठ रूपमा व्याख्या गरेको छ । धर्मले संस्कृतिलाई मूल्य, आस्था तथा नैतिक आधार प्रदान गर्छ भने संस्कृतिले धर्मलाई सामाजिक व्यवहार, अनुष्ठान तथा परम्परामार्फत जीवित राख्छ । मधेशी समुदायमा मन्दिर तथा स्थानीय तीर्थस्थलहरू केवल पूजा गर्ने स्थान मात्र होइनन्; ती सामाजिक भेटघाट, सामुदायिक सहकार्य, सांस्कृतिक आदान–प्रदान तथा सामूहिक पहिचान निर्माणका केन्द्र पनि हुन् । धार्मिक पर्वहरूमा सम्पूर्ण समुदायको सहभागिता रहने भएकाले यिनले सामाजिक एकता, आपसी सहयोग तथा पुस्तान्तरणको प्रक्रियालाई सुदृढ बनाउँछन् । लोकगीत, भजन, मौखिक साहित्य, लोककथा तथा धार्मिक आख्यानहरूका माध्यमबाट सांस्कृतिक मूल्य र सामाजिक आदर्श नयाँ पुस्तासम्म हस्तान्तरण हुँदै आएका छन् ।

मधेशी समुदायको सांस्कृतिक पहिचानलाई बहुआयामिक रूपमा व्याख्या गर्न सकिन्छ । मधेशी पहिचान कुनै एउटै जाति, भाषा वा धर्ममा सीमित छैन । मैथिली, भोजपुरी, अवधी, बज्जिका, मारवाडी तथा अन्य जातीय समूहहरूको साझा ऐतिहासिक अनुभव, सांस्कृतिक अभ्यास तथा धार्मिक सहअस्तित्वबाट मधेशी पहिचान निर्माण भएको हो । यही विविधताले तराई मधेशलाई नेपालको अन्य क्षेत्रभन्दा विशिष्ट सांस्कृतिक क्षेत्रका रूपमा स्थापित गरेको छ। यस समुदायको भाषा, पोशाक, खानपान, पारिवारिक संरचना, लोककला, धार्मिक अनुष्ठान तथा सामाजिक परम्पराले उनीहरूको सांस्कृतिक मौलिकतालाई स्पष्ट रूपमा अभिव्यक्त गर्छ।

मधेशी संस्कृतिको संरक्षण किन आवश्यक छ भन्ने प्रश्नको पनि गहन विश्लेषण आवश्यक छ। आधुनिक विश्वमा विश्वव्यापीकरण, शहरीकरण, औद्योगिकीकरण, सूचना–प्रविधिको तीव्र विकास तथा अन्तर्राष्ट्रिय आप्रवासनले परम्परागत संस्कृतिमा गहिरो प्रभाव पारेको छ । विशेषगरी युवा पुस्ता आधुनिक शिक्षा, सञ्चार माध्यम तथा विश्वव्यापी संस्कृतिसँग बढी जोडिँदै गएकाले स्थानीय धार्मिक तथा सांस्कृतिक अभ्यासहरूमा परिवर्तन आएको छ । धेरै युवा परम्परागत संस्कार, लोकगीत, धार्मिक विधि तथा मौखिक परम्पराबाट क्रमशः टाढिँदै गएका छन् । वैदेशिक रोजगारी तथा आन्तरिक बसाइँसराइका कारण गाउँमा सामूहिक रूपमा मनाइने धार्मिक पर्वहरू कमजोर बन्दै गएका छन् । फलस्वरूप सांस्कृतिक आत्मसात (Cultural Assimilation) तथा सांस्कृतिक पहिचानको क्षय हुने सम्भावना बढ्दै गएको यथार्थता हामीमाझ रहेको छ ।

यस अध्ययनले नेपालको राजनीतिक परिवर्तनले पनि धार्मिक तथा सांस्कृतिक संरक्षणमा प्रभाव पारेको विश्लेषण गरेको छ । नेपाल हिन्दू राज्यबाट धर्मनिरपेक्ष गणतन्त्रमा रूपान्तरण भएपछि सबै धर्मलाई समान सम्मान गर्ने संवैधानिक व्यवस्था लागू भएको छ । धर्मनिरपेक्षताको उद्देश्य सबै धार्मिक समुदायलाई समान अधिकार उपलब्ध गराउनु भए पनि यसले धार्मिक सम्पदाको संरक्षण, सांस्कृतिक परम्पराको प्रवर्द्धन तथा राज्यको भूमिकासम्बन्धी नयाँ बहसहरू जन्माएको छ । धार्मिक स्वतन्त्रता र सांस्कृतिक संरक्षणबीच सन्तुलन कायम गर्न नसकिए बहुलवादी समाजमा सांस्कृतिक असन्तुलन उत्पन्न हुन सक्छ । त्यसैले राज्यले सबै धार्मिक तथा सांस्कृतिक समुदायप्रति समान व्यवहार गर्दै उनीहरूको सम्पदाको संरक्षणमा सक्रिय भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता औंल्याइएको छ ।

अध्ययनमा परम्परागत धार्मिक ज्ञान प्रणालीको संरक्षणसम्बन्धी चुनौतीलाई पनि विशेष महत्त्व दिएको छ । मधेशका धेरै धार्मिक अभ्यासहरू लिखितभन्दा मौखिक परम्परामा आधारित

छन्। गाउँका ज्येष्ठ व्यक्तिहरू, पुजारी, लोककलाकार तथा धार्मिक विद्वानहरूले पुस्तौंदेखि धार्मिक ज्ञान, लोककथा, पौराणिक आख्यान, संस्कार तथा सामाजिक मूल्य नयाँ पुस्तामा हस्तान्तरण गर्दै आएका छन् । तर आधुनिक जीवनशैली, परिवारको संरचनामा आएको परिवर्तन तथा पुस्ताबीचको दूरी बढ्दै जाँदा यस्तो मौखिक ज्ञान प्रणाली कमजोर हुँदै गएको छ । यदि समयमै अभिलेखीकरण तथा संरक्षण नगरिएमा परम्परागत धार्मिक ज्ञानको ठूलो हिस्सा सदाका लागि हराउन सक्ने जोखिम बढेको छ ।

धार्मिक तथा सांस्कृतिक सम्पदाको भौतिक संरक्षण पनि अध्यायको अर्को महत्वपूर्ण विषय हो। तराई मधेशमा रहेका मन्दिर, पोखरी, पवित्र स्थल तथा ऐतिहासिक संरचनाहरू धार्मिक आस्थाका केन्द्र मात्र नभई ऐतिहासिक स्मृतिका प्रतीक पनि हुन् । तर पर्याप्त संरक्षणको अभाव, वातावरणीय क्षति, शहरी विस्तार तथा आर्थिक स्रोतको कमीका कारण यस्ता सम्पदाहरू जोखिममा परिरहेका छन् । यस्ता सम्पदाको संरक्षणका लागि स्थानीय समुदाय, स्थानीय सरकार, विश्वविद्यालय, सांस्कृतिक संस्था तथा केन्द्र सरकारबीच समन्वित प्रयास आवश्यक रहेको छ ।

अध्यायको पहिलो खण्डको निष्कर्षमा धर्म र संस्कृतिको संरक्षणलाई केवल धार्मिक अभ्यासहरूको निरन्तरतासँग मात्र सम्बन्धित विषयका रूपमा नहेरी सामुदायिक पहिचान, सामाजिक एकता, सांस्कृतिक अधिकार तथा राष्ट्रिय समावेशितासँग जोडेर व्याख्या गरिएको छ। धार्मिक पर्व, सांस्कृतिक अनुष्ठान, लोकपरम्परा तथा सामुदायिक संस्थाहरूले मधेशी समाजको सामूहिक स्मृति र ऐतिहासिक पहिचानलाई जीवित राखेका छन् । त्यसैले धर्म र संस्कृतिको संरक्षणका लागि शैक्षिक अनुसन्धान, प्रभावकारी नीति, समुदायको सक्रिय सहभागिता, अभिलेखीकरण, सांस्कृतिक शिक्षा तथा आधुनिक प्रविधिको प्रयोगलाई समान रूपमा महत्त्व दिनुपर्ने आवश्यकतालाई यस अध्यायले स्पष्ट रूपमा स्थापित गरेको छ ।

### मधेशी समुदायको धार्मिक विविधता, सांस्कृतिक परम्परा तथा संरक्षणका चुनौतीहरू

अध्यायको दोस्रो भागमा मधेशी समुदायको धार्मिक विविधता, प्रमुख धार्मिक परम्परा, सांस्कृतिक जीवन तथा संरक्षणसम्बन्धी चुनौतीहरूको विस्तृत विश्लेषण गरिएको छ । मधेश नेपालको सबैभन्दा बहुधार्मिक तथा बहुसांस्कृतिक क्षेत्र भएकाले यहाँ हिन्दू, बौद्ध, जैन, सिख तथा अन्य स्थानीय धार्मिक परम्पराहरू शताब्दीयौंदेखि सहअस्तित्वमा रहेका छन् । यी धर्महरूबीचको सम्बन्ध प्रतिस्पर्धाभन्दा पनि सांस्कृतिक सहअस्तित्व र पारस्परिक सम्मानमा

आधारित रहेको छ । विभिन्न धर्मका मानिसहरूले सामाजिक तथा आर्थिक जीवनमा परस्पर सहकार्य गर्दै आएका छन्, जसका कारण मधेशी समाजमा धार्मिक सहिष्णुताको बलियो परम्परा विकसित भएको छ ।

मधेशी समुदायमा हिन्दू धर्मको प्रभाव विशेष रूपमा देखिन्छ । हिन्दू धार्मिक जीवन वेद, पुराण, रामायण, महाभारत तथा स्थानीय धार्मिक परम्पराहरूबाट निर्देशित भएको छ । जन्मदेखि मृत्यु सम्मका संस्कार–नामकरण, उपनयन, विवाह, श्राद्ध तथा अन्त्येष्टि–धार्मिक विधिअनुसार सम्पन्न गरिन्छन् । मन्दिरहरू धार्मिक आस्थाका केन्द्र मात्र नभई सामाजिक तथा सांस्कृतिक गतिविधिका केन्द्र पनि हुन् । विशेषगरी जनकपुरधाम, गढीमाई, सिम्रौनगढ, परवानीपुर तथा अन्य धार्मिक क्षेत्रहरूले मधेशको धार्मिक जीवनलाई गहिरो रूपमा प्रभावित गरेका छन् । जनकपुरलाई माता सीताको जन्मस्थलका रूपमा सम्मान गरिने भएकाले नेपाल र भारत दुवै देशका लाखौं श्रद्धालु यहाँ दर्शनका लागि आउने गर्छन् । यस धार्मिक पर्यटनले स्थानीय अर्थतन्त्र, सांस्कृतिक आदान–प्रदान तथा राष्ट्रिय एकतामा पनि महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

छठ पर्वलाई यस अध्यायले मधेशी समुदायको सबैभन्दा महत्वपूर्ण सांस्कृतिक तथा धार्मिक उत्सवका रूपमा चित्रण गरेको छ । सूर्यदेव र छठी माताको आराधनामा आधारित यो पर्व प्रकृतिप्रति श्रद्धा, पारिवारिक सुख–समृद्धि, स्वास्थ्य तथा सामाजिक सद्भावको प्रतीक मानिन्छ । छठका अवसरमा नदी, पोखरी तथा जलाशयको सरसफाइ, सामूहिक पूजा तथा व्रतले समुदायलाई एकसूत्रमा बाँध्ने कार्य गर्दछ । महिलाहरूको सक्रिय सहभागिता, पारिवारिक सहयोग तथा सामूहिक अनुशासनले यस पर्वलाई सामाजिक ऐक्यबद्धताको उत्कृष्ट उदाहरण बनाएको छ । पछिल्ला वर्षहरूमा छठ पर्व नेपालका अन्य भाग तथा विदेशमा बसोबास गर्ने मधेशी समुदायमा पनि व्यापक रूपमा मनाइन थालेको छ, जसले यसलाई अन्तर्राष्ट्रिय सांस्कृतिक पहिचान दिलाउन सहयोग गरेको छ ।

रामनवमी, विवाह पञ्चमी, होली, दीपावली, श्री कृष्णजन्माष्टमी तथा नागपञ्चमीजस्ता हिन्दू पर्वहरूको पनि अध्यायमा विस्तृत चर्चा गरिएको छ। विवाहपञ्चमीले जनकपुर र अयोध्याबीचको धार्मिक तथा सांस्कृतिक सम्बन्धलाई सुदृढ बनाउने महत्वपूर्ण पर्वका रूपमा स्थान पाएको छ। भगवान् राम र माता सीताको विवाहको स्मरणमा आयोजना हुने यस पर्वमा नेपाल तथा भारतका हजारौं भक्तजन सहभागी हुन्छन्। त्यसैगरी होली सामाजिक सद्भाव, जातीय तथा वर्गीय भेदभावको अस्थायी अन्त्य र सामुदायिक मेलमिलापको पर्वका

रूपमा प्रस्तुत गरिएको छ। यस्ता पर्वहरूले धार्मिक आस्थासँगै लोककला, संगीत, नृत्य, परम्परागत भोजन तथा मौखिक साहित्यलाई पनि जीवित राख्ने कार्य गरेका छन्।

बौद्ध धर्म तथा अन्य स्थानीय धार्मिक विश्वासहरूको पनि मधेशी संस्कृतिमा उल्लेखनीय स्थान रहेको अध्यायले देखाउँछ। विशेषगरी लुम्बिनीसँग सम्बन्धित बौद्ध परम्पराको प्रभाव, स्थानीय देवी–देवताप्रतिको आस्था, ग्रामदेवता, नागपूजा तथा प्रकृतिपूजाले धार्मिक जीवनलाई बहुआयामिक बनाएको छ। हिन्दू धर्मसँगै स्थानीय लोकविश्वासहरू पनि दैनिक जीवनमा समान रूपमा अभ्यास गरिन्छन्। यस धार्मिक समन्वयले मधेशी समुदायमा सहिष्णुता, पारस्परिक सम्मान तथा सांस्कृतिक सहअस्तित्वको वातावरण निर्माण गरेको छ।

अध्यायले धार्मिक विविधतालाई सामाजिक एकताको स्रोतका रूपमा व्याख्या गरेको छ। धर्मले मानिसहरूलाई नैतिक मूल्य, सामाजिक उत्तरदायित्व, सहयोग, दया, सहिष्णुता तथा सामूहिक जीवनका आदर्शहरू सिकाउँछ। धार्मिक संस्थाहरूले शिक्षा, स्वास्थ्य, गरिब सहयोग, सामाजिक सेवा तथा विपद् व्यवस्थापनमा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्। यसरी धर्म केवल व्यक्तिगत आस्थाको विषय नभई सामाजिक विकासको महत्वपूर्ण आधार पनि हो।

यद्यपि आधुनिक समयमा धार्मिक तथा सांस्कृतिक संरक्षणले अनेक चुनौतीहरू सामना गरिरहेको अध्यायले उल्लेख गरेको छ। विश्वव्यापीकरण, सूचना–प्रविधि, डिजिटल सञ्चार, शहरीकरण तथा वैदेशिक रोजगारीका कारण युवा पुस्ताको जीवनशैलीमा तीव्र परिवर्तन आएको छ। धेरै युवाहरू परम्परागत धार्मिक अभ्यास, लोकगीत, लोकनृत्य, संस्कार तथा सामुदायिक गतिविधिमा कम सहभागी हुन थालेका छन्। सामाजिक सञ्जाल तथा विश्वव्यापी संस्कृतिको प्रभावले स्थानीय सांस्कृतिक मूल्यहरू क्रमशः कमजोर हुँदै गएको छ।

बसाइँसराइले पनि धार्मिक तथा सांस्कृतिक जीवनमा प्रत्यक्ष प्रभाव पारेको छ। गाउँबाट शहर तथा विदेशमा बसाइँसराइ गर्ने परिवारहरूमा परम्परागत पर्वहरू सामूहिक रूपमा मनाउने चलन घट्दै गएको छ। संयुक्त परिवारको स्थान एकल परिवारले लिन थालेपछि संस्कार तथा धार्मिक ज्ञानको पुस्तान्तरण कमजोर भएको छ। पहिले हजुरबुबा–हजुरआमा वा परिवारका ज्येष्ठ सदस्यहरूले नयाँ पुस्तालाई धार्मिक कथा, संस्कार तथा परम्परा सिकाउने व्यवस्था अहिले क्रमशः कमजोर बन्दै गएको छ। यसले सांस्कृतिक निरन्तरतामा दीर्घकालीन चुनौती सिर्जना गरेको छ।

यस अध्यायले धार्मिक सम्पदाको संरक्षणमा स्थानीय समुदायको भूमिकालाई विशेष महत्त्व दिएको छ। मन्दिर, पोखरी, धर्मशाला तथा ऐतिहासिक स्थलहरूको संरक्षण केवल सरकारी निकायको जिम्मेवारी नभई स्थानीय समुदायको सक्रिय सहभागितामा निर्भर रहने हुन्छ। सामुदायिक समिति, धार्मिक संस्था, स्थानीय सरकार तथा सांस्कृतिक सङ्गठनहरूले संयुक्त रूपमा संरक्षण कार्यक्रम सञ्चालन गरेमा धार्मिक सम्पदाको दिगो व्यवस्थापन सम्भव हुने उल्लेख गरिएको छ। साथै विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रममा स्थानीय इतिहास, संस्कृति तथा धार्मिक सम्पदा सम्बन्धी विषय समावेश गरिएमा नयाँ पुस्तामा सांस्कृतिक चेतना विकास गर्न सहयोग पुग्ने निष्कर्ष प्रस्तुत गरिएको छ।

अध्यायको यस भागको समापनमा मधेशी समुदायको धार्मिक विविधतालाई नेपालको राष्ट्रिय सम्पदाका रूपमा व्याख्या गरिएको छ। हिन्दू, बौद्ध तथा अन्य धार्मिक समुदायहरूको सहअस्तित्वले तराई मधेशलाई बहुलवादी समाजको सफल उदाहरण बनाएको छ। धार्मिक सहिष्णुता, सांस्कृतिक सहभागिता, पारस्परिक सम्मान तथा साझा ऐतिहासिक अनुभवहरूले सामाजिक एकतालाई सुदृढ बनाएका छन्। तर आधुनिक परिवर्तनका कारण उत्पन्न चुनौतीहरूको प्रभावकारी समाधानका लागि राज्य, स्थानीय समुदाय, शैक्षिक संस्था तथा नागरिक समाजले संयुक्त रूपमा धार्मिक तथा सांस्कृतिक संरक्षणका कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता अध्यायले जोडदार रूपमा प्रस्तुत गरेको छ।

## धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, नीतिगत व्यवस्था, संस्थागत प्रयास र निष्कर्ष

मधेशी समुदायको धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणका लागि राज्य, समुदाय, शैक्षिक संस्था तथा विभिन्न सांस्कृतिक संगठनहरूको भूमिका महत्त्वपूर्ण रहन्छ । धर्म र संस्कृति कुनै पनि समाजको ऐतिहासिक स्मृति, सामूहिक पहिचान तथा सभ्यताको निरन्तरताका आधार हुन् । त्यसैले तिनको संरक्षण केवल परम्पराको निरन्तरताका लागि मात्र नभई सामाजिक समावेशिता, राष्ट्रिय एकता तथा सांस्कृतिक अधिकारको सुनिश्चितताका लागि पनि आवश्यक हुन्छ । नेपालजस्तो बहुभाषिक तथा बहुधार्मिक राष्ट्रमा प्रत्येक समुदायको धार्मिक तथा सांस्कृतिक सम्पदालाई समान सम्मान र संरक्षण प्रदान गर्नु लोकतान्त्रिक राज्यको महत्वपूर्ण दायित्व हुन्छ ।

यस अध्यायमा नेपालको संवैधानिक तथा कानुनी व्यवस्थाले धार्मिक तथा सांस्कृतिक अधिकारलाई दिएको मान्यताको समीक्षा गरिएको छ । नेपालको संविधानले प्रत्येक

नागरिकलाई आफ्नो धर्मको पालन, संरक्षण तथा अभ्यास गर्ने स्वतन्त्रता प्रदान गरेको छ । त्यसैगरी प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, परम्परा तथा सांस्कृतिक सम्पदाको संरक्षण र विकास गर्ने अधिकार पनि सुनिश्चित गरिएको छ। यी संवैधानिक व्यवस्थाले मधेशी समुदायका धार्मिक तथा सांस्कृतिक अभ्यासलाई कानुनी संरक्षण प्रदान गरे पनि व्यवहारमा तिनको प्रभावकारी कार्यान्वयन अझै चुनौतीपूर्ण रहेको विश्लेषण गरिएको छ। विशेषतः स्थानीय तहमा स्रोतको अभाव, स्पष्ट संरक्षण नीति नहुनु तथा संस्थागत समन्वय कमजोर हुनुका कारण धेरै धार्मिक तथा सांस्कृतिक सम्पदाहरू आवश्यक संरक्षणबाट वञ्चित भएका छन् ।

धार्मिक सम्पदाको संरक्षण केवल मन्दिर वा अन्य धार्मिक संरचनाको संरक्षणमा सीमित रहँदैन। यसमा ती सम्पदासँग सम्बन्धित मौखिक इतिहास, धार्मिक अनुष्ठान, लोकगीत, लोकवार्ता, भजन, संस्कार, परम्परागत ज्ञान, धार्मिक शिक्षा तथा सामुदायिक अभ्यासहरूको संरक्षण पनि समान रूपमा आवश्यक हुन्छ । यदि केवल भौतिक संरचना सुरक्षित गरियो तर त्यससँग सम्बन्धित सांस्कृतिक अभ्यास हरायो भने सम्पदाको वास्तविक मूल्य पनि क्रमशः कमजोर हुँदै जान्छ। त्यसैले मूर्त (Tangible) र अमूर्त (Intangible) दुवै प्रकारका सम्पदालाई एकीकृत रूपमा संरक्षण गर्नुपर्ने हुन्छ।

यस अध्यायमा मधेशी समुदायका धार्मिक पर्वहरूलाई सांस्कृतिक सम्पदाको जीवित रूपमा प्रस्तुत गरिएको छ। छठ, विवाहपञ्चमी, रामनवमी, होली, दीपावली तथा अन्य धार्मिक पर्वहरूले धार्मिक आस्थासँगै सामाजिक एकता, पारिवारिक सम्बन्ध तथा सांस्कृतिक निरन्तरतालाई सुदृढ बनाउने कार्य गरेका छन्। यी पर्वहरूमा हुने सामूहिक सहभागिता, लोकगीत, धार्मिक संगीत, परम्परागत नृत्य, स्थानीय कला, हस्तकला तथा परम्परागत खानपानले सांस्कृतिक सम्पदालाई जीवित राख्ने महत्वपूर्ण माध्यमका रूपमा काम गरेका छन्। पर्वहरूको संरक्षण भनेको केवल धार्मिक विधिको संरक्षण होइन; त्यससँग सम्बन्धित सम्पूर्ण सांस्कृतिक जीवनशैलीको संरक्षण पनि हो।

विद्यालय तथा विश्वविद्यालयले स्थानीय इतिहास, संस्कृति तथा धार्मिक सम्पदासम्बन्धी अध्ययनलाई पाठ्यक्रममा समावेश गर्नुपर्छ । नयाँ पुस्ताले आफ्नै समुदायको इतिहास, सांस्कृतिक परम्परा तथा धार्मिक अभ्यासबारे औपचारिक रूपमा अध्ययन गर्ने अवसर पाएमा उनीहरूमा सांस्कृतिक चेतना र पहिचानको भावना अझ सुदृढ हुनेछ । मातृभाषामा धार्मिक तथा सांस्कृतिक सामग्रीको प्रकाशन, स्थानीय इतिहासको दस्तावेजीकरण तथा अनुसन्धानको विस्तारले पनि संरक्षण कार्यलाई प्रभावकारी बनाउन सक्ने उल्लेख गरिएको छ । यससँगै

शिक्षक, अनुसन्धानकर्ता तथा स्थानीय बौद्धिक समुदायको सक्रिय सहभागिता संरक्षण अभियानको सफलताका लागि अत्यन्त आवश्यक रहेको हुन्छ ।

आधुनिक सूचना–प्रविधिको प्रयोगलाई पनि अध्यायले संरक्षणको नयाँ सम्भावनाका रूपमा प्रस्तुत गरेको छ। डिजिटल अभिलेखीकरण, अडियो–भिडियो दस्तावेजीकरण, अनलाइन पुस्तकालय, डिजिटल सङ्ग्रहालय तथा सामाजिक सञ्जालमार्फत धार्मिक तथा सांस्कृतिक सामग्रीको प्रचार–प्रसार गर्न सकिने उल्लेख गरिएको छ। विशेषगरी मौखिक परम्परामा आधारित लोकगीत, लोकवार्ता, धार्मिक कथा, संस्कार तथा स्थानीय इतिहासलाई डिजिटल माध्यममा सुरक्षित गरिएमा भावी पुस्ताले सहज रूपमा अध्ययन गर्न सक्नेछन्। यद्यपि प्रविधिको प्रयोगले परम्परागत अभ्यासलाई प्रतिस्थापन गर्नु हुँदैन; बरु संरक्षणको सहायक माध्यमका रूपमा उपयोग गरिनुपर्छ।

यस अध्यायमा स्थानीय समुदायको भूमिकालाई सबैभन्दा महत्वपूर्ण आधारका रूपमा प्रस्तुत गरिएको छ। कुनै पनि धार्मिक वा सांस्कृतिक सम्पदा बाह्य निकायले मात्र संरक्षण गर्न सक्दैन। संरक्षणको वास्तविक शक्ति समुदायभित्रै निहित हुन्छ। स्थानीय धार्मिक समिति, गुठी, सामाजिक संस्था, महिला समूह, युवा क्लब तथा सांस्कृतिक संगठनहरूले धार्मिक पर्वको आयोजना, सम्पदाको मर्मत–सम्भार, सांस्कृतिक कार्यक्रम, लोककला प्रशिक्षण तथा अभिलेखीकरणमा सक्रिय भूमिका निर्वाह गर्नुपर्छ। समुदायको स्वामित्व र सहभागिताबाट मात्र कुनै पनि संरक्षण कार्यक्रम दीर्घकालीन रूपमा सफल र दिगो हुन सक्छ ।

अध्यायले सरकारी निकाय तथा सांस्कृतिक संस्थाहरूबीच समन्वयको आवश्यकता पनि औँल्याएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, स्थानीय सरकार, विश्वविद्यालय, नेपाल प्रज्ञा–प्रतिष्ठान, भाषा आयोग, पुरातत्त्व विभाग तथा अन्य सम्बन्धित संस्थाहरूले संयुक्त रूपमा अनुसन्धान, संरक्षण तथा प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ। धार्मिक सम्पदाको सूचीकरण, ऐतिहासिक अभिलेखको संरक्षण, पुराना मन्दिरहरूको पुनःनिर्माण, सांस्कृतिक महोत्सवको आयोजना तथा स्थानीय कलाकारहरूको प्रोत्साहनजस्ता कार्यक्रमहरूलाई दीर्घकालीन संरक्षण रणनीतिको अङ्ग बनाउनुपर्ने सुझाव दिइएको छ।

विश्वव्यापीकरणको प्रभावलाई पूर्ण रूपमा नकारात्मक रूपमा नहेरी सन्तुलित दृष्टिकोण प्रस्तुत गरेका छन् । एकातर्फ विश्वव्यापीकरणले स्थानीय संस्कृति, भाषा तथा धार्मिक परम्परामा

बाह्य प्रभाव बढाएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय स्तरमा सांस्कृतिक सम्पदाको प्रचार–प्रसार गर्ने अवसर पनि सिर्जना गरेको छ । उदाहरणका रूपमा छठ पर्व, जनकपुरको धार्मिक पर्यटन, विवाहपञ्चमी तथा अन्य सांस्कृतिक कार्यक्रमहरूले अन्तर्राष्ट्रिय पहिचान प्राप्त गर्न थालेका छन् । यदि आधुनिक सञ्चार प्रविधि तथा पर्यटन व्यवस्थापनलाई प्रभावकारी रूपमा उपयोग गर्न सकियो भने मधेशी समुदायका धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणसँगै आर्थिक विकासमा पनि सकारात्मक योगदान पुग्न सक्दछ ।

अनुसन्धानको समग्र निष्कर्षका रूपमा मधेशी समुदायको धर्म र संस्कृति नेपालको बहुलवादी राष्ट्रिय पहिचानका अभिन्न आधार भएको उल्लेख गरिएको छ । धर्मले सामाजिक मूल्य, नैतिकता तथा सामुदायिक एकतालाई सुदृढ बनाउँछ भने संस्कृतिले समुदायको ऐतिहासिक स्मृति, जीवनशैली तथा पहिचानलाई निरन्तरता दिन्छ । यी दुवै पक्ष एकअर्कासँग अविच्छिन्न रूपमा सम्बन्धित भएकाले कुनै एकको संरक्षण अर्कोको संरक्षणबिना सम्भव हुँदैन । त्यसैले धार्मिक स्वतन्त्रता, सांस्कृतिक अधिकार, मातृभाषा, मौखिक परम्परा, धार्मिक सम्पदा तथा सामुदायिक अभ्यासलाई एकीकृत रूपमा संरक्षण गर्नुपर्ने आवश्यकता लेखकले स्पष्ट रूपमा स्थापित गरेका छन् ।

स्थानीय समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्ने, विद्यालय र विश्वविद्यालयमा स्थानीय संस्कृति तथा धार्मिक सम्पदासम्बन्धी अध्ययन विस्तार गर्ने, मौखिक परम्पराको अभिलेखीकरण गर्ने, डिजिटल प्रविधिको प्रयोग बढाउने, धार्मिक तथा सांस्कृतिक सम्पदाको सूचीकरण गर्ने, अनुसन्धानलाई प्रोत्साहन गर्ने तथा सरकार र समुदायबीच प्रभावकारी सहकार्य विकास गर्ने कार्यहरू दीर्घकालीन संरक्षणका आधार हुन सक्ने उल्लेख गरिएको छ । यस्ता उपायहरू प्रभावकारी रूपमा कार्यान्वयन भएमा मधेशी समुदायको समृद्ध धार्मिक तथा सांस्कृतिक सम्पदा भावी पुस्तासम्म सुरक्षित रूपमा हस्तान्तरण गर्न सकिने निष्कर्ष यस अध्यायले निकालेको छ ।

**समग्र रूपमा,** दोस्रो अध्यायले मधेशी समुदायको धर्म र संस्कृतिलाई केवल आस्था वा परम्पराको विषयका रूपमा नहेरी सामाजिक एकता, सांस्कृतिक पहिचान, ऐतिहासिक निरन्तरता, राष्ट्रिय समावेशिता तथा दिगो विकाससँग जोडेर विश्लेषण गरेको छ । धर्म, संस्कृति, भाषा, परम्परा, पर्व, सम्पदा, शिक्षा, समुदाय र राज्यबीचको अन्तरसम्बन्धलाई स्पष्ट गर्दै मधेशी समुदायका धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण नेपालको बहुलवादी लोकतान्त्रिक समाजलाई सुदृढ बनाउने महत्वपूर्ण आधार हो ।

## दोस्रो अध्यायको निचोड तथा अध्ययनका उपलब्धीहरू

दोस्रो अध्यायको अध्ययन र विश्लेषणका आधारमा प्राप्त प्रमुख निचोड तथा उपलब्धीहरूलाई निम्नलिखित बुँदाहरूमा प्रस्तुत गरिएको छः

- **सांस्कृतिक विविधता र सहअस्तित्वको उजागरः** मधेशी समुदायलाई कुनै एउटा जाति वा धर्ममा सीमित नराखी हिन्दू, बौद्ध तथा स्थानीय आस्था र विभिन्न भाषिक समूहहरूको साझा बहुआयामिक पहिचानका रूपमा स्थापित गरिएको छ ।
- **धार्मिक सहिष्णुताको पुष्टिः** मधेशमा हिन्दू र अन्य समुदायबीच पर्वहरूमा हुने सहभागिता र सामाजिक सहकार्यले ऐतिहासिक रूपमा बलियो धार्मिक सहिष्णुता र सांस्कृतिक सहअस्तित्व कायम रहेको देखाएको छ ।
- **पर्व तथा अनुष्ठानको सामाजिक महत्त्वः** छठ, विवाह पञ्चमी, होली जस्ता पर्वहरू केवल धार्मिक विधिमा मात्र सीमित नरही यसले सामाजिक एकता, पारिवारिक सम्बन्ध र लोककला/गीत संरक्षणमा जीवित माध्यमको काम गरेको निष्कर्ष निकालिएको छ ।
- **सांस्कृतिक क्षय र चुनौतीहरूको पहिचानः** वैदेशिक रोजगारी, बसाइँसराइ, एकल परिवारको विस्तार र डिजिटल सञ्चारको प्रभावले गर्दा मौखिक रूपमा हस्तान्तरण हुँदै आएको परम्परागत ज्ञान प्रणाली र सामूहिक उत्सवको भावना कमजोर बन्दै गएको चुनौती पहिचान गरिएको छ ।
- **मूर्त र अमूर्त सम्पदाको एकीकृत संरक्षणको आवश्यकताः** मन्दिर र पोखरी जस्ता 'मूर्त' (Tangible) र लोकगीत, भजन, पौराणिक कथा जस्ता 'अमूर्त' (Intangible) दुवै प्रकारका सम्पदालाई एकीकृत रूपमा संरक्षण गर्नुपर्ने स्पष्ट खाका प्रस्तुत गरिएको छ ।
- **संरक्षणका आधुनिक तथा संस्थागत उपायहरूः** डिजिटल अभिलेखीकरण (अडियो/भिडियो), विद्यालय तथा विश्वविद्यालय तहको पाठ्यक्रम र सन्दर्भ सामाग्री, गुठी तथा स्थानीय धार्मिक समितिको सशक्तीकरण र सरकार-समुदाय सहकार्यलाई दिगो संरक्षणको मुख्य आधार मानिएको छ ।

# २. मधेशी समुदायमा रहेको अवधी लोकवार्ताको अध्ययन (सारसंक्षेप)

## २.१ पृष्ठभुमि

लोक समाजमा लोकका भावना वा अनुभूतिलाई कथ्य-श्रव्य वा दृश्यका रूपमा प्रस्तुत गर्ने परम्परा प्राचीन कालदेखि नै हुँदै आएको हो। वैदिक सभ्यता र संस्कृतिको विकास पनि लोककै कथ्य-श्रव्य परम्पराबाटै भएको तथ्य यसको श्रुतिस्मृति परम्पराले पुष्टि गरेको छ। लोकव्यवहार रीतिमा परिणत भएर परिपक्व बन्दछ, तब एउटा प्रथा र परम्पराले जन्म लिने गर्दछ। मानव स्वयं आफ्ना लागि पनि जिज्ञासाको विषय बनेको छ र यस्तो स्वकेन्द्रित जिज्ञासाको कारण उसले थुप्रै मानवीय अध्ययनहरूको विकास गरेको छ। कालान्तरमा लेखन/मुद्रणको विकाससँगै आफ्ना ज्ञान र अनुभवलाई लिखित रूपमा प्रस्तुत गरिए पनि समाजको विशाल लोक प्रतिभावान् समुदायले आफ्नो ज्ञान, अनुभव र अनुभूतिलाई मौखिक अभिव्यक्ति दिने काम गरीरह्यो। लोक समाजमा यो परम्परा आजसम्म पनि विभिन्न रूपमा प्रचलनमा छ। यसबाट हामी सम्भवतः यो पनि थाहा पाउँदछौं कि तिनीहरू कस्तो घरमा बस्दथे, कुन अस्त्रशस्त्रको उपयोग गर्दथे, तिनीहरूमा कस्तो आभूषण प्रचलित थियो अथवा तिनीहरूका खाद्य कुन किसिमका हुने गर्थे ?

ऐतिहासिक, सांस्कृतिक, सामाजिक, भाषिक र पुरातात्विक दृष्टिले ज्यादै उपयोगी तथा मूल्यवान् मानिने यस प्रकारका सम्पदाको संरक्षण विश्वव्यापी रूपमा गर्ने उद्देश्यले सन् १९८९ मा संयुक्त राष्ट्र संघको पच्चिसौं महासभाले आफ्ना सदस्य राष्ट्रहरूलाई लोकवार्तासित सम्बद्ध सामग्रीको बचाउका निम्ति आग्रह गर्दै प्रस्ताव पारित गर्यो। त्यस प्रस्तावको कार्यान्वयनका निमित्त सन् २००३ मा युनेस्को महासभाले मौखिक परम्परा र अभिव्यक्तिहरू, सम्पादनकारी कलाहरू, सामाजिक व्यवहारहरू, प्रकृति र विश्व सम्बन्धी ज्ञान तथा प्रयोगहरू एवं परम्परागत शिल्पकलाको विश्वव्यापी सङ्कलन, संवद्र्धन र संरक्षणमा जोड दिने निर्णय गर्यो। युनेस्कोले पारित गरेको मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदा संरक्षण गर्ने सम्बन्धी महासन्धिको पक्ष राष्ट्र नेपाल हो। त्यसैले नेपाल सरकारले **राष्ट्रिय सांस्कृतिक नीति २०६७** पारित गरेको छ। उक्त नीतिमा लोकवार्तालाई देशको जातीय, भाषिक, ऐतिहासिक र सांस्कृतिक पहिचान कायम गर्ने आधारभूत तत्व भनिएको छ।

## २.२ अध्ययनको उद्देश्य

### २.२.१ यो अध्ययन निम्नानुसारको प्रयोजनकालागि गरिनेछः

- अवधी लोकवार्ताको संरक्षण तथा सम्वद्र्धन ।
- नेपालीय अवधी लोकवार्ताको पहिचान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा स्थापित गर्नु गराउनु ।

### २.२.२ यस अध्ययनकालागि निम्नानुसारका समस्या कथन÷शोध प्रश्नहरू निर्धारित गरिएका छनः

- अवधी लोकवार्ता प्राचिन सांस्कृतिक समाजको रूपमा (मर्यादापुरषोत्तम श्री राम तथा शान्तिका अग्रदुत भगवान गौतमवुद्धको जन्मस्थली) तथा नेपाल एवं भारतको एउटा विस्तृत भुभागमा वसोवास गर्दै आएको भएता पनि यसको सम्पुर्ण सांस्कृतिक स्वरूप पुस्तकाकार रूपमा हालसम्म पनि उपलब्ध छैन। अतः यस लोकवार्ताको समग्र परिचय उपलब्ध गराउन यसलाइ लिपिवद्ध गर्न आवश्यक छ ।
- अवधी समाज हाल पनि पर्यटकीय तथा पुरातात्विक एवं मानवीय दृष्टिकोणले लुम्विनी, तिलौराकोट, वागेश्वरी जस्ता महत्वपुर्ण स्थलका साथै वैष्णव परम्परा, वौद्ध दर्शन, अद्वैतवाद सिद्धान्तका साथै सिद्ध, नाथ तथा जोसमनि सन्त परम्परा लगायतका सिद्धान्तको उदगम स्थल पनि हो। यी हरेक विशेषताहरू रहेका यस भुभागको सांस्कृतिक स्वरूपका बारेमा स्वदेशी तथा विदेशी हरेकले जानकारी लिन चाहन्छन । तर सो जानकारीहरू पुस्तकाकार रूपमा हाल पनि उपलब्ध छैनन् ।
- अवधी संस्कृति अन्तरगतका लोक साहित्य तथा लोकचित्रकला वाहेकका क्षेत्रहरूमा हाल पनि विधिसम्मत ढंगले अध्ययनको कार्य नेपालमा हुन सकेको छैन, अतः यथाशीघ्र अवधी लोकवार्ता अन्तर्गतका हरेक स्वरूपहरूलाई समेटि अध्ययन कार्य सम्पन्न गर्नु पर्ने आवश्यकता छ ।

### २.२.३. उद्देश्यहरू

यस अध्ययनका उद्देश्यहरु निम्नानुसार रहेका थिएः

- अवधीभाषाभाषी समाजमा उपलब्ध रहेको सांस्कृतिक स्वरूपहरूको सङ्कलन गर्नु तथा त्यसलाइ लिपिवद्ध गर्नु।

- अवधी लोकवार्ताका विविध क्षेत्रमा युवा पुस्ताकालागि अवधी लोकवार्ताको बारेका विभिन्न जानकारीहरू समेटिएको सन्दर्भ सामाग्री तयार गर्नु गराउनु ।

## २.३. अध्ययनको औचित्य महत्व र उपयोगिता

### औचित्य तथा महत्व

- अवधी सांस्कृतिक समाज धार्मिक, पुरातात्विक, दर्शन तथा सामाजिक दृष्टिकोणले अत्यन्त महत्वपुर्ण स्थलमा रहेकाले यसलाइ लिपिवद्ध गरी पुस्तकाकार रूपमा ल्याउन आवश्यक थियो ।

### उपयोगिता

- यस कार्यबाट अवधीभाषाभाषी समाजमा उपलब्ध रहेको लोकवार्ताको संरक्षण तथा सम्बद्र्धनमा सहयोग पुग्ने अनुमान गरिएको छ ।
- अवधी लोकवार्ताको क्षेत्रमा युवा पुस्तालाई यस सन्दर्भ सामाग्रीका माध्यमले जानकारी उपलब्ध गराई आफ्नो पारम्परिक जीवन पद्धतिबारे जानकारी प्राप्त गर्न सहयोग पुग्ने अनुमान गरिएको छ ।
- अवधीको लोकवार्तालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चिनाउनमा यो कार्य सहयोगी सामाग्रीको रूपमा हुनेछ ।

## २.४. शोधविधि

यस अनुसन्धानका क्रममा वर्णनात्मक तथा अन्वेषणात्मक दुबै विधि प्रयोग गरेर पूर्व कार्यको समिक्षा सहित अवधी लोकवार्ता तथा सोसंग सम्बन्धित स्वरूपहरूका बारेमा आवश्यक जानकारीहरू सङ्कलन गरिएको छ। सोका लागि आयोगको निर्देशनमा यस क्षेत्रमा भएका पूर्ब कार्यबारे अवलोकन र स्थलगत तथा उपलब्ध स्रोत बारे आवश्यक अध्ययन गरी जानकारीहरू संकलित गरिएको छ। जानकारी सङ्कलन गर्दा प्राथमिक (प्रश्नावली, अन्तरवार्ता तथा अवलोकन तथा छायांकन विधि) एवं द्वित्तियक (सम्बन्धित विषयसंग संम्बन्धित पत्रपत्रिका, लेखरचना, ऐतिहासिक दस्तावेज, गाउपालिका/नगरपालिका तथा उपमहानगरपालिकाका अभिलेखहरू, वेभसाइट आदि) दुबै किसिमका स्रोतहरूको प्रयोग गरिएको छ। यसरी संकलित गरिएका जानकारीहरूलाइ नया स्रोत साधनका माध्यमले समयानुकूल बनाई सोकोस्रोत पाण्डुलिपि तयार गरिएको छ ।

## २.५. अध्ययनको सीमितता

अवधी भाषाभाषी समाजको मुख्य बसोबास क्षेत्र पश्चिमी नेपालको रुपन्देही, कपिलवस्तु, दाङ्ग, बाँके तथा वर्दिया जिल्ला रहेकाले सो जिल्लाहरुमा रहेका अवधी भाषी समाजका जातीय लोकवार्ताहरूवारे यथेष्ठ जानकारीहरू सङ्कलन तथा लिपिवद्ध गर्ने कार्यहरूमा सीमित रहेर यो कार्य सम्पन्न गरिएको छ ।

## २.६. पुर्व कार्य/पुर्वाध्ययनहरूको समिक्षाः

१. अवधी लोकगीत और परम्परा (ई.सं.१९५७), पाण्डेय, डा. इन्दु प्रकाश

२. अवधी का लोकसाहित्य (ई.सं.१९७१), रोहतगी, डा. सरोजनी

३. अवधी लोक साहित्य (वि.सं.२०७३), त्रिपाठी, विक्रम मणि

४. अवधी लोक चित्रकला (ई.सं.२०१८), त्रिपाठी, विक्रम मणि

५. अवधी लोकगीत विरासत (ई.सं.२०२०), सिंह, डा. विद्या विन्दु

## अध्ययनको प्राप्ति तथा निष्कर्ष

## २.७. अध्ययनको प्राप्ति

१. मधेशी समाज अन्तर्गतको अवधी लोकसमाज गङ्गा यमुनी संस्कृतिमा आधारित हिन्दु धर्मावलम्बीहरू लगायत आर्यइरानेली भाषिक परिवारसित सम्बन्धित वहुजातिय एकभाषी समाज हो। अवधी लोकसमाजको एतिहासिक स्वरूपलाई हेर्दा अवधी लोक समाज आर्य परिवार भित्रको एउटा समाज हो। ऐतिहासिक रुपले हेर्दा ऋग्वेदिक आर्यहरूको भूगोल दिल्लीको नजिक यमुना नदीको आसपासमा भएर समाप्त हुन्छ। त्यसको तीनचार सय वर्षपछि उपनिषद् तथा महाकाव्यकाल (आठौं-नवौं शताव्दी इसापूर्व) मा आएर आर्यहरूको फैलाव कोसलभन्दा धेरै पूर्व विदेह (तिरहुत) सम्म भएको पाइन्छ। तर आर्यहरू आउनुपूर्व कोसल भूमि निर्जन थिएन। मोनख्मेर तथा निषादहरू यसभन्दा पहिलेदेखि यस क्षेत्रमा बसोवास गर्न थालेका थिए। सम्भवतः सिंधु उपत्यकाबाट द्रविडहरू पनि आर्यहरू आउनुभन्दा पूर्व नै यस क्षेत्रमा पसिसकेका थिए। त्यतिबेला यस क्षेत्रलाई कोशल भनिन्थ्यो। अवध क्षेत्रमा भगवान श्रीरामचन्द्र र भगवान बुद्धको जन्म भएको छ। त्यसैले पनि अवध क्षेत्रलाइ विशेष पावन भूमिका रूपमा लिइन्छ।

यहाँको सम्पुर्ण समाजले आफ्नो विचारको आदानप्रदानकालागि पहिलो भाषाको रूपमा बोलिने भाषालाई अवधी भाषाको नामले जानिन्छ। वंशावलीको आधारमा अवधीको भाषाको माता-अवधी (कोशेली) अपभ्रंश, मातामही-कोशेली प्राकृत, प्रमातामही कोशेली पाली तथा वृद्ध प्रमातामही वैदिक(प्राकृत) भाषा हो।




स्रोत : १. भाषा विज्ञान (अड़तालिसवा संस्करण) (२००४ ई. सं.) डा. भोलानाथ तिवारी, किताब महल २२ ए, सरोजनी नायडू मार्ग, इलाहाबाद, २. हिन्दी साहित्यका बृहद्ध इतिहास (षोड्स भाग, लोक साहित्य) (२०१७ वि.सं.), पं. राहुल सांकृत्यायन, डा. कृष्णदेव उपाध्याय, नागरी प्रचारिणी सभा, काशी ।, ३. हिन्दीका राष्ट्रभाषा के रूप मे विकास (१९७० ई.सं.), डा. शिवराज शर्मा, आत्माराम एण्ड सन्स, नई दिल्ली ।

२. नेपालको वर्तमान अवधी भाषभाषी भुभाग प्राचिन कोशल राज्य अन्तर्गतको कोशल महाजनपद, शाक्य गणराज्य तथा कोलीय गणराज्यको रूपमा विकसित भएको तथा वर्तमानमा लुम्विनी प्रदेश अन्तर्गतका तराईका जिल्लाहरूमा सांस्कृतिक रूपमा नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ्ग, बाँके, बर्दिया, कैलाली तथा कञ्चनपुर एवं भाषिक तथ्याङ्को दृष्टिले रुपन्देही, कपिलवस्तु, दाङ्ग, बाँके तथा बर्दिया जिल्लाहरू रहेका छन्। वि.स.२०७८ (सन् २०२१) को जनगणना अनुसार नेपालमा कुल अवधी भाषाभाषीहरुको जनसङ्ख्या ८,७४,२७६ (२.९६ प्रतिशत) रहेको छ।

पश्चिमी नेपालको तराई-मधेशका साथै भारतको उत्तरप्रदेश राज्य अन्तरगतको हरदोइ, लखनउ, उन्नाव, रायबरेली, सीतापुर, लखिमपुर, फैजावाद, गोन्डा,बलरामपुर, सिद्धार्थनगर, वस्ती, बहराइच, सुल्तानपुर, प्रतापगढ, बाराबङ्की इलाहाबाद आदि जिल्लामा अवधी भाषा बोलिन्छ। यसका साथै फिजी, मारिसस, त्रिनिदाद, टोबागो, गयाना, सुरिनामसहित अस्ट्रेलिया न्युजिल्यान्ड, हल्यान्ड आदि देशहरूमा लाखौंको सङ्ख्यामा अवधी भाषा बोल्नेहरू रहेका

छन् भारोपीय भाषा परिवारसँग जोडिएको यो भाषालाई कहीं अवदी, अबोही, अमबोधी, वैश्वारी, लखनवी, कोशली, देहाती आदि नामले पनि चिनिन्छ। यसका केही भाषिकाहरू पनि रहेका छन् जसलाई गंगापारी, मिर्जापुरी, प्रतापगढी, दिहाती, परदेशी, फिजी हिन्दी, पूर्वी बोली आदि रहेका छन्।

अवधी भाषाको पारम्परिक लेख्य परम्परामा देवनागरी र कैथी लिपि प्रचलनमा रहेको पाइन्छ। जसमध्ये वर्तमान समयमा देवनागरी लिपि निकै लोकप्रिय रहेको छ। हाल अवधी भाषालाई संवैधानिक रूपमा अधिकार प्राप्त भाषा आयोगले अवधी भाषालाई लुम्बिनी प्रदेशमा सरकारी कामकाजको भाषाको रूपमा लागु गर्नको लागि सिफारिस गरिसकेको छ। विश्वभाषा सूचीमा अवधी भाषा २९ औं स्थानमा रहेको छ।

**जिल्लागत भाषिक तथ्याङ्क**

| जिल्ला | २०२८ साल | २०३८ साल | २०४८ साल | २०५८ साल | २०६८ साल | २०७८ साल |
|---|---|---|---|---|---|---|
| **नवलपरासी** | ३५,६२६ | ६० | ७६ | ५४ | १११ | ४६० |
| **रुपन्देही** | ७०,४४० | ९ | ४,३३० | ४,२०० | ५६,११५ | १,१३,७८६ |
| **कपिलवस्तु** | १,६४,५५ | १,७१,०१२ | २,४८,८६१ | ३,४३,७२७ | २,८४,७०१ | ४,५७,००५ |
| **दाङ** | १,२८१ | ३२६ | ५,३७८ | ९,८५६ | १०३०३ | १४,०२९ |
| **बाँके** | ३७,९९६ | ५९,९०३ | ९७,५१० | १,७०,३९२ | १,१६,४७७ | २,२४,१४४ |
| **बर्दिया** | ३,३२२ | १,०६९ | १५,६१५ | २७,४८४ | ३०,४३० | ४५,२५२ |
| **कैलाली** | ११७ | ४५ | ५१ | ३०९ | ६५ | २,९२४ |
| **कञ्चनपुर** | ४७ | ४६ | १४ | १३४ | ९१ | १८३ |

स्रोतः राष्ट्रिय जनगणना २०२८, २०३८, २०४८, २०५८, २०६८ र २०७८ केन्द्रिय तथ्यांक विभाग

३. अवधी लोकसमाज धार्मिक रूपमा हिन्दु धर्मावलम्बीहरू लगायतको साझा लोकसमाज हो। यस समाजका जातजाति तथा वहाँका पेशाहरू निम्नानुसार रहेका छन ।

## सनातनी समाजका जात/जातिहरु

| क्र.सं. | जात/जाति | बसोबास क्षेत्र |
|---|---|---|
| १. | यादव/अहिर | रुपन्देही, कपिलवस्तु, दाङ्ग, वाँके तथा बर्दिया जिल्ला |
| २. | तेली | |
| ३. | चमार/हरिजन/राम | |
| ४. | कोइरी/कुशवाहा | |
| ५. | कुर्मी/बर्मा | |
| ६. | गिरी/गोसाइ/योगी/सन्यासी/दशनामी | |
| ७. | दुसाध, पासी, पासवान | |
| ८. | सोनार | |
| ९. | केवट | |
| १०. | ब्राह्मण-तराई | |
| ११. | मल्लाह/निषाद (मल्लाह, केवट र बिन/मुखिया) | |
| १२. | कसौधन, अग्रहरी | |
| १३. | हजाम/ठाकुर/नाँउ | |
| १४. | कलवार | |
| १५. | लोहार | |
| १६. | धोबी | |
| १७. | नुनिया/लोनिया | |
| १८. | कोहार/कुम्हार | |
| १९. | कानू/कान्दु/हलुवाइ | |
| २०. | राजपुत | |
| २१. | कायस्थ | |
| २२. | बढ़ई | |
| २३. | मारवाड़ी | |

| क्र.सं. | जात/जाति | बसोबास क्षेत्र |
|---|---|---|
| २४. | बरई | |
| २५. | कहार | |
| २६. | ठठेर | |
| २७. | लोध | |
| २८. | राजभर | |
| २९. | भेडिहार/गड़ेरी | |
| ३०. | चिड़ीमार | |
| ३१. | माली | |
| ३२. | पञ्जाबी÷सिख | |
| ३३. | धुनिया | |
| ३४. | पत्थरकट्टा/कुशवड़िया | |
| ३५. | नटुवा | |
| ३६. | धरिकार/धन्कार | |
| ३७. | कोरी | |

४. अवधी लोक समाज पारम्परिक रूपमा साम¬हिक बसोबास गर्ने उद्देश्यले गाउँ वा शहरको रूपमा खपडा, फूस आदिको घर बनाएर बसेपनि, वर्तमानमा अधिकांश घरहरू एक या दुईतले पक्की घरका रूपमा रहेका छन । पारम्परिक रूपमा बनेका ती घरहरू जाडोमा तातो तथा गर्मीयाममा वाहिरी तामक्रमभन्दा कम तामक्रम रहनेगरी तयार गरिन्थे, तर अहिले बन्ने पक्की घरहरू जाडोमा वाहिरी तापक्रमभन्दा झन चिसो तथा गर्मीयाममा झन तातो हुने गर्दछन । यस समाजमा हरेक बस्ने घर र गोठ धेरै जसो छुटाछुट्टै राख्ने चलन देखिन्छ । घारी भित्रै गाईवस्तुलाइ खुवाउने नादा/हउदी पनि राखेका हुन्छन् । गाईवस्तुका लागि चाहिने चारा राख्ने ठाउँलाइ भुसैला भनिन्छ ।

५. अवधी समाजका पारम्परिक पेशा र उद्योगको कुरागर्दा यहाँको अधिकांश समाज कृषी पेशामा आधारित छ । कृषी पेशाको साथै यहाँको समाज पारम्परिक रूपमा आ-आफ्नो जातीय पेशा अनुसारका स्थानीय स्तरमा उपलब्ध प्राकृतिक स्रोतसाधन उपयोग गरेर

आफ्नो समाजको आवश्यकता परिपुर्ति गर्दै आएका थिए। यसले गर्दा अवधी समाजमा एकातिर कृषिबाट चाहिने खाद्यान्नको आपुर्ति हुने गर्थ्यो भने अर्कोतिर पेशागत आम्दानीबाट आर्थिक आवश्यकताहरूको परिपुर्ति हुने गर्थ्यो। वर्तमान समयमा यी पेशागत उत्पादनलाई समाज र राज्यले महत्त्व नदिंदा हाल यी पारम्परिक पेशाहरू (जस्तै कुम्हाल, बढई, लोहार जातिका पारम्परिक पेशाहरु) प्रायस् समाप्त भइरहेका छन्।

६. अवधी लोक जीवनमा पारम्परिक उपचार पद्धतिको अध्ययनगर्दा अवधी लोक जीवनको उपचार पद्धति मुख्यतया आयुर्वेद र वैदिक चिकित्सामा आधारित छ। यस भुभागमा प्राचिन कालदेखिनै रोगहरूको उपचारका लागि 'चरक संहिता' र 'सुश्रुत संहिता' जस्ता प्राचीन ग्रन्थहरूको जगमा आधारित आयुर्वेदिक पद्धति प्रयोग गरिएको पाइन्छ।

७. अवधी समाजमा प्रयोग हुने वस्त्र तथा आभुषणको कुरागर्दा यस भुभागमा वस्त्र तथा आभुषणको रूपमा नारीहरूले साडी, ब्लाउज, पेटीकोट, लहगाँ (घाघर), चुनरी, चोली, जम्फर, कुर्ता सुरुवाल तथा विभिन्न किसिमका श्रृङ्गार प्रशाधन र पारम्परिक रूपमा गरगहना लगाउने गरेता पनि वर्तमान युवा महिलाहरू हाल आएर कुर्ता सलवार र अन्य प्रकारका लुगाहरू लगाउन थालेका छन्। यसै किसिमले पुरुषहरूले धोती, कुर्ता, पगडी, घाँटीमा रुमाल, जुत्ता, चप्पल, पाइजामा, बहकटी आदि लगाउने गर्दछन। श्रृङ्गार प्रशाधनमा पुरुषहरू हातमा औंठी, घाँटीमा सिक्रि र मख्खी लगाउने गर्दछन। कपालमा सुगन्धित तेल र पाएसम्म शरीरमा सेन्ट तथा गुलाबजल छर्कने र पान खाने प्रचलन धेरैजसोमा पाइन्छ।

८. अवधी समाजमा पाइने भाँडाकुँडा र औजार सम्बन्धमा यस समाजमा फुल, काँसा, तामा, पित्तल, फलाम आदि धातुका बटुला, बटुली, खखरा, हन्डा, हन्डी, करछुल, गगरा, गगरी, थाल, कचौरा, गिलास, आदि प्रयोगमा रहेको पाइन्छ। पूजाआजामा मुख्यतः तामाबाट बनेका भाँडावर्तनहरू प्रयोगमा ल्याइन्छन्। यसै प्रकारले धातु, काठ तथा माटोबाट बनेका डोकनी, टोइयां, बधनी, बोरसी, छीपा, खोन्हा, डेहरी र बाल्टी पनि भाडाकुडाका रूपमा प्रयोगमा छन्। साथसाथै गाइवस्तुहरूलाइ चारा खुवाउनका लागि काठ, माटो र सिमेन्टले बनेका हउदी प्रयोगमा ल्याइन्छ। अन्य प्रयोगमा ल्याउने भाँडाकुँडाहरूमा पित्तल माटोले बनेका खानपानका पात्र आदि आउँछन। औजारहरू मुख्य रूपमा फलाम र काठले बनेका कृषि सम्बन्धी औजार हर, फार, कोदालो, कोदाली, बसुला, हथौडा, हथौडी, खन्ता,

बञ्चरी, बञ्चरो, हंसिया, खुर्पी, गणाशा आदि यस समाजमा मुख्य रूपमा उपलब्ध रहेका छन्।

९. अवधी समाजको आम्दानी प्रमुख परम्परागत सीपको कुरागर्दा यस समाजमा कृषी उत्पादन, फलफुल उत्पादन, पशुपालन, माछा पालन तथा हस्तकला वा वस्तु उत्पादन गर्ने परम्परागत सीपहरू (जस्तैः माटाका भाँडा बनाउने वा बुन्ने कला) जातिगत रूपमा नै उपलब्ध भएतापनि वर्तमानमा यी सीपहरू व्यवस्थित स्वरूपमा व्यवसायिक हुन सकेका छैनन्। केही जातिय सीपहरू त प्रायः समाप्त समेत भइसकेका छन्। यसै किसिमले यस समाजमा मन्त्रतन्त्रबाट गरिने उपचार पद्धतिका ज्ञाताहरू हाल उपलब्ध छैनन्।

१०. अवधी समाजमा पारम्परिक यातायात र सञ्चारलाईहेर्दा यहाँ यातायातका साधनको रूपमा गोरूगाडा, घोडा, हात्ती तथा पालकी प्राचीनकाल देखिनै यो समाजमा प्रचलित रहेको पाइन्छ। यी परम्परागत यातायातका साधनबाहेक अहिले वर्तमानमा आएको साइकल, मोटरसाइकल, रिक्सा, एक्का, ट्रेक्टर र कही कही जीप, कार र बसको प्रयोग यातायातको साधनको रूपमा प्रयोग भएको देखिन्छ। विवाहमा महिलाहरूको लागि डोली र पाल्की पनि हाल आएर विवाह, गवन (द्विरागमन) आदिमा सिमित रहेको पाइन्छ। यहाँ सञ्चार र सुरक्षाको लागि गाँउमा सामूहिक रूपमा एकजना चौकीदार राख्ने चलन धेरै पहिले देखि छ। यसै प्रकार उत्सव र संस्कारगत कार्यहरूको समयमा निमन्त्रणा पठाउने काम नाइद्वारा गर्ने गरिन्छ।

११. अवधी भाषी क्षेत्रका पुरातात्विक स्थलमध्ये भगवान गौतम बुद्धको जन्मस्थलका रूपमा रहेको लुम्बिनीस्थित मायादेवी मन्दिर, कपिलवस्तु जिल्लामा रहेका प्राचीन कपिलवस्तु राज्यको राजधानी र सिद्धार्थ गौतम (भगवान बुद्ध) ले आफ्नो जीवनका २९ वर्ष बिताएको ऐतिहासिक स्थल तिलौराकोट, भगवान बुद्धले बुद्धत्त्व प्राप्त गरेपछि आफ्नो कान्छी आमासित चीर वस्त्र दानमा लिएको स्थान कुदान, पुर्व बुद्ध कनकमुनि बुद्धको जन्मस्थान प्राचीन शोभावती नगर (निग्लिहवा) ऋकुच्छन्द बुद्धको जन्मस्थल र निर्वाणस्थल खेमवती नगर (गोटिहवा), शाक्यहरूको सामूहिक नरसंहार गरिएको ठाउँ सगरहवा, नवलपरासी जिल्लामा रहेको रामग्राम स्तूप, कपिलवस्तु जिल्लाको धम्निहवा स्तुप, कपिलवस्तु जिल्लाको उत्तर-पूर्वपट्टि सुराइनाकाको पश्चिम तथा देउखुरीको सिमानामा अवस्थित पाषाणकालमा मानवसम प्राणीको बसोवास रहेको पाइएको स्थान धानखोला, यसै

किसिमले यस क्षेत्रका धार्मिक स्थलहरू मध्ये कपिलवस्तु जिल्लाको तौलिहवामा रहेको ताम्रेश्वर महादेव मन्दिर र समय माइस्थान, तिलौराकोटको दक्षिणपश्चिमपट्टि वाणगङ्गा नदीको पूर्वी किनार रामघाटमा अवस्थित प्राचिन कपिलमुनिको आश्रम, कपिलवस्तु जिल्लाको धान खोलामा रहेको प्राचिन शिव मन्दिर, वाके जिल्लाको नेपालगञ्जमा अवस्थित वागेश्वरी मन्दिर, दांग जिल्लाको लमही नगरपालिका-९, देउखुरीमा अवस्थित रिहार धाम (बगार बाबा धाम), रूपन्देही जिल्लाको ओडवलीया गाउँमा अवस्थित मर्चवारी माइको स्थान, नवलपरासी जिल्लाको सुस्ता गाउँपालिकामा पर्ने त्रिवेणी घाट, नवलपरासी जिल्लाको प्राचिन सुस्ता गाउँपालिकाको महलवारीमा पर्ने मदार बाबा स्थान, नवलपरासीको प्राचिन मनरी ७ जावामा रहेको प्राचीन कोलिय वंशसँग सरोकार राख्ने कोलवृक्ष तथा प्राकृतिक स्थलको रूपमा रहेका कपिलवस्तु जिल्लाको कपिलवस्तु नगरपालिका (वडा नं.९ र १०) मा अवस्थित नेपालकै सबैभन्दा ठूलो मानव निर्मित जगदीशपुर ताल आदि स्थान एतिहासिक तथा पुरातात्त्विक दृष्टिले अत्यन्त महत्त्वपुर्ण छन्।

यसै किसिमले लोकदेवीदेवताको सन्दर्भमा अवधी समाज बसोबास गर्ने हरेक गाउमा ग्राम देवताका रूपमा डिउहार बाबा, कालीमाइ, समयमाइ, व्रह्म बाबा, डहरचन्नी, रथवाही देवी, नागदेवता लगायतका स्थान हुन्छन। यी स्थानमा ती गाउका मानिसहरू साम¬हिक रूपमा विशेष समय समयमा विशेष पुजाआर्जा गर्ने गर्छन ।

१२.अवधी समाजमा लोकजीवन दर्शन परम्पराको कुरागर्दा यस समाजमा विद्यमान दर्शन परम्पराले एउटा सर्वशक्तिवान सत्तालाई स्वीकार गरेको छ, तिनै सर्वशक्तिवान संसारका कण-कणमा व्याप्त छन्। पृथ्वीमा विद्यमान हरेक कणमा कुनै न कुनै शक्ति अवश्य रहेका छन्। जसले ग्रह, नक्षत्र, लोकहरूलाई आफ्नो संचालनमा लिएका छन्। सम्पूर्ण व्रम्हाण्डलाई अनुशासनमा बाधेका छन्। यस प्राकृतिक स्वरूपमा थोरै मात्र असन्तुलन भए महाप्रलयको स्थिति सिर्जना हुन सक्छ। पाँच तत्वमा कुनै पनि तत्व असन्तुलित भएमा त्यसको प्रभाव सम्पूर्ण संसारमा पर्छ।

१३.अवधी लोकसमाजमा पाइने लोक वाद्य यन्त्रको सन्दर्भमा अवधी समुदायका मान्यताका देवी-देवता र ऋषिमुनि समेत खास खास बाजाहरुले आकर्षित छन्। विष्णुको शंख, महादेवको डमरू, सरस्वतीको वीणा, नारदको करताल, कृष्णको मुरली र मीराको घुंघुरू

सम्बन्धित शक्तिहरुका पहिचान वोधक छन्। यस मान्यता र आस्थालाई कायम राख्दै अवधी समुदायका प्रमुख बाजाहरू शंख, डमरू, बासुरी, घुँघरू, ढोल, तबला, नगाड़ा (नग्गारा), डफला, मृदङ्ग, तासा (टिम्की), डंका, खैंजडी, मजीरा, झाँझ, हारमोनियम, घण्टी, वीन, सारङ्गी, सहनाई, सितार, नरसिंहा, तुरुही, पिपिहिरी, हुड़का, गिटार हुन।

१४. अवधी समाजमा पाइने पारम्परिक अस्त्रशस्त्रको रूपमा लठ्ठी, भाला, बरछी, फरसा, तरवार, ढाल, किरच, धनुष-बाण (धनु र काँड), बन्दुक आदि सामाजिक तथा धार्मिक महत्त्वकासाथ प्रयोगमा छन।

१५. अवधी संस्कृतिमा मनाइने चाड पर्व र जात्राको सन्दर्भमा अवधी भाषी समाज मुख्यतः हिन्दू धर्मालम्बीहरू लगायतको साझा समाज भएकोले यहाका हिन्दु धर्मावलम्बी लगायतकाले धेरैजसो चाडपर्वहरू आ-आफ्नै किसिमले मनाउछन।

यी मध्ये हिन्दु धर्मावलम्बीले मनाउने चाडपर्व र जात्राहरू वर्णव्यवस्था र आश्रमव्यवस्थामा आवश्यक पर्ने आधारहरूमा व्यवस्थित रहेको देखिन्छन्। सङ्क्षेपमा यी चाड पर्व र जात्राहरू बरसाइत व्रत (वटसावित्री पूजा), नाग पञ्चमी (गुडिया) पर्व, रक्षा बन्धन (राखी) पर्व, कजरी तीज, नवरात्र (नौरथा) व्रत, दसहरा (दशैं) पर्व, देवाली (दीपावली) पर्व, करवा चौथ, खिचडी, सकठि व्रत, महाशिवरात्री व्रत, फगुवा (होली), सतुवानि, चइत रामनवमी पर्व र बुद्ध जयन्ती हुन।

१६. अवधी समाजका चाडपर्वहरूमा विभिन्न प्रदर्शनकारी कलाका कार्यक्रmमहरुका लागि उपयुक्त अवसर मानिन्छन। दशैंको अवसरमा यहाका मानिसहरू जम्मा भै अष्टमी र नवमीमा गरिने मार हान्ने वा शस्त्राभ्यासको प्रदर्शन हुन्छ। यसै प्रकारले तरवार संचालन प्रर्दशन पनि गरिन्छन। तराइतिर नागपञ्चमी (श्रावण सुदी पञ्चमी) पुजाआजाका साथसाथै कुस्ती र लठ्ठी हात अभ्यास प्रदर्शन गरिन्छन। "गुडिया पीट्ने" यस चाडको प्रमुख प्रदर्शन हो। यसै किसिमले अन्य चाड-पर्वहरूमा पनि समयानुकूल मनोरन्जनात्मक प्रदर्शनहरू गर्ने गरिन्छ।

१७. अवधी समाजको भोजन व्यवस्थाको कुरागर्दा यस समाजका पर्व तथा उत्सवहरूको विशेष परिकारको रूपमा सवई, पुडी, कचौड़ी, दालपुडी, दहीबडा, मालपुवा, गुलगुला, गोझिया, फरा आदि पकवान बनाइन्छन्। व्रतका अवसरमा फाफडका परिकार, आल¬का परिकार, वाक्लाका परिकार, सिकंजी, शकरकन्दको खीर, सिंगाडाको लप्सी, अमावटको चटनी,

आपको गुठलीको रोटी आदि यस समाजमा बनाइन्छ। पर्वका जस्तै विभिन्न संस्कारहरूमा पुड़ी, कचौड़ी, दाल, दही बड़ा, खीर, सोठौरा, हरीरा, पना फुलौरी, उरुद कै खड़ी दाल आदि व्यञ्जन बन्छन्। यसै किसिमले ऋतुमा आधारित महुवा, कटहर, शकरकन्द, आम (आँप), टेउंसा, कोहड़ा (फर्सी) को फुल, सनइको फुल आदि पाक्छन भने श्रम कार्यगर्दा यहाँका मानिसलाई सहज तथा गरिष्ठ भोजनको आवश्यकता रहेकाले सो समयमा खाने चना, मटर, उर्द, महुवा आदिबाट बन्ने घुघरी, सतुवा (सत्तु), लाटा, चबैना आदि खाने गर्छन्। साथै हरियो सागपातको रूपमा यस समाजमा चना, सरसो, वेथुवा (वेथे), पालक, मेथी, चौलाइ, अमलोना, मकोय, गुमा आदिका साग यहाँ अत्यन्त रुचिका साथ खाद्य पदार्थका रूपमा खाने गरिन्छ।

यहाँ स्वास्थ्य वा औषधीय भोज्यको रूपमा गोमा (द्रोण पुष्पी) तथा मकोयको साग (पीलिया रोगमा तथा जीर्ण ज्वरो तथा भोक नलाग्ने अवस्थामा विशेष उपयोगी) खान्छन। यस्तै सोठौरा तथा हरीरा पनि प्रसुता महिलाहरूलाई स्वास्थ्यका लागि आश्चर्यजनक लाभ प्रदान गर्छ। आलसको लड्डुले शरीरको कमजोरी हटाउछ।

यसकासाथै यस समाजमा ऋतु अनुसारको पेय पदार्थलाई अत्यन्त रुचिका साथ खाने गरिन्छ। यी पेय पदार्थहरूबाट शरीरलाई तुरन्त उर्जा प्राप्त हुनुका साथै यी शरीरका लागि सुपाच्य हुनुको साथै यिनीहरूले शरीरका विभिन्न अंगहरूको सरसफाइ पनि गर्ने गर्छन। उदाहरणका लागि उखु, भेली, कागती पानी, बेल, आँप आदिको रसलाई लिन सकिन्छ। यसका साथै यी मध्ये केहीमा पुदिना पनि मिलाएर खाइन्छ।

यस समाजमा प्रयोग गरिने षटरस भोज्यको कुरागर्दा यसलाई यहाँ मूल रूपमा चटनीका रूपमा खाने गरिन्छ। चट्नीलाई स्वास्थ्यका दृष्टिकोणले अहिले उपयोगी नमानिए तापनि यसमा छ रसहरू क्रमशः गुलियो (मीठा), अमिलो (खट्टा), पीरो (कडुवा), नुनिलो (नमकीन), तिक्त तथा टर्रो (काषाय) हुन्छ। यसले हाम्रो शरीरका लागि आवश्यक रसजन्य हरेक किसिमका सुक्ष्म तत्वहरूको आपुर्तिमा सहयोग गर्ने गर्छ।

१८. अवधी लोक समाजका संस्कारहरूलाई धार्मिक तथा सामाजिक दुवै रूपमा महत्वपूर्ण स्थान प्राप्त रहेको यस अवधीसमाज अन्तर्गतको हिन्दु धर्मावलम्बीहरूमा जन्मदेखि मृत्युसम्म कुल सोह्रवटा संस्कारहरू १. गर्भाधान २. पुंसवन ३. सीमन्तोन्नयन (जन्म) जाति कर्म ४. जन्म संस्कार, ५. नामारकण ६. निष्क्रमण ७. अन्नप्राशन ८. चूडाकर्म

९. कर्णवेध १०. उपनयन (व्रतवन्ध) ११. विद्यारम्भ १२. समावर्तन १३. विवाह १४. वानप्रस्थ १५. सन्यास १६. अन्त्येष्टि प्रचलन रहेको पाइन्छ।

१९. अवधी भाषाभाषी समाजमा पाइने नाता रिश्ताका शब्दावलीको कुरागर्दा यस समाजमा आमासित सम्वन्धित नाता शब्द नाना, नानी, मामा, मामी, मउसी, मउसा, मौसेरा भाइ मौसेरा वहिन, मौसेरा सासु, मौसेरा ससुर, ममिया सासु, ममिया ससुर, ममियाउत भाई, ममियाउत बहिन, भाई, बहिन, समधी र समधिन हुन भने पितासित सम्वन्धित नाता शब्द भाई, बहिन, काका, काकी, वड़का दादा, वड़की माइ, फुआ, फुफ्फा, चाचा, चाची, बाबा, परदादा, आजा, आजी, दादी, मइया, समधी, समधिन हुन। यसै किसिमले भाइसित सम्वन्धित नाता शब्द भयहु, भउजी, भतीजा, भतीजी, बहिनीसित सम्वन्धित नाता शब्द बहनोई, पत्नीसित सम्वन्धित नाता शब्द सार, सरहजि, साण्हू, भसुर, जेठ जेठानि, देवर, देवरानि, नन्दि, नन्दोइ, पति, मर्द, पतिसित सम्वन्धित नाता शब्द दुलहिन, मेहरारू, हजुरबुवा र हजुरआमासित सम्वन्धित नाता शब्द नाती, नातिन, पनाती, पनातिन पाइन्छन।

यसकासाथै अवधी भाषाभाषी समाजमा अर्को के पाइन्छ भने एउटै स्थान, गाउँ, टोल आदिमा जुन जुन परिवारमा आपसी घनिष्टता छ, त्यहा एक परिवारका मानिसहरू जुन सम्वन्ध वाचक शब्दको प्रयोग गर्छन, अर्को परिवारका मानिसहरू पनि त्यस मानिससितको नाता शब्दको प्रयोगका लागि त्यही शब्दको प्रयोग गर्छन। उदाहरणका रूपमा एक परिवारको भिनाजु, मामा, सालो, ससुरा आदि अर्को परिवारको समान नाताका मानिसहरूका लागि पनि त्यही मानिन्छ र त्यही रूपमा सम्वोधित गरिन्छ।

२०. अवधी भाषाभाषी समाजमा हरेक शब्द अर्थवोधक हुन्छन र अर्थवोधनका लागि यसलाई भाषाको शब्द भण्डारमा स्थान प्राप्त छ। तर कालान्तरमा आदर, लज्जा, अन्धविश्वास, अश्लीलता, शर्म, घृणास्पदता, गोपनीयता, भय, कुश्राब्यता आदिका कारणले समाजले केही शब्दहरूको प्रयोगमा रोक लगाएको हुन्छ । यस प्रकारका शब्दहरूको रोक भाषाको आन्तरिक व्यवस्थासित सम्वन्धित नभएर समाजको स्वीकृति अस्वीकृतिसित सम्वन्धित हुन्छन। समाजद्वारा रोक लगाइएका यस्ता शब्दहरूलाइ अङ्ग्रेजीमा टैबू (Taboo) भनिन्छ।

२१. अवधी लोकसाहित्य विविधताले भरिपुर्ण छ। अवधी लोकसाहित्य मध्ये यस समाजमा पाइने गद्य लोकसाहित्यलाई ध्यानपूर्वक हेर्दाखेरि यस अन्तर्गत रहेका अवधी लोककथा,

लोकोक्ति गाउँखाने कथा तथा उखान टुक्का आदि हरेक उपविधा अन्तर्गत प्रशस्त साहित्य उपलब्ध छन्। यी मध्ये अवधी लोक कथाको कुरागर्दा यस समाजमा विषयवस्तुको आधारमा प्रशस्त मात्रामा ऐतिहासिक कथा, प्रकृति सम्बन्धी कथा, पौराणिक कथा, सामाजिक कथा, नीति कथा, व्रत कथा, काम वा रति सम्बन्धी कथा, पराव्क्रम र साहस सम्बन्धी कथा, ठगी र धोका सम्बन्धी कथा, हास्य व्यङ्ग्य कथा, लघु छन्द कथा, पशुपन्छी सम्बन्धी कथा, भूतप्रेत जादू टोना र परीकथा तथा लघु कथाका स्वरूपहरू उपलब्ध छन्।

२२. अवधी लोकसाहित्य अन्तर्गतको यस समाजमा पाइने अवधी लोकोक्तिको कुरागर्दा यस समाजमा प्रशस्त मात्रामा उखान (कहावत) तथा गाउखाने कथा (बुझउवलि) उपलब्ध छन। यी मध्ये उखानको कुरागर्दा विषयवस्तुको आधारमा यस समाजमा प्रकृतिसम्बन्धी लोकोक्ति (कहावत), कृषिसम्बन्धी लोकोक्ति (कहावत), सामाजिक लोकोक्ति, जातिसम्बन्धी लोकोक्ति, नीतिसम्बन्धी लोकोक्ति, यात्रा तथा दिशाशूलसम्बन्धी लोकोक्ति, लुगा लगाउने सम्बन्धी लोकोक्ति, कुकुर टोक्ने (काट्नु) परिणाम सम्बन्धी लोकोक्ति, शुभाशुभ शगुन विचार सम्बन्धी लोकोक्ति, छींक बिचार सम्बन्धी लोकोक्ति, छिपकली या छेपारो विचार सम्बन्धी लोकोक्ति, स्वास्थ्यसम्बन्धी लोकोक्ति र घाघ र भड्डरी सम्बन्धी लोकोक्ति पाइन्छन।

यसै किसिमले यस समाजमा पाइने गाउखाने कथाको कुरागर्दा विषयवस्तुको आधारमा यस समाजमा आकाश र समय, आगो, पानी, चराचुरुङ्गी जीवजन्तु, कुटुम्ब, व्यवसाय, आहारा, घर गृहस्थीको सामग्री र गणितसित सम्बन्धित प्रशस्त गाउखाने कथा उपलब्ध छन्।

२३. अवधी लोकसाहित्य अन्तर्गतको पद्य साहित्यको कुरागर्दा यस समाजमा लोकगीत तथा लोकगाथाको भण्डार उपलब्ध छन्। यी मध्ये अवधी लोकगीतको कुरागर्दा विषयवस्तुको आधारमा अवधी समाजका सनातन धर्मावलम्बीसमाजमा संस्कार गीत अन्तर्गत जन्म संस्कारसम्बन्धी गीत (सोहर, उलारा, देवी गीत, लोचना/रोचना, बधाई, छट्ठि गीत, बरही गीत, पासनी गीत), चूडाकर्म संस्कार सम्बन्धी गीत (मूंडन गीत), व्रतवन्ध संस्कारका गीत (जनेव गीत), वियाह गीत (तिलक वा सगुन गीत, भोरहरी र संझउती गीत, तेलवाइ र माटी छुवाइ गीत, माडव तथा वेदी गीत, मात्रिका पूजन गीत, सिल पोहनी गीत, आँधी (हावा, हुरी) पानी बन्द गर्ने गीत, बेसार गीत, सागर खनाई गीत, नहछू गीत, लावा भुजाइ

गीतकासाथै बर पक्षको बरात कन्या पक्ष कहा प्रस्थान गर्दा गाइने गीतमा कुवा/इनार पूजन गीत, नकटौरा/नकटा गीत, तथा कन्या पक्ष कहा गाइने गीतमा अगुवानी गीत, द्वार पूजा गीत, बर मण्डप/माडवमा आउदा गाइने गीत, डाल पूजा गीत, पाँव पुजाइ गीत, कन्यादान गीत, पानी ग्रहण गीत, सिन्दुरदान गीत, लावा परिछन/भावर गीत, कोहबर गीत, विदाइ गीत, परिछन गीत र गवना गीत) लगायतका गीत पाइन्छन्।

यसै प्रकारले मृत्यु संस्कारमा निर्गुन गीत गाइन्छ ।

यसै किसिमले यस समाजमा ऋतु गीतको स्वरूपहेर्दा यहा कजरी (कजली), सावनी, बारहमासा, चौमासा, होली गीत (डेढ ताल, चौताल, झौतल्ली, चहका, धमारी, फगुवा र चइता गीत पाइन्छन भने जातिगत गीतको रूपमा अहिर जाति गीत (बिरहा), धोबी जाति गीत (बिरहा), कोहार जाति गीत (कोहरउवा), कहार जाति गीत (कहरउवा), नाऊ जाति गीत (नउवाझकोर), माली जाति गीत, चमार जाति गीत, गडरिया जाति गीत, जोगी गीत आदि उपलब्ध छन्।

यसकासाथै धार्मिक गीतको रूपमा व्रत उपवास पर्व, दान स्नानका गीत (चैत्र रामनवमीको गीत, वरसाइत गीत, नागपञ्चमी गीत, कृष्णजन्माष्टमी गीत, नवरात्र गीत, डिठवन गीत, नहान गीत, शिवरात्री गीत) देवी देवतासम्बन्धी गीत मध्ये देवी गीत (शीतला माइको गीत, संकटा माइको गीत) देवता सम्बन्धी गीत, बनस्पति सम्बन्धी गीत(नीम गीत, बर (बरगद) को गीत, अमला (अवरा)को गीत, बेलको गीत, कुशको गीत, नदीको महिमा (गंगाको महिमा गीत, यमुनाको महिमा गीत), बादर (बादल) को महिमा गीत, गाईको महिमा गीत आदि गाइन्छन। यी सबैकासाथै अवधी समाजमा श्रम गीत (निरउनी गीत, जाता (जतसारी) गीत, कटिया गीत, रोपाई गीत) र खेल तथा पालना सम्बन्धी गीत प्रशस्त मात्रामा उपलब्ध छन् ।

अवधी समाजको लोकगाथाको कुरागर्दा यस समाजमा आल्हा, चनैनी, कन्हाई, शोभानयका बनजारा, कुसुमा कै पवाडा, चन्द्रावलि कै पवाडा, सोरठी, बिहुला, राजा भरथरी, राजा गोपीचन्द, रानी सारङ्गा-सदाबृक्ष आदि लोकगाथाहरूको गायन परम्परा विद्यमान रहेतापनि वर्तमानमा यी लोकगाथाहरू हराउँदै गएका छन् ।

२४. अवधी लोक समाजमा रहेका अवधी लोकनाट्य तथा सङ्गीतलाई हृदयांगमगर्दा यस समाजमा विषयवस्तुको आधारमा धार्मिक लोकनाटकको रूपमा रामलीला तथा रासलीला,

ऐतिहासिक लोकनाटकको रूपमा भक्तपुरनमल लोकनाटक, ऐतिहासिक लोकवृतात्मक लोकनाटकको रूपमा नेटुवादयाल सिंह नाटक, सामाजिक लोकनाटकको रूपमा सुरुवा नाटक तथा लिल्ली घोडी नाटककासाथै अन्य लघु लोकनाटिकाको रूपमा स्वाङ, बहुरूपिया, भाडभडैती लगायतका लोकनाटकहरू पारम्परिक रूपमा उपलब्ध थिए। तर आधुनिक संशाधनको विकाससंगै यी लोकनाटक विस्तारै विलिनहुँदै गइरहेका छन्।

२५. अवधी समाजमा पाइने यी लोकनाटकको विशेषताको कुरागर्दा यस समाजमा पाइने लोकनाटकका प्रमुख विशेषताहरू संक्षेपमा निम्नानुसार देखिन्छन्ः

१. यस समाजमा प्रचलित बाँदर भालुको खेल हेर्दा यसलाई नै अवधी लोकनाटकको आदि रूपमा लिन सकिन्छ। यो परम्परागत रूपमा केही मात्रामा आज पनि जीवित छ।

२. यस समाजमा धार्मिक, (रामलीला, रासलीला), सामाजिक (चडेरा, सफेरा नाट्य विधी) जातिगत (कोहरउवा, धोबियवा आदि) र अन्य लोकनाटकको अध्ययन गर्दा यिनीहरूले अवधी लोकसमाजको लागि धार्मिक, सामाजिक, नैतिक र व्यक्तिगत आचरण र व्यवहारबारे विस्तृत जानकारी गराउनको साथै समाजलाई सजग बनाइराख्न दिशानिर्देश कै रूपमा उपलब्ध रहदै आएका देखिन्छन् ।

३. विभिन्न दृश्यलाई एक अर्कासित आवद्ध गराउनको लागि समाजीको रूपमा एउटा अदृश्य रङ्कर्मीको प्रयोग गरिन्छ। जसकारण दर्शकहरूलाइ कथानकको पूर्ण आनन्द लिनमा बाधा उत्पन्न हुदैन।

४. स्वाङ र प्रहसनको माध्यमले समाज वा व्यक्तिको खराब आचरण र क्रियाकलापमाथि कटु व्यङ्ग्य गर्ने गरिन्छ, यसबाट सामाजिक चेतना र सो सम्बन्धमा तीब्र स्वर प्रकट भएर आउछ।

५. अवधी लोकनाटकको दृश्य समायोजन लोकसमाजको वातावरणमा नै आधारित भएकोले कतै केही पनि औपचारिक हुदैन।

२६. अवधी लोकसमाजमा पाइने नृत्यलाई हेर्दा यस समाजमा कत्थक नृत्य, पतुरिया नृत्य, तेस्रो लिङ्गी नृत्य, लिल्ली घोडी नृत्य, कहरउवा नृत्य, धोबिया नृत्य, अहिर जाति नृत्य (फरुवाही), कोरी जाति नृत्य, कोहरउवा नृत्य, तथा सफेडा नृत्य पारम्परिक रूपमा

उपलब्ध भएतापनि हाल यी मध्येका अधिकांश नृत्य अत्यन्त कमजोर र न्युन स्वरूपमा उपलब्ध छन ।

२६. अवधी लोकसमाजमा रहेका लोकचित्रका स्वरूपहरू विविधतायुक्त अर्थात यहाँ भित्तिचित्र, भुमि चित्र, ठप्पा चित्र, पात्र चित्रण, गोदना, मेहदी, कढ़ाइ, नक्काशी, मीनाकारी, टेराकोटा, मूज कला (सिक्की कला), लाख कला आदि रूपमा चित्रित हुने गर्छन। यी चित्रहरूलाई चित्रितगर्दा बनाइने हरेक रेखा, रङ्ग तथा चित्रहरूको आ-आफ्नै सामाजिक तथा धार्मिक महत्त्व रहेका छन् ।

## २.८. निष्कर्ष तथा सुझाव

- मधेशी समाज अन्तर्गतको अवधी लोकसमाज प्राचिन कालदेखि नै अत्यन्त विकसित तथा वौद्धिक क्षमतायुक्त समाजको रूपमा रहेकाले यस समाजमा रहेका पारम्परिक मुर्त तथा अमुर्त सांस्कृतिक स्वरूपहरू अत्यन्त उन्नत तथा समाज उपयोगी रहेका थिए।
- यस समाजको लोक दर्शन परम्पराले सनातनीहरुका इष्टदेव मर्यादापुरुषोत्तम भगवान श्रीराम तथा वौद्ध धर्मावलम्बीहरूका इष्टदेव शान्तिका अग्रदूत भगवान गौतम बुद्ध जस्ता युग पुरुषहरूलाई जन्म दिएका छन्।
- यहाको लोकसमाजको मुख्य आम्दानीको स्रोतमा खेतीपाती र पशुपालन तथा सहायक स्रोतमा मजदुरी, नोकरी र घरेलु व्यापार रहेको भएतापनि हालसम्म पनि यी सबै पारम्परिक स्वरूपमा नै रहेकोले आम्दानीको स्रोत बन्न सकेका छैनन।
- यसै किसिमले अवधी भाषामा शिक्षाको अवस्था हेर्दाखेरि नेपालमा औपचारिक रूपमा विषय तथा माध्यम भाषा दुबै स्वरूपमा कक्षा १२ सम्म तत्काल शिक्षण कार्य आरम्भ गर्न सकिने अवस्था हुनुकासाथै अनौपचारिक शिक्षातर्फ साक्षर तथा साक्षोत्तर तहकालागि चाहिने सामाग्रीहरू उपलब्ध रहेकाले यसलाई पनि स¬गमताकासाथ सञ्चालन गर्न सकिने अवस्था छ।
- यसै किसिमले छापा, रेडियो तथा टेलिभिजन तीनवटै स्वरूपमा सञ्चार क्षेत्रमा अवधी लोक स्वरूपको प्रयोग भइरहेकोले आगामी दिनमा यी सबै क्षेत्रमा आवश्यकता अनुसार व्यापकता ल्याउन सकिन्छ।

- भाषा आयोगले लुम्विनी प्रदेशकालागि प्रदेशगत सरकारी कामकाजको भाषाको रूपमा अवधी, थारू तथा भोजपुरी भाषालाई प्रदेशको सरकारी कामकाजको भाषाका रूपमा कार्यान्यिवयनमा ल्याउनका लागि सिफारिस गरेको छ।
- यसै किसिमले अवधी लोकसमाजको बसोबास रहेको क्षेत्रमा लुम्विनी, तिलौराकोट, कुदान, निग्लिहवा, गोटिहवा, रामग्राम, तौलेश्वर नाथ (ताम्रेश्वर महादेव) मन्दिर, वागेश्वरी मन्दिर जस्ता महत्त्वपुर्ण धार्मिक तथा पुरातात्त्विक स्थलहरू रहेकोले, वर्तमानमा लुम्विनी विकास कोष तथा लुम्विनी प्रदेश सरकारले प्रयोगमा ल्याइरहेको यस क्षेत्रको धार्मिक पर्यटन प्रवर्धनको प्रयासमा सांस्कृतिक पर्यटनलाई समेत जोडेर पर्यटन प्रवर्धनको प्रयासलाई अघि बढाउनुपर्ने आवश्यकता देखिन्छ। यसले पर्यटन बसाइ अवधिलाई बढाउनमा विशेष सहयोग पुर्याउने छ।
- अवधी समाज बसोबास गर्ने हरेक गाउमा ग्राम देवताहरूको स्थानलाई चिन्हित गरी पारम्परिक रूपमा सामुहिक रूपमा हुदै आएका पुजा पद्धतिलाई निरन्तरता प्राप्त हुनुकोसाथै नया पुस्तालाई आफ्नो लोक समाज तथा स्थानीय पर्यावरणसित परिचित हुन विशेष रूपले सहयोग पुर्याउँछ।
- अवधी समाजमा प्रयोगमा रहेका वाद्ययन्त्रहरू मध्ये पारम्परिक रूपमा जन्मदेखि मृत्यु संस्कारसम्म बजाइने डफला तथा कुमाल समुदायको जातिय नृत्य तथा सफेडा नृत्यमा बजाइदै आएको हुडका वाद्ययन्त्र पुर्ण रूपमा हराउन थालेकाले यसलाई संरक्षित गर्न आवश्यक छ।
- पारम्परिक अस्त्रशस्त्रको रूपमा लट्ठी, भाला, बरछी, फरसा, तरवार, ढाल, किरच, धनुष-बाण (धनु र काँड), अस्त्रहरूको प्रयोग घटिरहेकोले यी सबैलाई समयमा नै सङ्कलित गरेर आवश्यक जानकारी सहित संरक्षित गर्नुपर्ने आवश्यकता छ।
- वस्त्र तथा आभुषणको रूपमा सामाग्रीहरू यहाको वातावरण अनुकूल रहेकोले स्थानीय समाज तथा राज्यले यी सबैलाई महत्त्व प्रदानगर्दै यी सबैको प्रयोगलाई बढावा दिनुपर्ने आवश्यकता छ।
- यसै किसिमले समाजमा फुल, काँसा, तामा, पित्तल, फलाम आदि धातुका बटुला, बटुली, खखरा, हन्डा, हन्डी, करछुल, गगरा, गगरी, थाल, कचौरा, गिलास, आदि भाँडाकुँडा र औजारको रूपमा पारम्परिक रूपमा प्रयोग रहेकामा हाल यी मध्येका अधिकांशको

प्रयोग कम हुदै गएकोले, यी सबैको प्रयोगको अवस्था सहित उचित स्थानमा समयमा नै सङ्ग्रहित गर्नुपर्ने आवश्यकता छ ।

- यस लोक समाज पारम्परिक रूपमा सामुहिक बसोबास गर्ने उद्देश्यले गाउँ वा शहरको रूपमा खपडा, फूस आदिको घरका स्वरूपलाई उपलब्ध संशाधानको प्रयोगका माध्यमले यस स्वरूपलाई समयानुकूल बनाएर यस्ता स्वरूपलाई पुनः स्थापित गर्नुपर्ने आवश्यकता छ ।
- अवधी लोकसमाजमा रहेका लोकचित्रका स्वरूपहरू जस्तै भित्तिचित्र, भुमि चित्र, ठप्पा चित्र, पात्र चित्रण, गोदना, मेहदी, कढाइ, नक्काशी, मीनाकारी, टेराकोटा, मूज कला (सिक्की कला), लाख कला आदि व्यवसायिक दृष्टिले प्रवर्धन गर्न अत्यन्त आवश्यक रहेकोले यसमा थप अध्ययन अनुसन्धान गरिगराई व्यवसायिकता दिनु आवश्यक छ ।
- यसकोसाथै अवधी लोकवार्ताका स्वरूप अन्तर्गतका अवधी लोक सांस्कृतिक परम्पराको रूपमा रहेका प्रकृति र ब्रह्माण्ड सम्बन्धी ज्ञान, प्रस्तुति कलाका स्वरूपहरू, यहाँको सामाजिक अभ्यास र चाडपर्व, मौखिक परम्परा र अभिव्यक्ति अन्तर्गतका सामाग्रीहरू यस समाजलाई सामाजिक, आर्थिक तथा नैतिक शिक्षाको दृष्टिले आजको दिनमा पनि यस समाजलाई सुशिक्षित, क्षमतावान तथा नैतिक रूपमा क्षमतावान बनाउने दृष्टिले अति नै महत्त्वपुर्ण रहेकाले यी सबै क्षेत्रमा आजको आवश्यकता अनुसार आवश्यक अध्ययन अन¬सन्धान गरी गराइ यी सबैको संरक्षण तथा सम्बर्धन गर्नुको साथै यी सबैमा व्यवसायिक ल्याउनुपर्ने आवश्यकता टड्कारो रूपमा देखिएको छ ।
- अवधी भाषा र लोकसाहित्य तथा लोकनाटकको अस्तित्व जोगाउन र यसको प्रवद्र्धन गर्न अवधी लोककथा, उखानटुक्का, लोकगाथा, लोकगीत, लोकनाटक तथा लोकसङ्गीतहरूलाई अडियो, भिडियो र लिखित रूपमा सङ्कलन गरी डिजिटल पुस्तकालय तथा सङ्ग्रहालयहरूमा सुरक्षित राख्नुपर्छ। प्रारम्भिक तहदेखि नै अवधी भाषी बालबालिकाको मातृभाषामा पठनपाठनको व्यवस्था मिलाउन स्थानीय तहहरूले पहल गर्नुपर्छ। यसै किसिमले स्थानीय तहको सहयोगमा 'अवधी लोकसाहित्य महोत्सव', 'बिरहा तथा कजरी गायन' 'अवधी लोकनाटक महोत्सव', 'अवधी लोक सङ्गीत महोत्सव' जस्ता कार्यक्रमहरू आयोजना गर्नुपर्छ। विश्वविद्यालय र अनुसन्धान केन्द्रहरूले अवधी लोकसाहित्यमा गहन शोधकार्य गरी पुस्तकहरू प्रकाशन गर्नुपर्छ।

स्थानीय एफ.एम. रेडियो र सामाजिक सञ्जालमार्फत अवधी भाषाका कार्यक्रम, नाटक र वृत्तचित्रहरू प्रसारण गरी यसको व्यापकता बढाउनुपर्छ। यसै किसिमले अवधी लोक साहित्यको गरिमा र यसको मौलिकतालाई जोगाइराख्न समुदाय, साहित्यकार, स्थानीय, प्रदेश र संघीय सरकारको संयुक्त पहल आवश्यक छ।

## सन्दर्भ ग्रन्थ र लेख


- सांकृत्यायन, राहुल, (ई.सं.१९४५), 'हिन्दी काब्य धारा' (प्रथम संस्करण), किताब महल, इलाहाबाद, भारत ।
- पाण्डेय, डा. इन्दु प्रकाश (ई.सं.१९५७), अवधी लोकगीत और परम्परा, रामनारायण लाल वेनीप्रसाद, इलाहाबाद, भारत ।
- कनिङ्गम, मे.ज., (ई.सं.१९६३), भारत का प्राचीन भूगोल, इण्डोलाजिकल बुक हाउस, हौज कटरा, वाराणसी, भारत ।
- रोहतगी, डा. सरोजनी (ई.सं.१९७१), अवधी का लोकसाहित्य, नेशनल पब्लिसिंग हाउस, नईदिल्ली ।
- जनकलाल शर्मा 'जोसमनी सन्त परम्परा र साहित्य' (वि.सं.२०२०) रोयल नेपाल एकेडमी, काठमाण्डू, नेपाल, पहिलो संस्करण ।
- डां धर्मवीर भारती, (ई.सं.१९६८), 'सिद्ध साहित्य' द्वितिय संस्करण, किताब महल, इलाहाबाद, भारत ।
- मुखर्जी, राधा कुमुद, (ई.सं.१९७५), हिन्दू सभ्यता, राज कमल प्रकाशन, दिल्ली ।
- बशु, विद्युत रञ्जन, प्रबोधचन्द्र (ई.सं.१९७५) 'चर्यागीत कोष', शान्ति निकेतन प्रेस, शान्ति निकेतन, वीरभुमी ।
- तिवारी, डा. भोलानाथ, (ई.सं. १९९६), 'भाषा विज्ञान', किताब महल २२-ए सरोजनी नायडुमार्ग इलाहाबाद, उत्तरप्रदेश, भारत ।
- उपाध्याय, डा. भरतसिंह, (ई.सं.२००९), बुद्धकालीन भारतीय भूगोल, हिन्दी साहित्य सम्मेलन, इलाहाबाद, भारत ।
- कापडि, राम भरोस, त्रिपाठी, विक्रम मणि (सम्पादक), (वि.सं.२०६९), अवधी संस्कृति विविध आयाम, नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं ।
- चौधरी, दीपक, (वि.सं.२०६५), नेपालको मधेशी समाज, रत्न पुस्तक भण्डार, काठमाडौं, नेपाल ।

- मिश्रा, भारती (ई.सं.२०१२), अवधी व्यंजन, अवधी विकास संस्थान, हजरतगंज, लखनऊ, भारत ।
- त्रिपाठी, विक्रममणि,(वि.सं.२०७३), अवधी लोकसाहित्य, नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाण्डौ ।
- त्रिपाठी, विक्रम मणि, (वि.सं.२०७५), अवधी लोकचित्रकला, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
- यादव, जगतराम, (वि.सं.२०६८), नेपाली अवधी लोकगाथाको सङ्कलन तथा विश्लेषण, नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं, नेपाल (लघु अनुसन्धान) ।
- Ling, Jang, (AD1997), A History of European Folk Music, United Kingdom: University of Rochester Press.
- त्रिपाठी, विक्रम मणि (अनुसन्धान), (वि.सं.२०५४÷५५),अवधी लोक कथाको सङ्कलन, नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
- त्रिपाठी, विक्रम मणि (अनुसन्धान), (वि.सं.२०५७÷५८), अवधी लोक नाटकको सङ्कलन र विश्लेषण, नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
- त्रिपाठी, विक्रम मणि (अनुसन्धान), (वि.सं.२०५८÷५९), अवधी लोकनाटक सफेडाको सङ्कलन र बिश्लेषण, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, नक्साल, काठमाडौं ।
- त्रिपाठी, विक्रम मणि(अनुसन्धान), (वि.सं.२०६१÷६२), अवधी भाषाको समाजभाषा वैज्ञानिक अध्ययन तथा लेखन, नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
- त्रिपाठी, विक्रम मणि (गोष्ठी पत्र), (वि.सं.२०६२÷०१÷२६), अवधी लोक साहित्यमा खगोलीय वर्णन, नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
- त्रिपाठी, विक्रम मणि (गोष्ठी पत्र),(वि.सं.२०६४), अवधी लोक कथामा प्रतिविम्बित लोक जीवन, नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
- केन्द्रिय तथ्यांक विभाग, (२०२८, २०३८, २०४८, २०५८ र २०६८, २०७८) राष्ट्रिय जनगणना
- Majumdar, by R,C. (Ed.) , 1953, The Age of Imperial Unity, Bombay,
- Basham, A.H., 1997,The Wonder That was India, Calcutta,
- Watters, Thomas (Ed. By), 1973, On Yuan ChwangÚs Travels In India, Delhi
- Legge, James (Ed. By), 1971 Travels of Fa–Hian, Delhi

- Ed. by L. Petech, 1950, Northern Indian According to Shui–Ching–Chu, Roma
- Law, B.C., 1979, Geography of Early Buddhism
- Hardy, Manual of Buddhism
- Johnston, E.H. (Ed. By), 1972, Buddha Charita.
- मिश्र, तारानन्द, १९८४-१९८५, The Archaeological Activities in Lumbini During, Ancient Nepal, Dept. of Archaeology, No.139, 1996
- मिश्र, तारानन्द, बुद्ध जन्मस्थल र लुम्बिनीका उत्खनित मन्दिरहरू, प्रज्ञा-८४, कमलादी।

# अनुसूची - ६

# आयोगका वैठकहरु

## २०८२ श्रावण देखि २०८३ असार मसान्त सम्मका आयोगका बैठकका निर्णयहरू

**<u>सम्बत् २०८२ साल भाद्र ९ गते बसेको आयोगको वैठकका निर्णयहरु</u>**

**(बैठक संख्याः १२६)**

**निर्णयः**

**निर्णय १ः** प्रस्ताव नं. १ माथि छलफल गर्दा श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवारको प.सं. २०८२/८३, मिति २०८२।०५।०३ र च.नं. मा.अ./७/ को पत्रअनुसार राष्ट्रिय प्रतिवेदन संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिको मस्यौदा सम्बन्धमा तपशिल बमोजिमको राय/प्रतिक्रिया यस आयोगको मिति २०८२।०५।०९ को निर्णयानुसार श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवारमा पठाउने।

**तपशिलः**

१. मधेशी समुदायको नागरिकता प्रमाणपत्र, शिक्षा, स्वास्थ्य, भाषा, संस्कृति, सामाजिक न्याय र समानता, राजनीतिक अधिकार, न्यायपालिकामा समावेशिता, कानुनी सहायता एवम् न्यायमा सुलभ पहुँचमा उदासिन रहेको।

२. महिला हिंसा, वालवालिका, भूमि अधिकार र जग्गा सम्बन्धी अधिकार, कुटनैतिक नियुक्तीमा भेदभाव, भूक्षय एवम् प्राकृतिक प्रकोपले असर पुर्याएको चुरे एवम् सीमाक्षेत्रहरुमा पुनःनिर्माण एवम् राहत कार्यक्रमप्रति उदासिन रहेको।

**निर्णय २ः** प्रस्ताव नं. २ माथि छलफल गर्दा आयोगको मिति २०८२ साउन ८ गते बैठक नं. १२२ मा लहेरा जातलाई छुटै जातको रुपमा समावेश गर्ने भनी निर्णय भएकोमा लहेरा जातको थरहरुः (लहेरा, साह, शाह) लाई मधेशी समुदायको थर सूचीकरणमा समावेश गर्ने।

**<u>सम्बत् २०८२ साल भाद्र २३ गते बसेको आयोगको वैठकका निर्णयहरु</u>**

**बैठक संख्याः १२७**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस आयोगका माननीय कार्यवाहक अध्यक्ष जीवछ साहेज्यूलाई मध्देशिया वैश्य कान्दू फाउंडेशन (महाराष्ट्र-गुजरात प्रदेश) द्वारा 14th September,

2025 (Sunday) to 16th September 2025 (Tuesday) (तदनुसार २०८२ भाद्र २९ गते देखि २०८२ भाद्र ३१) सम्म सञ्चालन हुने Bhumipujan Ceremony and Mahasabha Seminar विषयक कार्यक्रममा प्रमुख अतिथी को रुपमा सहभागी हुनको लागि आमन्त्रित गरिएको हुनाले माननीय कार्यवाहक अध्यक्षज्यूलाई कुटनीतिक राहदानी उपलब्ध गराउन राहदानी विभाग, त्रिपुरेश्वरलाई पत्राचार गर्ने।

## सम्बत् २०८२ साल असोज २ गते बसेको आयोगको वैठकका निर्णयहरु

**बैठक संख्याः १२८**

**निर्णयः**

प्रस्ताव नं. १ मा छलफल गर्दा सम्माननीय राष्ट्रपतिज्यूलाई आ.ब. २०८१।८२ को सातौं वार्षिक प्रतिवेदन ग्रहण गर्नुभएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै पत्राचार गर्ने।

## सम्बत् २०८२ साल असोज ५ गते बसेको आयोगको वैठकका निर्णयहरु

**बैठक संख्याः १२९**

**निर्णयः**

प्रस्ताव नं १ माथि छलफल गर्दा मधेशी आयोगको माननीय सदस्य रेणु देवी साहले यस आयोगमा पेश गरेको निवेदन र संलग्न पत्रमा उल्लेख भएको "उपरोक्त सम्बन्धमा सौभाग्यवस मलाई "Societas Aperta Feminarum in luris Theoria (SAFI)" University of Amsterdam, the Netherlands मा 9th- 10th of October 2025., Netherlands मा आयोजना गर्न लागेको "6th Annual SAFI Conference - "Reimagining Justice" कार्यक्रममा मलाई निमन्त्रणा आएकोले मिति २०८२ असोज २३ गते देखी २०८२ असोज २४ गतेसम्मको अन्तराष्ट्रिय भ्रमण स्वीकृतिका लागी हार्दिक अनुरोध गर्दछु। यस कार्यक्रममा सहभागी हुन जाँदाको सम्पूर्ण खर्च आयोगलाई आर्थिक भार नपर्ने गरी म आफै व्यवस्थापन गर्नेछु" भन्ने व्यहोरा अनुसार आयोगको खर्च शिर्षकमा रकम नरहेकोले नियमानुसार पाउने सुविधा नेपाल सरकारले व्यवस्था गरिदिनुहुन अनुरोध गर्ने। साथै नेपाल सरकारबाट खर्चको व्यवस्थापन नहुने भएमा आफैले आफ्नो खर्चमा जाने गरी मिति २०८२ असोज २३ देखी २०८२ असोज २४ गतेसम्म "6th Annual SAFI Conference - "Reimagining Justice", University of Amsterdam, the Netherlands मा सहभागीको रुपमा सम्मिलित हुन अन्तर्राष्ट्रिय भ्रमण

स्वीकृतीका लागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारमा अनुरोध गर्ने।

**<u>सम्बत् २०८२ साल असोज २२ गते बसेको आयोगको वैठकका निर्णयहरु</u>**

**बैठक संख्याः १३०**

**निर्णयः**

प्रस्ताव नं. १ माथि छलफल गर्दा राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, थारु आयोग र मुस्लिम आयोगका अध्यक्षज्युहरुलाई तपशिल बमोजिमको मिती, स्थान, र समयमा शुभकामना आदानप्रदान कार्यक्रममा आमन्त्रण गर्ने।

- मितिः २०८२ असोज २७ गते सोमबार।
- समयः दिउँसो १२:३० बजे।
- स्थानः मधेशी आयोगको सभाहल।

**<u>सम्बत् २०८२ साल कार्तिक २४ गते बसेको आयोगको वैठकका निर्णयहरु</u>**

**बैठक संख्याः १३१**

**निर्णयः**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा विवाहपञ्चमी महोत्सव सम्बन्धमा २०८२ मंसिर ४ गते आयोगको सभाहलमा सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम गर्ने।

२. भाषा विज्ञान समाज नेपालको २०८२ मंसिरमा हुने कार्यक्रमको लागी रु २५००० (अक्षरेपी रु पचीस हजार मात्र) रकम भुक्तानी गर्ने।

३. ५२८ तुलसी दास जयन्तीको लागी रु १०००० (अक्षरेपी रु दश हजार मात्र) रकम भुक्तानी गर्ने।

**<u>सम्बत् २०८२ साल पुस ९ गते बसेको आयोगको वैठकका निर्णयहरु</u>**

**बैठक संख्याः १३२**

**निर्णयः**

प्रस्ताव नं १ र २ माथि छलफल गर्दा चालु आ.व. २०८२/८३ मा विनियोजित भएको बजेट मध्ये निम्न बमोजिमको वार्षिक कार्यक्रमको लागि रकम बाँडफाँड गरी संचालन गर्ने।

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित बजेट |
|---|---|---|
| १ | (२२५१२-२.६.६.१) मधेशी आयोगको इच्छा नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रममा प्रत्येक कार्यक्रमको लागि कार्यवाहक माननीय अध्यक्षज्यू र माननीय सदस्यज्यूहरुले तोकेको स्थानमा रु १,५०,०००/- को दरले ३ वटा कार्यक्रम संचालन गर्ने र बाँकी रकम रु ३,००,०००/- को अर्को एक कार्यक्रम संचालन गर्ने | रु ७,५०,०००/- (अक्षरेपी रु सात लाख पचास हजार मात्र) |
| २ | (२२५१२-२.६.५.६) मधेशी समुदायको सशक्तीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रममा प्रत्येक कार्यक्रमको लागि कार्यवाहक माननीय अध्यक्षज्यू र माननीय सदस्यज्यूहरुले तोकेको स्थानमा रु २,५८,०००/- को दरले कार्यक्रम संचालन गर्ने। | रु १५,५०,०००/- (अक्षरेपी रु पन्ध्र लाख पचास हजार मात्र) |
| ३ | २२४११ (२.५.२४) अध्ययन अनुसन्धान<br>(क) मधेशी समुदायमा रहेको धर्म, संस्कृति, भाषा लिपि संरक्षणका लागि अध्ययन गर्ने रु ३,००,०००/-<br>(ख) अवधि लोकवार्ताको अध्ययन अनुसन्धान गर्ने रु २,००,०००/-<br>अध्ययन अनुसन्धान प्रतिवेदन प्राप्त भएपछि छपाई कार्य सम्पन्न गर्ने । | रु ५,००,०००/- (अक्षरेपी रु पाँच लाख मात्र) |

**<u>सम्बत् २०८२ साल पुस २२ गते बसेको आयोगको वैठकका निर्णयहरु</u>**

**बैठक संख्याः १३३**

**निर्णयः**

प्रस्ताव १ माथी छलफल गर्दा तराई मधेशका जिल्लाहरुमा प्राकृतिक विपदको रुपमा हुने शितलहरबाट प्रभावित नागरिकहरूलाई तत्काल राहत उपलब्ध गराउन अल्पकालिन एवम् दीर्घकालीन समाधानका उपायहरू पहिल्याउनका लागि नेपाल सरकारका सम्बन्धित निकायहरू र अन्य सरोकारवाला निकायहरूसँग समन्वय र छलफल गर्न मिति

२०८२।९।२५ गते बिहान ११:०० बजे आयोगको सभाहलमा सरोकारवालाहरुसँग छलफल गर्ने निर्णय गरियो।

**<u>सम्बत् २०८२ साल माघ १४ गते बसेको आयोगको वैठकका निर्णयहरु</u>**

**बैठक संख्याः १३४**

**निर्णयः**

प्रस्ताव १ माथी छलफल गर्दा २०८२ सालको होली पर्व महोत्सव आयोग परिसरमा भव्य रुपमा सम्पन्न गर्ने।

प्रस्ताव १ माथी छलफल गर्दा उपत्यका वाहिर ३ वटा स्थानमा, प्रति स्थान रु.२५०००।- को दरले होली पर्व महोत्सव मनाउने।

**<u>सम्बत् २०८२ साल चैत्र २ गते बसेको आयोगको वैठकका निर्णयहरु</u>**

**बैठक संख्याः १३५**

**निर्णयः**

प्रस्ताव नं. १ माथी छलफल गर्दा आयोगको सातौ वार्षिक उत्सव तथा स्थापना दिवस मिति २०८२ साल चैत्र ७ गतेको लागि देहाय बमोजिम व्यवस्था गर्ने।

१. सातौ वार्षिक उत्सव तथा स्थापना दिवस कार्यक्रम मिति २०८२ चैत्र ७ गते, समयः विहान ८ बजे देखि गर्ने।

२. सातौ वार्षिक उत्सव तथा स्थापना दिवस कार्यक्रमको स्थानः राष्ट्रपतिको कार्यालयमा गर्ने।

३. कार्यक्रम गर्न कार्यक्रम स्थल तथा व्यवस्थापनको लागि राष्ट्रपतिको कार्यालयलाई हार्दिक अनुरोध गर्ने।

४. प्रमुख अतिथीको लागि सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूलाई हार्दिक आमन्त्रण गर्ने।

५. विशिष्ट अतिथिकोलागि माननीय मन्त्री अनिल कुमार सिन्हाज्यू (उधोग बाणिज्य तथा आपुर्ति मन्त्रालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय) लाई आमन्त्रण गर्ने।

६. कार्यक्रमको रुपरेखा राष्ट्रपतिको कार्यालयमा पठाउने।

७. अतिथिहरुलाई आमन्त्रण गरि नामावली राष्ट्रपतिको कार्यालयमा पठाउने।

**तपसिल अनुसारका बिशिष्ट अतिथी र अतिथीज्यूहरुलाई आमन्त्रण गर्नेः**

- माननीय मन्त्री अनिल कुमार सिन्हाज्यू, उधोग बाणिज्य तथा आपुर्ति मन्त्रालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय।
- राष्ट्रिय मानव अधिकार आयोग पुल्चोक, ललितपुरका मा. अध्यक्षज्यू, मा. सदस्यज्यूहरु र सचिवज्यू।
- श्री राष्ट्रिय महिला आयोग, भद्रकाली प्लाजाका मा. अध्यक्षज्यू, मा. सदस्यज्यूहरु र सचिवज्यू।
- राष्ट्रिय दलित आयोग, कुपण्डोलका मा. अध्यक्षज्यू, मा. सदस्यज्यूहरु र सचिवज्यू।
- राष्ट्रिय समावेशी आयोग, हरिहरभवन ललितपुरका मा. अध्यक्षज्यू, मा. सदस्यज्यूहरु र सचिवज्यू।
- आदिवासी जनजाति आयोग, पुल्चोक, ललितपुरका मा. अध्यक्षज्यू, मा. सदस्यज्यूहरु र सचिवज्यू।
- थारु आयोग, अनामनगर, काठमाडौका मा. अध्यक्षज्यू, मा. सदस्यज्यूहरु र सचिवज्यू।
- मुस्लिम आयोग, जावलाखेल, ललितपुरका मा. अध्यक्षज्यू, मा. सदस्यज्यूहरु र सचिवज्यू।
- मधेशी आयोग सँग सम्बन्धित सरोकारवालाज्यूहरु र विज्ञज्यूहरु।
- राष्ट्रिय सभामा मधेशी समुदायबाट प्रतिनिधित्व गर्नुहुने माननिय सदस्यहरु।

८. व्यानर (मधेशी आयोगको सातौ वार्षिक उत्सव तथा स्थापना दिवस)

९. उदघोषणः सचिव श्री नरेश राज खरेल

१०. अध्यक्षताः आयोगका कार्यवाहक अध्यक्ष माननीय जीवछ साहज्यू।

११. मधेशी आयोगको स्थापनाकाल देखि निरन्तर योगदान गरि रहेको तपसिल अनुसारको आयोगका कर्मचारीहरुलाई सम्माननीय राष्ट्रपतिज्यूबाट प्रसंशा पत्र प्रदान गर्ने।

**तपसिल**

- रमेश कुमार दास - शाखा अधिकृत
- ईश्वर प्रसाद गुनी - हलुका सवारी चालक
- सिता थापा - कार्यालय सहयोगी
- गिरीजेश कोईरी - कार्यालय सहयोगी
- शारदा अधिकारी - कार्यालय सहयोगी

१२. मधेशी आयोगको सम्पूर्ण पदाधिकारी तथा कर्मचारीहरुलाई सातौ वार्षिक उत्सव तथा स्थापना दिवसको अवसरमा आयोगका माननीय कार्यवाहक अध्यक्षज्यूबाट प्रसंशा पत्र प्रदान गर्ने।

**कार्यक्रमको रुपरेखा :**

- अध्यक्षता तथा आसन ग्रहण
- अध्यक्षताः आयोगका कार्यवाहक अध्यक्ष माननीय जीवछ साहज्यू,
- प्रमुख अतिथिः सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यू,
- बिशिष्ट अतिथिः माननीय मन्त्री अनिल कुमार सिन्हाज्यू, उधोग बाणिज्य तथा आपुर्ति मन्त्रालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय,
- विशिष्ट अतिथिः माननीय अध्यक्ष तप बहादुर मगरज्यू, राष्ट्रिय मानव अधिकार आयोग,
- संघ सस्था प्रतिनिधिज्यूहरु तथा संचारकर्मीज्यूहरु,
- अतिथिज्यूहरुको आसन ग्रहण,
- प्रमुख अतिथीज्यूलाई स्वागत (फुलको गुच्छाले स्वागत)ः माननीय सदस्य रेणु देवि साहज्यू, माननीय सदस्य आभा कुमारीज्यू
- राष्ट्रिय गान
- समुदघाटनः प्रमुख अतिथीज्यूबाट पानसमा बत्ती बालेर वार्षिक उत्सव समारोहको समुदघाटन।
- नृत्य प्रदर्शन

- स्वागत तथा कार्यक्रमको उद्देश्य माथी प्रकाश पार्नेः आयोगका कार्यवाहक अध्यक्ष माननीय जीवछ साहज्यू
- शुभकामना मन्तव्य : आयोगहरुको तर्फबाट राष्ट्रिय मानव अधिकार आयोगका मा. अध्यक्ष तप बहादुर मगरज्यूबाट शुभकामना मन्तव्य
- नृत्य प्रदर्शन
- माननीय मन्त्री अनिल कुमार सिन्हाज्यूबाट शुभकामना मन्तव्य।
- नृत्य प्रदर्शन
- सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूबाट सम्बोधन।

प्रस्ताव नं. २ मा छलफल गर्दा

१. प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय प.स.२०८२/८३ मिति. २०८२/११/१७ च.नं.यो.अ.।४२२।३१३४ को पत्रअनुसारको आ.व. २०८३/८४ को नीति तथा कार्यक्रममा समावेश गर्नु पर्ने विषय सम्बन्धमा संलग्न अनुसारको नीति तथा कार्यक्रम स्वीकृत गरी पत्राचार गर्ने ।

संलग्न तालिका (नीति तथा कार्यक्रम):

| क.सं. | नीति | कार्यक्रम | क्रियाकलाप | प्रस्तावित बजेट | स्रोत | समय सीमा | नीति तथा कार्यक्रमको प्रकृती | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|---|---|
| १ | मधेशी समुदायको सशक्तीकरण | मधेशी समुदायको सशक्तीकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम | लोकसेवा तयारी कक्षा सम्बन्धी अभिमुखिकरण कार्यक्रम | २२ (बाइस) लाख | नेपाल सरकार | आ.ब. २०८३/८४ | निरन्तरता दिने | मधेशी समुदायलाई सरकारी सेवामा पहुँच अभिवृद्धि हुने । |
| २ | नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा | मधेशी समुदायको नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम | मधेशी समुदायका व्यक्तिहरुमा सदाचार, नैतिकता र व्यवसायिकतामा अभिवृद्धि गराउने कार्यक्रम | ११ (एघार) लाख | नेपाल सरकार | आ.ब. २०८३/८४ | निरन्तरता दिने | मधेशी समुदायमा सदाचार, नैतिकता र व्यवसायिकतामा अभिवृद्धि हुने । |
| ३ | मधेशी समुदायको भाषा, लिपीको संरक्षण र सम्बर्द्धन | मधेशी समुदायको मधेशी भाषा, लिपी, संस्कृतिको संरक्षण र सम्बर्द्धन सम्बन्धी | विभिन्न सांस्कृतिक कार्यक्रमहरु संचालन मार्फत संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने । | ४ (चार) लाख | नेपाल सरकार | आ.ब. २०८३/८४ | निरन्तरता दिने | मधेशी समुदायको भाषा, लिपी तथा संस्कृतिको संरक्षण र सम्बर्द्धन हुने । |
| ४ | स्थानीय स्तरको विवाद समाधानका लागि प्रशिक्षक प्रशिक्षण | स्थानीयस्तरको विवाद समाधानका लागि प्रशिक्षक प्रशिक्षण (ToT) | मधेशी समुदायका स्थानीय तहमा विवाद समाधानका लागि आवश्यक ज्ञान र क्षमता | ८ (आठ) लाख | नेपाल सरकार | आ.ब. २०८३/८४ | नयाँ कार्यक्रम | विवाद समाधान गतिविधिहरुको अनुगमन र मूल्यांकन गर्ने प्रणाली स्थापित हुने । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सम्बन्धी कार्यक्रम | विकास गर्ने कार्यक्रम | | | | | |
| ५ | मुलुक दर्शन | मुलुक दर्शनसम्बन्धी कार्यक्रम | सांस्कृतिक विविधताको अन्तरआबद्धता कार्यक्रम | १० (दश) लाख | नेपाल सरकार | आ.ब. २०८३/८४ | नयाँ कार्यक्रम | विभिन्न भूगोल, धर्म, संस्कृति बीच सहिष्णुता कायम हुने साथै आन्तरिक पर्यटनको विकासमा टेवा पुग्ने । |
| ६ | कानुनी सल्लाह तथा परामर्स सेवा उपलब्ध गराउने | मधेशी समुदायको पिडित व्यक्तीहरुको लागि कानुनी सहयोग कार्यक्रम | पिडितलाई परामर्स दिने र न्याय सेवामा पहुँच बढाउने | ५ पाच लाख | नेपाल सरकार | आ.व. २०८३/८४ | नयाँ कार्यक्रम | पिडितलाई न्यायमा पहुँच हुने |

**प्रस्ताव नं. ३ माथी छलफल गर्दा :** आयोगको आ.ब. २०८३।८४ को प्रस्तावित बजेट LMBIS(Line Ministry Budget Information System) मा प्रविष्टि गर्ने ।

## मधेशी आयोग

कार्यालय कोड नं. 230003401

ब.उ.शि.नं. 230000114 (पुंजिगत)

आ.ब.०८३/८४ को बिस्तृत बार्षिक कार्यक्रम

1 कार्यक्रमको नामः 31122 मेशिनरी तथा औजार

| सि.नं. | कृयाकलाप र नाम | दर | संख्या | जम्मा |
|---|---|---|---|---|
| 1 | 11.3.7.3 प्रिन्टर डुप्लेक्स | 60000 | 1 | 60000 |
| 2 | 11.3.7.8 डेक्सटप कम्प्युटर सेट | 100000 | 3 | 300000 |
| 3 | ल्यापटप | 150000 | 5 | 750000 |
| 4 | मोवाइल खरिद | 60000 | 5 | 300000 |
| 5 | ए सी | 120000 | 2 | 240000 |
| | कुल जम्मा रु. | | | 1650000 |

2 कार्यक्रमको नामः 31123 फर्निचर तथा फिक्चर्स

| सि.नं. | कृयाकलाप र नाम | दर | संख्या | जम्मा |
|---|---|---|---|---|
| 1 | 11.6.13.4 रिभल्विङ चियर (हेव्वी /मझ्यौला) | 50000 | 1 | 50000 |
| 2 | टेबुल | 70000 | 2 | 140000 |
| 3 | कार्पेट पर्दा | 35000 | 4 | 140000 |
| 4 | दराज | 40000 | 2 | 80000 |
| 5 | पानी ट्रयांकी | 40000 | 1 | 40000 |
| | जम्मा रु. | | | 450000 |
| | कुल जम्मा रु. | | | 2100000 |

## मधेशी आयोग

कार्यालय कोड नं. 230003401

ब.उ.शि.नं. 230000013

आ.ब.०८३/८४ को बिस्तृत बार्षिक कार्यक्रम

| सि.नं. | कार्यक्रमको नाम | रकम रु. |
|---|---|---|
| १ | 21112 पारिश्रमिक पदाधिकारी | 5620000 |
| २ | 21142 पदाधिकारी अन्य सुविधा (पोशाक) | 50000 |
| ३ | 21149 पदाधिकारी अन्य भता (महंगी भता ) | 300000 |
| ४ | 22111 पानी तथा विजुली | 60000 |
| ५ | 22112 संचार महशुल | 48000 |
| ६ | 22211 इन्धन (पदाधिकारी) | 1275000 |
| ७ | 28142 घर भाडा | 1080000 |
| | कुल जम्मा | 8433000 |

मधेशी आयोग
कार्यालय कोड नं. 230003401
ब.उ.शि.नं. 230000013 (पदाधिधारी)
आ.ब.०८३/८४ को बिस्तृत बार्षिक कार्यक्रम

1 कार्यक्रमको नामः 21112 पारिश्रमिक पदाधिकारी

| सि.नं. | कृयाकलाप र नाम | तलव (ग्रेड समेत) | पदाधिकारी संख्या | जम्मा | क.सं.कोष | जम्मा | १२ महिनाको | चाड पर्व खर्च | कुल जम्मा | आवस्यक पर्ने करम रु. हजारमा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 2.1.7.1 पारिश्रमिक पदाधिकारी अध्यक्ष | 85043 | 1 | 85043 | 8504.3 | 93547.3 | 1122568 | 85043 | 1207610.6 | 1208000 |
| 2 | 2.1.7.2 पारिश्रमिक पदाधिकारी सदस्य | 77660 | 4 | 310640 | 31064.00 | 341704.0 | 4100448 | 310640 | 4411088 | 4412000 |
| | कुल जम्मा रु. | | | | | | | | 5618698.6 | 5620000 |

2 कार्यक्रमको नामः 21142 पदाधिकारी अन्य सुविधा (पोशाक)

| सि.नं. | कृयाकलाप र नाम | दर | कर्मचारी संख्या | जम्मा |
|---|---|---|---|---|
| 1 | 2.3.2.1 पदाधिकारीको पोशाक खर्च | 50000 | 1 | 50000 |
| | कुल जम्मा रु. | | | 50000 |

3 कार्यक्रमको नामः 21149 पदाधिकारी अन्य भत्ता (महंगी भत्ता )

| सि.नं. | कृयाकलाप र नाम | दर | संख्या | जम्मा | महिना | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 1.2.12.1 पदाधिकारीको लागि महंगि भत्ता | 5000 | 5 | 25000 | 12 | 300000 |
| | कुल जम्मा रु. | | | | | 300000 |

4 कार्यक्रमको नामः 22111 पानी तथा विजुली

| सि.नं. | कृयाकलाप र नाम | दर | संख्या | जम्मा | महिना | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 2.1.4.1 सुविधा बापतको पानिको महशुल | 1000 | 5 | 5000 | 12 | 60000 |
| | कुल जम्मा रु. | | | | | 60000 |

5 कार्यक्रमको नामः 22112 संचार महशुल

| सि.नं. | कृयाकलाप र नाम | दर | संख्या | जम्मा | महिना | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 2.1.8.2 पदाधिकारी सुविधाको सन्चार महशुल अध्यक्ष | 1200 | 1 | 1200 | 12 | 14400 |
| 2 | 2.1.8.3 पदाधिकारी सुविधाको सन्चार महशुल सदस्य | 700 | 4 | 2800 | 12 | 33600 |
| | कुल जम्मा रु. | | | | | 48000 |

6 कार्यक्रमको नामः 22211 इन्धन (पदाधिकारी)

| सि.नं. | कृयाकलाप र नाम | दर | संख्या | जम्मा | पटक | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 2.2.1.4 मोविल | 6000 | 5 | 30000 | 4 | 120000 |
| 2 | 2.2.1.5 इन्धन पदाधिकारी अध्यक्ष | 26250 | 1 | 26250 | 12 | 315000 |
| 3 | 2.2.1.6 इन्धन पदाधिकारी सदस्य | 17500 | 4 | 70000 | 12 | 840000 |
| | कुल जम्मा रु. | | | | | 1275000 |

7 कार्यक्रमको नामः 28142 घर भाडा

| सि.नं. | कृयाकलाप र नाम | दर | संख्या | जम्मा | महिना | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 8.1.4.1 सुविधाको घर भाडा पदाधिकारी | 18000 | 5 | 90000 | 12 | 1080000 |
| | कुल जम्मा रु. | | | | | 1080000 |

p

कुल जम्मा रु. 8433000

# मधेशी आयोग

कार्यालय कोड नं. 230003401

ब.उ.शि.नं. 230000113

आ.ब.०८२/८३को बिस्तृत बार्षिक कार्यक्रम

| सि.नं. | कार्यक्रमको नाम | रकम रु. |
|---|---|---|
| १ | 21111 पारिश्रमिक कर्मचारी | 6073183.8 |
| २ | 21121 पोशाक | 80000 |
| ३ | 21132 महंगि भत्ता | 480000 |
| ४ | 21139 प्रसूति स्याहार भत्ता | 15000 |
| ५ | 21141 पदाधिकारी बैठक भत्ता | 336000 |
| ६ | 21212 योगदानमा आधारीत निबृतिभरण तथा उपदान कोष खर्च | 100000 |
| ७ | 21213 योगदानमा आधारीत वीमा कोष खर्च | 76800 |
| ८ | 22111 पानी बिजुली | 402000 |
| ९ | 22112 सन्चार महशुल | 480000 |
| १० | 22212 इन्धन कार्यालय प्रयोजन | 1248000 |
| ११ | 22213 सवारी साधन मर्मत खर्च | 1420000 |
| १२ | 22214 वीमा तथा नविकरण खर्च | 528000 |
| १३ | 22221 मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | 120000 |
| १४ | 22311 मशलन्द तथा कार्यालय सामाग्री | 1827204 |
| १५ | 22314 इन्धन अन्य प्रयोजन | 105912 |
| १६ | 22315 पत्र पत्रीका छपाइ तथा सूचना प्रकाशन खर्च | 610000 |
| १७ | 22411 सेवा र परामर्श खर्च | 1414000 |
| १८ | 22413 करार सेवा शुल्क | 7886898 |
| १९ | 22511 कर्मचारी तालिम खर्च | 150000 |
| २० | 22512 सिप विकास जनचेतना तालिम तथा गोष्ठी खर्च | 2300000 |
| २१ | 22522 कार्यक्रम खर्च | 1300000 |
| २२ | 22611 अनुगमन मुल्यांकन खर्च । | 2068000 |
| २३ | 22612 सरुवा भ्रमण खर्च । | 100000 |
| २४ | 22711 बिबिध खर्च | 1362000 |
| २५ | 28142 घर भाडा | 2784000.00 |
| | कुल जम्मा | 33266997.8 |

| | |
|---|---|
| कुल बजेट | 43799997 |
| पदाधिकारी | 8433000 |
| चालु | 33266997.8 |
| पुजिगत | 2100000 |
| बंकी | -0.800000001 |

# मधेशी आयोग

कार्यालय कोड नं. 230003401

ब.उ.शि.नं. 230000113 (कार्य सन्चालन चालु)

आ.ब.०८३/८४को बिस्तृत बार्षिक कार्यक्रम

1 कार्यक्रमको नामः 21111 पारिश्रमिक कर्मचारी

| सि.नं. | कृयाकलाप र नाम | तलव (ग्रेड समेत) | कर्मचारी संख्या | जम्मा | क.सं.कोष | जम्मा | १२ महिनाको | चाड् पर्व खर्च | कुल जम्मा | आवस्यक पर्ने करम रु. हजारमा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 1.1.1.3 रा प प्रथम | 70038 | 1 | 70038 | 7003.8 | 77041.8 | 924501.6 | 70038 | 994539.6 | 994539.6 |
| 2 | 1.1.1.4 रा प दितिय | 61737 | 1 | 61737 | 6173.7 | 67910.7 | 814928.4 | 61737 | 876665.4 | 876665.4 |
| 3 | 1.1.1.5 रा प तृतिय | 55337 | 2 | 110674 | 11067.4 | 121741.4 | 1460896.8 | 110674 | 1571570.8 | 1571570.8 |
| 4 | 1.1.1.6 रा प अनं प्रथमं | 46310 | 4 | 185240 | 18524 | 203764 | 2445168 | 185240 | 2630408 | 2630408 |
| | कुल जम्मा रु. | | | | | | | | 6073183.8 | 6073183.8 |

2 कार्यक्रमको नामः 21121 पोशाक

| सि.नं. | कृयाकलाप र नाम | दर | कर्मचारी संख्या | जम्मा |
|---|---|---|---|---|
| 1 | 1.3.1.1 निजामति कर्मचारिको पोषाक | 10000 | 8 | 80000 |
| | कुल जम्मा रु. | | | 80000 |

3 कार्यक्रमको नामः 21132 महंगि भत्ता

| सि.नं. | कृयाकलाप र नाम | | कर्मचारी संख्या | जम्मा | महिना | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 1.2.2.1 स्थायी कर्मचारीको महंगी भत्ता | 5000 | 8 | 40000 | 12 | 480000 |
| | कुल जम्मा रु. | | | | | 480000 |

4 कार्यक्रमको नामः 21139 प्रसूति स्याहार भत्ता

| सि.नं. | कृयाकलाप र नाम | दर | कर्मचारी संख्या | जम्मा | पटक | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 1.2.8.1 प्रसूति स्याहार भत्ता | 5000 | 3 | 15000 | 1 | 15000 |
| | कुल जम्मा रु. | | | | | 15000 |

5 कार्यक्रमको नामः 21141 पदाधिकारी बैठक भत्ता

| सि.नं. | कृयाकलाप र नाम | दर | बैठक संख्या | जम्मा | महिना | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 1.2.11.1 पदाधिकारी बैठक भत्ता | 28000 | 12 | 336000 | 1 | 336000 |
| | कुल जम्मा रु. | | | | | 336000 |

6 कार्यक्रमको नामः 21212 योगदानमा आधारीत निबृतिभरण तथा उपदान कोष खर्च

| सि.नं. | कृयाकलाप र नाम | दर | संख्या | जम्मा | महिना | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 2.6.2.1 कर्मचारीको योगदानमा आधारीत निबृति भरण तथा उपदान कोष | 100000 | 1 | 100000 | 1 | 100000 |
| | कुल जम्मा रु. | | | | | 100000 |

7 कार्यक्रमको नामः 21213 योगदानमा आधारीत वीमा कोष खर्च

| सि.नं. | कृयाकलाप र नाम | दर | संख्या | जम्मा | महिना | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 1.6.4.1 कर्मचारीको योगदानमा आधारीत विमा कोष | 800 | 8 | 6400 | 12 | 76800 |
| | कुल जम्मा रु. | | | | | 76800 |

8 कार्यक्रमको नामः 22111 पानी बिजुली

| सि.नं. | कृयाकलाप र नाम | दर | महिना संख्या | जम्मा |
|---|---|---|---|---|
| 1 | 2.1.2.1 बिध्युत महशुल | 11500 | 12 | 138000 |
| 2 | 2.1.3.1 जारको पिउने पानी | 8000 | 12 | 96000 |
| 3 | 2.1.3.2 ट्यांकर पानी | 6000 | 12 | 72000 |
| 4 | 2.1.3.3 मिनिरल वाटर | 8000 | 12 | 96000 |
| | कुल जम्मा रु. | | | 402000 |

9 कार्यक्रमको नामः 22112 सन्चार महशुल

| सि.नं. | कृयाकलाप र नाम | दर | महिना संख्या | जम्मा |
|---|---|---|---|---|
| 1 | 2.1.6.1 टेलिफोन महशुल | 7000 | 12 | 84000 |
| 2 | 2.1.7.1 इमेल /इन्टरनेट / वेवसाइट महशुल | 20000 | 12 | 240000 |
| 3 | 2.1.8.1 कर्मचारीको सुविधाको सन्चार महशुल | 8000 | 12 | 96000 |
| 4 | 2.1.9.1 हुलाक / कुरियर खर्च | 5000 | 12 | 60000 |
| | कुल जम्मा रु. | | | 480000 |

10 कार्यक्रमको नामः 22212 इन्धन कार्यालय प्रयोजन

| सि.नं. | कृयाकलाप र नाम | दर | महिना संख्या | जम्मा |
|---|---|---|---|---|
| 1 | 2.2.2.1 पेट्रोल ४ पाङ्ग्रे | 32000 | 12 | 384000 |
| 2 | 2.2.2.2 पेट्रोल 2 पाङ्ग्रे | 27000 | 12 | 324000 |
| 3 | 2.2.2.3 डिजेल | 35000 | 12 | 420000 |
| 4 | 2.2.2.4 मोविल | 30000 | 4 | 120000 |
| | कुल जम्मा रु. | | | 1248000 |

11 कार्यक्रमको नामः 22213 सवारी साधन मर्मत खर्च

| सि.नं. | कृयाकलाप र नाम | दर | महिना संख्या | जम्मा |
|---|---|---|---|---|
| 1 | 2.3.1.2 हलुका सवारी साधन मर्मत खर्च | 400000 | 3 | 1200000 |
| 2 | 2.3.1.3 दुइ पाङ्ग्रे सवारी साधन मर्मत खर्च | 55000 | 4 | 220000 |
| | कुल जम्मा रु. | | | 1420000 |

12 कार्यक्रमको नामः 22214 वीमा तथा नविकरण खर्च

| सि.नं. | कृयाकलाप र नाम | दर | थान | पटक | जम्मा |
|---|---|---|---|---|---|
| 1 | 2.9.2.3 बीमा सवारी साधन अन्य (अन्य) | 528000 | 22 | 1 | 528000 |
| | कुल जम्मा रु. | | | | 528000 |

13 कार्यक्रमको नामः 22221 मेशिनरी तथा आजार मर्मत सम्भार तथा सञ्चालन खर्च

| सि.नं. | कृयाकलाप र नाम | दर | थान | पटक | जम्मा |
|---|---|---|---|---|---|
| 1 | 2.3.2.2 फोटोकपी.स्क्यानर मर्मत खर्च | 40000 | 20 | 3 | 120000 |
| | कुल जम्मा रु. | | | | 120000 |

14 कार्यक्रमको नामः 22311 मशलन्द तथा कार्यालय सामाग्री

| सि.नं. | कृयाकलाप र नाम | दर | पटक | जम्मा |
|---|---|---|---|---|
| 1 | 2.4.1.1 कार्यालय सामान खर्च ( कार्यालय सामान तथा सेवा | 152267 | 12 | 1827204 |
| | कुल जम्मा रु. | | | 1827204 |

15 कार्यक्रमको नामः 22314 इन्धान अन्य प्रयोजन

| सि.नं. | कृयाकलाप र नाम | दर | पटक | जम्मा |
|---|---|---|---|---|
| 1 | 2.2.3.2 ग्यांस | 8826 | 12 | 105912 |
| | कुल जम्मा रु. | | | 105912 |

16 **कार्यक्रमको नामः** 22315 पत्र पत्रीका छपाइ तथा सूचना प्रकाशन खर्च

| सि.नं. | कृयाकलाप र नाम | दर | पटक | जम्मा |
|---|---|---|---|---|
| 1 | 2.4.13.1 छपाइ खर्च | 35000 | 6 | 210000 |
| 2 | 2.4.13.2 पत्र पत्रिका तथा पुस्तक | 25000 | 12 | 300000 |
| 3 | 2.4.13.3 बिज्ञापन तथा सूचना प्रकाशन | 50000 | 2 | 100000 |
| | कुल जम्मा रु. | | | 610000 |

17 कार्यक्रमको नामः 22411 सेवा र परामर्श खर्च

| सि.नं. | कृयाकलाप र नाम | दर | पटक | जम्मा |
|---|---|---|---|---|
| 1 | 2.5.2.3 सफ्टवेर निर्माण र नविकरण | 50000 | 1 | 50000 |
| 2 | 2.5.2.4 अध्ययन अनुसन्धानका लागि विज्ञको सेवा लिनु पर्ने | 500000 | 1 | 500000 |
| 3 | 2.5.3.3 सुरक्षा गार्ड | 72000 | 12 | 864000 |
| | कुल जम्मा रु. | | | 1414000 |

18 कार्यक्रमको नामः 22413 करार सेवा शुल्क

| सि.नं. | कृयाकलाप र नाम | दर | जना | पटक | जम्मा | रा फि मा |
|---|---|---|---|---|---|---|
| 1 | 2.5.7.2 करार पोशाक | 10000 | 17 | 1 | 170000 | 170000 |
| 2 | 2.5.7.3 ह.स.चा. पारिश्रमिक | 27612 | 7 | 13 | 2512692 | 2512692 |
| 3 | 2.5.7.4 का.स .पारिश्रमिक | 24702 | 6 | 13 | 1926756 | 1926756 |
| 4 | 2.5.7.7 निजी सहायक पारिश्रमिक | 34730 | 5 | 13 | 2257450 | 2257450 |
| 5 | महंगी भता | 5000 | 17 | 12 | 1020000 | 1020000 |
| | कुल जम्मा रु. | | | | 7886898 | 7886898 |

19 कार्यक्रमको नामः 22511 कर्मचारी तालिम खर्च

| सि.नं. | कृयाकलाप र नाम | दर | जना | पटक | जम्मा |
|---|---|---|---|---|---|
| 1 | 2.6.3.1 कर्मचारी तालिम | 100000 | 8 | 1 | 100000 |
| 2 | पदाधिकारी तालिम | 50000 | 5 | 1 | 50000 |
| | कुल जम्मा रु. | | | | 150000 |

20 कार्यक्रमको नामः 22512 सिप विकास जनचेतना तालिम तथा गोष्ठी खर्च

| सि.नं. | कृयाकलाप र नाम | दर | जना | पटक | जम्मा |
|---|---|---|---|---|---|
| 1 | 2.6.5.6 मधेशी समुदायको सशक्तिकरण सम्बन्धि अभिमुखिकरण कार्यक्रम | 300000 | 50 | 5 | 1500000 |
| 2 | 2.6.6.1 मधेशी आयोगको इच्छ्या नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम | 160000 | 50 | 5 | 800000 |
| | कुल जम्मा रु. | | | | 2300000 |

21 कार्यक्रमको नामः 22522 कार्यक्रम खर्च

| सि.नं. | कृयाकलाप र नाम | दर | पटक | जम्मा |
|---|---|---|---|---|
| 1 | 2.7.25.1 मधेशी आयोगको सरोकारवाला संग बैठक | 50000 | 4 | 200000 |
| 2 | 2.7.25.14 बार्षिक उत्सव मनाउने | 150000 | 1 | 150000 |
| 3 | 2.78.25.17 बार्षिक प्रतिवेदन तयारी र छपाइ | 550000 | 1 | 550000 |
| 4 | 2.7.25.18 मधेश सम्बन्धि विभिन्न सूचना सहितको क्यालेण्डर उत्पादन र छपाइ | 200000 | 1 | 200000 |
| 5 | 2.7.25.23 मधेशी भाषा लीपि सस्कृति समक्षण र संबर्धन सम्बन्धि कार्य | 50000 | 4 | 200000 |
| | कुल जम्मा रु. | | | 1300000 |

22 कार्यक्रमको नामः 22611 अनुगमन मुल्यांकन खर्च ।

| सि.नं. | कृयाकलाप र नाम | दर | पटक | जम्मा |
|---|---|---|---|---|
| 1 | 2.8.1.1 अनुगमन मुल्यांकन र भ्रमण (बिशिष्ट) | 78000 | 9 | 702000 |
| 2 | 2.8.1.2 अनुगमन मुल्यांकन र भ्रमण ( प्रथम) | 18000 | 6 | 108000 |
| 3 | 2.8.1.3 अनुगमन मुल्यांकन र भ्रमण ( दितिय) | 34000 | 5 | 170000 |
| 4 | 2.8.1.4 अनुगमन मुल्यांकन र भ्रमण ( तृतिय) | 95000 | 5 | 475000 |
| 5 | 2.8.1.6 अनुगमन मुल्यांकन र भ्रमण ( चतुर्थ) | 55000 | 8 | 440000 |
| | 2.8.1.7 यातायात खर्च | 173000 | 1 | 173000 |
| | कुल जम्मा रु | | | 2068000 |

23 कार्यक्रमको नामः 22612 सरुवा भ्रमण खर्च ।

| सि.नं. | कृयाकलाप र नाम | दर | पटक | जम्मा |
|---|---|---|---|---|
| 1 | 2.8.2.3 सरुवा भ्रमण खर्च | 20000 | 5 | 100000 |
| | कुल जम्मा रु | | | 100000 |

24 कार्यक्रमको नामः 22711 बिबिध खर्च

| सि.नं. | कृयाकलाप र नाम | दर | पटक | जम्मा |
|---|---|---|---|---|
| 1 | 2.9.6.3 स्वागत तथा अतिथि सत्कार (अन्य) | 20000 | 12 | 240000 |
| 2 | 2.9.6.5 अन्य बिबिध खर्च पुजा | 22500 | 4 | 90000 |
| 3 | 2.9.6.7 समितिको बैठक खाजा | 20000 | 12 | 240000 |
| 4 | 2.9.6.9 बिभिन्न सचिवालयको खाजा | 60000 | 12 | 720000 |
| 5 | 2.9.9.1 गमला व्यवस्थापन | 12000 | 6 | 72000 |
| | कुल जम्मा रु | | | 1362000 |

25 कार्यक्रमको नामः 28142 घर भाडा

| सि.नं. | कृयाकलाप र नाम | दर | पटक | जम्मा |
|---|---|---|---|---|
| 1 | 8.3.1 कार्यालयको घर भाडा | 232000 | 12 | 2784000 |

**प्रस्ताव नं. ४ माथी छलफल गर्दा :** क्यालेण्डर प्रकाशन सम्बन्धमा आवश्यक तयारी गरी आयोगमा पेश गर्न आयोगका उपसचिव श्री सविता डंगोलको संयोजकत्वमा ३ सदस्यीय समिति गठन गर्ने ।

समितिमा निम्न वमोजिमको सदस्यहरु रहने

१ श्री सविता डंगोल — उपसचिव — संयोजक

२ श्री रमेश कुमार दास — शा.अ. — सदस्य

३ श्री अनुप बहादुर खड्का — ना.सु. सदस्य

**प्रस्ताव नं. ५ माथी छलफल गर्दा : निवेदक श्री निसान्त साह महोत्तरी जिल्ला लोहारपट्टी न.पा. वार्ड नं.७ ले २०८२/१०/२६ गते सुचना अधिकारी समक्ष दिएको सुचना तथा विवरण प्रमाणित प्रतिलिपि पाउँ भनि दिएको निवेदन सम्बन्धमा आयोगका सुचना अधिकारी श्री रमेश कुमार दासले अध्ययन गरि पेश गर्ने ।**

## <u>सम्बत् २०८२ साल चैत्र ३ गते बसेको आयोगको वैठकका निर्णयहरु</u>

**बैठक संख्याः १३६**

**निर्णयः**

प्रस्ताव १ माथी छलफल गर्दा मिति २०८२ चैत्र २ गते बैठक संख्या १३५ को प्रस्ताव नं. १ को (११) मा मधेशी आयोगको स्थापनाकाल देखि निरन्तर योगदान गरी रहेका तपसिल अनुसारको आयोगका कर्मचारीहरुलाई सम्माननीय राष्ट्रपतिज्यूबाट प्रसंशा पत्र प्रदान गर्ने निर्णय अनुसारको नामावलीमा संशोधन गरी तपशिल बमोजिम गर्ने।

**तपसिल**

रमेश कुमार दास - शाखा अधिकृत

ईश्वर प्रसाद गुनी - हलुका सवारी चालक

सिता थापा - कार्यालय सहयोगी

गिरीजेश कोईरी - कार्यालय सहयोगी

## <u>सम्बत् २०८२ साल चैत्र २ गते बसेको आयोगको वैठकका निर्णयहरु</u>

**बैठक संख्याः १३७**

**निर्णयः**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा सम्मानीत सर्वोच्च अदालतको रिट नं. ०८२-WO-०९६४ को लिखित जवाफ संलग्न वमोजिम महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानीत सर्वोच्च अदालतमा पठाउने निर्णय गरियो।

**(संलग्न लिखित जवाफको ढाँचा):**

श्री सर्वोच्च अदालतमा चढाएको लिखित जवाफ

रिट नं. ०८२-WO-०९६४

मार्फतः श्री महान्यायधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं।

मधेशी आयोग, ज्वागल, ललितपुरको तर्फबाट ऐ. आयोगका सचिव श्री नरेश राज खरेल....... लिखित जवाफ प्रस्तुत कर्ता

विरुद्ध

सूर्य नारायण साहको छोरा जिल्ला महोत्तरी, पिपरा गाउँपालिका वडा नं., १ वस्ने वर्ष ४२ को सन्तोष कुमार साह मो. नं. ९८०४८८२३२१..... प्रत्यर्थी रिट निवेदक

मुद्दा- उत्प्रेषण समेत

**रिट निवेदकको दावीः**

विपक्षी निर्वाचन आयोग, नेपाल समानुपातिक निर्वाचन अधिकृतको कार्यालयवाट मिति २०८२/१०/१७ गते भएको निर्णय, निम्न आधार कारणबाट त्रुटिपूर्ण तथा बदरभागी रहेकोले उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी जे जो चाहिने उपयुक्त आज्ञा आदेश बदर गरी पाउन सविनय निवेदन गर्दछु।

(क) विपक्षी नेपाल कम्यूनिष्ट पार्टी (एकीकृत मार्कसवाद-लेनिनवाद) पार्टी प्रतिनिधि सभा चुनावमा समानुपातिक बन्द सूचीमा क्र.सं.९७ मा रहेको चन्देश्वर मण्डल धानुक जातिको रहेको धानुक जाति नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूचीको क्र.सं.२५ मा धानुक (राजवंशी) आदिवासी जनजाति सम्वन्धी विवरणमा उल्लेख रहेकोमा निज चन्देश्वर मण्डल धानुक जातिको भएकोले निज आदिवासी जनजाति कलस्टरमा पर्ने हुँदा निजलाई मधेशी कलस्टरमा राखी क्र.सं. ९७ मा नाम समावेश गरी पठाएकोमा नेपालको संविधानको धारा ४२ सामाजिक न्याय सम्बन्धी संविधान प्रदत्त मौलिक हक तथा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३,५,१५, २१, २८(१) (२) (३) (५), २९ सामाजिक न्याय, समन्याय तथा समानुपातिक समावेशी सिद्धान्तको अवधारणा समेत विपरित भएको निर्णय त्रुटिपूर्ण रहेकोले उत्प्रेषणको आदेशद्वारा बदर गरी पाउँ।

(ख) नेपालको सूचिकृत आदिवासी जनजाति अन्तर्गत ६० जातजातिहरु पर्दछन्। ६० जातिहरुलाई वर्गिकृत्त गरी समूहहरूमा विभाजन गरिएको छ। १) विकसित समूहः नेवार, थकाली, (२) सुविधावाट बञ्चित समूहः गुरुङ, शेर्पा, तिनगाउँले, बाह्गाउँले, राई समेत (३) सिमान्तकृत समूहः- सुनुवार, राजवंशी, ताजपुरिया, मुमानी, थारु, पहरी, तामाङ, धिमाल, भुजेल, भोटे, डोल्पा, दुरा, कुमाल समेत ४) अति सिमान्तकृत समूहः माझी, सत्याल, बोटे, धानुक, झाँगड, दुनुवार, चेपाङ समेत (५) लोपोन्मुख समूहः कुसुण्डा, किसान, कुसुवाडिया, वनझरिया, हापु, राउटे आदि छन्। आदिवासी जनजाति अन्र्तगत अति सिमान्तकृत समूह अन्रतगत धानुक जाति रहेकोले धानुक जातिलाई मण्डल भन्ने थरले चिनिन्छ। धानुक जातिलाई मधेशी समुदायको

कलस्टरमा राख्न मिल्दैन। प्रचलित कानून, नेपालको संविधानको धारा ४२ को व्यवस्थाको भावना विपरित एउटै व्यक्तिले दोहोरो सुविधा लिन मिल्दैन।

(ग) जहाँसम्म विपक्षी प्रत्यर्थी ने.क.पा. (एमाले) ले समानुपातिक बन्द सूची क्र.सं.९७ को चन्देश्वर मण्डलको सम्बन्धमा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २१ र २९ बमोजिम म निवेदकको दावी विरोधको उजुरी मिति २०८२।१०।०७ मा परि सकेपछि विपक्षी चन्देश्वर मंण्डलले आफुलाई मधेशी कलष्टर कायम गर्न जिल्ला प्रशासन कार्यालय, सिरहाबाट मिति २०८२/१०/११ मा मधेशी भनि सिफारिस लिइएको अवस्था छ। जुन विवादास्पद रहेको छ। मधेशी आयोग वा अन्य आयोग उत्थान प्रतिष्ठान गठन भईसकेपछि सम्बन्धित आयोग वा प्रतिष्ठानले नै छानविन गरि सिफारिस दिनु पर्नेमा गलत किसिमले जिल्ला प्रशासन कार्यालय, सिरहाले आदिवासी जनजाति कलस्टरका व्यक्तिलाई मधेशी हो भनि सिफारिस गर्नु प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८(५) समेतको कानूनी व्यवस्था विपरित रहेकोले उक्त जिल्ला प्रशासन कार्यालयको मिति २०८२।१०।११ को सिफारिस पत्र समेत बदरभागी रहेको छ।

(घ) विपक्षी चन्देश्वर मण्डलले जिल्ला प्रशासन कार्यालय, सिरहाबाट मिति २०४१।०४।०५ मा जारी भएको निजको नेपाली नागरिकताको प्रमाणपत्रमा निजको नाम चन्देश्वर मण्डल, बुवाको नाम भोला मण्डल उल्लेख भएको कारण निज मधेशी कलस्टरमा पर्नु पर्ने होइन। नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूचीको क्र.सं.२५ मा धानुक (राजवंशी) कलस्टर रहेको अवस्थामा गलत अर्थ लगाई धानुक (राजवंशी) कलस्टर अर्न्तर्गत मण्डल नपर्ने भनि गलत किसिमले व्याख्या गरी भएको समानुपातिक निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन अधिकृतज्यूबाट मिति २०८२।१०।१७ गते भएको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी पाउँ।

(ङ) २०७९ सालको प्रतिनिधि सभाको चुनावमा, विपक्षी नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले २०७९।०६।०३ मा मधेश प्रदेश अन्तर्गत समानुपातिक बन्द सूचि पेश गर्दा उर्मिला देवी मण्डललाई आदिवासी जनजाति समावेशी समुहको सूचीमा नाम समावेश गरी पठाएको थियो। हाल विपक्षी चन्देश्वर मण्डल आदिवासी जनजाति हुँदा हुँदै पनि मधेशी बन्द सूचीमा नाम समावेश गरी पठाएको कार्य आफैमा विवादास्पद र विरोधाभास रहेकोले प्रमाण ऐन, २०३१ को दफा ३४ बमोजिम विपक्षी विवन्धित रहको छ।

निवेदकले यस आयोगलाई समेत विपक्षी बनाई सम्मानित अदालत समक्ष दायर गर्नु भएको रिट नं. ०८२-WO-०९६४ को रिट निवेदनमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुन नपर्ने आधार र कारण भए सो समेत साथै राखी बाटोको म्याद बाहेक १५ दिन भित्र महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ काठमाडौं मार्फत लिखित जवाफ पठाउनु भन्ने आदेश सहितको सूचना मिति २०८२/१२/०९ मा यस आयोगमा प्राप्त भएकोले म्याद भित्रै लिखित जवाफ प्रस्तुत गरेको छु।

१. आदिवासी/जनजातीहरुको सूचीकरणमा क्रमसंख्या २५ मा धानुक (राजवंशी) जाति रहेको छ। सो सूचिको आधारमा आरक्षणको सुविधा लिईरहेको देखिन्छ।

२. द्वितीय तथ्याङ्कमा आधारित भएर तयार पारिएको "नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन २०७८" आयोगले पारित गरी सुझाव तथा प्रतिकृयाको लागि संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय मार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको छ। हाल सम्म कुनै प्रतिक्रिया तथा सुझाव प्राप्त नभएको अवस्था छ।

**प्रस्तुत कागजातहरुः**

१) आदेशको प्रतिलिपि सहित सूचना म्याद पठाएको विषय मिति २०८२/१२/०९ गते तामेल भएको पत्रको छाया प्रति पाना १२ (बाह्र)।

२) द्वितीय तथ्याङ्कमा आधारित भएर तयार पारिएको "नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन २०७८"।

इति सम्बत २०८२ साल चैत्र १५ गते रोज १ शुभम्।

## सम्बत् २०८२ साल चैत्र १९ गते बसेको आयोगको वैठकका निर्णयहरु

**बैठक संख्याः १३८**

**निर्णयः**

प्रस्ताव १ माथी छलफल गर्दा : २०८३ सालको क्यालेन्डर प्रकाशन समितिले पेश गरेको प्रतिवेदन अनुसार क्यालेन्डर छपाई तथा प्रकाशन गर्न आवश्यक प्रकृया अघि बढाउने निर्णय गरियो।

प्रस्ताव २ माथी छलफल गर्दा : आयोगको विषयवस्तु समावेश गरी सीप विकास जनचेतना तालिम तथा गोष्ठी खर्चबाट NOTE Book छपाई कार्य सम्पन्न गर्ने।

**<u>सम्बत् २०८३ साल बैशाख १५ गते बसेको आयोगको वैठकका निर्णयहरु</u>**

**बैठक संख्याः १३९**

**निर्णयः**

प्रस्ताव नं. १ माथि छलफल गर्दा मधेशी आयोगका माननीय सदस्य रेणु देवी साहज्यूले यस आयोगमा पेश गरेको निवेदन र उक्त कार्यक्रमको निमन्त्रणा पत्रमा उल्लेख भएको "उपरोक्त सम्बन्धमा सौभाग्य वस मलाई अन्तर्राष्ट्रिय क्षेत्रिय Euro ISME ले मिति ११ मे देखी १३ मे २०२६ सम्म International Conference Ethical Challenges to Civil Military Relations in Europe कार्यक्रममा मलाई सहभागीता जनाउन निमन्त्रणा दिएकोले मिति २०८३ वैशाख २८ देखी २०८३ जेठ २ गते सम्मको नेपालको अन्तर्राष्ट्रिय भ्रमण नेपालको कानुन अनुसार नियममा रही भ्रमण स्वीकृति गर्ने गराई दिन हार्दिक अनुरोध गर्दछु। साथै यस कार्यक्रममा सहभागी हुन जाँदा आउदाको सम्पूर्ण खर्च मधेशी आयोग र नेपाल सरकारलाई कुनै पनि आर्थिक भार नपर्ने गरी आफै व्यहोर्ने जानकारी गराउदै निमन्त्रणा पत्र यसैसँग संलग्न गरेको छु" भन्ने व्यहोरा अनुसार म आफैले आफ्नो खर्चमा जाने आउने गरी मिति २०८३ वैशाख २८ देखी २०८३ जेठ २ गते सम्म सो कार्यक्रममा जाँदा भ्रमण स्विकृतीका लागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय भार्फत नेपाल सरकारगा अनुरोध गर्ने।

**<u>सम्बत् २०८३ साल बैशाख ३० गते बसेको आयोगको वैठकका निर्णयहरु</u>**

**बैठक संख्याः १४०**

**निर्णयः**

प्रस्ताव नं. १ माथि छलफल गर्दा : मधेशी समुदायमा रहेको धर्म, संस्कृति, भाषा, लिपि संरक्षण अध्ययन अनुसन्धानको प्रतिवेदन विज्ञज्यूहरु द्वारा दिइएको राय सुझाव समेत समावेश गरी प्रतिवेदन छपाई कार्य अघि बढाउने र सम्झौता बमोजिमको रकम भुक्तानी गर्ने निर्णय गरियो।

## सम्बत् २०८३ साल जेठ १ गते बसेको आयोगको बैठकका निर्णयहरु

**बैठक संख्याः १४१**

**निर्णयः** १. प्रस्ताव नं १ माथि छलफल गर्दा संकेत न २.८.१.७ मा रहेको यातायात खर्चमा विनियोजन भएको रु १४४०००/- (अक्षरुपी एक लाख चवालिस हजार) बाट रसुवा जिल्ला लगायतका जिल्लाहरुमा अनुगमन गर्ने निर्णय गरियो । २. प्रस्ताव नं २ माथि छलफल गर्दा आयोगको बैठक न १३५ मिति २०८२/१२/०२ गते स्वीकृत वार्षिक कार्यक्रम नैतिकवान मधेश तथा सशक्त नैतिक शिक्षा अन्तर्गत रु ३०००००/- (अक्षरुपी तिन लाख) छुट्टयाइएँकोमा सो कार्यक्रम काठमाडौं उपत्यकामा सम्पन्न गर्ने निर्णय गरियो ।

## सम्बत् २०८३ साल असार ९ गते बसेको आयोगको बैठकका निर्णयहरु

**बैठक संख्याः १४२**

**निर्णयः**

प्रस्ताव नं. १ माथि छलफल गर्दा मधेशी समुदायमा रहेको अवधी लोकवार्ता एक अध्ययन अनुसन्धानको प्रतिवेदन विज्ञज्यूहरु द्वारा दिइएको राय सुझाव समेत समावेश गरी प्रतिवेदन छपाई कार्य अघि बढाउने र सम्झौता बमोजिमको रकम भुक्तानी गर्ने निर्णय गरियो।

# अनुसूची - ७

## आयोगका प्रेस विज्ञप्तिहरू

मितिः २०८२/०४/०६

## प्रेस विज्ञप्ति

**विषयः मधेश प्रदेशमा खडेरी र खानेपानीको हाहाकार सम्बन्धमा।**

लामो समयदेखिको खडेरी र समयमा वर्षा नहुँदा मधेश प्रदेशमा खानेपानीको चरम अभाव र कृषि क्षेत्रमा गम्भीर संकट उत्पन्न भएकोप्रति मधेशी आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। मधेश प्रदेशलाई 'अन्नको भण्डार' मानिए पनि हाल मध्य बर्षामा समेत ५० प्रतिशतभन्दा कम मात्रै रोपाइँ हुनुले खाद्य संकटको जोखिम बढेको छ। सिँचाइको अभावमा खेतमा लगाइएको धानको बीउ सुक्न थालेको छ भने अर्कोतर्फ खानेपानीका मुहान र चापाकल सुक्दा नागरिकको दैनिकी कष्टकर बनेको छ।

मधेश प्रदेशका अधिकांश जिल्लाहरूमा भूमिगत जलस्रोतको सतह निरन्तर घटिरहेको, चुरे क्षेत्रको अनियन्त्रित दोहन र जलवायु परिवर्तनको प्रत्यक्ष असरले यो संकटलाई थप भयावह बनाएको विभिन्न अध्ययनहरुले देखाएका छन्। प्रदेशका कयौं स्थानमा स्थानीय तह र प्रदेश सरकारको समन्वयमा दमकल र ट्यांकरमार्फत खानेपानी वितरण गर्ने प्रयास भए पनि त्यो पर्याप्त छैन।

मधेश प्रदेश सरकारले प्रदेशलाई 'सुक्खा ग्रस्त क्षेत्र' घोषणा गर्नु र संघीय सरकारमा पनि यस विषयमा छलफल हुनु सकारात्मक कदम भए तापनि संकटको गम्भीरतालाई सम्बोधन गर्न तीनै तहका सरकारबीच अझ समन्वय बढाउन आवश्यक देखिएको छ।खानेपानी जस्तो आधारभूत आवश्यकताबाट मधेश प्रदेशका बासिन्दाहरु वञ्चित हुनु मानव अधिकारको समेत गम्भीर उल्लंघन हो।

तसर्थ, मधेशमा देखिएको यो विकराल अवस्थालाई सम्बोधन गर्न संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारहरूको ध्यानाकर्षण गराउँदै खानेपानीको चरम अभाव भएका क्षेत्रहरूमा तत्काल ट्यांकर र अन्य माध्यमबाट स्वच्छ खानेपानी वितरणको व्यवस्थालाई थप प्रभावकारी र व्यापक बनाइयोस्।साथै खडेरीका कारण बालीनालीमा क्षति ब्यहोरेका किसानहरूलाई तत्काल राहत प्याकेजको घोषणा गरी उचित क्षतिपूर्तिको व्यवस्था गरियोस्।सिँचाइका लागि

वैकल्पिक व्यवस्थाहरू जस्तैः डिप बोरिङ जडानमा तत्काल अनुदान र प्राविधिक सहयोग उपलब्ध गराइयोस्। त्यसैगरी खडेरी र गर्मीका कारण उत्पन्न हुन सक्ने स्वास्थ्य समस्याहरू जस्तैः झाडापखाला, हैजा को रोकथाम र उपचारका लागि स्वास्थ्य संस्थाहरूमा तत्काल आवश्यक व्यवस्था गरियोस् ।

यस संकटको घडीमा सबै पक्षलाई संवेदनशील भई मधेश प्रदेशका बासिन्दाहरुको पीडालाई सम्बोधन गर्न र उनीहरूको जीवनयापन सहज बनाउनका लागि आ-आफ्नो स्थानबाट सक्रिय भूमिका निर्वाह गर्न आयोग हार्दिक अपिल गर्दछ।

मितिः २०८२।४।२९

**शुभकामना ! (तीन छठी पर्व)**

भाद्र कृष्णपक्ष हल षष्ठी छठको तिथिमा मधेशी समुदायको अवधि संस्कार मान्ने आमाहरुले आफ्नो सन्तानको सुस्वास्थ्य र दिर्घायुको कामना गर्दै महुवाको फल, तिन्नीको चामल, कुशको वोट तथा सालको विरुवामा पूजा अर्चना गरी मनाउनुहुने तीन छठी पर्वको व्रतालु आमाहरु लगायत सम्पूर्णमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

**मिति २०८२।५।२९**

## जितिया पर्वको शुभकामना !

शाश्वत सनातनी मधेशी महिलाहरुको अत्यन्त कठोरतम् निर्जला व्रत-उपासना जीवत्पुत्रिका/ जितिया व्रत यहि आश्विन कृष्ण पक्षको सप्तमी, अष्टमी र नवमी तिथिमा परेको छ। यसको प्रथम दिन नहाए-खाए [दर खाने], दोस्रो दिन अष्टमी तिथिमा निर्जला व्रत वस्ने र तेस्रो दिन नवमीमा पारण/पावन/समापन गर्ने रहेको छ। यो व्रतले सन्तानको कल्याण, परिवार र समाजको कल्याण हेतु महिलाहरुले उपवास र पुजाआराधना गर्ने गर्दछिन। यो पर्व सामाजिक एकताका साथै महिलाहरुले दिवंगत माइती र घर पक्षका आ-आफ्ना पितृ / पितरहरुलाई श्रद्धापूर्वक पोखरी, खोला वा ईनारमा गई तेल, खरी लगायतका सामाग्रीहरुले पुजाअर्चना गर्ने गर्दछिन। यस पछि नै सोह्र श्राद्धमा पुरुषहरुद्वारा पुजा तथा जलअर्पण गर्ने गरिन्छ। यस पर्वले प्रकृति संरक्षण, जल संरक्षण, धार्मिक तथा आध्यात्मिक पक्ष, महिला सशक्तिकरण, सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्ष लगायतका बहुआयामिकताका परम पवित्र पर्व हुन्।

मिति : २०८२।६।२

**सम्माननीय राष्ट्रपतिज्यूलाई सातौ वार्षिक प्रतिवेदन बुझाइएको सम्बन्धमा प्रेस विज्ञप्ति**

मधेशी आयोगको सातौं वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश भैसकेको छ । प्रतिवेदनको अवधिमा प्राप्त उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिस भएको छ । सातौं वार्षिक प्रतिवेदनमा मधेशी आयोगद्वारा सम्पादित मुख्य मुख्य सिफारिस देहाय वमोजिम रहेका छन् ।

**सिफारिसहरु :**

१. तराईमा हाल देखा परेको खानेपानी समस्या समाधानका लागि सरकारलाई निम्न चार बुँदे सुझाव सिफारिस गरिन्छः

(क) तराई-मधेशमा भूमिगत पानीको सतह घट्दै जानु र पानीका स्रोतहरु सुक्नुको मुख्य कारण चुरे क्षेत्रको अनियन्त्रित दोहन र वन विनाश हो । तसर्थ, चुरे संरक्षणका लागि तत्काल प्रभावकारी कार्यक्रम लागू गरी यसको प्राकृतिक पुनर्भरण क्षमतालाई पुनस्थापित गर्न कडा कदम चाल्नुपर्दछ ।

(ख) चापाकलको पानीमा आर्सेनिक जस्ता हानिकारक तत्व देखिने हुँदा, सम्पूर्ण नागरिकलाई स्वच्छ र सुरक्षित खानेपानी उपलब्ध गराउन डिप बोरिङ मार्फत निकालिएको पानीलाई प्रशोधन गरी घर-घरमा वितरण गर्ने "तराई-मधेश खानेपानी सुधार कार्यक्रम" लाई तीव्रता दिनु आवश्यक छ ।

(ग) वर्षातको पानीलाई Water recharge system मार्फत जमिन मुनी पठाउनुपर्ने र संकलन तथा पुनर्भरण प्रणालीलाई हरेक घर र समुदायमा प्रोत्साहन गरिनुपर्छ ।

(घ) यस परिप्रेक्ष्यमा सरकारले तत्काल शुद्ध पानीको वैकल्पिक स्रोत पहिचान, वर्षाजल संकलन प्रणालीको प्रवर्द्धन, तथा खानेपानी परियोजनामा दीर्घकालीन योजना र पर्याप्त बजेट विनियोजन गर्नुपर्ने आवश्यकता छ । साथै, प्रदूषण नियन्त्रण र जलस्रोत संरक्षणमा स्थानीय तह, समुदाय र सम्बन्धित निकायबीच समन्वयात्मक कार्य संस्कृति विकास गरी दिगो समाधानतर्फ अग्रसर हुन जरुरी छ ।

**२. नागरिकता समस्याः**

तराई-मधेशमा ठूलो संख्यामा नागरिकहरूले नागरिकता प्रमाणपत्र पाउन सकेका छैनन्। प्रक्रियागत झन्झट, प्रशासनिक ढिलासुस्ती र आवश्यक कागजातको अभावले उनीहरू

राज्यबाट प्रदान गरिने सेवा-सुविधाहरुबाट वञ्चित भएका छन्। यसले उनीहरूको शिक्षा, रोजगारी र सम्पत्तिको अधिकारमा समेत असर पारेको छ। सरकारले विशेष टोली परिचालन गरी नागरिकताविहीनहरूको पहिचान गरी सहज रूपमा नागरिकता प्रदान गर्ने व्यवस्था मिलाउनु आवश्यक छ। साथै, जन्मसिद्ध नागरिकका सन्तानले वंशजको नागरिकता पाउने संवैधानिक व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्नुपर्छ।

### ३. कृषि तथा सिँचाइ समस्याः

तराई-मधेश कृषि उत्पादनको दृष्टिकोणले महत्त्वपूर्ण भए तापनि सिँचाइको अभाव, मलखादको समयमा अनुपलब्धता र कृषि उपजको उचित बजारको अभाव जस्ता समस्याहरूले किसानहरू मारमा परेका छन्। परम्परागत खेती प्रणाली र आधुनिक प्रविधिको कम प्रयोगले उत्पादकत्व बढाउन सकेको छैन। सरकारले कृषिमा अनुदान, सहुलियत ऋण, सिँचाइ सुविधा विस्तार र कृषि उपजको समर्थन मूल्य तोक्नुपर्छ। साथै, कृषिमा आधारित उद्योगहरूको स्थापना गरी रोजगारी सिर्जना गर्नुपर्छ।

### ४. डुबान, भडान र बाढीको समस्याः

हरेक वर्ष वर्षायाममा तराई-मधेशका अधिकांश भू-भाग डुबान तथा भडानमा पर्ने गरेका छन्। नेपालको सीमा क्षेत्रमा बनाएका बाँध, तटबन्ध र सडकजस्ता संरचनाले पानीको प्राकृतिक बहाव रोकिँदा यो समस्या झन् विकराल बनेको छ। यो समस्याको दीर्घकालीन समाधानका लागि छिमेकी मुलुकसँग कूटनीतिक पहल गरी समन्वयात्मक रूपमा काम गर्नुपर्छ। चुरे क्षेत्रको अनियन्त्रित दोहनले पनि बाढी र भू-क्षयको जोखिम बढाएको छ। संघ, प्रदेश र स्थानीय तहको सक्रियतामा चुरे क्षेत्रको दोहनको नियन्त्रण गर्नुपर्छ।

### ५. शिक्षामा पहुँच र गुणस्तरको कमीः

तराई-मधेशमा शिक्षामा पहुँच र गुणस्तर दुवैको अवस्था कमजोर छ, विशेषगरी दलित र महिला समुदायमा गरिबी, सामाजिक चेतनाको कमी र विद्यालयमा भौतिक पूर्वाधारको अभावले धेरै बालबालिका विद्यालय बाहिर छन्। विद्यालयहरूमा दरबन्दी अनुसारको शिक्षक/शिक्षिकाको अभाव, विषयगत र तहगत शिक्षक/शिक्षिका नहुनु, शिक्षक/शिक्षिका र विद्यार्थीहरूको अनुपातमा फरक पर्नु जस्ता समस्यालाई समाधान गरी गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न आवश्यक छ। साथै, मधेशी समुदायको मातृभाषा सहितको संस्कृति र इतिहासलाई पाठ्यक्रममा समावेश गर्नुपर्छ ।

**६. स्वास्थ्य सेवामा पहुँचको अभावः**

तराई-मधेशका ग्रामीण क्षेत्रहरूमा स्वास्थ्य सेवाको पहुँच अत्यन्तै न्यून छ। स्वास्थ्य संस्थाको कमी, दक्ष स्वास्थ्यकर्मीको अभाव र गरिबीका कारण मानिसहरू सामान्य रोगको उपचारबाट समेत वञ्चित छन्। विशेषगरी दलित र सीमान्तकृत समुदायका मानिसहरू स्वास्थ्य सेवाबाट बढी प्रभावित छन्। सरकारले ग्रामीण क्षेत्रमा स्वास्थ्य संस्थाको स्थापना, निःशुल्क औषधि वितरण र स्वास्थ्यकर्मीको उचित व्यवस्थापन गर्नुपर्छ।

**७. बेरोजगारी समस्याः**

तराई-मधेशमा बेरोजगारीको समस्या विकराल छ, जसले गर्दा हजारौं युवाहरू रोजगारीका लागि विदेशिन बाध्य छन्। कृषि क्षेत्रको परम्परागत ढाँचा र औद्योगिक विकासको कमीले रोजगारीका अवसरहरू सिर्जना हुन सकेका छैनन्। सरकारले कृषिमा आधुनिकीकरण, साना तथा मझौला उद्योगहरूको प्रवर्द्धन र सीपमूलक तालिमहरू सञ्चालन गरी रोजगारीका अवसरहरू सिर्जना गर्नुपर्छ ।

**८. सामाजिक विभेद र छुवाछूतः**

तराई-मधेशमा जातीय विभेदको समस्या अझै पनि विद्यमान छ, कानूनले दण्डनीय मानेको यो कुप्रथालाई जरैदेखि उन्मूलन गर्न सामाजिक चेतना अभियान र कानूनी कारबाहीलाई कडाइका साथ लागू गर्नुपर्छ।

**९. लैङ्गिक हिंसा र सशक्तीकरणको कमीः**

तराई-मधेशमा लैङ्गिक हिंसा, दाइजो प्रथा, बालविवाह जस्ता सामाजिक कुरीतिहरू अझै पनि व्याप्त छन्। महिलाहरूको शिक्षा, स्वास्थ्य र सम्पत्ति माथिको अधिकार सीमित छ। वैदेशिक रोजगारीले महिलाको निर्णय क्षमतामा केही सकारात्मक प्रभाव पारे पनि समग्र सशक्तीकरणको अवस्था कमजोर छ। सरकारले महिला शिक्षा र सशक्तीकरणका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरी सामाजिक कुरीतिहरू अन्त्य गर्नुपर्छ।

**१०. आरक्षण नीतिको प्रभावकारी कार्यान्वयनः**

राज्यको मूलप्रवाहमा ल्याउन मधेशी समुदायका पछाडि परेका जातजाती (मधेशी दलित, मधेशी आदिवासी जनजाति, पीछडा वर्ग) र वर्गको घरदैलो सर्वेक्षण गराई जातजातीको लागि ६० प्रतिशत र वर्गको लागि ४० प्रतिशतमा वर्गिकरण गरी आरक्षण वा पहुँचका लागि राज्यले नीति नियमन गर्नुपर्दछ।

## ११. वातावरणीय प्रदूषण र चुरे संरक्षणः

चुरे क्षेत्रको अनियन्त्रित दोहन र वन विनाशले तराई-मधेशमा वातावरणीय सन्तुलन खलवलिएको छ। यसले गर्दा पानीका मुहानहरू सुक्ने, बाढी, पहिरो र मरुभूमीकरणको समस्या बढ्दै गएको छ। सरकारले चुरे संरक्षणका लागि अझ ठोस योजना बनाई प्रभावकारी कार्यान्वयन गर्नुपर्छ। साथै, वातावरणीय प्रदूषण नियन्त्रणका लागि उद्योगहरूलाई प्रभावकारी नियमन र जनचेतना अभिवृद्धि गर्नुपर्छ।

## १२. सीमा क्षेत्रका समस्याः

नेपाल-भारत खुला सिमानाका कारण सीमावर्ती क्षेत्रका बासिन्दाहरूले विभिन्न समस्या भोग्नुपरेको छ। सीमा स्तम्भहरूको मर्मतसम्भार नहुनु र सुरक्षा चुनौतीहरू प्रमुख समस्या हुन्। सरकारले सीमा सुरक्षालाई सुदृढ बनाउनुका साथै सीमावर्ती क्षेत्रका बासिन्दाहरूको सुरक्षा र सुविधाका लागि विशेष ध्यान दिनुपर्छ।

## १३. लागूऔषध दुर्व्यसनः

तराई-मधेशका युवाहरूमा लागूऔषध दुर्व्यसनको समस्या बढ्दै गइरहेको छ। बेरोजगारी, निराशा र चेतनाको कमीले युवाहरू कुलतमा फस्ने गरेका छन्। यसले उनीहरूको व्यक्तिगत जीवन मात्र नभई परिवार र समाजमा पनि नकारात्मक असर पारेको छ। सरकारले लागूऔषध नियन्त्रणका लागि कडा कदम चाल्नुका साथै युवाहरूलाई सकारात्मक बाटोमा डोर्याउन परामर्श र पुनःस्थापना कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ।

## १४. सरकारी सेवामा मधेशी समुदायको पहुँचः

राज्यका विभिन्न अंगहरूमा मधेशी समुदायको समानुपातिक प्रतिनिधित्व अझै पनि सुनिश्चित हुन सकेको छैन। भाषागत समस्या र सूचनाको अभावले गर्दा मधेशीहरू सरकारी सेवा र अवसरहरूबाट वञ्चित छन्। सरकारले लोकसेवा आयोग लगायतका सरकारी निकायहरूमा मधेशी समुदायको पहुँच बढाउनका लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। लोकसेवाले लिइने विभिन्न परीक्षाहरू मातृभाषाहरूमा पनि दिन पाउने व्यवस्था गर्नुपर्दछ।

## १५. सांस्कृतिक सम्पदाको संरक्षणः

तराई-मधेशको भाषा, लिपि, संस्कृति, इतिहास र कलाको संरक्षण र प्रवर्द्धनमा राज्यको ध्यान पुग्न सकेको छैन। यी अमूल्य सम्पदाहरू लोप हुने खतरा बढेको छ। सरकारले मधेशी

समुदायको सांस्कृतिक सम्पदाको अध्ययन, अनुसन्धान र संरक्षणका लागि विशेष कार्यक्रमहरू ल्याउनुका साथै यसलाई राष्ट्रिय पहिचानको अंग बनाउनुपर्छ।

**१६. शीत लहर र गर्मीको प्रकोपः**

तराई-मधेशका जनता हरेक वर्ष हिउँदमा शीतलहर र गर्मीमा अत्यधिक गर्मीको प्रकोपबाट प्रभावित हुने गरेका छन्। यसबाट विशेषगरी गरिब, विपन्न र वृद्धवृद्धाहरूको स्वास्थ्यमा गम्भीर असर पर्ने र ज्यान समेत जाने गरेको छ। सरकारले शीतलहरको समयमा न्यानो कपडा, स्वास्थ्य शिविर, दाउरा वितरण तथा गर्मीको समयमा समयमै आगलागी नियन्त्रण, स्वास्थ्य शिविर सञ्चालन र सुरक्षित खानेपानी वितरण गर्नुपर्छ। सरकारले प्राकृतिक प्रकोपबाट हुने जनधनको क्षतिबाट वचाउन सुरक्षित आवासको प्रभावकारी व्यवस्था गर्नुको साथै जनचेतना कार्यक्रमलाई प्रभावकारी वनाउनुपर्छ।

**१७. कृषिमा यान्त्रीकीकरणको अभावः**

तराई-मधेशको कृषि अझै पनि परम्परागत र निर्वाहमुखी छ। कृषिमा यान्त्रीकीकरणको अभावले लागत बढी र उत्पादन कम हुने गरेको छ। साना किसानहरूको लागि उपयुक्त र गुणस्तरीय कृषि यन्त्रहरूको सहज पहुँच छैन। सरकारले कृषि यन्त्रहरूमा अनुदान दिने, सहुलियत दरमा उपलब्ध गराउने र किसानहरूलाई आवश्यक तालिम प्रदान गरी कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण गर्नुपर्छ।

**१८. सहकारी ठगीः**

पछिल्लो समय देशव्यापी रुपमा सहकारी ठगीका घटनाहरू बढिरहेका छन्, जसबाट लाखौं सर्वसाधारणको बचत जोखिममा परेको छ। कमजोर नियमन र राजनीतिक संरक्षणका कारण ठगहरूले सजिलै उन्मुक्ति पाइरहेका छन्। सरकारले सहकारी क्षेत्रको प्रभावकारी अनुगमन गरी बचतकर्ताको रकम सुरक्षित गर्न र ठगीमा संलग्नलाई कडा कारबाही गर्नुपर्छ।

**१९. लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समस्याः**

लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरू सामाजिक बहिष्करण र विभेदको शिकार भइरहेका छन्। उनीहरूले शिक्षा, स्वास्थ्य, रोजगारी र सम्पत्तिको अधिकारबाट वञ्चित हुनुपरेको छ। सरकारले उनीहरूको पहिचान र अधिकार सुनिश्चित गर्नका लागि आवश्यक कानून निर्माण गरी सामाजिक चेतना जगाउनु पर्छ।

**२०. बसाइँसराइः**

पहाडी क्षेत्रबाट तराई-मधेशमा बसाइँसराइको चाप बढ्दो छ, जसले यहाँको सामाजिक, आर्थिक र वातावरणीय क्षेत्रमा असर पारेको छ। यसले गर्दा जमिनको खण्डीकरण, जनघनत्व वृद्धि र स्रोतसाधनमाथि दबाब बढेको छ। सरकारले सन्तुलित विकास नीति अपनाई पहाडी क्षेत्रमा पनि रोजगारी र अवसरहरू सिर्जना गरी बसाइँसराइलाई व्यवस्थित गर्नुपर्छ।

**२१. राजनीतिक अस्थिरता र सुशासनको कमीः**

राजनीतिक अस्थिरता र सुशासनको कमीले विकास निर्माणका कामहरू प्रभावित भएका छन्। भ्रष्टाचार, नातावाद र कृपावादले गर्दा सरकारी योजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेका छैनन्। सरकारले राजनीतिक स्थायित्व कायम गरी पारदर्शी र जवाफदेही शासन प्रणाली सुनिश्चित गर्नुपर्छ।

**२२. युवा पलायनः**

देशभित्र रोजगारीका अवसरहरूको कमी, राजनीतिक अस्थिरता, भविष्यप्रतिको अनिश्चितताले गर्दा ठूलो संख्यामा मधेशी युवाहरू विदेश पलायन भइरहेका छन्। यसले गर्दा देशले दक्ष जनशक्ति गुमाइरहेको छ भने सामाजिक र पारिवारिक संरचनामा पनि नकारात्मक असर परिरहेको छ। सरकारले युवाहरूलाई स्वदेशमै बस्ने र काम गर्ने वातावरण सिर्जना गर्न ठोस नीति र कार्यक्रमहरू ल्याउनु आवश्यक छ।

**२३. अन्तर्राष्ट्रिय सन्धि-सम्झौताको कार्यान्वयनः**

नेपालले हस्ताक्षर गरेका मधेशी समुदायको हकहितसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। यी सन्धि-सम्झौताहरूको कार्यान्वयन पक्षमा जोड दिने र अनुगमन गर्ने कार्यको सुनिश्चितता सरकारको तर्फबाट हुनु आवश्यक छ।

**२४. मधेशी आयोगको सबलीकरणः**

मधेशी आयोगलाई संवैधानिक रूपमा अधिकारसम्पन्न बनाउनु आवश्यक छ। अपर्याप्त बजेट र जनशक्तिका कारण आयोगले आफ्ना कामकारबाहीहरू प्रभावकारी रूपमा सञ्चालन गर्न सकेको छैन। सरकारले आयोगलाई आवश्यक स्रोत-साधन उपलब्ध गराई आयोगका सिफारिसहरूको कार्यान्वयनमा गम्भीरता देखाउनुपर्छ, ताकि यसले मधेशी समुदायको हकहितमा ठोस योगदान पुर्‍याउन सकोस्।

## २५. भूमिहीन तथा सुकुम्वासी समस्याः

तराई-मधेशमा पुस्तौंदेखि बसोवास गर्दै आएका ठूलो संख्याका दलित र गरिव समुदाय भूमिहीन छन्। भूमिहीन सुकुम्वासीहरूलाई व्यवस्थित बसोवास र जीविकोपार्जनका लागि जमिन उपलब्ध गराउनु राज्यको दायित्व हो। यसका लागि वैज्ञानिक भूमिसुधार लागू गरी वास्तविक भूमिहीनको पहिचान गरी जग्गाधनी पुर्जा वितरण गर्नुपर्छ। साथै, अव्यवस्थित बसोवासीहरूको समस्या समाधानका लागि पनि ठोस योजना ल्याउनु जरुरी छ।

## २६. नेपालका प्रमुख मठमन्दिरलाई धार्मिक सर्किटको रुपमा जोड्ने सम्बन्धमाः

पूर्वको पाथिभरा देवी मन्दिर - ताप्लेजुङ, हलेसी महादेव मन्दिर - खोटाङ, वराहक्षेत्र-सुनसरी, कंकालिनी मन्दिर, सखडा भगवति मन्दिर-सप्तरी, शम्भुनाथ मन्दिर, सप्तरी, पञ्चाभगवती मन्दिर-लहान, सिराहा, सलहेश फुलवारी, लाहान, सिराहा, सलहेश मन्दिर, सिराहा, जानकी मन्दिर - जनकपुरधाम , धनुषा, जलेश्वर महादेव - महोत्तरी, पशुपतिनाथ मन्दिर - काठमाडौं, स्वयम्भूनाथ स्तुप - काठमाडौं, दक्षिणकाली मन्दिर - फर्पिङ, काठमाडौं, मनकामना मन्दिर - गोरखा, पलान्चोक भगवती -काभ्रेपलान्चोक, कालिन्चोक भगवती मन्दिर-दोलखा, चुरियामाई मन्दिर-मकवानपुर, गढीमाई मन्दिर-बारा, देवघाट-चितवन, विन्ध्यवासिनी मन्दिर-पोखरा, मुक्तिनाथ मन्दिर-मुस्ताङ, कालिका भगवती मन्दिर-वागलुङ, स्वर्गद्वारी मन्दिर-प्युठान, मौलाकालिका मन्दिर-नवलपरासी, सिद्धबाबा मन्दिर-रुपन्देही, मायादेवी मन्दिर-कपिलवस्तु, सुपादेउराली मन्दिर-अर्घाखाँची, पाणिनी तपोभूमि-अर्घाखाँची, बागेश्वरी मन्दिर-नेपालगञ्ज, बाँके, देउतीबज्यै-सुर्खेत, वडीमालिका मन्दिर-वाजुरा, शैलेश्वरी मन्दिर-सिलगढी, डोटी, उग्रतारा मन्दिर-डडेल्धुरा, चन्दननाथ मन्दिर, जुम्ला सम्मका प्रमुख धार्मिक स्थलहरूलाई जोडेर "बृहत् राष्ट्रिय धार्मिक सर्किट" घोषणा गर्न सिफारिस गर्दछु। यो सर्किटले मधेश प्रदेश र पहाडको महत्वपूर्ण धरोहरहरूसँग जोड्नेछ। यसले तराई-मधेश, पहाड र हिमालबीच सांस्कृतिक सद्भाव बढाएर राष्ट्रिय एकतालाई सुदृढ गर्नेछ। साथै, आन्तरिक एवं भारतीय पर्यटकलाई आकर्षित गरि धार्मिक पर्यटन मार्फत रोजगारी वृद्धि हुनुका साथै आर्थिक समृद्धि समेत हुनेछ।

## २७. राष्ट्रिय गौरवका आयोजनाको सम्बन्धमाः

हुलाकी राजमार्ग, काठमाडौं-तराई/मधेश द्रुतमार्ग, निजगढको अन्तर्राष्ट्रिय विमानस्थल र सुनकोशी-मरिन डाइभर्सन मधेश प्रदेशको आर्थिक समृद्धिका मेरुदण्ड हुन्। द्रुतमार्गले राजधानीसँगको सहज पहुँच र निजगढ अन्तर्राष्ट्रिय विमानस्थलले अन्तर्राष्ट्रिय पहुँच र

अन्तर्राष्ट्रिय व्यापार विस्तार गर्नेछ। मरिन डाइभर्सनले सिन्चित कृषियोग्य भुमि विस्तार भई कृषि उत्पादनमा क्रान्ति ल्याउनेछ। त्यसैगरी, हुलाकी राजमार्गले मधेशका ग्रामीण क्षेत्रहरूमा सहरीकरणको प्रक्रियालाई व्यवस्थित बनाउँदै कृषि, उद्योग र रोजगारीको अवसर सिर्जना गर्नेछ, र यसका छेउछाउमा औद्योगिक र व्यावसायिक पूर्वाधारहरूको विकासले ग्रामीण अर्थतन्त्रमा स्थायी उन्नति ल्याउने सम्भावना रहेको छ। यी राष्ट्रिय गौरवका आयोजनाहरूको शीघ्र सम्पन्नताले मधेश प्रदेशमा बसोवास गर्ने मधेशी समुदायको साथै उपत्यकावासीहरू, आयोजनाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा लाभान्वित हुने अन्य जनसंख्याहरूको जीवनस्तर उकास्नुका साथै राष्ट्रिय अर्थतन्त्रमा समेत उल्लेख्यिय टेवा पुग्नेछ। तसर्थ, यी राष्ट्रिय गौरवका आयोजनाहरूलाई उच्च प्राथमिकतामा राखी तोकिएकै समयमा सम्पन्न गर्नका लागि आवश्यक स्रोत, साधन, जनशक्ति, उच्चतम प्रविधि लगायत आवश्यक सबै कदम चाल्न मधेशी आयोग नेपाल सरकारसमक्ष सिफारिस गर्दछ।

## २८. विद्युतमा नियमनः-

विद्युतमा नेपाली जनताको पहुँच बढ्दै गएको सन्देश सकारात्मक रहेको छ। तर, विद्युत प्राधिकरणको लापरवाही र जनतामा सचेतनाको अभावले दिनप्रतिदिन मृत्यु हुनेको संख्या बढ्दै गएको छ। मुलुकमा यो दृश्य/अदृश्य समस्या क्रमशः गम्भिर रुप लिदै गएको छ। खासगरी मधेश प्रदेशमा २०७५ सालदेखि हालसम्म ५०० जना भन्दा बढीले विद्युत प्रवाहको कारण ज्यान गुमाएका छन्। विद्युतका कारण ज्यान गुमाएकाहरुले राज्यबाट पाउनु पर्ने उचित परिपुरण समेत पाएका छैनन्। राज्य र सरोकारवालाहरुले विद्युत प्राधिकरणलाई अझ बढि जिम्मेवार बनाई र जनतालाई सचेत बनाई यस्ता मानवकृत विपदलाई निर्मूलीकरण गरी पीडितलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने देखिन्छ।

## २९. मधेश प्रदेशमा सिंचाइ समस्या र मरुभूमीकरण समाधानका लागि सुझावहरूः-

हालै मधेश प्रदेशमा मरुभूमीकरण र सिंचाइ समस्याले कृषकहरू र ग्रामीण जनतामा गम्भीर संकट निम्त्याइरहेको छ। यस समस्यालाई समाधान गर्न सरकारले सिंचाइ प्रणालीको सुधार र विस्तारमा प्राथमिकता दिनुपर्छ। कृषकहरूका लागि समयमै मलखाद, विउविजनको उपलब्धता समयमै गर्नुपर्छ। जलस्रोत संरक्षण, ताल तलैया पुनःनिर्माण, र साना-ठूला बाँधहरूको पुनरुद्धारमार्फत पानीको उपलब्धता सुनिश्चित गर्न आवश्यक छ। साथै, आधुनिक र प्रभावकारी सिंचाइ प्रविधि जस्तै ड्रिप इरिगेसन र स्प्रिंकलर सिंचाइ प्रवर्द्धन गर्नुपर्नेछ।

सरकारले कृषकहरूलाई जल संरक्षण र सिँचाइ व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरी स्थानीय समुदायसँग सहकार्य गर्दै दीगो कृषि विकासका लागि नीति बनाउनुपर्छ। यसरी मात्र मधेश प्रदेशको कृषिक्षेत्रलाई पुनर्जीवित गरी खाद्य सुरक्षा र आर्थिक समृद्धि सुनिश्चित गर्न सकिन्छ। साथै सिंचाइका दीर्घकालीन समाधानका लागि सुनकोशी मरिन डाइभर्सनजस्ता ठूला आयोजनाहरूको शिघ्ररुपमा सम्पन्न गर्नुपर्छ।

## ३०. छठपर्वको विदा सम्बन्धमाः

नेपालको महत्वपूर्ण चाडपर्वहरु मध्ये छठ पर्वमा नेपाल सरकारले दिदै आएको अस्ताउँदो सूर्य (साझको अर्घ) १ (एक) दिनको विदालाई बढाई भोलीपल्ट उदाउँदो सूर्य (पारण) को दिन समेत गरी २ (दुई) दिन सार्वजनिक विदा दिन नेपाल सरकार समक्ष आयोग सिफारिस गर्दछ।

## ३१. खाल्डोमा जमेको पानीमा डुवेर बालबालिकाको मृत्यु हुने सम्बन्धमाः

मधेशमा विकास निर्माणका नाममा जथाभावी माटो तथा वालुवा झिकेर छाडेको खाल्डोमा जमेको पानी, माछापोखरी लगायतमा डुवेर बालबालिकाको ज्यान जाने क्रम बढ्दो छ। त्यस्तै निजी जग्गाबाट माटो तथा ग्राभेल वेचेर छाडिएका खाल्डा प्रमुख कारण रहेका छन्। वर्षौंसम्म यस्ता खाल्डाहरु पुरिदैनन्। यही कारण यी खाल्डाहरुमा वर्षाको पानी जमेपछि वालवालिकाहरु डुब्ने गर्दछन्। यस्तो समस्या समाधानका लागि स्थानीय तह र जिल्ला समन्वय समितिको भूमिका महत्वपूर्ण रहेको हुन्छ। प्रभावकारी अनुगमन नहुँदा खाल्डा छोड्ने प्रवृत्ति बढेको छ। बालबालिकाको ज्यान जाने गरे पनि मुद्धा चलाएर कारवाही भएको पाइँदैन। जथाभावी खनेको खाल्डो वा पोखरीमा डुवेपनि कारवाहीको लागि वालवालिका डुब्ने घटना न्यूनीकरणका लागि मौजुदा कानुनको प्रभावकारी कार्यान्वयन गर्नुको साथै सचेतना समेत वढाउनुपर्दछ।

## ३२. मानव बेचबिखन

गरिबी, बेरोजगारी र चेतनाको कमीको फाइदा उठाउँदै मानव तस्करहरूले मधेशका महिला तथा बालबालिकाहरुलाई राम्रो काम र विवाहको प्रलोभन देखाएर छिमेकी तथा अन्य देशहरूमा बेचबिखन गर्ने गरेका छन्। खुला सिमानाले यो अपराधलाई थप सहज बनाएको छ। सीमा नाकाहरूमा प्रहरी र गैरसरकारी संस्थाहरूको सहकार्यमा कडा निगरानी कक्षहरू स्थापना गर्नुपर्छ। शंकास्पद व्यक्तिहरूको आवतजावतमाथि सोधपुछ र निगरानी बढाउनुपर्छ।

बेचबिखनविरुद्ध गाउँ-गाउँमा जनचेतना अभियान चलाउनुपर्छ। बेचबिखनमा परेकाहरूको उद्धार र पुनःस्थापनाका लागि प्रभावकारी संयन्त्र बनाउनुपर्छ र दोषीमाथी कडा कारवाही हुनुपर्छ।

## ३३. सरुवा रोगको प्रकोप

गर्मी र वर्षायाममा लामखुट्टेको टोकाइबाट सर्ने डेंगु, मलेरिया, कालाजार र फोहोर पानीका कारण हुने झाडापखाला, हैजा जस्ता सरुवा रोगहरूको प्रकोप मधेशमा हरेक वर्ष फैलिन्छ। पूर्वतयारी र नियन्त्रणको प्रभावकारी संयन्त्र नहुँदा यी रोगहरूले महामारीको रूप लिन्छन् र धेरैको ज्यान जान्छ। रोग फैलिनुअघि नै सरकारले लामखुट्टेको लार्भा नष्ट गर्ने अभियान, कीटनाशक औषधि छर्कने, झुल वितरण गर्ने र जनचेतना फैलाउने कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। स्वच्छ खानेपानी र सरसफाइमा पहुँच बढाउनु नै यस्ता रोगहरूबाट बच्ने दीर्घकालीन उपाय हो। स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधि र परीक्षण किटहरूको पर्याप्त व्यवस्था, पर्याप्त स्वास्थ्यकर्मी र आवश्यकता अनुसार स्वास्थ्य शिविरहरूको संचालन गर्नुपर्छ।

## ३४. कमजोर स्वास्थ्य पूर्वाधार

मधेशका ग्रामीण क्षेत्रहरूमा स्वास्थ्य चौकीहरूको अवस्था दयनीय छ। अधिकांश ठाउँमा दक्ष स्वास्थ्यकर्मी, उपकरण र आवश्यक औषधिहरूको अभाव छ। सामान्य रोगको उपचार वा प्रसूति सेवाका लागि पनि घण्टौं लगाएर सदरमुकाम वा भारतीय शहरहरूमा जानुपर्ने बाध्यता छ, जसले गर्दा कयौंले बाटैमै ज्यान गुमाउँछन्। सरकारले प्रत्येक स्थानीय तहमा कम्तीमा एक सुविधासम्पन्न अस्पताल र प्रत्येक वडामा दक्ष स्वास्थ्यकर्मीसहितको स्वास्थ्य चौकीको व्यवस्था सुनिश्चित गर्नुपर्छ। स्वास्थ्यकर्मीहरूलाई ग्रामीण क्षेत्रमा काम गर्न प्रोत्साहन गर्न विशेष भत्ता र सुविधा दिनुपर्छ। गुणस्तरीय सेवा उपलब्ध गराउन जिल्ला अस्पतालहरूको स्तरोन्नति गरी विशेषज्ञ सहितको सेवा उपलब्ध गराउनुपर्छ।

## ३५. कृषि संकट (मल, वीउ, सिँचाइ)

मधेश नेपालको अन्न भण्डार भए पनि यहाँका किसानहरू सधैं समस्यामा छन्। वाली लगाउने वेलामा मल र उन्नत वीउको अभाव हुन्छ। सिँचाइका लागि बनाइएका नहरहरू जीर्ण छन् र आकासे पानीको भर पर्नुपर्ने बाध्यता छ। यी कारणहरूले गर्दा कृषि उत्पादन लागत बढ्ने तर उत्पादन घट्ने समस्या छ। सरकारले किसानलाई समयमै र सहुलियत दरमा मल तथा वीउ उपलब्ध गराउने विश्वासिलो र गुणस्तरीय वितरण प्रणाली बनाउनुपर्छ। सुनकोशी-कमला

डाइभर्सन जस्ता ठूला सिँचाइ आयोजनाहरू छिटो सम्पन्न गर्ने र पुराना नहरहरूको मर्मत-सम्भार गरी बाह्रै महिना सिँचाइको व्यवस्था गर्नुपर्छ। कृषि उपजको बीमा र न्यूनतम समर्थन मूल्य सुनिश्चित गर्नुपर्छ।

### ३६. उखु किसानको भुक्तानी समस्या

मधेशका हजारौं उखु किसानहरूले चिनी मिलहरूलाई उखु बिक्री गरेवापतको भुक्तानी वर्षौंसम्म पाउँदैनन्। हरेक वर्ष भुक्तानीका लागि उनीहरूले आन्दोलन गर्नुपर्ने दुःखद अवस्था छ। यसले किसानहरूलाई ऋणमा डुबाएको छ र उखु खेतीबाट पलायन हुने अवस्था सिर्जना गरेको छ। सरकारले उखु किसान, चिनी मिल र सरकारी प्रतिनिधि रहने गरी एक स्थायी संयन्त्र बनाउनुपर्छ र उखु खरिद विक्रिकैं वेला तत्कालै भुक्तानी दिनुपर्ने कानुनी व्यवस्था गर्नुपर्छ। समयमा भुक्तानी नदिने उद्योगलाई कानुन अनुसार कडा कारवाही गर्ने व्यवस्थाले मात्र यो समस्याको दीर्घकालीन समाधान हुन्छ।

### ३७. कृषि उपजको सम्बन्धमा :

धान, चामल, गहुँ, मकै, तरकारी, मसला, आलु, प्याज, माछा, तेलहन, दलहन, आँप लगायतका फलफुल, दुग्धजन्य पदार्थहरुको उत्पादन, भण्डारण, बजारीकरण, विविधिकरण, आधुनिकीकरण सम्बन्धमा रहेका समस्याहरुलाई समाधान गर्न कृषि बीमा, भण्डारणका लागि कोल्ड स्टोर (शित गृह), विक्रि वितरणका लागि सरकारद्वारा संचालित मन्डी हाउसको व्यवस्था गर्नुपर्छ।

### ३८. जीर्ण ग्रामीण सडक

मधेशका अधिकांश ग्रामीण सडकहरू धुलाम्मे र हिलाम्मे छन्। वर्षायाममा गाउँहरू सदरमुकामसँग सम्पर्कविच्छेद हुन्छन्, जसले गर्दा सर्वसाधारणलाई आवतजावत गर्न, विरामीलाई अस्पताल लैजान, विद्यार्थीलाई विद्यालय जान र कृषि उपज बजार पुयाउन समेत कठिन हुने गरेको छ। कमजोर सडक पूर्वाधार विकासको मुख्य बाधक बनेको छ। स्थानीय, प्रदेश र संघीय सरकारको समन्वयमा ग्रामीण सडकहरूलाई कालोपत्रे, ढलान वा ग्राभेल गरी बाह्रै महिना चल्ने बनाउन एक एकीकृत योजना बनाउनुपर्छ। 'एक पालिका, एक मुख्य पक्की सडक' को अवधारणामा काम गर्न सकिन्छ। सडक निर्माणमा गुणस्तर सुनिश्चित गर्न कडा अनुगमन र सार्वजनिक सुनुवाइको व्यवस्था गर्नुपर्छ।

**मधेशी आयोगका कार्यक्रमहरुः**

## १. मधेशी आयोगको इच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम

आजको मानव समाज निहित स्वार्थ, लोभ, क्रोध, झगडा, असहिष्णुता, साम्प्रदायिकता, भाषागत, सामाजिक, धार्मिक तथा जातिय विभेद जस्ता साँघुरो सोचवाट गुज्रिरहेको छ। यस्तो सोचवाट ग्रसित हाम्रो समाजलाई सकारात्मक रुपान्तरण गर्नु एउटा चुनौती हाम्रो लागि रहेको छ। नैतिक शिक्षाको माध्यमवाट असल व्यक्ति, असल समाज र असल चरित्रको निर्माण तथा व्यक्तिको आफ्नो क्षमता, व्यवहार, उद्देश्य, समाजप्रतिको अवधारणा सम्वन्धी सोचको विकास तथा क्षमताहरुको अभिवृद्धिका साथै मानिसलाई नैतिकवान वनाउन मद्दत पुर्याउँदछ। मानिस नैतिक रुपमा सफा हुनु पर्दछ, जसले समाजलाई सकारात्मक तरिकावाट अगाडि बढाउँदै व्यक्तिमा सदाचार, विनम्रता, सदभाव, प्रेमभाव, श्रद्धा, परोपकार जस्ता सकारात्मक पक्षले स्थान पाउँदछन्। परिवार, समाज र मुलुकलाई सहि गति र सहि दिशानिर्देश प्रदान गर्न र सामाजिक व्यवहार सुधार गर्दै नैतिकवान समाज निर्माण गर्न नैतिक शिक्षालाई अनिवार्य विषयको रुपमा पाठ्यक्रममा समावेश गर्नुपर्ने आवश्यकता बोध गरी मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षाको लागि कोशी प्रदेशको सुनसरी जिल्लाको कोशी गाउँपालिका, मधेश प्रदेशको सप्तरी जिल्लाको राजगढ, धनुषा जिल्लाको जनकपुरधाम, वारा जिल्लाको कलैया, लुम्विनी प्रदेशको रुपन्देही जिल्लाको मर्चवार गाउँपालिका, नवलपरासी जिल्लाको पाल्हीनन्दन गाउँपालिका, कपिलवस्तु जिल्लाको यशोधारा गाउँपालिकामा संचालन गरिएको थियो। यसवाट लक्षित वर्गका लागि फलदायी परिणाम देखिएको छ। उक्त कार्यक्रम संचालनको क्रममा सहभागीहरुवाट प्राप्त हुन आएका सुझावहरु निम्नानुसार लिपिवद्ध गरिएको छ। साथै यस सम्बन्धी कार्यक्रमहरु प्रदेशगत रुपमा राखिएको छ।

## २. सशक्तीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम

नेपालको संविधानको भावनाको मूल मर्म अनुसार संवैधानिक निकायको रुपमा स्थापित यस मधेशी आयोगले स्थापनाकाल देखि नै मधेश र मधेशी जनताको हित र रक्षाको निम्ति कार्य गर्दै आईरहेको छ। नेपाल बहुजातिक, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त बहुलतामा आधारित मुलुक भएकोले राजनीतिक आर्थिक, सामाजिक, सांस्कृतिक र प्रशासनिक आदि आयामहरुमा बहिष्करणमा परेका र पारिएका वर्ग, क्षेत्र, लिङ्ग, समुदाय जातजातीलाई शासन विकास र सेवा प्रवाहमा मूलप्रवाहिकरण गरी समावेशी र अपनत्व सहितको राज्य

स्थापना गर्ने गरी समावेशीकरण अभ्यास अवलम्बन गरिएको छ। यस सन्दर्भमा मधेशी जनताको हित रक्षा गर्न क्षमता विकास सशक्तीकरण गरी प्रशासनिक एवम राजनीतिक प्रक्रियामा पहुँच स्थापना गर्ने एवम मधेश र मधेशी समुदायको सर्वाङ्गीण विकासमा टेवा पुर्याउनका लागि आयोगले वार्षिक विकास कार्यक्रम अन्तर्गत क्षमता विकास र सशक्तीकरणका लागि कार्य गर्दै आईरहेको छ। यसै अन्तर्गत मधेशी आयोग ऐन, २०७४ को दफा ७ को उपदफा (झ) मा व्यवस्था भए वमोजिम मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम संचालन गर्नलाई आयोगद्वारा अध्ययन गरिएका मधेशी समुदायभित्र आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका अति विपन्न र विपन्न वर्गका नागरिकलाई सशक्तीकरण, रुपान्तरण, सचेतीकरण, संचारीकरण, प्रसारीकरणका माध्यमवाट मुलधारमा ल्याउने ध्येयले कोशी प्रदेशको मोरङ्ग जिल्लाको जहदा, उदयपुर जिल्लाको गाइघाट, मधेश प्रदेशको सप्तरी जिल्लाको कन्चनरुप नगरपालिका, सिराहा जिल्लाको मिर्चैया, धनुषा जिल्लाको जनकपुरधाम, महोत्तरी जिल्लाको मनरा सिसवा गाउँपालिका, कोशी प्रदेशको सुनसरी जिल्लाको इनरुवामा, लुम्विनी प्रदेशको नेपालगंजको मंगल प्रसाद महिला कलेजमा सम्पन्न गरिएको छ।

**अध्ययन/अनुसन्धान**

**१. राजर्षि जनक दर्शनः अध्ययन प्रतिवेदन**

मधेशी आयोगद्वारा माघ २०८१ मा प्रकाशित "राजर्षि जनक दर्शनः अध्ययन प्रतिवेदन" ले ब्रह्मज्ञानी राजर्षि जनकको ज्ञान, दृष्टिकोण र बुझाइलाई प्राचीन ग्रन्थहरूको गहिरो अध्ययनका आधारमा प्रस्तुत गरेको छ। ६ अध्यायमा विभाजित यो प्रतिवेदनले जनक दर्शनका मूल सिद्धान्त, ऐतिहासिक विकासक्रम र त्यसका सैद्धान्तिक तथा व्यावहारिक पक्षहरूको दार्शनिक विश्लेषण गर्दछ।

यो अध्ययन मधेशी आयोग ऐन, २०७४ को प्रावधानअनुसार तयार पारिएको हो, जसको मुख्य उद्देश्य इतिहास र संस्कृतिको पहिचान, संरक्षण र सम्वर्द्धन गर्नु हो। प्रतिवेदनले वेद र उपनिषद् आधारित जनक दर्शनलाई पूर्वीय दर्शनको एक महत्त्वपूर्ण आधार-स्तम्भको रूपमा स्थापित गर्ने लक्ष्य राखेको छ। जनकका विचारहरू कुनै एउटै लिखित ग्रन्थमा नभेटिए पनि महाभारत, श्रीमद्भागवत, बृहदारण्यकोपनिषद् र अष्टावक्र गीता जस्ता विभिन्न ग्रन्थहरूमा छरिएर रहेका ज्ञानलाई एकीकृत गरिएको छ।

यस प्रतिवेदनले जनकलाई एक दार्शनिकभन्दा पनि दर्शनको जिज्ञासुका रूपमा प्रस्तुत गरेको छ, जसले व्यवहारवादी अद्वैतवादको अभ्यासबाट मोक्ष प्राप्त सकिने तर्क अघि सारेका थिए। प्रतिवेदनमा जनक दर्शनको तुलना अन्य भारतीय दर्शनहरू जस्तै सांख्य, योग, न्याय, र वेदान्तसँग पनि गरिएको छ। समग्रमा, यो अध्ययनले मिथिला क्षेत्रको सांस्कृतिक र सामाजिक महत्त्वलाई उजागर गर्दै जनक दर्शनको प्रासंगिकता र प्रभावलाई व्यापक रूपमा विश्लेषण गरेको छ।

## २. मधेशी आयोगको ६ वर्षः चुनौती र अवसरहरु

मधेशी आयोग, नेपालले आफ्नो स्थापनाको ६ वर्ष (२०७५-८१) को अवसरमा एक विश्लेषणात्मक प्रतिवेदन सार्वजनिक गरेको छ। नेपालको संविधानद्वारा मधेशी समुदायको पहिचान, हकहित र सशक्तीकरणका लागि स्थापित यस आयोगले आफ्नो कार्यकालमा विभिन्न अवसर र चुनौतीहरूको सामना गरेको छ। आयोगले मधेशी समुदायका युवाहरूलाई लक्षित गरी लोकसेवा तयारी कक्षा र "नैतिकवान मधेश तथा सशक्त नैतिक शिक्षा" जस्ता महत्त्वपूर्ण कार्यक्रमहरू सञ्चालन गरेको छ। यी कार्यक्रमहरूले समुदायमा चेतना अभिवृद्धि र सशक्तीकरणमा योगदान पुयाएका छन्। आयोगले आफ्नो स्थापनाकालदेखि गरेका मुख्य मुख्य कार्यहरूमा मधेशी समुदायको थर सूचीकरण, पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा, विभिन्न संवैधानिक निकायहरूसँग समन्वय, र राज्यमा मधेशी समुदायको पहुँचसम्बन्धी अध्ययन प्रतिवेदन प्रकाशन जस्ता महत्त्वपूर्ण उपलब्धिहरू हासिल गरेको छ। यद्यपि, आयोगले न्यून स्रोतसाधन, दक्ष जनशक्तिको अभाव र अन्य आयोगहरूसँग कार्यक्षेत्रमा देखिने दोहोरोपना जस्ता चुनौतीहरूको सामना गरिरहेको छ। संवैधानिक रूपमा प्राप्त अधिकारहरूको प्रभावकारी कार्यान्वयन र सरकारलाई गरिएका सिफारिसहरूको सुनुवाइ आयोगका लागि प्रमुख चुनौती बनेको छ। यी अवसर र चुनौतीहरूलाई सम्बोधन गर्दै आयोगले मधेशी समुदायको समग्र विकास र राज्यको मूलधारमा उनीहरूको पहुँच सुनिश्चित गर्न निरन्तर प्रयास गरिरहेको छ।

### उजुरीको सम्बन्धमा :

विभिन्न माध्यमबाट आयोगमा प्राप्त ३७ वटा उजुरीहरू सम्बन्धमा सिफारिस गरी सम्बन्धित निकायमा पठाउने कार्य तथा केही विषयमा सरोकारवाला र उजुरीकर्ता समेत राखी आयोगमा छलफल गरिएको छ। जसबाट पीडितहरूलाई केही सहजता भएको छ।

### आयोगको बैठक सम्बन्धमाः

आयोगको कार्य सम्पादनलाई पारदर्शी र प्रभावकारी बनाउनका लागि विभिन्न २६ वटा बैठकहरू नियमित रूपमा सम्पन्न भएका छन्। यी बैठकहरूमा मधेशी समुदायका सरोकारवालाहरू, विज्ञहरू र नागरिक समाजका प्रतिनिधिहरूसँग गहन छलफल गरी महत्त्वपूर्ण निर्णयहरू लिइएका छन्।

### प्रेस विज्ञप्तिको सम्बन्धमाः

हामीले आयोगका गतिविधिहरू र मधेशी समुदायका सरोकारका विषयमा जनचेतना फैलाउन तथा सरकारको ध्यानाकर्षण गराउन विभिन्न १८ वटा प्रेस विज्ञप्तिहरू पनि जारी भएको छ। यसबाट जनमानसमा आयोगको भूमिका र मधेशी समुदायका मुद्दाहरूबारे जानकारी पुयाउन मद्दत पुगेको छ।

## उपलब्धी, चुनौती, सुझाव र भावी कदमहरु

### उपलब्धीहरु

मधेशी आयोग ऐन, २०७४ को दफा ८, ९, १०, र ११ माथि उल्लेखित कार्यहरुको आधारमा आयोगले आफ्नो कामकाजवाहीको सम्वन्धमा विभिन्न सरोकारवाला र विज्ञहरुसँग सल्लाह सुझाव लिई कार्य गरेको छ। विभिन्न संवैधानिक आयोगहरुसँग वैठक वसी आगामी दिनमा कसरी जान सकिन्छ भन्ने वारेमा छलफल गरिएको छ। त्यसैगरी नागरिक समाजको अगुवासँग वैठक गरिएको छ।

१. राजर्षि जनकदर्शन अध्ययन प्रतिवेदन तयार गरिएको।
२. मधेशी आयोगको ६ वर्ष : अवसर र चुनौती सम्वन्धमा प्रतिवेदन तयार गरिएको।
३. नैतिकवान मधेश र नैतिक शिक्षा कार्यक्रम कोशी प्रदेशको सुनसरी जिल्लाको कोशी गाउँपालिका, मधेश प्रदेशको सप्तरी जिल्लाको राजगढ, धनुषा जिल्लाको जनकपुरधाम, वारा जिल्लाको कलैया, लुम्विनी प्रदेशको रुपन्देही जिल्लाको मर्चवार गाउँपालिका, नवलपरासी जिल्लाको पाल्हीनन्दन गाउँपालिका, कपिलवस्तु जिल्लाको यशोधारा गाउँपालिकामा संचालन गरिएको थियो। यसवाट लक्षित वर्गका लागि फलदायी परिणाम देखिएको छ।

४. लोकसेवा तयारी कक्षा सम्वन्धी अभिमुखीकरण कार्यक्रम कोशी प्रदेशको मोरङ्ग जिल्लाको जहदा, उदयपुर जिल्लाको गाइघाट, मधेश प्रदेशको सप्तरी जिल्लाको कन्चनरुप नगरपालिका, सिराहा जिल्लाको मिर्चैया, धनुषा जिल्लाको जनकपुरधाम, महोत्तरी जिल्लाको मनरा सिसवा गाउँपालिका, कोशी प्रदेशको सुनसरी जिल्लाको इनरुवामा, लुम्विनी प्रदेशको नेपालगंजको मंगल प्रसाद महिला कलेजमा सम्पन्न गरिएको छ। यसवाट लक्षित वर्गलाई सरकारी सेवामा पहुँचको लागि सकारात्मक विचार सहजीकरण र सम्प्रेषण भएको छ।

५. विभिन्न माध्यमवाट आयोगमा प्राप्त उजुरीहरु सम्वन्धमा सिफारिस गरी सम्वन्धित निकायमा पठाउने कार्य तथा केही विषयमा सरोकारवाला र उजुरीकर्ता समेत राखी आयोगमा छलफल गरिएको छ। जसवाट पीडितहरुलाई केही सहजता भएको छ।

६. विभिन्न प्रदेशका विभिन्न जिल्लाहरूमा समन्वय र सहकार्य गरी विषयगत कार्यक्रम तथा अनुगमन गरिएको छ। यसबाट अपेक्षित वर्गहरू लाभान्वित भएका छन्।

७. वालविवाह तथा दाइजोप्रथा अन्त्यका लागि मधेश प्रदेश अन्तर्गत रहेका आठ वटै जिल्लाका विभिन्न समुदायका धर्मगुरुहरु, वुद्धिजीवीहरु, नागरिक समाजका अगुवा तथा संचारकर्मीहरुसँग गहन अन्तरक्रियात्मक तथा प्रतिवद्धतात्मक कार्यक्रम महोत्तरी जिल्लाको वर्दिवासमा सुसम्पन्न भएको छ। जसबाट विभिन्न समुदायका धार्मिक स्थलहरुमा हुने गरेको वालविवाह तथा दाइजोप्रथा निर्मूलीकरणको अभियान संचालन हुनेछ।

८. राजनीतिकर्मी र विज्ञहरुसँग विभिन्न सामाजिक र सांस्कृतिक विषयमा छलफल गरिएको छ। जसबाट उठाइएका समस्याहरु समाधान गर्न सहज भएको छ।

९. सामाजिक अभियन्ता तथा नागरिक संगठनहरुसँग छलफल अन्तरक्रिया गरिएको छ। यसमा छुट भएका जातजातिहरु समावेश गरिएका छन्।

१०. मिटरब्याजी पिडितहरुको मागको अनुगमन गरी सम्वोधनका लागि सिफारिस गरिएको छ। जसबाट नेपाल सरकार र आन्दोलनरत मिटरव्याजी पिडित वीचमा वार्ता भई समस्या समाधानका लागि सरकारले विभिन्न कार्यहरु गरिरहेका छन। यसका साथै मिटरव्याजी पिडितलाई ठोस रुपमा पहिचान गरी लगानीकर्ताहरुसँग छलफल गरी मात्र कानुनी कारवाहीलाई अग्रसारित गर्नुपर्छ।

११. मधेशका ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक तथा धार्मिक स्थलहरूको अध्ययन गरी विश्वसम्पदा सूचीमा सूचीकृत गर्न पहल गरिएको छ।

१२. मधेशी समुदायको विविध पक्षहरूलाई सशक्तीकरण गर्नका लागि विज्ञहरूसँग सामूहिक परामर्श गरी प्राप्त समस्या समाधानार्थ सहज भएको छ।

१३. महिला हिंसा, घरेलु हिंसा, धार्मिक द्वन्द्व, बालविवाह तथा जातिय विभेदका घटनाको स्थलगत अनुगमन गरिएको छ, जसबाट समस्याको समाधान गर्न सहज भएको छ।

**समस्या तथा चुनौतीहरु**

आयोगले मानव स्रोत र जनशक्तिमा पूर्णता नपाउनु, आयोगको दायित्व पूरा गर्नका लागि स्रोत साधन सीमित हुनु, संवैधानिक र कानुनी जिम्मेवारी पूरा गर्न वित्तीय साधन अभाव रहनु मुख्य चुनौतीको रुपमा रहेका छन्। आयोगका अन्य चुनौतीहरु यसप्रकार रहेका छन्।

१. बालविवाह, वहुविवाह तथा दाइजोप्रथा अन्त्यका लागि कानुन भएतापनि सो सम्वन्धमा नागरिक सचेतनाको अभावमा तराई मधेशका जिल्लाहरुमा वालविवाह, वहुविवाह तथा दाइजोप्रथा उन्मुलन हुन नसकेको कारणले यसका लागि जनचेतनामूलक कार्यक्रमहरु सरोकारवालाहरुले गर्नुपर्ने देखिन्छ। जसवाट वालविवाह, वहुविवाह तथा दाइजोप्रथा जस्ता कुरीति तथा अपराधहरुमा वन्देज लाग्नेछ।

२. मधेशी समुदायको शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक अवस्थामा गर्नुपर्ने सुधार सम्वन्धी अध्ययनको लागि पर्याप्त वजेटको अभाव रहनु।

३. आयोगको आफ्नो जग्गा र उपयुक्त भवन नहुँदा कार्यालय सहजतापूर्वक संचालन गर्न कठिनाई हुनु।

४. आयोगको काम वढी जसो अध्ययन, अनुसन्धान र विश्लेषणमूलक भएकोले कर्मचारी र विशेषज्ञको उपलब्धता कम हुनु तथा विज्ञ र विशेषज्ञको दरवन्दी नहुनु।

५. मधेशी समुदायसँग सम्वन्धित एकीकृत तथ्यांकको विश्लेषणका लागि पर्याप्त वजेट नहुनु

६. मधेशी समुदायको अपेक्षित माग र आयोगवाट प्रवाहित सेवा वीच तालमेलको कमि हुनु।

७. सीमित जनशक्ति, अपर्याप्त वजेट र स्रोतसाधनका वावजुद मधेशी समुदायको हक हितको संरक्षण, सम्वर्द्धन र सशक्तीकरण गर्न सरकारलाई विश्लेषणात्मक र अनुसन्धानमूलक सुझाव दिन कठिनाई हुनु।

८. मधेशी समुदायमा रहेको कुरीति, अन्धविश्वास, कुप्रथा र दाईजोप्रथा उन्मूलन गर्न नेपाल सरकारले आयोगलाई प्रभावकारी समन्वय गर्न सक्ने गरी क्षमता विकास गर्ने कार्य चुनौतीको रुपमा रहनु।

९. मधेशी समुदायको हक, हित र अधिकारको संरक्षण, सम्वर्द्धन र सशक्तीकरण गरी त्यस्तो समुदायमाथि हुने सवै प्रकारका भेदभावको अन्त्य गरी समानुपातिक सहभागिता, पहुँच अभिवृद्धि र हिंसाको प्रभावकारी रुपमा निराकरण गरी मधेशी समुदायको उत्थान र विकास गर्नु।

१०. पिडितमैत्री, जनमैत्री, समाज र समुदायमैत्री वातावरणको आवश्यकता अनुसार व्यवस्थापन गर्न कठिनाई हुनु।

११. आयोगका कामलाई प्रभावकारी वनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सम्पर्क तथा समन्वयको कार्यालय वनाउनुपर्नेमा आयोगले सिफारिस गरेता पनि अझै सम्म सो व्यवस्था हुन नसक्नु।

१२. संविधानद्वारा प्रदत्त समानुपातिक-समावेशी आरक्षित पदसंख्याहरुमा विगत पाँच वर्षदेखी सुरक्षा निकायहरु लगायतका निकायहरुमा पदपूर्ति हुन नसक्नुले समुदायमा विश्वासको संकट उत्पन्न हुनु।

१३. मधेशी आयोगलाई "राष्ट्रिय" शव्द थपि राष्ट्रिय मधेशी आयोग अझैसम्म राज्यले नामाकरण गर्न नसक्नु।

**आयोगको अपेक्षा तथा भावी कदमहरुः-**

१. मधेशी आयोग ऐन, २०७४ अनुसार "मधेशी समुदाय" भन्नाले मधेशी आयोगको सिफारिसमा नेपाल सरकारले परिभाषित गरेको समुदाय सम्झनु पर्छ भनी परिभाषित गरेकोले यस आयोगले मधेशी समुदायको सम्वन्धमा अध्ययन अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने हुन्छ। मधेशी आयोग ऐन, २०७४ को दफा ७ ले यस आयोगलाई विभिन्न काम, कर्तव्य र अधिकारहरु प्रदान गरेको छ। सो ऐनको दफा ७ (ङ) मा उल्लेखित कार्य मधेशी समुदायको पहिचानका सम्वन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने भन्ने व्यवस्था रहेको छ। मधेशी समुदायको स्पष्ट पहिचान र थर सूचीकरण हुन नसक्दा मधेशी समुदाय इतरका व्यक्तिहरुले, राज्यले मधेशी समुदायलाई भनि दिएको सुविधा उपभोग गरिरहेको अवस्था एकातिर छ भने अर्कोतिर वास्तविक मधेशी

समुदायका व्यक्तिहरु उक्त सुविधाबाट वञ्चित हुनु परेको छ। तसर्थ मधेशी समुदायको स्पष्ट पहिचानका आधारहरु तोकि थर सूचीकरण गर्न अति आवश्यक र कानुनी रुपमा बाध्यकारी समेत भएको कुरालाई आत्मसात गर्दै आयोगलाई वजेट विनियोजन भएमा प्रथम तथ्याङ्कको आधारमा थर सूचीकृत गर्ने कार्य सम्पन्न हुने आयोगको अपेक्षा रहेको छ।

२. मधेशी आयोग ऐन, २०७४ को प्रस्तावनामै मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण, सम्वर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नको लागि मधेशी आयोगको आवश्यकता भएको विषयलाई जोड दिएको छ। मधेशी आयोग ऐन, २०७४ को दफा ७ ले यस आयोगलाई विभिन्न काम, कर्तव्य र अधिकारहरु प्रदान गरेको छ। सो ऐनको दफा ७ (क) मा मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्वन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने व्यवस्था रहेको छ। तदनुरुप यस आयोगवाट अध्ययन, अनुसन्धान गर्न पञ्चवर्षिय रणनीतिक योजना अन्तर्गत विभिन्न २० वटा कार्यदल गठन गरी काम गर्ने लक्ष्य रहेको सन्दर्भमा प्रथम तथ्याङ्कको आधारमा मधेश पार्श्वचित्र (प्रोफाइल) निर्माण सम्वन्धी कार्यदल पनि एक रहेकोले सोही वमोजिम मधेश प्रोफाइल निर्माणको कार्यक्रम सम्पन्न गरिनेछ। आधाजसो जनसंख्या वसोवास गर्ने मधेशमा अझै पनि आर्थिक, सामाजिक, सांस्कृतिक रुपान्तरण अपेक्षित रुपमा हुन नसकेको सन्दर्भमा त्यहाँको भूगोल, जनसंख्या, भू-उपयोग, प्रमुख पेशा, उत्पादन, प्राकृतिक श्रोत साधन, शिक्षा, स्वास्थ्य र खानेपानी तथा सरसफाईको अवस्था, धार्मिक सम्पदा, सडक संजाल, उद्योगधन्दा, कलकारखाना, सञ्चारमा पहुँच लगायतका विषयहरुमा केन्द्रित भई वास्तविक चित्र समेटेर अर्थविद्, योजनाविद्, भूगर्भविद्, जनसंख्याविद लगायत क्षेत्रगत विषयविज्ञहरु, वुद्धिजीवी, नागरिक समाजका अगुवाहरु, राजनीतिक दल, लक्षित क्षेत्रका प्रतिनिधि तथा राष्ट्रिय सभाका सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यहरुसँग अन्तरक्रिया तथा छलफल गरी विज्ञको सहायतामा सवै स्थानीय तहको लागि प्रोफाईलमा समेटिने विषयवस्तुको आधारमा नमूना प्रोफाईलको विकास गरिनेछ। आयोगलाई वजेट विनियोजन भएमा नमूना प्रोफाइल तयार गर्ने कार्य सम्पन्न हुने आयोगको अपेक्षा रहेको छ।

३. मधेशी आयोग ऐन, २०७४ को दफा ९ मा आयोगले यो ऐन र प्रचलित कानुन वमोजिम सम्पादन गर्नुपर्ने कुनै काम आयोगमा कार्यरत जनशक्तिवाट सम्पादन हुन नसक्ने भएमा त्यसको कारण खुलाई प्रचलित संघीय कानुन वमोजिम विशेषज्ञको सेवा लिन सक्नेछ भन्ने

व्यवस्था रहेको छ। मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी नीतिगत कानूनी र संस्थागत सुधारको विषयमा, मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्वन्धमा भइरहेको कानुनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारको सम्वन्धमा र मधेशी समुदायको अधिकार उलंघन गर्ने व्यक्ति वा संस्थाको विरुद्ध उजुरी संकलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्वन्धित निकायमा सिफारिस गर्ने कार्यको लागि यस आयोगमा कार्यरत जनशक्तिवाट मात्र सम्पादन हुन नसक्ने भएकोले कानुनी विशेषज्ञको आवश्यकता भएकोले राजपत्राङ्कित द्वितीय श्रेणीको शुरु तलव पाउने गरी एक जना कानुनी विज्ञ व्यवस्था गर्न साथै सोही ऐनको दफा ७ मा व्यवस्था भए वमोजिम मधेशी समुदाय भित्र आर्थिक वा सामाजिक रुपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न, मधेशी समुदाय भित्रका विभिन्न भाषा लिपी, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपी, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गर्न, मधेशी समुदायको विद्यमान कुरीति, अन्धविश्वास तथा सवै प्रकारको शोषणको अन्त्य गर्न वा मधेशी समुदायको सशक्तीकरणको लागि यस आयोगमा कार्यरत जनशक्तिवाट मात्र सम्पादन हुन नसक्ने भएकोले सामाजिक तथा संस्कृति विज्ञ आवश्यकता भएकोले राजपत्राङ्कित द्वितीय श्रेणीको शुरु तलव पाउने गरी एक जना सामाजिक तथा सांस्कृतिक विज्ञ व्यवस्था गर्न र उल्लेखित कार्यहरुका लागि आयोगमा वजेट विनियोजन भएमा कार्य सम्पन्न हुने आयोगको अपेक्षा रहेको छ।

४. मधेशी समुदायको गौरवपूर्ण भाषा संस्कृति परम्पराको संरक्षण र प्रवर्द्धनका रचनात्मक कार्यक्रमहरू तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्न आवश्यक मानवीय वित्तीय र भौतिक स्रोत साधन नेपाल सरकारबाट प्राप्त गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने।

५. मधेशी आयोग ऐन, २०७४ ले निर्दिष्ट गरेका कार्यहरु सम्पन्न गर्नका लागि निर्माण गरिएको पञ्चवर्षिय रणनीतिक योजना-अनुसार विविध क्षेत्रका विज्ञहरुको राय सुझाव अनुसार क्रमशः कार्यान्वयन गर्दै जाने।

६. आयोगलाई सूचना प्रविधीमैत्री गराउँदै काम कारवाहीमा सूचना प्रविधिको प्रयोग बढाउँदै लैजाने।

७. मधेशी समुदाय भित्रका लक्षित वर्गको उत्थान तथा सशक्तीकरणको लागि प्रभावकारी रुपमा विविध कार्यक्रम संचालन गरिने।

८. मधेशी समुदायको हक हित संरक्षण गर्दै अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्था विरुद्धको उजुरी संकलन, सिफारिस तथा अनुगमनलाई स्वतस्फूर्तरुपमा सञ्चालन गर्दै लगिनेछ। कानुनी सल्लाहका लागि एकजना कानुन विशेषज्ञको सेवा आयोगले नेपाल सरकारबाट अपेक्षा गरेको छ। यसका साथै, मधेशी आयोग ऐन २०७४ को दफा ७ को (ठ) मा संशोधन गरी "उजुरी माथी छानविन गर्ने" अधिकारको प्रत्याभूति गर्नुपर्ने।

९. मधेशी समुदाय सम्वन्धमा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि सिफारिस गरिनेछ वा सुझाव दिईनेछ।

१०. आयोगको संस्थागत विकास अन्तर्गत पर्ने भवन तथा भौतिक संरचना निर्माण वा प्राप्तिको लागि आवश्यक पहल गरिने छ।

११. सरोकारवाला सरकारी तथा गैरसरकारी निकायहरुसंग समन्वय, सहकार्य गरी आयोगका क्रियाकलापहरुमा गुणात्मक सहभागिता वृद्धि गर्ने।

१२. संवैधानिक मर्म अनुसार आयोगको कार्यक्षेत्र भित्रका विषयहरुमा निरन्तर रुपमा अनुगमन, मूल्याङ्कन र समीक्षा गर्दै लैजाने।

१३. सम्बन्धित क्षेत्रका ख्यातिप्राप्त विज्ञहरुको राय सुझावको आधारमा संविधानले तोकेका आयोगको काम, कर्तव्य साथै अधिकारका विषयहरुमा आयोगको कार्य सम्पादनलाई थप प्रभावकारी पार्दै लैजाने।

१४. मधेशी समुदायसँग सम्बन्धित एकीकृत तथ्याङ्कलाई सरल, एकिकृत र व्यवस्थित रुपमा राखी वहुउपयोगी वनाउँदै लैजाने र मधेश प्रोफाइललाई २०७८ को जनगणनाको प्राथमिक तथ्याङ्क अनुसार अद्यावधिक गर्ने।

१५. प्राप्त थर सूचीकरणको प्रतिवेदनलाई प्राथमिक तथ्याङ्कको आधारमा स्वरुप प्रदान गर्न कार्यक्रम कार्यान्वयनका लागि नेपाल सरकारमा सिफारिस गर्ने।

१६. मधेशी समुदायको राज्यमा पहुँचको अवस्था सम्बन्धी अध्ययन, अनुसन्धान कार्य द्वितीय तथ्याङ्कको आधारमा भएतापनि प्राथमिक तथ्याङ्कको आधारमा तयार गर्न थप वजेटको अपेक्षा गरेको छ।

१७. आयोगले निरन्तर समस्याहरुका समाधानका लागि सिफारिस गरेतापनि अझैसम्म राज्यले संवेदनशील हुन नसकेको अवस्था रहेको छ।

१८. संघीय संसदका प्रतिनिधिसभा र राष्ट्रियसभाका समितिहरुले संसदमा नीति निर्माण भन्दा पहिले आयोगसँग मधेशी समुदायको चुनौती र अवसरहरु के के रहेका छन् भन्ने कुराको आयोगको स्थापना भएको सातौ वर्षसम्म गहन छलफल हुन नसकेकोले आगामी आर्थिक वर्षमा संसदमा प्रस्तुत हुने नीति तथा कार्यक्रम भन्दा पूर्व अनिवार्य रुपमा आयोगको सल्लाहकारी भूमिकालाई स्वीकार र अंगिकार गर्नुपर्ने देखिन्छ।

१९. पर्यावरण संरक्षणका लागि नेपाल सरकारले पर्यावरणमैत्री अवस्थाको सृजना गर्नुपर्ने जसबाट वन तथा वातावरण, नदीजन्य व्यवस्थापन तथा जलचरको यथोचित व्यवस्थापन हुनेछ। यसका साथै आपदा, विपदालाई अवसरमा रुपान्तरण हुनेछ।

२०. शिक्षाको आधारभूत तहसम्म अनिवार्य रुपमै मातृभाषामा पठनपाठनको व्यवस्थापन गर्नुपर्ने।

२१. शिक्षा ऐनलाई समाज उपयोगी बनाई शिक्षामा गुणस्तरीय परिवर्तन गरी युवाशक्ति आय आर्जन तथा समाजमा जिम्मेवारीपूर्ण वातावरण बनोस् जसवाट मुलुक विकासको अग्रगति तिर लम्किनमा सहजता प्रदान हुनेछ। यसका लागि विद्यालयमा मानवीय जनशक्ति, भौतिक पूर्वाधार, शैक्षिक सामाग्री विद्यार्थी अनुसारका दरबन्दी र दरबन्दी अनुसारका शिक्षक अविलम्व व्यवस्था हुनुपर्नेछ।

२२. लक्षित कक्षासम्मका विद्यार्थीहरूलाई दिवाखाजाको कार्यक्रम रहेता पनि सो अनुसारका सम्भव भएसम्म रैथाने/स्थानीय रुपमा उत्पादित वस्तुहरुको प्रयोग गरी गुणस्तरीय तथा स्वास्थ्यवर्द्धक खाजाको व्यवस्थापन अनिवार्य गर्नुपर्दछ।

२३. विद्यालयमा सबै बालबालिकाहरुको पहुँच हुनुपर्ने, नामांकित गरिएका विद्यार्थीहरुको उपस्थिति सकेसम्म सत प्रतिशत हुनुपर्ने, विद्यार्थीको अध्ययनलाई अविरल रुपमा संचालनका लागि व्यवस्था गरिएका छात्रवृत्तिलाई प्रभावकारी रुपमा वितरण गर्नुपर्ने। विद्यालयमा विद्यार्थीहरुलाई उपस्थितिको लागि अनिवार्य गर्ने,

२४. प्रभावकारी सुशासनको माध्यमले शिक्षा, यातायातका संसाधन, स्वास्थ्य, खानेपानी सहितका सामाजिक सूचकहरुमा सकारात्मकता ल्याई मुलुकलाई समृद्धितिर डोर्याउनुपर्ने। यसका साथै समाजका अति महत्वपूर्ण वर्ग ज्येष्ठ नागरिकका ज्ञान, सिप र क्षमतालाई सदुपयोग गरी मुलुकको विकासलाई द्रुतगति अगाडि वढाउनुपर्ने तथा ज्येष्ठ नागरिक र सामाजिक सुरक्षा प्राप्त गर्ने वर्गहरुले प्राप्त गर्दै आएदै गरेका सामाजिक सुविधाहरुलाई तीनै

तहका सरकारले समयमै नियमित रुपमा उपलब्ध गराउदा ती व्यक्तिहरुलाई सम्मानको भावनामा वृद्धि हुनेछ तथा जीवनयापनमा सहजता प्राप्त हुनेछ।

२५. तराई मधेशमा विकराल रहेका विवाहदर्ता, जन्मदर्ता र मृत्युदर्ताको समयावधि ३५ दिन रहेता पनि व्यवहारतः सो समयावधि भित्र घटना दर्ता गरेको देखिदैन। यो अवस्थाको निर्मूलीकरण गर्न स्थानीय सरकारका वडा कार्यालयले स्थलगत वा परिवारगत रुपमा दर्ता हुने गरी व्यवस्था गरेमा घटना दर्ता सम्बन्धी समस्या न्यून हुने देखिन्छ। घटना दर्तालाई प्रभावकारी बनाउनका लागि सरोकारवाला सबैले आवश्यक व्यवस्थापनमा ध्यान दिन आयोगको ठम्याई रहेको छ। साथै, प्रविधिको माध्यमबाट तोकिएका म्यादभित्र निःशुल्क पञ्जिकरण हुने कानुनी व्यवस्था रहेकोले सो कानुनी व्यवस्थालाई अक्षरसः अंगिकार गर्न तीनै तहका सरकार तथा सरोकारवालाहरुले सामाजिक तथा कानुनी सचेतनाका लागि प्रभावकारी प्रयास गर्नुपर्ने देखिन्छ।

मिति-२०८२।०६।२२

**प्रेस विज्ञप्ति**

मिति २०८२ असोज १८ र १९ गते अविरल वर्षाको कारणबाट पूर्वीय पहाडी क्षेत्र लगायत देशभरमा बाढी पहिरोले धनजनको क्षति भएको घटनाप्रति दुःख व्यक्त गर्दै मृतकहरुप्रति आयोग हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्दछ । यसका साथै, मधेश प्रदेशसहित देशका विभिन्न तराई क्षेत्रमा पनि बाढीका कारण कृषियोग्य जमिन डुवानमा परेको, अन्नबाली नष्ट भएको, घरवास गुमाएको तथा जनजीवन अत्यन्तै प्रभावित भएको छ। त्यसैगरी घाइते भएका नागरिकहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै सो घाइतेहरुको सघन उपचारको व्यवस्थाको लागि राज्यले दायित्व वोध गरोस, साथै अझै वेपत्ता रहेका नागरिकहरुको खोजी कार्य यथाशिघ्र गरी पीडित परिवारलाई सहानुभुतीपूर्वक पूर्ण व्यवस्थापन गर्नुपर्ने तथा आश्रित परिवारलाई राज्यले उचित राहत, पुनर्वासको व्यवस्था गरी/गराइदिनुहुन आयोग हार्दिक अपिल गर्दछ। यसका अतिरिक्त प्राकृतिकजन्य विपतलाई वैज्ञानिक तवरले नै न्युनिकरण गर्नका लागि आयोग राज्यलाई सिफारिस गर्दछ ।

मिति-२०८२।०७।०२

## प्रेस विज्ञप्ति

**शुभ दिपावली, नेपाल सम्बत ११४६ एवं छठ/ छईठ पर्वको हार्दिक शुभकामना अर्पण ।**

नेपाल अनादीकाल देखि नै सनातन संस्कृतिको मुख्य स्थल र मुहान हो। जहाँ सत्य अहिंसा, दया, क्षमा, दान, जप, तप, यम, नियम, योग, ध्यान, जागरण एकनिष्टता, संहिताका मार्गवाट "जीवस्य जीवो जीवनम् "को ज्ञान, विज्ञान, संज्ञान र मनोविज्ञान पुरित र लक्षित भएका छन् ।

यस पवित्र भुगोल र हिमवत् श्रृङखलामा विभिन्न पर्व-तिहार आयोजना हुने गर्दछ । जहाँ परिवार त्यहीं तिहार र जहाँ तिहार त्यहीं परिवारको मनोवैज्ञानिक महत्त्वलाई शिरोधार्यगरि यी पर्वहरु मनाउने गर्छ ।

शुभ दिपावली पर्व नेपाल सम्बत ११४६ को प्रारम्भसँगै नेपालको तराई-मधेशको मुख्य भु-भागमा कार्तिक शुक्ल षष्ठिको तिथिमा छठि/छईठ पर्व मनाइन्छ । यो लोक संस्कृतिको महापर्व रहेको छ ।

यस पर्वले सामाजिकता, सांस्कृतिकता, धार्मिकता, अध्यात्मिकता र वैज्ञानिकताको मुल मर्म, कर्म, धर्मलाई अंगिकार गरेको छ । सामाजिक अनुशासनको कसिलो कसमा बांधिएको यो पर्व नैतिकताको आधारमा ऋषि कर्म र कृषि कर्मलाई अक्षरशः अंगिकार गरेको छ । सामाजिक, भौगोलिक र सांस्कृतिक एकताका आधारस्तम्भबनेको यो छईठ पर्वमा साम्यवादी स्वरुप प्रस्तुत गरेको छ । समाजमा सवभन्दा आर्थिक र सामाजिक रुपमा पछाडि परेकाहरुको "पूजा सामग्री" व्यवस्थापन र आर्थिक सुदृढीकरण भएकाहरुको बीचमा कुनै फरक-अन्तर हुँदैन । सबै श्रद्धालु पायक पर्ने एउटै सरोवर, नदी, खोला, पोखरीमा "पूजा-अर्चना" गर्दछन् ।

पुर्णतः धार्मिक र नैतिक अनुशासनको कसिमा कसिलोगरी कसिएका यो पर्व मुख्यतः चार दिने पर्व हो जसको प्रथम दिनमा "नहाई-खाए" [चोखो भई चोखो अन्न ग्रहण], दोस्रो दिन "खरना" [गुड/सक्खर हालेको खीर, तेस्रो दिन सन्ध्या अर्घ्य र चौथो दिन बिहानको अर्घ्य अर्पण गरी त्यस पश्चात् "पारण" [पार्वण] गरी समापन हुन्छ । यस प्रकार "सूर्य पूजा" को यो लौकिक महापर्व समापन हुन्छ । यो महापर्व अस्ताउदै सूर्य, उषा, प्रकृति, जल, वायु र उदाउँदो सूर्यकी बहिनी "षष्ठीमात" लाई समर्पित हुन्छ ।

यस पर्वको अवसरमा संघीय सरकारले अस्ताउँदो सूर्य (साँझको अर्घ) मा १ (एक) दिन राष्ट्रिय विदा दिने गरेको छ । मधेशी अयोगले सातौं वार्षिक प्रतिवेदन मार्फत १ (एक) दिनको बिदालाई बढाई भोलीपल्ट उदाउँदो सूर्य (पारण) को दिन समेत २ दिन सार्वजनिक विदा दिन नेपाल सरकार समक्ष सिफारिस गरेको छ। यो पर्वले राष्ट्रिय रूप र स्वरुप ग्रहण गरेको छ । सूर्य नै शक्ति र उर्जाको स्रोत हुन भने प्रमाणिकता रामायणकाल देखि नै "विदेह सभ्यता" मा रहेको छ । लंका विजय पछि जननी जगदम्बा सीताजीले रावणवधबाट त्राण पाउन ऋषि गौतमको सल्लाह अनुसार "सूर्य पूजा" गरेकी थिइन भने महाभारतकालीन समयमा "अज्ञातवास" लाई सफल बनाउन द्रोपदीले "सूर्य पूजन" गरेकी थिइन् ।

यसप्रकार बहुआयामिक महत्त्व र अस्तित्व बोकेका यी पर्वहरूले नेपाल र नेपालीलाई सुख, शान्ति, समृद्धि, सह-अस्तित्व, समभाव, समरस र समत्व प्रदान गरोस् ।

**मिति २०८२/०९/२१**

## प्रेस विज्ञप्ति

नेपाली समाज सदियौंदेखि आपसी सद्भाव, सहिष्णुता र एक अर्काप्रति सम्मान कायम गर्दै विभिन्न जातजाति, भाषाभाषी, संस्कृति, धर्म एवं सम्प्रदाय एक आपसमा मिलेर बसेको समाज हो। तर केही समययता तराई मधेशका केही स्थानहरुमा धार्मिक सहिष्णुतामा खलल पार्ने क्रियाकलाप देखिएकोले सबै धार्मिक सम्प्रदायबीच आपसी सद्भाव र मैत्री कायम गर्न सम्बद्ध सबैमा संयुक्तरुपमा हार्दिक अपील गर्दछौं।

मितिः २०८२।०९।२२ गते

## प्रेस विज्ञप्ति

तराई मधेशका जिल्लाहरुमा प्राकृतिक विपदको रुपमा हुने शीतलहरले जनजीवनलाई नराम्रो तरिकाले असर पार्दै छ । हुस्सु र कुहिरोको कारण चिसो अत्याधिक बढेको छ । सामान्य तापक्रममा कमि आएको छ । जनजीवन असमान्यता तिर धकेलिदै गएको छ । ज्येष्ठ नागरिक दीर्घरोगी, बालबालिका लगायतहरुलाई जीवनयापन गर्न कठिन भइरहेको छ । विभिन्न तहमा रहेका सरकारी र गैर-सरकारी विपद व्यवस्थापन संस्था/केन्द्रहरु अझ सक्रिय हुन आवश्यक छ । तीनै तहका सरकारहरुले अशक्त, गरिव, अपाङ्ग सहितका लक्षित वर्गहरुलाई न्युनतम सुविधाको व्यबस्थापन गर्नुपर्ने देखिन्छ ।

सामाजिक संघ-संस्थाहरु विगतभन्दा अझ बढी सक्रिय र संवेदनशील हुनुपर्ने हुन्छ । न्यानो बनाउनको लागि काठ-दाउरा, चोक चोकमा "घुर" आगो ताप्ने, न्यानो लुगा सामग्रीहरुको व्यवस्था हुन समेत आवश्यक देखिन्छ । शितलहरको कारणले कसैको ज्यान जान नदिन स्थानीय सरकार सहित प्रदेश सरकारहरुले विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

मितिः २०८२।०९।२२ गते

## प्रेस विज्ञप्ति

माघ महिनाको कृष्ण पक्षको चतुर्थी तिथिमा मनाइने सकट चौथ हिन्दू धर्मको एक महत्त्वपूर्ण व्रत-पर्व हो, जुन भगवान गणेशजीलाई समर्पित छ। धार्मिक मान्यताअनुसार यस दिन गणेशजीको विधिपूर्वक पूजा- आराधना गर्दा जीवनका संकट, बाधा तथा दुःख कष्टहरू निवारण हुने विश्वास गरिन्छ। विशेष गरी अवधी समुदायमा यो व्रत सन्तानको दीर्घायु, उत्तम स्वास्थ्य तथा सुख-समृद्धिको कामनासहित गरिन्छ। यस अवसरमा व्रतालुहरूले दिनभरि निर्जल व्रत बस्ने परम्परा रहेको छ र साँझ चन्द्रमा उदाएपछि (चन्द्रोदय पश्चात्) मात्र व्रत सम्पन्न गरिन्छ।

व्रतको क्रममा चन्द्रमालाई अर्घ्य अर्पण गरिन्छ भने भगवान गणेशजीलाई तिल (तिलकुटा) बाट बनेका लड्डु, मिठाई, गुड, चामल तथा फलफूल अर्पण गर्ने चलन रहेको छ। यस पावन पर्वको माध्यमबाट सामाजिक सद्भाव, सहिष्णुता, ऐक्यबद्धता र सामाञ्जस्य कायम गर्न आयोग हार्दिक अपिल गर्दछ।

मितिः २०८२।९।२९

## प्रेस विज्ञप्ति

**विषयः 'तिला संक्रान्ति' (माघे संक्रान्ति) पर्वको उपलक्ष्यमा शुभकामना सन्देश।**

तराई-मधेश लगायत सम्पूर्ण मुलुकभरि नै हर्षोल्लासका साथ मनाइने पवित्र सांस्कृतिक पर्व 'माघे संक्रान्ति' (तिला संक्रान्ति) को सुखद अवसरमा नेपाल तथा विदेशमा रहनुभएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, सुस्वास्थ्य, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ। मकर संक्रान्तिको नामले समेत चिनिने यो पर्व तराई-मधेशमा विशेष गरी 'तिला संक्रान्ति' को रूपमा मनाउने गरिन्छ। यस दिन पवित्र पोखरी, तलाउ, नदी तथा कुण्डहरूमा स्नान गरी तिल, च्युरा, मुरही र सख्खरबाट बनेका लड्डुहरू (लाई) खाने, खिचडी खाने र दान गर्ने परम्परा रहेको छ। यो पर्वले जाडोयामको अन्त्य र वसन्त ऋतुको आगमनको संकेत मात्र गर्दैन, यसले हाम्रो समाजमा आपसी सद्भाव, भ्रातृत्व र परिवारिक मेलमिलापको सन्देश समेत प्रवाह गर्दछ। नेपालको तराई-मधेशमा रहेका विभिन्न जातजाति र समुदायहरूको आफ्नै मौलिक संस्कृति र परम्पराहरू रहेका छन्। यस्ता सांस्कृतिक चाडपर्वहरूले राष्ट्रिय एकतालाई अझ सुदृढ बनाउन र विविधतामा एकता कायम राख महत्वपूर्ण भूमिका खेल्दै आएका छन्। मधेशी आयोग मधेशी समुदायको हक, हित र संस्कृतिको संरक्षण एवं प्रवर्द्धनका लागि सदैव प्रतिबद्ध रहेको छ। यस पावन पर्वले हामी सबैलाई आफ्ना मौलिक परम्पराहरूको जगेर्ना गर्न र समृद्ध समाज निर्माणको दिशामा अघि बढ्न थप प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछौं।

अन्त्यमा, यस पर्वलाई हर्षोल्लासका साथ मनाउनुहुन र मौलिक संस्कृतिको संरक्षणमा सहभागी हुनुहुन आयोग हार्दिक अपिल गर्दछ ।

**मितिः २०८२।१०।१३**

## विषयः सामाजिक सद्भाव कायम गर्न अपिल

विगत केही दिनदेखि मधेश प्रदेशको रौतहट जिल्ला परोहा न.पा. वडा नं. ९ मा सामाजिक सद्भाव बिगारिएको र सोको कारण दुई समुदाय (हिन्दू र मुस्लिम) बिच सामाजिक सद्भाव खलल पुगेको र वैमनस्यता नै उत्कर्षमा पुगेको देखिन्छ। नेपालमा कानून सबै नागरिकले अनिवार्य रुपमा पालन गर्नुको साथै यसका विरुद्धका साम्प्रदायिक गतिविधि गर्ने गराउने तथा उकास्ने माथी प्रशासनले तत्काले कडा कारवाही गरी शान्ति सुरक्षा कायम गर्नको लागि प्रभावकारिता साथ कार्यान्वयन गरोस्। यसका साथै नागरिक समाज, समुदायका अगुवाहरुका साथै सबै सरोकारवालाहरुले सामाजिक सद्भाव कायम गर्न प्रशासनलाई सहयोग गरी दोषी माथि कारवाही गर्नको लागि मधेशी आयोग हार्दिक अपिल गर्दछ।

**मितिः २०८२ फागुन १७**

## होली (फागु पूर्णिमा) को हार्दिक शुभकामना सन्देश

रङ्गहरूको पावन पर्व होली (फागु पूर्णिमा) २०८२ को सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, सुस्वास्थ्य एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु। मधेशी समुदायको कला, संस्कृति र पहिचानसँग अभिन्न रूपमा जोडिएको यो महापर्व आपसी सद्भाव, भ्रातृत्व र सहिष्णुताको प्रतीक हो। असत्यमाथि सत्यको विजय र द्वेषमाथि प्रेमको जितका रूपमा मनाइने होलीले हाम्रो बहुसांस्कृतिक समाजलाई एकताको सूत्रमा उनेको छ।

होलीका विविध रङ्गहरूले जस्तै हाम्रो समाजका विभिन्न भाषा, धर्म र संस्कृतिबीचको सम्बन्ध अझ प्रगाढ बनोस्। यस पर्वले मधेशी समुदाय लगायत सम्पूर्ण नेपालीको हक, अधिकार र पहिचानको संरक्षण गर्दै मुलुकमा दिगो शान्ति र समृद्धिको आधार तयार गर्न हामी सबैलाई प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु। बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषता बोकेको हाम्रो मुलुकमा यस्ता चाडपर्वहरूले राष्ट्रिय एकतालाई थप मजबुत बनाउनुका साथै विभिन्न समुदायबीच आपसी समझदारी र सम्मान अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास आयोगले लिएको छ।

अन्त्यमा, होली पर्वलाई सभ्य, मर्यादित र हर्षोल्लासका साथ मनाउनुहुन सबैमा विनम्र आग्रह गर्दछु।

मिति : २०८२ चैत्र १० गते

## चैती छठ पर्व - २०८२ को हार्दिक शुभकामना

चैत्री छठ २०८२ को पावन अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, सुस्वास्थ्य, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

प्रकृतिको पूजा गरिने यस महान् पर्वले हाम्रो समाजमा विद्यमान जातीय, क्षेत्रीय र सांस्कृतिक विभेदलाई अन्त्य गर्दै आपसी भ्रातृत्व, एकता र सहिष्णुतालाई प्रवर्द्धन गर्ने विश्वास लिएको छु। षष्ठी माता र भगवान् सूर्यको उपासना गरिने यो पर्वले हामी सबैलाई सत्य र अहिंसाको मार्गमा हिंड्ने प्रेरणा प्रदान गरोस् ।

**चैती छठको मुख्य सन्देशहरूः**

- **समावेशी संस्कृतिः** सूर्य देवको पूजा गर्दा धनी-गरिब, उच-निचको भेदभाव नगरी सामूहिक रूपमा जलाशयमा भेला हुने परम्पराले सामाजिक न्यायको प्रतीक बोकेको छ ।
- **पर्यावरण संरक्षणः** जलाशय र प्रकृतिको सरसफाइ गरी गरिने यो पूजाले वातावरणीय चेतनालाई समेत उजागर गर्दछ ।
- **अनुशासन र शुद्धताः** कठिन व्रत र स्वच्छताको पालनाले मानव जीवनमा अनुशासन र आत्मिक शुद्धताको महत्त्व दर्शाउँछ ।

अन्तमा, अस्ताउँदो र उदाउँदो सूर्यलाई समान रूपले पुजिने यस महान् पर्वले हाम्रो समाजमा विद्यमान सबै प्रकारका विभेदहरू अन्त्य गरी राष्ट्रिय एकता र आपसी भ्रातृत्वलाई अझ मजबुत बनाउन प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु। चैती छठ माताले सबैको कल्याण गरून् !

मितिः २०८२।१२।३०

**नव वर्ष २०८३ सालको हार्दिक मंगलमय शुभकामना ।**

नयाँ वर्ष २०८३ को सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, सुस्वास्थ्य, समृद्धि एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

नेपालको संविधान प्रदत्त नागरिकका मौलिक अधिकारका साथै आधारभूत आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र सशक्तिकरणका लागि ठोस पहलकदमीको अपेक्षा गर्दै सम्पूर्ण नेपालीहरूको बीचमा सामाजिक एकता, सहकार्य एवम् सहअस्तित्वका लागि नयाँ वर्ष पूर्ण फलदायी बनोस् । माता जानकी, भगवान पशुपतिनाथ र सबै धर्मावलम्बीहरूका आराध्यदेवहरूले मुलुकलाई शान्ति, एकता, मेलमिलाप र सहकार्यको संस्कृति निर्माण गरोस् !

नयाँ वर्षले सामाजिक सद्भाव, भ्रातृत्व र राष्ट्रिय एकता थप मजबुत हुँदै जाओस भन्ने कामना गर्दछु।

# अनुसूची - ८

# आयोगको भौतिक सम्पत्ति

म.ले.प.फाराम नं. ४१३

नेपाल सरकार

**मधेशी आयोग, ललितपुर**

कार्यालय कोड: २३०००३४०१

मधेशी आयोग- मुख्य स्टोर

**सम्पत्ति/जिन्सी मालसामानको वार्षिक विवरण**

**आर्थिक वर्ष:** २०८२-०८३

**सम्पत्ति तथा जिन्सी मालसामानको प्रकार:** खर्च भएर नजाने (सम्पति)

**मुद्रा:** नेपाली रुपैयाँ

| क.स | सम्पत्ति तथा जिन्सी मालसामानको | | | गत आ.व.सम्मको मौज्दात | | चालु आ.व.मा आम्दानी | | चालु आ.व.मा खर्च | | मौज्दात बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्केत नं | नाम | एकाई | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य |
| १ | ६११२११६००००१ | मोटर साइकल | पिस/थान | ११ | २,८०१,९००.०० | ० | ०.०० | ० | ०.०० | ११ | २,८०१,९००.०० |
| २ | ६११२११६००००२ | स्कुटर | पिस/थान | ४ | ९०२,७८२.०० | ० | ०.०० | ० | ०.०० | ४ | ९०२,७८२.०० |
| ३ | ६११२११७००००१ | कार | पिस/थान | ४ | १०,८०५,४४५.१३ | ० | ०.०० | ० | ०.०० | ४ | १०,८०५,४४५.१३ |
| ४ | ६११२११७००००२ | जिप | पिस/थान | ४ | १९,२८५,२३६.४३ | ० | ०.०० | ० | ०.०० | ४ | १९,२८५,२३६.४३ |
| ५ | ६११२२११००००१ | डेस्कटप कम्प्युटर | पिस/थान | २३ | १,७००,३८०.२० | ० | ०.०० | ० | ०.०० | २३ | १,७००,३८०.२० |
| ६ | ६११२२१२००००१ | ल्यापटप | पिस/थान | १२ | १,२२४,२५१.९८ | ० | ०.०० | ० | ०.०० | १२ | १,२२४,२५१.९८ |
| ७ | ६११२२१२००००२ | आइ प्याड | पिस/थान | १ | ९२,०००.०० | ० | ०.०० | ० | ०.०० | १ | ९२,०००.०० |
| ८ | ६११२२१५००००१ | फोटोकपी मेशिन | पिस/थान | १ | १९८,५००.०० | ० | ०.०० | ० | ०.०० | १ | १९८,५००.०० |
| ९ | ६११२२१६००००१ | टेलिभिजन | पिस/थान | ३ | १५८,२७४.३२ | ० | ०.०० | ० | ०.०० | ३ | १५८,२७४.३२ |
| १० | ६११२२१६००००२ | टेलिफोन | पिस/थान | २ | २०,०००.०० | ० | ०.०० | ० | ०.०० | २ | २०,०००.०० |
| ११ | ६११२२१६००००३ | ईन्टरकम टेलिफोन | पिस/थान | १ | ३२,०००.०० | ० | ०.०० | ० | ०.०० | १ | ३२,०००.०० |
| १२ | ६११२२१६००००४ | भ्वायइस रेकर्डर | पिस/थान | १ | १०,१७०.०० | ० | ०.०० | ० | ०.०० | १ | १०,१७०.०० |
| १३ | ६११२२१६००००५ | डिजिटल क्यामेरा(Digital Camera) | पिस/थान | २ | १३७,५८५.०० | ० | ०.०० | ० | ०.०० | २ | १३७,५८५.०० |

2026-08-26

| क.स | सम्पत्ति तथा जिन्सी मालसामानको | | | गत आ.व.सम्मको मौज्दात | | चालु आ.व.मा आम्दानी | | चालु आ.व.मा खर्च | | मौज्दात बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्केत नं | नाम | एकाई | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य |
| १४ | ६११२२१६०००००८ | भिडियो क्यामरा | पिस/थान | १ | १४९,७२५.०० | ० | ०.०० | ० | ०.०० | १ | १४९,७२५.०० |
| १५ | ६११२२१६०००००९ | मोबाइल | पिस/थान | ३ | ११६,२२०.०० | ० | ०.०० | ० | ०.०० | ३ | ११६,२२०.०० |
| १६ | ६११२२१६००००१२ | सिसिटिभी क्यामरा | पिस/थान | ७ | ५७,२२९.९७ | ० | ०.०० | ० | ०.०० | ७ | ५७,२२९.९७ |
| १७ | ६११२२१६००००२० | माइक | पिस/थान | १ | ९५,०००.०० | ० | ०.०० | ० | ०.०० | १ | ९५,०००.०० |
| १८ | ६११२२१६००००२७ | आइ पि फोन | पिस/थान | १ | ९८,८९०.०० | ० | ०.०० | ० | ०.०० | १ | ९८,८९०.०० |
| १९ | ६११२२१६०००१२४ | Samsung mobile | संख्या | ० | ०.०० | १ | ७०,९९९.०० | ० | ०.०० | १ | ७०,९९९.०० |
| २० | ६११२२१८००००१ | प्रिन्टर | पिस/थान | २२ | ६१९,३७६.५२ | ० | ०.०० | ० | ०.०० | २२ | ६१९,३७६.५२ |
| २१ | ६११२२१८०००००२ | Scanner | पिस/थान | १ | ७९,९९२.७० | ० | ०.०० | ० | ०.०० | १ | ७९,९९२.७० |
| २२ | ६११२२१८००००११ | हाई स्पीड डिजिटल कलर प्रिन्टर मेशीन | पिस/थान | १ | ४८,५००.०० | ० | ०.०० | ० | ०.०० | १ | ४८,५००.०० |
| २३ | ६११२२१८००००१८ | Printer | पिस/थान | १ | ७४,८९०.७५ | १ | ५०,८५०.०० | ० | ०.०० | २ | १२५,७४०.७५ |
| २४ | ६११२२१९००००१ | प्रोजक्टर | पिस/थान | ३ | २२८,५७६.०० | ० | ०.०० | ० | ०.०० | ३ | २२८,५७६.०० |
| २५ | ६११२२२१००००१ | हिटर | पिस/थान | १० | ३५,१८०.०० | ० | ०.०० | ० | ०.०० | १० | ३५,१८०.०० |
| २६ | ६११२२२१०००००३ | टेबुल पंखा | पिस/थान | १२ | ६५,७००.०० | ० | ०.०० | ० | ०.०० | १२ | ६५,७००.०० |
| २७ | ६११२२२१०००००५ | एयर कन्डीसनर | पिस/थान | १२ | १,१११,२२३.९० | ० | ०.०० | ० | ०.०० | १२ | १,१११,२२३.९० |
| २८ | ६११२२२१०००००७ | फ्रिज | पिस/थान | १ | ४८,०००.०० | ० | ०.०० | ० | ०.०० | १ | ४८,०००.०० |
| २९ | ६११२२२१०००००८ | भ्याकुम क्लिनर | पिस/थान | २ | ५३,९८०.०० | ० | ०.०० | ० | ०.०० | २ | ५३,९८०.०० |
| ३० | ६११२२२१००००१० | ब्याट्री(Battery BDC) | पिस/थान | ८ | ३२०,२९९.९६ | ० | ०.०० | ० | ०.०० | ८ | ३२०,२९९.९६ |
| ३१ | ६११२२२१००००१९ | पावर ब्याकअप सिष्टम | पिस/थान | १ | ६२,१००.०० | ० | ०.०० | ० | ०.०० | १ | ६२,१००.०० |
| ३२ | ६११२२२१००००३३ | भेहीकल वासिङ मेशिन | पिस/थान | २ | ७२,०३७.५० | ० | ०.०० | ० | ०.०० | २ | ७२,०३७.५० |
| ३३ | ६११२२२१००००४७ | अन्य बिद्युतीय उपकरण | पिस/थान | १ | २२,३१७.५० | ० | ०.०० | ० | ०.०० | १ | २२,३१७.५० |
| ३४ | ६११२२२१००००५५ | स्टेन्ड पंखा | पिस/थान | ६ | ३३,५६१.०० | ० | ०.०० | ० | ०.०० | ६ | ३३,५६१.०० |
| ३५ | ६११२२२१०००२३३ | ए.सी | पिस/थान | ० | ०.०० | १ | ७९,२६९.५० | ० | ०.०० | १ | ७९,२६९.५० |

2026-08-26

Page 2 of 4

| क.स | सम्पत्ति तथा जिन्सी मालसामानको | | | गत आ.व.सम्मको मौज्दात | | चालु आ.व.मा आम्दानी | | चालु आ.व.मा खर्च | | मौज्दात बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्केत नं | नाम | एकाई | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य |
| ३६ | ६११२२२२०००५२ | लाउड स्पीकर | पिस/थान | १ | १६,५००.०० | ० | ०.०० | ० | ०.०० | १ | १६,५००.०० |
| ३७ | ६११२२२३००००८ | थर्मल गन | पिस/थान | २ | १३,०००.०० | ० | ०.०० | ० | ०.०० | २ | १३,०००.०० |
| ३८ | ६११२२३३००००४ | अन्य अग्नी रक्षक उपकरण | पिस/थान | ५ | ३९,५००.०० | ० | ०.०० | ० | ०.०० | ५ | ३९,५००.०० |
| ३९ | ६११२२३४००००१ | चित्र | पिस/थान | १४ | ६४,४८२.०० | ० | ०.०० | ० | ०.०० | १४ | ६४,४८२.०० |
| ४० | ६११२२३५००००१ | टेवुल | पिस/थान | १८ | ३४६,७१३.४० | ० | ०.०० | ० | ०.०० | १८ | ३४६,७१३.४० |
| ४१ | ६११२२३५००००२ | कुर्चि | पिस/थान | ५ | ११६,८००.०० | ० | ०.०० | ० | ०.०० | ५ | ११६,८००.०० |
| ४२ | ६११२२३५००००३ | दराज | पिस/थान | ४ | ९९,९८६.८१ | ० | ०.०० | ० | ०.०० | ४ | ९९,९८६.८१ |
| ४३ | ६११२२३५००००६ | सोफासेट | पिस/थान | १६ | ९२३,५९४.०० | ० | ०.०० | ० | ०.०० | १६ | ९२३,५९४.०० |
| ४४ | ६११२२३५००००९ | स्टिल दराज | पिस/थान | २६ | ५७१,१८२.४० | ० | ०.०० | ० | ०.०० | २६ | ५७१,१८२.४० |
| ४५ | ६११२२३५०००१० | एजुकेटीभ टेवुल | पिस/थान | ६ | १४४,०००.०० | ० | ०.०० | ० | ०.०० | ६ | १४४,०००.०० |
| ४६ | ६११२२३५०००११ | रिभल्वभिङ चेयर | पिस/थान | ३४ | ६१९,०५६.३० | १ | २३,७३०.०० | ० | ०.०० | ३५ | ६४२,७८६.३० |
| ४७ | ६११२२३५०००१३ | टि टेवल | पिस/थान | १४ | १२५,२५५.०३ | ० | ०.०० | ० | ०.०० | १४ | १२५,२५५.०३ |
| ४८ | ६११२२३५०००१४ | कम्प्युटर टेवल | पिस/थान | ४ | ३८,९८५.०० | ० | ०.०० | ० | ०.०० | ४ | ३८,९८५.०० |
| ४९ | ६११२२३५०००१६ | कोट हेँगर | पिस/थान | २ | ५,३००.०० | ० | ०.०० | ० | ०.०० | २ | ५,३००.०० |
| ५० | ६११२२३५०००१८ | खाट पलङ लोबेड | पिस/थान | ३ | ३२,३४०.०० | ० | ०.०० | ० | ०.०० | ३ | ३२,३४०.०० |
| ५१ | ६११२२३५०००२० | बुक सेल्फ | पिस/थान | २ | ४९,७२०.०० | ० | ०.०० | ० | ०.०० | २ | ४९,७२०.०० |
| ५२ | ६११२२३५०००२२ | स्टान्ड | पिस/थान | ३ | २८,८१५.०० | ० | ०.०० | ० | ०.०० | ३ | २८,८१५.०० |
| ५३ | ६११२२३५०००२६ | काठको दराज | पिस/थान | ५ | ११९,०५५.०० | ० | ०.०० | ० | ०.०० | ५ | ११९,०५५.०० |
| ५४ | ६११२२३५०००३१ | अन्य फर्निचर | पिस/थान | ३ | २१,०००.०० | ० | ०.०० | ० | ०.०० | ३ | २१,०००.०० |
| ५५ | ६११२२३५०००४२ | मिटिङ टेवुल | पिस/थान | १० | ७८,०००.०० | ० | ०.०० | ० | ०.०० | १० | ७८,०००.०० |
| ५६ | ६११२२३५०००४४ | लाईब्रेरी मेच | पिस/थान | २० | ६२,०००.०० | ० | ०.०० | ० | ०.०० | २० | ६२,०००.०० |
| ५७ | ६११२२३५०००५१ | नोटिस/सूचना बोर्ड (Notice Board) | पिस/थान | १ | २,५००.०० | ० | ०.०० | ० | ०.०० | १ | २,५००.०० |

2026-08-26

| क.स | सम्पत्ति तथा जिन्सी मालसामानको | | | गत आ.व.सम्मको मौज्दात | | चालु आ.व.मा आम्दानी | | चालु आ.व.मा खर्च | | मौज्दात बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्केत नं | नाम | एकाई | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य |
| ५८ | ६११२२३५०००८१ | अफिस टेबल (Office Table) | पिस/थान | २ | ४९,६९७.४० | ० | ०.०० | ० | ०.०० | २ | ४९,६९७.४० |
| ५९ | ६११२२३५००१०६ | स्टान्ड | पिस/थान | २ | ८,२५०.०० | ० | ०.०० | ० | ०.०० | २ | ८,२५०.०० |
| ६० | ६११२२३६००००२ | कार्पेट | वर्ग फिट | ३ | ४९,५००.०० | ० | ०.०० | ० | ०.०० | ३ | ४९,५००.०० |
| ६१ | ६११२२३९००००६ | ह्वाइट बोर्ड | पिस/थान | २ | ४,६३३.०० | ० | ०.०० | ० | ०.०० | २ | ४,६३३.०० |
| ६२ | ६११२२३९००००७ | साइन बोर्ड | पिस/थान | ६ | ९,८३१.०० | ० | ०.०० | ० | ०.०० | ६ | ९,८३१.०० |
| ६३ | ६११२२३९००००८ | नेम प्लेट | पिस/थान | ४ | १०,९२८.२५ | ० | ०.०० | ० | ०.०० | ४ | १०,९२८.२५ |
| ६४ | ६११२२३९०००१५ | हाजिर मेशिन | पिस/थान | १ | ९६,०५०.०० | ० | ०.०० | ० | ०.०० | १ | ९६,०५०.०० |
| ६५ | ६११२२३९०००१७ | पित्तलको गमला | पिस/थान | १० | ४४,१७३.७५ | ० | ०.०० | ० | ०.०० | १० | ४४,१७३.७५ |
| ६६ | ६११२२३९०००१८ | उजुरी पेटिका | पिस/थान | १ | ३,५००.०० | ० | ०.०० | ० | ०.०० | १ | ३,५००.०० |
| ६७ | ६११२२३९०००३५ | ग्यास सिलिण्डर | पिस/थान | ३ | ११,१००.०० | ० | ०.०० | ० | ०.०० | ३ | ११,१००.०० |
| ६८ | ६११२२३९०००४१ | बोर्ड (कार्यालय, कार्यालय प्रमुख, अन्य) | पिस/थान | ५ | १३,१८४.०० | ० | ०.०० | ० | ०.०० | ५ | १३,१८४.०० |
| ६९ | ६११२२३९०००४३ | अन्य कार्यालय उपकरण | पिस/थान | ८ | २३,५००.०० | ० | ०.०० | ० | ०.०० | ८ | २३,५००.०० |
| ७० | ६११२२३९०००५६ | पित्तलको गाग्री | पिस/थान | २ | ९,०००.०० | ० | ०.०० | ० | ०.०० | २ | ९,०००.०० |
| ७१ | ६११२२३९०००८२ | कलश | पिस/थान | १ | ७,०६२.५० | ० | ०.०० | ० | ०.०० | १ | ७,०६२.५० |
| ७२ | ६११२२३९०१८७९ | Papper Shredder | संख्या | ० | ०.०० | १ | ३२,५००.०० | ० | ०.०० | १ | ३२,५००.०० |
| ७३ | ६११३२३१००००४ | सफ्टवेयर | पिस/थान | २ | २९,९७३.२५ | ० | ०.०० | ० | ०.०० | २ | २९,९७३.२५ |
| ७४ | ६११३२५३०००१९ | पुस्तक | पिस/थान | ५२७ | २१८,६८२.४० | ० | ०.०० | ० | ०.०० | ५२७ | २१८,६८२.४० |
| | जम्मा | | | ९४२ | ४४,८६६,२७६.३४ | ५ | २५७,३४८.४९ | ० | ०.०० | ९४७ | ४५,१२५,६२४.८४ |

तयार गर्ने : ........
नाम: अनुप बं. रघुवंशी
पद: ना. सु.
मिति: २०८३/०५/१०

सिफारिस गर्ने: ........
नाम: अखिलेश्वर कर्ण
पद: शा. अ.
मिति:

प्रमाणित गर्ने : ........
नाम: सुचिता स्नेह
पद: उप सचिव
मिति: २०८३/०५/१०

2026-08-26

# अनुसूची - ९

## : २०८२।८३ आयोगको आर्थिक विवरण

म.ले.प. फाराम नं:२१३

मधेशी आयोग

मधेशी आयोग
कार्यालय कोड नं : २३०००३४०१
आर्थिक विवरण
आ.व.: २०८२/८३

मधेशी आयोग ज्वागल, ललितपुर

बजेट उपशीर्षक नम्बर: २३००००११३
आयोजना/कार्यक्रम नाम: मधेशी आयोग

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह: स्रोत व्यहोर्ने | प्राथमिक तह: भुक्तानी विधि | द्वितीय तह: स्रोत व्यहोर्ने | द्वितीय तह: भुक्तानी विधि | शुरू बजेट / अख्तियारी | संशोधन /रकमान्तर/स्रोतान्तर थाट पुरक: थप | संशोधन /रकमान्तर/स्रोतान्तर थाट पुरक: घट | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत वर्षको खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 21111पारिश्रमिक कर्मचारी | | | | | ६,१००,०००.०० | २५०,४७४.०० | ०.०० | ६,३५०,४७४.०० | ६,१५८,०५१.५० | ६,१५८,०५१.५० | १९२,४२२.५० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ६,१००,०००.०० | २५०,४७४.०० | ०.०० | ६,३५०,४७४.०० | ६,१५८,०५१.५० | ६,१५८,०५१.५० | १९२,४२२.५० | ०.०० |
| 21121पोशाक | | | | | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | ८०,०००.०० | ८०,०००.०० | २०,०००.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | ८०,०००.०० | ८०,०००.०० | २०,०००.०० | ०.०० |
| 21132महंगी भत्ता | | | | | २००,०००.०० | ३०५,०००.०० | ०.०० | ५०५,०००.०० | ५०५,०००.०० | ५०५,०००.०० | ०.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २००,०००.०० | ३०५,०००.०० | ०.०० | ५०५,०००.०० | ५०५,०००.०० | ५०५,०००.०० | ०.०० | ०.०० |
| 21139अन्य भत्ता | | | | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| 21141पदाधिकारी बैठक भत्ता | | | | | ३००,०००.०० | ०.०० | ०.०० | ३००,०००.०० | २६०,०००.०० | २६०,०००.०० | ४०,०००.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३००,०००.०० | ०.०० | ०.०० | ३००,०००.०० | २६०,०००.०० | २६०,०००.०० | ४०,०००.०० | ०.०० |
| 21212योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च | | | | | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | ३२,५०४.४० | ३२,५०४.४० | ६७,४९५.६० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | ३२,५०४.४० | ३२,५०४.४० | ६७,४९५.६० | ०.०० |
| 21213योगदानमा आधारित बीमा कोष खर्च | | | | | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | ४०,४००.०० | ४०,४००.०० | ५९,६००.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | ४०,४००.०० | ४०,४००.०० | ५९,६००.०० | ०.०० |
| 22111पानी तथा बिजुली | | | | | ४००,०००.०० | ०.०० | ०.०० | ४००,०००.०० | २८०,३२२.०० | २८०,३२२.०० | ११९,६७८.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ४००,०००.०० | ०.०० | ०.०० | ४००,०००.०० | २८०,३२२.०० | २८०,३२२.०० | ११९,६७८.०० | ०.०० |
| 22112संचार महसुल | | | | | ४००,०००.०० | ०.०० | ०.०० | ४००,०००.०० | २९२,५२०.५० | २९२,५२०.५० | १०७,४७९.५० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ४००,०००.०० | ०.०० | ०.०० | ४००,०००.०० | २९२,५२०.५० | २९२,५२०.५० | १०७,४७९.५० | ०.०० |
| 22212इन्धन (कार्यालय प्रयोजन) | | | | | १,३००,०००.०० | ०.०० | ०.०० | १,३००,०००.०० | १,२५८,८५०.३३ | १,२५८,८५०.३३ | ४१,१४९.६७ | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १,३००,०००.०० | ०.०० | ०.०० | १,३००,०००.०० | १,२५८,८५०.३३ | १,२५८,८५०.३३ | ४१,१४९.६७ | ०.०० |
| 22213सवारी साधन मर्मत खर्च | | | | | १,५००,०००.०० | ०.०० | ०.०० | १,५००,०००.०० | १,४८६,९२२.०० | १,४८६,९२२.०० | १३,०७८.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १,५००,०००.०० | ०.०० | ०.०० | १,५००,०००.०० | १,४८६,९२२.०० | १,४८६,९२२.०० | १३,०७८.०० | ०.०० |
| 22214बीमा तथा नवीकरण खर्च | | | | | ५००,०००.०० | ०.०० | ०.०० | ५००,०००.०० | ४११,७८६.२५ | ४११,७८६.२५ | ८८,२१३.७५ | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ५००,०००.०० | ०.०० | ०.०० | ५००,०००.०० | ४११,७८६.२५ | ४११,७८६.२५ | ८८,२१३.७५ | ०.०० |

Printed By: chandra23   Printed Date: Aug 04, 2026 11:11 AM   Page

सचिव

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | शुरू बजेट / अख्तियारी | संशोधन /रकमान्तर/स्रोतान्तर थाट पुरक | | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत वर्षको खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत ब्यहोर्ने | भुक्तानी विधि | स्रोत ब्यहोर्ने | भुक्तानी विधि | | थप | घट | | | | | |
| 22221मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | | | | | ३००,०००.०० | ०.०० | ०.०० | ३००,०००.०० | २०६,३६६.०० | २०६,३६६.०० | ९३,६३४.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३००,०००.०० | ०.०० | ०.०० | ३००,०००.०० | २०६,३६६.०० | २०६,३६६.०० | ९३,६३४.०० | ०.०० |
| 22311मसलन्द तथा कार्यालय सामाग्री | | | | | १,८००,०००.०० | ०.०० | ०.०० | १,८००,०००.०० | १,५६८,४७१.०० | १,५६८,४७१.०० | २३१,५२९.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १,८००,०००.०० | ०.०० | ०.०० | १,८००,०००.०० | १,५६८,४७१.०० | १,५६८,४७१.०० | २३१,५२९.०० | ०.०० |
| 22314इन्धन - अन्य प्रयोजन | | | | | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | २७,४९८.०० | २७,४९८.०० | ७२,५०२.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | २७,४९८.०० | २७,४९८.०० | ७२,५०२.०० | ०.०० |
| 22315पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | | | | | ५००,०००.०० | ०.०० | ०.०० | ५००,०००.०० | २६८,४९७.०० | २६८,४९७.०० | २३१,५०३.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ५००,०००.०० | ०.०० | ०.०० | ५००,०००.०० | २६८,४९७.०० | २६८,४९७.०० | २३१,५०३.०० | ०.०० |
| 22411सेवा र परामर्श खर्च | | | | | १,४००,०००.०० | ०.०० | ०.०० | १,४००,०००.०० | १,२८८,३९५.०० | १,२८८,३९५.०० | १११,६०५.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १,४००,०००.०० | ०.०० | ०.०० | १,४००,०००.०० | १,२८८,३९५.०० | १,२८८,३९५.०० | १११,६०५.०० | ०.०० |
| 22413करार सेवा शुल्क | | | | | ६,७००,०००.०० | ०.०० | ०.०० | ६,७००,०००.०० | ५,९९५,८८२.४० | ५,९९५,८८२.४० | १,७०४,११७.६० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ६,७००,०००.०० | ०.०० | ०.०० | ६,७००,०००.०० | ५,९९५,८८२.४० | ५,९९५,८८२.४० | १,७०४,११७.६० | ०.०० |
| 22511कर्मचारी तालिम खर्च | | | | | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | ८०,०००.०० | ८०,०००.०० | २०,०००.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | ८०,०००.०० | ८०,०००.०० | २०,०००.०० | ०.०० |
| 22512सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | | | | | २,३००,०००.०० | ०.०० | ०.०० | २,३००,०००.०० | १,९७९,५६४.०० | १,९७९,५६४.०० | ३२०,४३६.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २,३००,०००.०० | ०.०० | ०.०० | २,३००,०००.०० | १,९७९,५६४.०० | १,९७९,५६४.०० | ३२०,४३६.०० | ०.०० |
| 22522कार्यक्रम खर्च | | | | | १,४००,०००.०० | ०.०० | ०.०० | १,४००,०००.०० | १,११५,७५७.०० | १,११५,७५७.०० | २८५,२४३.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १,४००,०००.०० | ०.०० | ०.०० | १,४००,०००.०० | १,११५,७५७.०० | १,११५,७५७.०० | २८५,२४३.०० | ०.०० |
| 22611अनुगमन, मूल्यांकन खर्च | | | | | २,१००,०००.०० | ०.०० | ०.०० | २,१००,०००.०० | १,५७०,०१०.०० | १,५७०,०१०.०० | ५२९,९९०.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २,१००,०००.०० | ०.०० | ०.०० | २,१००,०००.०० | १,५७०,०१०.०० | १,५७०,०१०.०० | ५२९,९९०.०० | ०.०० |
| 22612भ्रमण खर्च | | | | | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | ०.०० |
| 22711विविध खर्च | | | | | १,४००,०००.०० | ०.०० | ०.०० | १,४००,०००.०० | १,०४३,८२२.०० | १,०४३,८२२.०० | ३५६,१७८.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १,४००,०००.०० | ०.०० | ०.०० | १,४००,०००.०० | १,०४३,८२२.०० | १,०४३,८२२.०० | ३५६,१७८.०० | ०.०० |
| 28142घर भाडा | | | | | २,९००,०००.०० | ०.०० | ०.०० | २,९००,०००.०० | २,६७१,६८०.०० | २,६७१,६८०.०० | २२८,३२०.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २,९००,०००.०० | ०.०० | ०.०० | २,९००,०००.०० | २,६७१,६८०.०० | २,६७१,६८०.०० | २२८,३२०.०० | ०.०० |
| | | जम्मा | | | ३२,१००,०००.०० | ५५५,४७५.०० | ०.०० | ३२,६५५,४७५.०० | २७,६३१,३९९.३८ | २७,६३१,३९९.३८ | ५,०२४,०७५.६२ | ०.०० |

## स्रोतगत विवरण

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११००००१-नेपाल | | ३२,१००,०००.०० | ५५५,४७५.०० | ०.०० | ३२,६५५,४७५.०० | २७,६३१,३९९.३८ | २७,६३१,३९९.३८ | ५,०२४,०७५.६२ | ०.०० |
| | ०१-नगद | ३२,१००,०००.०० | ५५५,४७५.०० | ०.०० | ३२,६५५,४७५.०० | २७,६३१,३९९.३८ | २७,६३१,३९९.३८ | ५,०२४,०७५.६२ | ०.०० |
| | जम्मा | ३२,१००,०००.०० | ५५५,४७५.०० | ०.०० | ३२,६५५,४७५.०० | २७,६३१,३९९.३८ | २७,६३१,३९९.३८ | ५,०२४,०७५.६२ | ०.०० |

सचिव

Printed By: chandra23 Printed Date: Aug 04, 2026 11:11 AM Page 2 / 3

| | |
|---|---|
| फछ्यौट हुन बाँकी पेस्की | ०.०० |
| गत आ व सम्मको | |
| यस आ व को | ०.०० |
| जम्मा | ०.०० |
| म्याद नाघेको पेस्की | |
| म्याद ननाघेको पेस्की | |

मधेशी आयोग
ज्वागल, ललितपुर

तयार गर्ने :
नाम:
पद:
मिति:

पेस गर्ने :
नाम:
पद:
मिति:

प्रमाणित गर्ने:
नाम:
पद:
मिति:

सचिव

श्री को.ले.नि.का. ललितपुरबाट।
आ.व.२०८२/०८३ को बिनियोजन तर्फको निकासा र खर्च भिडेको प्रमाणित भयो।

प्रमुख कोष नियन्त्रक

Printed By: chandra23 Printed Date: Aug 04, 2026 11:11 AM Page 3 / 3

म.ले.प. फाराम नं:२१३

मधेशी आयोग

मधेशी आयोग
कार्यालय कोड नं : २३०००३४०१

आर्थिक विवरण

आ.व.: २०८२/८३

बजेट उपशीर्षक नम्बर: २३०००००१३
आयोजना/कार्यक्रम नाम: मधेशी आयोग

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | शुरू बजेट / अख्तियारी | संशोधन /रकमान्तर/श्रोतान्तर बाट पुरक | | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत वर्षको खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने | भुक्तानी विधि | स्रोत व्यहोर्ने | भुक्तानी विधि | | थप | घट | | | | | |
| 21112पारिश्रमिक पदाधिकारी | | | | | ५,६००,०००.०० | ०.०० | ०.०० | ५,६००,०००.०० | ३,५८४,००६.६० | ३,५८४,००६.६० | २,०१५,९९३.४० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ५,६००,०००.०० | ०.०० | ०.०० | ५,६००,०००.०० | ३,५८४,००६.६० | ३,५८४,००६.६० | २,०१५,९९३.४० | ०.०० |
| 21142पदाधिकारी अन्य सुविधा | | | | | १,२००,०००.०० | ०.०० | ०.०० | १,२००,०००.०० | ६८३,६००.०० | ६८३,६००.०० | ५१६,४००.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १,२००,०००.०० | ०.०० | ०.०० | १,२००,०००.०० | ६८३,६००.०० | ६८३,६००.०० | ५१६,४००.०० | ०.०० |
| 21149पदाधिकारी अन्य भत्ता | | | | | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | १००,०००.०० | १००,०००.०० | ०.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | १००,०००.०० | १००,०००.०० | ०.०० | ०.०० |
| 22211इन्धन (पदाधिकारी) | | | | | १,२००,०००.०० | ०.०० | ०.०० | १,२००,०००.०० | ८००,४६८.०३ | ८००,४६८.०३ | ३९९,५३१.९७ | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १,२००,०००.०० | ०.०० | ०.०० | १,२००,०००.०० | ८००,४६८.०३ | ८००,४६८.०३ | ३९९,५३१.९७ | ०.०० |
| 27313सेवा निवृत्तको संचित बिदा | | | | | ०.०० | १६२,७०३.०० | ०.०० | १६२,७०३.०० | १६२,७०३.०० | १६२,७०३.०० | ०.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ०.०० | १६२,७०३.०० | ०.०० | १६२,७०३.०० | १६२,७०३.०० | १६२,७०३.०० | ०.०० | ०.०० |
| 27314सेवा निवृत्तको औषधी उपचार | | | | | ०.०० | ३८,९२७.०० | ०.०० | ३८,९२७.०० | ३८,९२७.०० | ३८,९२७.०० | ०.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ०.०० | ३८,९२७.०० | ०.०० | ३८,९२७.०० | ३८,९२७.०० | ३८,९२७.०० | ०.०० | ०.०० |
| | | जम्मा | | | ८,१००,०००.०० | २०१,६३०.०० | ०.०० | ८,३०१,६३०.०० | ५,३६९,७०४.६३ | ५,३६९,७०४.६३ | २,९३१,९२५.३७ | ०.०० |

## स्रोतगत विवरण

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११००००१-नेपाल | | ८,१००,०००.०० | २०१,६३०.०० | ०.०० | ८,३०१,६३०.०० | ५,३६९,७०४.६३ | ५,३६९,७०४.६३ | २,९३१,९२५.३७ | ०.०० |
| | ०१-नगद | ८,१००,०००.०० | २०१,६३०.०० | ०.०० | ८,३०१,६३०.०० | ५,३६९,७०४.६३ | ५,३६९,७०४.६३ | २,९३१,९२५.३७ | ०.०० |
| | जम्मा | ८,१००,०००.०० | २०१,६३०.०० | ०.०० | ८,३०१,६३०.०० | ५,३६९,७०४.६३ | ५,३६९,७०४.६३ | २,९३१,९२५.३७ | ०.०० |

मधेशी आयोग
ज्वागल, ललितपुर

सचिव

Printed By: chandra23 Printed Date: Aug 04, 2026 11:11 AM Page 1 / 2

| | |
|---|---|
| फछ्र्यौट हुन बाँकी पेस्की | ०.०० |
| गत आ व सम्मको | |
| यस आ व को | |
| जम्मा | |
| म्याद नाघेको पेस्की | |
| म्याद ननाघेको पेस्की | |

मधेशी आयोग
ज्वागल, ललितपुर

तयार गर्ने :
नामः
पदः
मितिः

पेस गर्ने :
नामः
पदः
मितिः

प्रमाणित गर्ने :
नामः
पदः
मितिः

सचिव

श्री को.ले.नि.का. ललितपुरबाट।
आ.व.२०८२/०८३ को बिनियोजन तर्फको
निकासा र खर्च भिडेको प्रमाणित भयो।

प्रमुख कोष नियन्त्रक

Printed By: chandra23

Printed Date: Aug 04, 2026 11:11 AM

Page 2 / 2

म.ले.प. फाराम नं:२१३

मधेशी आयोग

मधेशी आयोग

कार्यालय कोड नं : २३०००३४०१

आर्थिक विवरण

आ.व.: २०८२/८३

बजेट उपशीर्षक नम्बरः २३०००११४

आयोजना/कार्यक्रम नामः मधेशी आयोग

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह |  | द्वितीय तह |  | शुरू बजेट / अख्तियारी | संशोधन /रकमान्तर/श्रोतान्तर थप पुरक |  | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत वर्षको खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  | स्रोत व्यहोर्ने | भुक्तानी विधि | स्रोत व्यहोर्ने | भुक्तानी विधि |  | थप | घट |  |  |  |  |  |
| 31122मेसिनरी तथा औजार |  |  |  |  | १,९००,०००.०० | ०.०० | ०.०० | १,९००,०००.०० | ३६६,४०४.०० | ३६६,४०४.०० | १,५३३,५९६.०० | ०.०० |
|  | 1100001-नेपाल सरकार | 01-नगद |  |  | १,९००,०००.०० | ०.०० | ०.०० | १,९००,०००.०० | ३६६,४०४.०० | ३६६,४०४.०० | १,५३३,५९६.०० | ०.०० |
| 31123फर्निचर तथा फिक्चर्स |  |  |  |  | २००,०००.०० | ०.०० | ०.०० | २००,०००.०० | ६०,२१६.०० | ६०,२१६.०० | १३९,७८४.०० | ०.०० |
|  | 1100001-नेपाल सरकार | 01-नगद |  |  | २००,०००.०० | ०.०० | ०.०० | २००,०००.०० | ६०,२१६.०० | ६०,२१६.०० | १३९,७८४.०० | ०.०० |
|  |  | जम्मा |  |  | २,१००,०००.०० | ०.०० | ०.०० | २,१००,०००.०० | ४२६,६२०.०० | ४२६,६२०.०० | १,६७३,३८०.०० | ०.०० |

## स्रोतगत विवरण

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११०००१-नेपाल |  | २,१००,०००.०० | ०.०० | ०.०० | २,१००,०००.०० | ४२६,६२०.०० | ४२६,६२०.०० | १,६७३,३८०.०० | ०.०० |
|  | ०१-नगद | २,१००,०००.०० | ०.०० | ०.०० | २,१००,०००.०० | ४२६,६२०.०० | ४२६,६२०.०० | १,६७३,३८०.०० | ०.०० |
|  | जम्मा | २,१००,०००.०० | ०.०० | ०.०० | २,१००,०००.०० | ४२६,६२०.०० | ४२६,६२०.०० | १,६७३,३८०.०० | ०.०० |

| | |
|---|---|
| फछ्र्यौट हुन बाँकी पेस्की | ०.०० |
| गत आ व सम्मको | |
| यस आ व को | |
| जम्मा | |
| म्याद नाघेको पेस्की | |
| म्याद ननाघेको पेस्की | |

श्री को.ले.नि.का. ललितपुरबाट। आ.व.२०८२/०८३ को विनियोजन तर्फको निकासा र खर्च भिडेको प्रमाणित भयो।

प्रमुख कोष नियन्त्रक

तयार गर्ने :
नाम:
पद:
मिति:

पेस गर्ने :
नाम:
पद:
मिति:

प्रमाणित गर्ने :
नाम:
पद:
मिति:

सचिव

मधेशी आयोग ज्वागल, ललितपुर

Printed By: chandra23 Printed Date: Aug 04, 2026 11:10 AM Page 1 / 1

# अनुसूची - १०

## विविध क्रियाकलापको फोटो ग्यालरी

**माननीय कार्यवाहक अध्यक्ष जीवछ साहज्यूले विभिन्न ठाउँमा गर्नुभएको कार्यक्रम तथा अनुगमनका फोटाहरु**



मधेश प्रदेशको जनकपुरधाममा मधेश प्रदेशका माननीय प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णज्यू समक्ष मधेशी आयोगको सातौ वार्षिक प्रतिवेदन पेश गर्नुहुदै आयोगका माननीय कार्यवाहक अध्यक्ष जीवछ साहज्यू







लुम्बिनी प्रदेशका माननीय प्रदेश प्रमुख श्री कृष्णबहादुर घर्तीमगरज्यू समक्ष मधेशी आयोगको सातौँ वार्षिक प्रतिवेदन पेश गर्नुहुँदै आयोगका माननीय कार्यवाहक अध्यक्ष जीवछ साहज्यू








पर्सा जिल्लाको बिरगंजमा राष्ट्रिय अग्रवाल प्रज्ञा प्रतिष्ठानको प्रथम पदस्थापन कार्यक्रममा आयोगका माननीय कार्यवाहक अध्यक्ष जीवछ साहज्यूको सहभागिता तथा सम्बोधन







जिल्ला प्रशासन कार्यालय, पर्सामा प्रमुख जिल्ला अधिकारी लगायत जिल्लाको सुरक्षा प्रमुखहरुज्यूसँग समसामयिक बिषयमा छलफल गर्नुहुँदै आयोगका माननीय कार्यवाहक अध्यक्ष जीवछ साहज्यू






बूढ्यौली साहित्य समाज सप्तरीद्वारा आयोजित काव्यशतक विमोचन कार्यक्रममा आयोगका माननीय कार्यवाहक अध्यक्ष जीवछ साहज्यूको प्रमुख अतिथिको रुपमा सहभागिता तथा सम्बोधन







तातोपानी भन्सारमा भन्सारका कर्मचारीहरू र स्थानीय बासिन्दाहरुबीच नेपाल–चीन सीमा नाका सञ्चालनमा सहजता, आवतजावत तथा व्यापार सहजीकरणका विषयमा छलफल











जनकपुरधाममा बिभिन्न सरकारी निकाय, मधेशी आयोगको सहकार्यमा NGO, INGO र बिभिन्न संघ संस्थाहरुको प्रतिनिधिहरुको उपस्थितिमा लैङ्गिक समानता मेलामा प्रमुख अतिथिको रुपमा आयोगका माननीय कार्यवाहक अध्यक्ष जीवछ साहज्यू









जिल्ला प्रशासन कार्यलय, कपिलवस्तुमा प्रमुख जिल्ला अधिकारी लगायत जिल्लाको सुरक्षा प्रमुखज्यूहरुसँग अनुगमनका क्रममा आयोगका माननीय कार्यवाहक अध्यक्ष जीवछ साहज्यू




**जिल्ला प्रशासन कार्यलय, सिरहामा प्रमुख जिल्ला अधिकारी लगायत जिल्लाको सुरक्षा प्रमुखज्यूहरुसँग समसमायिक बिषयमा छलफल गर्नुहुँदै आयोगका माननीय कार्यवाहक अध्यक्ष जीवछ साहज्यू**





**जिल्ला प्रशासन कार्यालय, रौतहट मधेशी आयोगका माननीय कार्यवाहक अध्यक्ष जीवछ साहज्यू, प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा प्रमुखज्यूहरूबिच समसामयिक विषयमा छलफल**








**सिराहा जिल्ला अदालत बार एशोसिएशनको ३४ औँ साधारण सभा तथा नवनिर्मित भवन उद्घाटन समारोहमा विशिष्ट अतिथिको रुपमा आयोगका माननीय कार्यवाहक अध्यक्ष जीवछ साहज्यू**





जिल्ला प्रशासन कार्यालय, सप्तरी मधेशी आयोगका माननीय कार्यवाहक अध्यक्ष जीवछ साहज्यू, प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा प्रमुखज्यूहरूबिच समसामयिक विषयमा छलफल






जिल्ला प्रशासन कार्यालय दार्चुलामा मधेशी आयोगका माननीय का.वा. अध्यक्ष जीवछ साहज्यू, प्रमुख जिल्ला अधिकारीज्यू र जिल्लाका सुरक्षा निकायका प्रमुखज्यूहरुसँगको छलफल









सिराहा जिल्लाको मिर्चैयामा होली महोत्सव कार्यक्रममा आयोगका माननीय का.वा. अध्यक्ष जीवछसाहज्यू लगायत स्थानीयवासीहरु



प्रतिनिधी सभा सदस्य निर्वाचन २०८२ मा मतदान गर्नुहुदै आयोगका माननीय का.वा. अध्यक्ष जीवछसाहज्यू














प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ का क्रममा धनुषा, सिरहा र सप्तरी लगायतका जिल्लाहरुमा मधेशी आयोगका माननीय कार्यवाहक अध्यक्ष जीवछ साहज्यू तथा सुरक्षा निकायका प्रमुखज्यूहरूको उपस्थितिमा स्थलगत अनुगमन








**कानु एकता महाअभियान नेपाल, केन्द्रीय कार्यसमिति (वीरगञ्ज, पर्सा) द्वारा आयोजित "राष्ट्रिय महासम्मेलन" मा प्रमुख आतिथीको रुपमा मधेशी आयोगका माननीय कार्यवाहक अध्यक्ष जीवछ साहज्यू**







**बाँके जिल्लाको नेपालगंजमा ५२८ औ तुल्सीदास जयन्ती एवम् २६ औं अवधी महोत्सव २०८२ कार्यक्रममा आयोगका माननीय कार्यवाहक अध्यक्ष जीवछ साहज्यू**







सिराहा जिल्लामा घरायसी तथा निजि प्रयोजनका सामानहरुमा समेत नेपाल सरकारले लगाएको १०० (एक सय) रुपैयाको सामानमा पनि भन्सार कडाइ गरेको सम्बन्धमा विभिन्न सरोकारवालहरुसँग छलफल गर्नुहुदै मधेशी आयोगका माननीय का.वा. अध्यक्ष जीवछ साहज्यू






मधेश प्रदेशको जनकपुरधामस्थित मुख्यन्यायाधिवक्ताको कार्यालयमा मधेशी आयोगका माननीय कार्यवाहक अध्यक्ष जीवछ साहज्यू र मधेश प्रदेशको मुख्यन्यायाधिवक्ता डा. सुनिल रंजन सिंहबीच मधेश प्रदेशका कानुन, ऐन, नियम तथा सवैधानिक व्यवस्था र अधिकारका विषयमा गहन एवम् फलदायी छलफल





मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरधाममा मधेशी आयोगका माननीय कार्यवाहक अध्यक्ष जीवछ साहज्यू र मधेश प्रदेशको प्रहरी नायब महानिरीक्षक (DIG) गोविन्द थपलियाज्यूबीच प्रदेशको शान्ति सुरक्षा, जनहित, नागरिक सुरक्षा तथा सामुदायिक हितका विषयमा गहन विचार-विमर्श एवम् छलफल












सिराहा जिल्लामा मधेशी समुदायको सशक्तीकरण सम्बन्धी प्रशिक्षक-प्रशिक्षण (TOT)" कार्यक्रम

















**लुम्बिनी प्रदेशको बाँके जिल्ला, नेपालगन्जस्थित श्री मङ्गल माध्यमिक विद्यालयमा मधेशी समुदायको सशक्तीकरण अन्तर्गत लोकसेवा परीक्षा तयारी अभिमुखिकरण कार्यक्रम**








जिल्ला प्रशासन कार्यालय डडेल्धुरामा मधेशी आयोगका माननीय का.वा. अध्यक्ष जीवछ साहज्यू, प्रमुख जिल्ला अधिकारीज्यू र जिल्लाका सुरक्षा निकायका प्रमुखज्यूहरुसँगको छलफल








जिल्ला प्रशासन कार्यालय बैतडीमा मधेशी आयोगका माननीय का.वा. अध्यक्ष जीवछ साहज्यू, प्रमुख जिल्ला अधिकारीज्यू र जिल्लाका सुरक्षा निकायका प्रमुखज्यूहरुसँगको छलफल




जिल्ला प्रशासन कार्यालय अछाममा मधेशी आयोगका माननीय का.वा. अध्यक्ष जीवछ साहज्यू, प्रमुख जिल्ला अधिकारीज्यू र जिल्लाका सुरक्षा निकायका प्रमुखज्यूहरुसँगको छलफल






चितवन, नारायणगढस्थित तराई सामुदायिक सेवा समितिको भवनमा आयोजित समितिको १८ औँ साधारण सभा तथा १६ औँ अधिवेशनमा प्रमुख अतिथिका रुपमा मधेशी आयोगका माननीय का.वा. अध्यक्ष जीवछ साहज्यू










बारा जिल्लाको कलैया उपमहानगरपालिकास्थित श्री राम राजा (मो.वि.शाह) क्याम्पसमा "लोकसेवा परीक्षा तयारी कक्षा अभिमुखीकरण कार्यक्रम"






जिल्ला प्रशासन कार्यालय मनाङ्गमा मधेशी आयोगका माननीय का.वा. अध्यक्ष जीवछ साहज्यू, प्रमुख जिल्ला अधिकारीज्यू र जिल्लाका सुरक्षा निकायका प्रमुखज्यूहरुसँगको छलफल





जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकको धुलिखेलमा मधेशी आयोगका माननीय का.वा. अध्यक्ष जीवछ साहज्यू, प्रमुख जिल्ला अधिकारीज्यू र जिल्लाका सुरक्षा निकायका प्रमुखज्यूहरुसँगको छलफल







डोटी जिल्लाको शैलेश्वरी मन्दिरको अवलोकन गर्नुहुदै आयोगका माननीय कार्यवाहक अध्यक्ष श्री जीवछ साहज्यू




**46TH ANNUAL INTERNATIONAL CONFERENCE OF LINGUISTIC SOCIETY OF NEPAL PROGRAMME, NEPAL ACADEMY, KAMALADI, KATHMANDU**




**धनुषा जिल्लाको जनकपुरधाम स्थित जानकी मन्दिर दर्शनको क्रममा त्यहाँका महन्थ राम रोशन दासज्यूसँग छलफल गर्नुहुदै आयोगका माननीय कार्यवाहक अध्यक्ष श्री जीवछ साहज्यू**

## माननीय सदस्य रेणु देवी साहज्यूले विभिन्न ठाउँमा गर्नुभएको कार्यक्रम तथा अनुगमनका फोटाहरु





कोशी प्रदेशको माननीय प्रदेश प्रमुखज्यूलाई आयोगको सातौ वार्षिक प्रतिवेदन पेश गर्नुहुदै आयोगका माननीय सदस्य रेणु देवी साहज्यू



लुम्विनी प्रदेशको माननीय उपसभामुखज्यू र माननीय निर्वाचन आयुक्तज्यूसँग निर्वाचन सम्बन्धमा छलफल गर्नुहुदै आयोगका माननीय सदस्य रेणु देवी साहज्यू



हामी दाजुभाई गैरसरकारी संस्थाद्वारा संचालित सवैधानिक आयोगहरुको सिफारिसहरु कार्यान्वयनको अवस्था बारे छलफल कार्यक्रम गर्नुहुदै आयोगका माननीय सदस्य रेणु देवी साहज्यू



सुनसरी जिल्लाको वराह नगरपालिकामा महिला सशक्तीकरण सम्बन्धी कार्यक्रममा प्रमुख अतिथीको रुपमा आयोगका माननीय सदस्य रेणु देवी साहज्यू







लुम्विनी सांस्कृतिक नगरपालिकाको प्रमुखज्यूले आयोगका माननीय सदस्य रेणु देवी साहज्यूलाई अनुगमनको क्रममा स्वागत गर्नुहुदै





नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाको प्रमुख जिल्ला अधिकारीज्यू लगायत अन्य सुरक्षाप्रमुखज्यूहरुसँग समसामयिक विषयमा छलफल गर्नुहुदै आयोगका माननीय सदस्य रेणु देवी साहज्यू

रुपन्देही जिल्लाको प्रमुख जिल्ला अधिकारीज्यूसँग समसामयिक विषयहरुमा छलफल गर्नुहुदै आयोगका माननीय सदस्य रेणु देवी साहज्यू



धनुषा जिल्लाको जनकपुरधाम उपमहानगरपालिकामा देवपुरा रुपैठा घटनामा सुरक्षाप्रमुखज्यूहरुसँग छलफल कार्यक्रममा आयोगका माननीय सदस्य रेणु देवी साहज्यू




जनकपुरधामस्थित राजर्षि विश्वविद्यालयको उपकुलपति लगायत विभागिय प्रमुखज्यूहरुसँग अनुगमनका क्रममा छलफल गर्नुहुदै आयोगका माननीय सदस्य रेणु देवी साहज्यू




मोरङ्ग जिल्लाको प्रमुख जिल्ला अधिकारीज्यू लगायत अन्य सुरक्षा निकायका प्रमुखज्यूहरुसँग समसामयिक विषयमा छलफल गर्नुहुदै आयोगका माननीय सदस्य रेणु देवी साहज्यू




सप्तरी जिल्लाको राजविराजमा महिला सशक्तीकरण सम्बन्धी कार्यक्रममा प्रमुख अतिथीको रुपमा माननीय सदस्य रेणु देवी साहज्यू



उदयपुर जिल्लाको गाइघाटमा महिला सशक्तीकरण सम्बन्धी आठौ बेटी सम्मेलन कार्यक्रममा प्रमुख अतिथीको रुपमा माननीय सदस्य रेणु देवी साहज्यू



प्रतिनिधि सभा सदस्य २०८२ को निर्वाचनको क्रममा सुनसरी जिल्लाको कोशी गाउँपालिकामा जनप्रतिनिधीहरुसँग छलफल गर्नुहुदै आयोगका माननीय सदस्य रेणु देवी साहज्यू





प्रतिनिधि सभा सदस्य २०८२ को निर्वाचनको क्रममा सुनसरी जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारीज्यूसँग निर्वाचन सम्बन्धी विषयमा छलफल गर्नुहुदै आयोगका माननीय सदस्य रेणु देवी साहज्यू



काठमाडौमा मधेशी महिलाहरुको चाड जितिया पर्वमा प्रमुख अतिथीको रुपमा आयोगका माननीय सदस्य रेणु देवी साहज्यू




**वारा जिल्लाको जितपुर सिमरा उपमहानगरपालिकामा दशैं, तिहार तथा छठको शुभकामना आदानप्रदान गर्नुहुँदै आयोगका माननीय सदस्य रेणु देवी साहज्यू**



**विश्व वातावरण दिवस कार्यक्रममा सहभागिता हुनु भएका आयोगका माननीय सदस्य रेणु देवी साहज्यू**




**कास्की जिल्ला प्रशासन कार्यालयको प्रमुख जिल्ला अधिकारीज्यूसँग समसामयिक विषयमा छलफल गर्नुहुँदै आयोगका माननीय सदस्य रेणु देवी साहज्यू**



प्रतिनिधी सभा सदस्य निर्वाचन २०८२ को सम्बन्धमा सुनसरी जिल्लामा अनुगमन गर्नुहुदै आयोगका माननीय सदस्य रेणु देवी साहज्यू






सप्तरी जिल्लाको कन्चनरुप नगरपालिका वडा नं. ४ मा होली महोत्सव कार्यक्रममा सहभागिता जनाउनुहुँदै आयोगका माननीय सदस्य रेणु देवी साहज्यू











**मोरङ्ग जिल्लाको धनपालथान गाउँपालिकामा लोकसेवा परीक्षा तयारी सम्बन्धी अभिमुखीकरण कार्यक्रममा सहभागीता जनाउनुहुँदै आयोगका माननीय सदस्य रेणु देवी साहज्यू**



विभिन्न आयोगका माननीय सदस्यज्यूहरुसँगको छलफल





नेपाली अन्तराष्ट्रिय साहित्य समाजको अधिवेशन कार्यक्रममा विशिष्ट अतिथीको रुपमा आयोगका माननीय सदस्य रेणु देवी साहज्यू




डिभिजन वन कार्यालय सुनसरीको अनुगमन कार्यक्रममा माननीय सदस्य रेणु देवी साहज्यू


लोक सेवा तयारी कक्षा सम्बन्धी
अभिमुखीकरण प्रशिक्षण कार्यक्रम




लोक सेवा तयारी कक्षा सम्बन्धी
अभिमुखीकरण प्रशिक्षण कार्यक्रम







**सप्तरी जिल्लाको सप्तकोशी नगरपालिकाको गोबर्द्धन उच्च माध्यमिक विद्यालयमा भएको लोकसेवा परीक्षा तयारी सम्बन्धी अभिमुखिकरण कार्यक्रममा माननीय सदस्य रेणु देवी साहज्यू**


मधेश र सशक्त
कार्यक्रम, २०८३
आयोजक
मधेशी आयोग
नैतिकवान मधेश,


नैतिकवान मधेश र सशक्त
नैतिक शिक्षा कार्यक्रम, २०८३


र सशक्त
आयोजक:









**मोरङ्ग जिल्लाको सुनवर्षि नगरापालिकामा नैतिकवान मधेश तथा सशक्त नैतिक शिक्षा कार्यक्रममा माननीय सदस्य रेणु देवी साहज्यू**



उद्यमी महिलाहरुसँगको सीपमूलक तालिम कार्यक्रममा प्रमुख अतिथीको रुपमा आयोगका माननीय सदस्य रेणु देवी साहज्यू



आयोगका माननीय सदस्य रेणु देवी साहज्यूलाई सुनवर्षी नगरपालिकाको नगरप्रमुख/उपप्रमुखले स्वागत गर्नुहुदै




जितिया पावैन तथा मैथिल परिवार मिलन समारोहमा विशिष्ट अतिथीको रुपमा आयोगका माननीय सदस्य रेणु देवी साहज्यू




राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालय पोखरामा आयोजित कार्यक्रममा प्रमुख अतिथीको रुपमा आयोगका माननीय सदस्य रेणु देवी साहज्यू



काठमाडौको पुलिस एकेडेमीमा महिला उद्यमी दिवसको अवसरमा विशिष्ट अतिथीको रुपमा आयोगका माननीय सदस्य रेणु देवी साहज्यू





काठमाडौमा महिला अधिकार सम्बन्धी कार्यक्रममा सहभागिता जनाउनुहुँदै आयोगका माननीय सदस्य रेणु देवी साहज्यू

उदयपुर जिल्लाको वेलका नगरपालिकाको वेलका सामुदायिक वनको अनुगमन कार्यक्रममा आयोगका माननीय सदस्य रेणु देवी साहज्यू



उदयपुर जिल्लाको वेलका नगरपालिका महिलाहरुको सीपमुलक कार्यक्रममा प्रमुख अतिथीको रुपमा आयोगका माननीय सदस्य रेणु देवी साहज्यू















सुदूरपश्चिम विश्वविद्यालयमा लोकसेवा परीक्षा तयारी सम्बन्धी अभिमुखीकरण कार्यक्रममा सुदूरपश्चिम प्रदेशका माननीय प्रदेश प्रमुख नजीर मियाज्यू र आयोगका माननीय सदस्य रेणु देवी साहज्यू लगायतका अतिथिज्यूहरु



प्रधानमन्त्री तथा मन्त्रिपरिसद्को कार्यालयमा पुस्तक विमोचन समारोहमा आयोगका माननीय सदस्य रेणु देवी साहज्यू



धनुषा जिल्लाको रुपैठामा छठ पर्वमा मुस्लिम र हिन्दु समुदाय बीच भएको विवादको सम्बन्धमा छलफल




**पर्सा जिल्लाको बिरगंजमा हाम्रो सहजातीयका महासभामा प्रमुख अतिथिको प्रतिनिधित्व गर्नुहुँदै आयोगका माननीय सदस्य रेणु देवी साहज्यू**

## मानननीय सदस्य आभा कुमारीज्यूले विभिन्न ठाउँमा गर्नुभएको कार्यक्रम तथा अनुगमनका फोटाहरु





गण्डकी प्रदेश प्रमुख माननीय डिल्लीराज भट्टज्यूलाई आयोगको सातौं वार्षिक प्रतिवेदन पेश गर्नुहुदैं







बागमती प्रदेश प्रमुख माननीय दीपक प्रसाद देवकोटज्यूलाई आयोगको सातौं वार्षिक प्रतिवेदन पेश गर्नुहुँदै आयोगका माननीय सदस्य आभा कुमारीज्यू



सुदुरपश्चिम प्रदेश प्रमुख माननीय नजीर मियाँज्यूलाई आयोगको सातौ वार्षिक पेश गर्नुहुँदै आयोगका माननीय सदस्य आभा कुमारीज्यू



गण्डकी प्रदेशका मुख्यमन्त्री माननीय सुरेन्द्र राज पाण्डेज्यू र सूचना आयोगको अध्यक्ष तथा सदस्यज्यूहरुसँग छलफल



सुदुरपश्चिम प्रदेशका तत्कालिन माननीय मुख्यमन्त्री कमल बहादुर शाहज्यूसँग छलफल




वागमती प्रदेशको पुर्व मुख्य मन्त्री तथा शहिद पार्क हेटौडा मकवानपुरको अवधारणाकर्ता डोरमणी पौडेलज्यूसँग माननीय सदस्य आभा कुमारीज्यू













गण्डकी प्रदेश, तनहु जिल्लाको ब्यास नगरपालिकामा मधेशी समुदायको सशक्तीकरण अन्तर्गत राज्यको मुल प्रवाहीकरणमा मधेशी दलित, अल्पसंख्यक, लोपोन्मुख र पिछडा वर्गको सहभागितामूलक अन्तरक्रिया कार्यक्रम







मकवानपुर जिल्लाको हेटौडामा मधेशी समुदायको सशक्तीकरण कार्यक्रम अन्तर्गत नेपाल प्रहरीमा कार्यरत मधेशी प्रहरीहरुसँग छलफल गर्नुहुँदै आयोगका माननीय सदस्य आभा कुमारीज्यू




नैतिकवान मधेश र सशक्त नैतिक


नैतिकवान मधेश र सशक्त नैतिक


नैतिकवान मधेश र सशक्त नैतिक
शिक्षा कार्यक्रम अन्तर्गत






धनुषा जिल्लाको जनकपुरधाममा नैतिकवान मधेश तथा सशक्त नैतिक शिक्षा कार्यक्रम अन्तर्गत प्रशासनिक आचरण, उत्तरदायित्व र सुशासित समृद्ध मधेश निर्माणमा सरोकारवालाको भुमिका कार्यक्रम



सप्तरी जिल्लाको राजविराजमा प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ को क्रममा पर्यवेक्षकज्यूहरुसँगको छलफल गर्नुहुँदै आयोगका माननीय सदस्य आभा कुमारीज्यू






सप्तरी जिल्लाको छिन्नमस्ता गाउँपालिकाको मोहनपुर प्रा.वि.मा खुला सिमानामा महिला तथा वालवालिकाको सुरक्षा विषयक नेपाल प्रहरी, सशस्त्र प्रहरी एवम् नागरिक समाजसँगको अन्तरक्रिया कार्यक्रम





सप्तरी जिल्लाको राजविराजमा व्रहम कुमारी राजयोग (ओम शान्ति) द्वारा आयोजित स्थापना दिवस कार्यक्रममा प्रमुख अतिथिको रुपमा कार्यक्रमको उदघाटन गर्नुहुँदै आयोगका माननीय सदस्य आभा कुमारीज्यू





मोरङ जिल्लाको प्रमुख जिल्ला अधिकारीज्यूसँग समसामयिक विषयमा छलफल गर्नुहुँदै आयोगका माननीय सदस्य आभा कुमारीज्यू



साहित्यकार डाक्टर उषा ठाकुर र पूर्व राजदूत डा. रमाकान्त ठाकुरज्यूसँग देशको समसामयिक विषयमा छलफल गर्नुहुँदै आयोगका माननीय सदस्य आभा कुमारीज्यू





प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ आचारसंहिताबारे मुख्य निर्वाचन अधिकृत, प्र.जि.अ. र सुरक्षाकर्मी लगायत सरोकारवालहरुसँग छलफल गर्नुहुदै आयोगका माननीय सदस्य आभा कुमारीज्यू




नवगठित मधेसी समाज तनहुँ गण्डकी प्रदेशद्वारा आयोजित सम्मान कार्यक्रममा सम्मान ग्रहण गर्नुहुँदै आयोगका माननीय सदस्य आभा कुमारीज्यू













**कोशी प्रदेशको मोरङ्ग जिल्लाको विराटनगरमा मधेशी समुदायको सशक्तीकरण अन्तर्गत राज्यको मुलप्रवाहीकरणमा मधेशी (दलित र पिछडावर्ग) को सहभागिता विषयक प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रममा आयोगका माननीय सदस्य आभा कुमारीज्यू**





प्रनिनिधी सभा सदस्य निर्वाचन २०८२ मा मतदान मतदान गर्नुहुँदै आयोगका माननीय सदस्य आभा कुमारीज्यू

जिल्ला प्रशासन कार्यालय सप्तरीको प्रमुख जिल्ला अधिकारीज्यू लगायत सुरक्षाकर्मीज्यूहरुसँग समसामयिक विषयमा छलफल गर्नुहुँदै









होली महोत्सव कार्यक्रम






**बहुविवाह तथा बालविवाह सम्बन्धी प्रस्तावित विधेयक बारे सप्तरी जिल्लाका सांसद, नागरिक समाज र सरोकारवालाहरूसँगको छलफल**





**प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ को निर्वाचनकेन्द्र तयार सम्बन्धी अनुगमन गर्नुहुदै आयोगका माननीय सदस्य आभा कुमारीज्यू**



जनकल्याण प्रतिष्ठान नेपालद्वारा सञ्चालित एकल विद्यालय वर्ग सञ्चालन कार्यक्रमको उद्घाटन गर्नुहुँदै



पहिचान नेपाल काठमाडौँद्वारा अपाङ्गता भएका महिलाहरूको अध्ययन प्रतिवेदन विमोचन कार्यक्रममा विशिष्ट अतिथिको रुपमा मन्तव्य दिनुहुँदै आयोगका माननीय सदस्य आभा कुमारीज्यू



महिला मताधिकार अभियानी तथा संविधान सभा सदस्य बसन्ती झासँग महिला सशक्तीकरणबारे छलफल गर्नुहुदै आयोगका माननीय सदस्य आभा कुमारीज्यू



प्रतिनिधि सभा निर्वाचन २०८२ साल फागुन २१ गते भएको निर्वाचन दिनको अनुगमन गर्दै





विश्व नेपाली साहित्य महासंघद्वारा प्रसंशापत्र र मायाको चिनो ग्रहण गर्नुहुँदै आयोगका माननीय सदस्य आभा कुमारीज्यू





विश्व नेपाली साहित्य महासंघ नेपाल शाखा र ज्योती साहित्य प्रतिष्ठान काठमाडौंद्वारा आयोजित पुस्तक विमोचन कार्यक्रममा विशिष्ट अतिथी तथा टिप्पणीकर्ताको रुपमा आयोगका माननीय सदस्य आभा कुमारीज्यू





अन्तर्राष्ट्रिय क्षेत्रानी विराङ्गना नेपालद्वारा आयोजित परिचयात्मक कार्यक्रममा प्रमुख अतिथि भई उद्घाटन तथा मन्तव्य दिनुहुँदै आयोगका माननीय सदस्य आभा कुमारीज्यू



प्रेस काउन्सिल काठमाडौंका तत्कालिन अध्यक्ष कुमार शर्माज्यूसँग प्रेस व्यवस्थापन सम्बन्धी छलफल गर्नुहुदै आयोगका माननीय सदस्य आभा कुमारीज्यू




नेपाल प्रज्ञा प्रतिष्ठान काठमाडौंका तत्कालिन कुलपति भुपाल राईज्यूलाई आफ्नो सृजना अस्तित्वको सवाल हस्तान्तरण गर्नुहुँदै





पाथिभारा माता सेवा सदनद्वारा साहित्य सन्ध्या कार्यक्रममा प्रमुख अतिथि भई प्रशंसापत्र वितरण कार्यक्रम तथा उद्घाटन गर्नुहुँदै आयोगका माननीय सदस्य आभा कुमारीज्यू










प्रजातान्त्रिक आन्दोलनका सहिद मधेशी महिलाहरूको परिवारजनसँग भेटघाट र घटनाबारे जानकारी लिनुहुँदै आयोगका माननीय सदस्य आभा कुमारीज्यू









प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ को लागि प्रतिनिधि सभा सदस्य उम्मेदवार दर्ता मनोनयन कार्यक्रमको अनुगमन गर्नुहुदै आयोगका माननीय सदस्य आभा कुमारीज्यू









बहुविवाह तथा बालविवाह सम्बन्धी प्रस्तावित विधेयक बारे सप्तरी जिल्लाका प्र.जि.अ., १८ वटा पालिकाको प्रमुख प्रशासकिय अधिकृत र सरोकारवालाहरुसँग छलफल गर्नुहुँदै आयोगका माननीय सदस्य आभाकुमारीज्यू






अन्तरक्रिया कार्यक्रम








अन्तरक्रिया कार्यक्रम











बागमती प्रदेशको मकवानपुर जिल्लाको हेटौडामा राज्यको मुलप्रवाहमा मधेशी (दलित, अल्पसंख्यक, लोपोन्मुख र पिछडा वर्ग) को सहभागितामा अन्तरक्रिया कार्यक्रमका फोटोहरु





संयुक्त मधेशी सेवा समाज नेपालद्वारा स्वागत तथा सम्मान कार्यक्रम






विराट नाट्य कला परिषद्द्वारा विराट साहित्य सम्मेलनमा कार्यपत्र प्रस्तुती, प्रशंसा पत्र प्रदान गर्नुहुँदै आयोगका माननीय सदस्य आभा कुमारीज्यू



राष्ट्रिय सभामा नवनिर्वाचित सांसद माननीय रेखा झालाई शुभकामना दिनुहुँदै



विराट नाट्य कला परिषद्द्वारा विराट साहित्य सम्मेलनमा प्रशंसा पत्र ग्रहण गर्नुहुँदै आयोगका माननीय सदस्य आभा कुमारीज्यू



संयुक्त मधेसी मोर्चा हेठहराद्वारा आयोजित सम्मान कार्यक्रममा सम्मान ग्रहण गर्नुहुँदै



व्यास गुफा मन्दिर तनहु जिल्ला व्यास नगरपालिकाको अवलोकन तथा व्यास गुफाको अभिलेख दस्तावेज ग्रहण गर्नुहुँदै आयोगका माननीय सदस्य आभा कुमारीज्यू








सप्तरी जिल्लाको छिन्नमस्ता गाउँपालिकाको राजगढ गाउँपालिका भिटकीचौक-३ मा खुला सिमानामा महिला तथा वालवालिकाको सुरक्षा विषयक नेपाल प्रहरी, सशस्त्र प्रहरी एवम् नागरिक समाजसँगको अन्तरक्रिया कार्यक्रम



पाथिभारा माता सेवा सदनद्वारा आयोजित कार्यक्रम बालामे सम्मान पत्र ग्रहण गर्नुहुँदै माननीय आभा कुमारीज्यू


मधेशी आयोग
ज्वागल, ललितपुर
MADHESHI COMMISSION
Jwagal, Lalitpur


मधेशी आयोग
ज्वागल, ललितपुर
MADHESHI COMMISSION
Jwagal, Lalitpur

मधेशी आयोग परिवार

| द्वितीय तथ्याङ्कमा आधारीत अध्ययन अनुसार नेपालमा मधेशी समुदाय अन्तर्गत पर्ने जात/जातिहरु |
|---|
| १.अग्रहरी, २.अमात, ३.ककैहिया, ४.कथबनियाँ/सिन्दुरिया, ५.कंसाकार (कसेरा), ६.कमर/कमार, ७.कमलापुरी वैश्य-बनिया, ८.करूवा, ९.कलर, १०.कलवार, ११.कलाल, १२.कवर, १३.कसौधन, १४.कमकड, १५.कहार, १६.कानु, १७.कायस्थ, १८.किसान, १९.कुम्हार/कोहार, २०.कुमाल, २१.कुर्मी, २२.कुरीन/कुलीन, २३.कलाबण्जर/कलाबाज, २४.कुश्मा, २५.कुसुण्डा, २६.कुश्वाडिया, २७.केवट, २८.केवरत, २९.केशरी, ३०.कोईरी-कुशवाहा, ३१.कोचे, ३२.कोरी, ३३.कोल/कौल, ३४.खटिक, ३५.खडिया, ३६.खत्वे, ३७.खुलवट/खुनोट, ३८.खवास, ३९.गडेडीया, ४०.गनगाई, ४१.गवाल/गोवाल/गवाला, ४२.गोंड, ४३.गौड़, ४४.गोडीया, ४५.गोढ़ी, ४६.चमार/हरिजन, ४७.चनउ/चनौ, ४८.चांय/चायभ/चाई, ४९.चिडीमार, ५०.चौहान, ५१.झाँगड/धाँगड(उँराव), ५२.ठठेर, ५३.डोम, ५४.ढाँडी, ५५.तत्मा, ५६.तमोली, ५७.ताजपुरिया, ५८.तीयर, ५९.तुरहा, ६०.तेली, ६१.दनुवार, ६२.दशनामी सन्यासी/योगी, ६३.दुसाध/पासवान, ६४.दोसर वैश्य (गोलदार), ६५.दरै, ६६.देव, ६७.धानुक, ६८.धाम, ६९.धरिकार/धन्कार, ७०.धिमर/धीवर, ७१.धिमाल, ७२.धुनिया, ७३.धोवी, ७४.नटुवा/नेटुवा, ७५.नायर, ७६.नुनिया/नोनिया/लोनिया, ७७.नुराङ्ग, ७८.पञ्जावी/सिन्धी, ७९.पटवा (पटनवार) ८०.पटहार/पटहेरा, ८१.पवँरिया, ८२.पासी, ८३.पाहान, ८४.पोद्दार, ८५.पोरवाल, ८६.बँसखोर/बँसफोर, ८७.बङ्गाली, ८८.बड्ही/बढ्ई, ८९.बन्जारा (सिकारी), ९०.बरनवाल, ९१.बरई, ९२.बहरदार, ९३.बहेलिया, ९४.बाँतर, ९५.बादी, ९६.ब्राह्मण, ९७.बाडिया, ९८.बारी, ९९.बिंद/बीन, १००.बिल्टाउ, १०१.बेल्दार, १०२.बोट, १०३.बोटे, १०४.भर, १०५.भाट/भाड़, १०६.भुर्जी/भुजवा/भूँज/भूज, १०७.भूमिहार, १०८.मंगता (महाउत), १०९.मल्लाह, ११०.महापात्र, १११.माझी, ११२.मालपाँडे/मालपहाडे, ११३.मारवाड़ी, ११४.माली/सैनी, ११५.मुडियारी/मोरियारी, ११६.मुण्डा, ११७.मुराउ, ११८.मुसहर, ११९.मेचे, १२०.मेस्तर/हलखोर, १२१.यादव/अहिर १२२.राजधामी, १२३.राजपुत, १२४.राजवंशी, १२५.राजधोब, १२६.राजी, १२७.राड, १२८.रस्तोगी, १२९.राजभर, १३०.रौतिया, १३१.रौनियार, १३२.लखेरा, १३३.लहेरी, १३४.लोध, १३५.लोहार, १३६.वनपर, १३७.वालमिकी, १३८.शिवहरे वैश्य, १३९.संथाल/सतार, १४०.सरनरियाक, १४१.सरभङ्ग, १४२.सरवरिया, १४३.सिख, १४४.सुडी, १४५.सोनार, १४६.सोरहिया/सोरैया, १४७.सैथवार, १४८.हजाम/नाई/नाउँ, १४९.हलुवाई १५०.लहेरा |

**नोट**ः नेपालमा मधेशी समुदायको थर सुचीकरण अध्ययन प्रतिवेदन २०७८ लाई मधेशी आयोगको चौथो (आ.ब.२०७९।८०) वार्षिक प्रतिवेदनमा प्रकाशित गरिसकिएको छ ।

"जहाँ समस्या, त्यहीँ मधेशी आयोग"
"बहुआयामिक समृद्धि र सुशासनको अभियान,
लोक चेतना, रुपान्तरण, सशक्तीकरण र पहुँचको सुप्रस्थान"

पूर्ण प्रविधिमैत्री "मधेशी आयोगमा सम्पर्क तथा उजुरी गर्न सकिने तरिकाहरू

| | | |
|---|---|---|
| ☎ टेलिफोन नम्बर | : | ०१-५२६९१८५ |
| ☎ टोल फ्रि नम्बर | : | १६६०-०१-१६१८५ |
| फेसबुक पेज | : | मधेशी आयोग, नेपाल |
| ईमेल | : | madheshicommission@gmail.com |
| वेबसाइट | : | www.madheshicommission.gov.np |

आयोगको ठेगाना:

**मधेशी आयोग**

ज्वागल, ललितपुर, नेपाल